# अध्याय -१
# शोध-परिचय

## १. **परिचय :**

यस अध्यायमा शोधको परिचयमाथि प्रकाश पारिएको छ । शोध-कार्यको समग्र झलकलाई यहाँ यथोचित रूपले स्पष्ट पारिएको छ ।

## १.१ **शोध शीर्षक :**

यस शोधप्रस्तावको शीर्षक "शारदा साहित्यिक पत्रिकाको अध्ययन र मूल्याङ्कन" रहेको छ । विशेष गरेर यहाँ 'शारदा' पत्रिकाको पुनः प्रकाशन नवाङ्क १ देखि १२ सम्मको अध्ययन गरिएको छ ।

## १.२ **शोधकार्यको प्रयोजन :**

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय, पाटन संयुक्त क्याम्पस नेपाली शिक्षण विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको आवश्यकता परिपूर्ति गर्नु नै यस शोधकार्यको प्रयोजन रहेको छ ।

## १.३ **शोध-समस्या :**

नेपाली भाषा तथा साहित्यको विकासमा पत्र-पत्रिकाहरूको भूमिका अत्यन्त महत्त्वपूर्ण रहेको छ । पत्रपत्रिकामा प्रकाशित लेख-रचनाहरू नै भाषिक एवम् साहित्यिक उन्नतिका मापदण्ड मानिन्छन् ।

'शारदा साहित्यिक पत्रिकाको अध्ययन र मूल्याङ्कन' शीर्षकको शोधकार्य सुसम्पन्न गर्न निम्नलिखित शोध-समस्या रहेका छन् :

(क) नेपाली पत्रपत्रिकाको ऐतिहासिक अवस्था के-कस्तो रहेको छ ?

(ख) नेपाली साहित्यिक पत्रिकाहरूको सापेक्षतामा 'शारदा' पत्रिकाको स्थान के-कस्तो रहेको छ ?

(ग) तत्कालीन पत्रपत्रिकाको अवस्था र 'शारदा' पत्रिकाको प्रकाशन स्थिति के-कस्तो रहेको छ ?

(घ) नेपाली साहित्यको समसामयिक साहित्यिक धाराको निर्माण गर्नमा 'शारदा' पत्रिका पुनः प्रकाशन नवाङ्क अङ्क १ देखि १२ सम्मले के-कस्तो सहयोग पुऱ्याएको छ ?

(ङ) नेपाली साहित्यको विकासमा 'शारदा' पत्रिकाले के-कस्तो विधागत योगदान दिँदै आएको छ ? र

(च) 'शारदा' पत्रिकाका प्रधान सम्पादक नरेन्द्रबहादुर श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्व के-कस्तो रहेको छ ?

## १.४ शोधपत्रको उद्देश्य :

वि.सं. १९५५ को 'सुधासागर' देखि वि.सं. २०१७ को 'रूपरेखा' सम्मको नेपाली पत्रपत्रिकाको इतिहासलाई हेर्दा 'शारदा' (१९९१ - २०२०) र 'शारदा' पुनः प्रकाशन नवाङ्क वि.सं. २०६३ पत्रिकाको योगदान महत्त्वपूर्ण रहेको छ । यस पत्रिकाले प्रारम्भदेखि नै नेपाली साहित्यको विभिन्न विधागत रचनाहरू प्रकाशित गर्दै आएको छ । यिनै प्रकाशित विधागत कृतिहरूको सापेक्षतामा रहेर यो शोधकार्यलाई अन्तिम निष्कर्षमा पुऱ्याउन निम्नलिखित उद्देश्यहरू तय गरिएका छन् :

(क) नेपाली पत्रपत्रिकाको ऐतिहासिक चिनारी प्रस्तुत गर्नु,

(ख) नेपाली साहित्यिक पत्रिकाहरूको सापेक्षतामा 'शारदा' पत्रिकाको स्थानको पुष्टि गर्नु,

(ग) तत्कालीन पत्रपत्रिकाको अवस्था र 'शारदा' पत्रिकाको प्रकाशन स्थितिको ठोस अध्ययन गर्नु,

(घ) नेपाली साहित्यको समसामयिक साहित्यिक धाराको निर्माण गर्नमा 'शारदा' पत्रिकाको पुनः प्रकाशन नवाङ्क (वि.सं. २०६३) १ देखि १२ सम्मले पुऱ्याएको योगदानको पुष्टि गर्नु,

(ङ) नेपाली साहित्यको विकासमा 'शारदा' पत्रिकाले पुऱ्याएको विधागत योगदानको निर्क्यौल गर्नु, र

(च) 'शारदा' पत्रिकाका प्रधान सम्पादक नरेन्द्रबहादुर श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको पहिचान गर्नु ।

## १.५ अध्ययनको क्षेत्र :

नेपाली साहित्यको विविध विधाहरूको विकासमा 'शारदा' पत्रिकाको योगदानलाई स्पष्ट पार्ने कार्यमा केन्द्रित प्रस्तुत शोधपत्र प्रथमतः 'शारदा' को प्रारम्भ वि.सं. १९९१ देखि वि.सं. २०२० सम्मको लगभग सम्पूर्ण अङ्क र तिनमा प्रकाशित रचनाहरूलाई पूर्व अध्ययन भइसकेको परिप्रेक्ष्यमा 'शारदा' पुनः प्रकाशन वि.सं. २०६३ नवाङ्क १ देखि १२ सम्मको सम्पूर्ण अङ्क र तिनमा प्रकाशित रचनाहरूलाई अध्ययनको विषय बनाई शोधकार्य सम्पन्न गरिएको छ । त्यसैगरी नेपाली पत्रपत्रिकाको ऐतिहासिक विकासक्रममा प्रारम्भदेखि 'शारदा' प्रकाशनसम्मको समयावधिलाई सीमाङ्कन गर्दै प्रमुख पत्रपत्रिकाको मात्र मोटामोटी चर्चा प्रस्तुत गरिएको छ । साथै 'शारदा' मा प्रकाशित सम्पूर्ण विधाहरूको यथासक्य विश्लेषण गरी विधागत योगदानमाथि सैद्धान्तिक एवं प्रभावपरक दृष्टिकोणबाट शोधकार्य सुसम्पन्न गरिएको छ ।

## १.६ अध्ययनको सीमा :

'शारदा' प्रारम्भ वि.सं. १९९१ देखि वि.सं. २०२० सम्मको प्रायः तिनमा प्रकाशित रचनाहरूलाई पूर्व अध्ययन भइसकेको परिप्रेक्ष्यमा 'शारदा' पुनः प्रकाशन वि.सं. २०६३ नवाङ्क १ देखि १२ सम्मका तिनमा प्रकाशित रचनाहरूलाई मात्र अध्ययनको सीमा बनाइएको छ । त्यसैगरी नेपाली पत्रपत्रिकाको विकासक्रममा प्रारम्भदेखि 'शारदा' प्रकाशनसम्मको समयावधिलाई सीमाङ्कन गर्दै प्रमुख प्रकाशित सम्पूर्ण लेख-रचनाको विश्लेषण नगरी मुख्य लेख-रचनाहरूलाई मात्र केन्द्र मानेर विधागत योगदानमाथि सङ्क्षिप्त अध्ययन र विश्लेषण गरिएको छ । प्रकाशित लेख-रचनाहरूको विषयसूची दिने क्रममा अङ्कका क्रमबद्धताका आधारमा समालोचनात्मक एवम् साहित्यिक लेखहरूलाई विधागत आधारमा छुट्याउनुको साथै अन्य साहित्येतर लेख-रचनाहरूलाई पनि क्रमबद्ध रूपमा प्रस्तुत गरिएको छ ।

## १.७ पूर्वकार्यको विवरण :

वि.सं. १९९१ सालदेखि वि.सं. २०२० र पुनः प्रकाशन वि.सं. २०६३ सालदेखि हालसम्म निरन्तर रूपमा नेपाली साहित्यको सेवा गर्दै आएको यस पत्रिकाको नेपाली साहित्यको क्षेत्रमा विशेष योगदान रहेको छ । मूलतः कथा, कविता, निबन्ध आदिका क्षेत्रमा 'शारदा' पत्रिकाले टड्कारो योगदान दिँदै आए

तापनि लेख, समालोचना, हाइकु, गजल आदिका फाँटमा पनि यस पत्रिकाको योगदान कम उपलब्धिपूर्ण छैन । नेपाली साहित्यका क्षेत्रमा नेपालबाट प्रकाशित 'सुधासागर' (वि.सं. १९५५) पछि वि.सं. १९९१ मा प्रकाशित 'शारदा' पत्रिका दोस्रो जेठो तर गोरखापत्र वि.सं. १९५८ पछि तेस्रो पत्रिकाको रूपमा आफ्नो महत्त्वपूर्ण योगदानका साथ अस्तित्व कायम गर्न सफल भएको देखिन्छ । यस पत्रिकाको योगदानको सन्दर्भमा रघुनाथ घिमिरेबाट "नेपाली साहित्यमा 'शारदा' को योगदान (विवरण तथा वर्गीकरण सन्दर्भसूची सहित)" (वि.सं. २०२९ माघदेखि २०३१ पुस अन्तर्गत ५१७ र ५१८ को प्रयोजनका निमित्त वि.सं. २०३२ पौष) शीर्षकमा शोधकार्य गरिएको पाइन्छ । रघुनाथ घिमिरेको शोधपत्र 'शारदा' को पूर्व प्रकाशन वि.सं. १९९१ देखि लगभग वि.सं. २०२० सम्म केन्द्रित रहेकाले सो अपूर्णतालाई पूर्ण गर्ने अभिप्रायले प्रस्तुत शोधपत्र तयार पारिएको छ । तसर्थ 'शारदा' पत्रिकाले नेपाली साहित्यमा पुऱ्याएको योगदानलाई अझै गहन अध्ययन गरी प्रस्तुत शोधकार्यमा विश्लेषण गरिएको छ । यसभन्दा पूर्व गरिएको पूर्व कार्यको विवरण यसप्रकार छ :

(क) रघुनाथ घिमिरे : "नेपाली साहित्यमा 'शारदा' को योगदान" त्रि.वि. अप्रकाशित शोधपत्र, वि.सं. २०३२ हो । यस शोधपत्रमा शोधकर्ताले वि.सं. १९९१ देखि वि.सं. २०२० सम्म प्रकाशित भएका 'शारदा' का अङ्कहरूमध्ये अनेकन कोसिसद्वारा प्राप्त भएका अङ्कहरू मात्र समाविष्ट गरी यथासक्य प्रकास पारी 'शारदा' को योगदानमाथि चर्चा गरेका छन् ।

(ख) "वर्तमान नेपाल-सरकारको छापा स्वतन्त्रता हनन गर्ने नीति छैन । सरकारलाई बेफाइदा हुने असत्य समाचारका प्रचारकहरूसित सरकार चुप लागिरहने छैन ।" - गृहमन्त्री, विश्वेश्वरप्रसाद कोइराला वि.सं. २००८/४/२१ - नेपालको छापाखाना र पत्र-पत्रिकाको इतिहास, ग्रीष्मबहादुर देवकोटा, वि.सं. २०२४ प्र.सं. (पृष्ठ -१४)

(ग) "जनताको अधिकारलाई कुण्ठित पार्ने प्रयास कल्पनाहीन कार्य-पालिकाको भैराख्दछ, त्यसमा जनताको प्रजातान्त्रिक हकलाई न्यायविभागको निष्पक्षता र स्वतन्त्रताको आधार रक्षा गर्ने कर्तव्य हो ।" - विश्वेश्वरप्रसाद कोइराला, वि.सं. २०१४/५/२७ (ऐजन, पृष्ठ १४)

(घ) “पत्रकार शिकायतखोर, टीकाकार, सल्लाहकार, बादशाहका प्रतिनिधि र राष्ट्रका शिक्षक हुन्छन् । चारवटा विरोधी पत्र चार हजार संगीनभन्दा पनि बढी डर-लाग्दो हुन्छ ।” - नेपोलियन (ऐजन, पृष्ठ १७)

(ङ) “नेपालमै छापी निस्केको पत्र-पत्रिकाहरूमध्ये सबैभन्दा अगाडि नेपाली पत्रिकाको जेठो बिरूवा सम्वत् १९५५ सालको श्रावण महिनामा उम्रियो । यसको नाम ‘सुधासागर’ थियो र महिना-महिनामा निस्कने गर्दथ्यो ।” - (ऐजन, पृष्ठ २९)

(च) ‘सुधारसागर’ मासिक पत्रिका निस्केको करिव २ वर्ष १० महिनापछि सम्वत् १९५८ साल ज्येष्ठ बदी ३ सोमवारको दिन नेपालबाट निस्केको पत्रिकामा माहिलो पत्रिका भई ‘गोरखापत्र’ जन्मियो । - (ऐजन, पृष्ठ ३०)

(छ) “नेपाली पत्रिकाको लहरमा साहिंलो भई वि.सं. १९९१ साल फाल्गुणमा श्री ऋद्धिबहादुर मल्लको सम्पादनमा नेपाली-भाषाको ‘शारदा’ मासिक जन्मियो ।” - (ऐजन, पृष्ठ ३१)

(ज) **‘शारदा’** :- द.नं. ००१(‘शारदा’ वि.सं. १९९४ सालबाट पहिलो पटक दर्ता भएको र दर्ता नं. ००१ हो ।), भाषा नेपाली, वार्षिक मूल्य रू. ४।-, एक प्रतिको ।५० पैसा, सु. श्री ऋद्धिबहादुर मल्ल, पहिलो अंक १९९१/११/ मा प्रकाशित भई २०११/११/वर्ष २० संख्या ७ सम्म प्रकाशित ।” - (ऐजन, पृष्ठ ६०६) यो तथ्य प्रमाणित होइन । ‘शारदा’ वि.सं. २०२० साल अङ्क १, वर्ष २८ मा बन्द भएको हो ।

(झ) प्रधान सम्पादक अच्युतरमण अधिकारीद्वारा सम्पादित ‘उन्नयन’ त्रैमासिक पत्रिका, ऋद्धिबहादुर मल्ल विशेषाङ्क वि.सं. २०५४ श्रावण - पौष, अङ्क - २५ मा ‘शारदा’ पत्रिका र ऋद्धिबहादुर मल्लको नेपाली साहित्यमा ऐतिहासिक देनका बारे प्रकाश पारिएको छ ।

(ञ) संकलक तथा सम्पादक, शिव रेग्मीद्वारा संकलित तथा सम्पादित ‘शारदा’ का सम्पादकीय विचारहरू नामक पुस्तक पहिलो संस्करण वि.सं. २०५८, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान कमलादी, काठमाडौंमार्फत वि.सं. १९९१ - वि.सं. २०२० सम्मका सम्पादकीय विचारहरूलाई संकलन गरी ‘शारदा’ पत्रिकाले नेपाली साहित्यको क्षेत्रमा पुऱ्याएको ऐतिहासिक तथा अद्वितीय योगदानका बारेमा प्रकाश पारिएको छ ।

उपर्युक्त तथ्यलाई मध्यनजरमा राखेर हेर्दा 'शारदा' पत्रिकाका पुनः प्रकाशन अङ्कहरूका बारेमा कुनै किसिमको अध्ययन र विश्लेषण गरिएको नपाइएकाले यस शोधकार्यमा सो सम्बन्धमा विस्तृत प्रकाश पारिएको छ ।

## १.८ सामग्री संकलन र शोधविधि :

प्रस्तुत शोधकार्यमा पुस्तकालयीय अध्ययनलाई नै सामग्री सङ्कलनको प्रमुख स्रोत बनाइएको छ । यसका अतिरिक्त 'शारदा' पत्रिकाका सम्पादक तथा यससँग सम्बद्ध व्यक्तिहरूबाट लिइने जानकारीलाई सामग्री सङ्कलनको अर्को प्रमुख आधार बनाइएको छ । यस शोधपत्रमा 'शारदा' पत्रिकाको साहित्यिक योगदान बारे अध्ययन गरिने हुँदा आवश्यकता अनुसार ऐतिहासिक तथा वर्णनात्मक अनुसन्धान पद्धतिको उपयोग गर्ने र मूलतः सैद्धान्तिक र प्रभावपरक समालोचनाविधिको अनुशरण गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा :

शोधपत्रको रूपरेखा भन्नाले यसको स्वरूपलाई जनाउनेछ । शोधपत्र भद्दा हुनुभन्दा छोटो, मीठो, सरल, सरस, ओजपूर्ण भएमा नै राम्रो मानिन्छ । त्यसैले प्रस्तुत शोधपत्रलाई निम्न सात अध्यायमा विभाजन गरिएको छ :

अध्याय १ : शोध परिचय

अध्याय २ : नेपाली पत्रपत्रिकाको ऐतिहासिक चिनारी र 'शारदा' पत्रिकाको स्थान

अध्याय ३ : तत्कालीन पत्रपत्रिकाको अवस्था र 'शारदा' पत्रिकाको प्रकाशन

अध्याय ४ : 'शारदा' नवाङ्क १ देखि १२ सम्मका सामग्रीहरूको विवरणात्मक अध्ययन

अध्याय ५ : 'शारदा' पत्रिकाको विधागत योगदानको विश्लेषणात्मक अध्ययन

अध्याय ६ : 'शारदा' पत्रिकाका प्रधान सम्पादक नरेन्द्रबहादुर श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

अध्याय ७ : उपसंहार एवं निष्कर्ष

aaa

# अध्याय -२
# नेपाली पत्रपत्रिकाको ऐतिहासिक चिनारी र 'शारदा' पत्रिकाको स्थान

## २. **परिचय :**

यस अध्यायमा नेपाली पत्रपत्रिकाको प्रारम्भिक अवस्था वा इतिहासको जानकारी गराउँदै सो समयदेखि 'शारदा' प्रकाशन अवधिसम्म के-कस्ता पत्रिकाहरूको जन्म भए वा प्रकाशन भए भन्ने कुरालाई ऐतिहासिक चिनारीका साथ प्रष्ट्याउने कार्य भएको छ ।

## २.१ **नेपाली पत्रपत्रिकाको ऐतिहासिक चिनारी र 'शारदा' पत्रिकाको स्थान :**

यहाँ 'शारदा' पत्रिकाको इतिवृत्तलाई प्रारम्भदेखि वर्तमानसम्मको झलकलाई खिच्ने काम भएको छ ।

### २.१.१ **पृष्ठभूमि :**

नेपाली भाषा विश्व विख्यात भारोपेली भाषापरिवारको एउटा सदस्य हो । वि.सं. १३१२ को अशोक चल्लको (हुम्ला जिल्लाको रेलिङ्ग गुम्बामा पाइएको प्रमाणिक अभिलेख : हाम्रा आली अटाली अटल करी अक्रया छौँ ।) अभिलेखदेखि लिएर भास्वति, खण्डखाद्य, बाज परीक्षा लगायतका ग्रन्थ लेखनकाल पार गर्दै इतिहासका विभिन्न कालखण्डमा आफ्नो उपस्थिति जनाई अनेकन उतारचढावका सामना गर्दै नेपाली भाषाको विकास भएको हो । हरेक राष्ट्रको समय अनुकूल उचित विकास र राष्ट्रियता सम्वर्द्धनमा साहित्य र साहित्यिक पत्रपत्रिकाहरूको भूमिका ज्यादै महत्त्वपूर्ण हुन्छ । साहित्यिक विकासका लागि पत्रपत्रिकाको दह्रो उपस्थिति तथा सहअस्तित्व उल्लेख्य पूर्वाधार हुन्छ । आजको आधुनिक युगमा समग्र साहित्यको पृष्ठभूमिमा पत्रपत्रिकाको योगदान राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय परिप्रेक्ष्यमासमेत अत्यन्त गहकिलो र उर्वर रहेको ऐतिहासिक तथ्य खोज तथा अनुसन्धानबाट थाहा पाइएको छ ।

विश्व सभ्यताको विकासमा मुद्रणको इतिहासलाई गहिरिएर हेर्दा यसको शुरूवात ई.पू. ११२२-२५८ मा चीनबाट भएको देखिन्छ । यसपछि सन् १४४० मा

युरोपमा टाइप अक्षरको प्रयोग हुन थाल्यो । पन्ध्रौँ शताब्दीमा श्री जान गुटेनवर्गले पहिलो प्रेस बनायो । यस प्रेसमा टाइपमाथि कागज राखेर थिची छाप्ने गरिन्थ्यो । यिनै दुई तथ्यलाई छापाखानाको इतिहासमा आधारभूत तथ्य मानिएका छन् ।[१]

भाषा-साहित्यको विकास र राष्ट्रको विकास प्रायः पारस्परिक सम्पर्कका रूपमा मात्र राम्रोसँग हुने भएकाले साहित्य आफ्नै देश, काल, वातावरणसँग सम्बन्धित हुँदै आएको छ । पत्रपत्रिकाले प्रायः हरेक देशको आफ्नो भाषा, संस्कृति, सभ्यता र विकासको परम्परालाई अनेक किसिमले सुरक्षित राख्न पूर्णरूपले सहयोग पुऱ्याएको हुन्छ । त्यसैले साहित्यलाई समाजको दर्पण पनि भनिन्छ ।

नेपाली साहित्यको इतिहासलाई हेर्दा उपयुक्त वातावरणको अभावमा यसले आवश्यक गति लिन असफल भएको कुरा पत्रपत्रिकाको इतिहासबाट स्पष्ट हुन्छ । नेपालको भौगोलिक विकटता, चेतनाविहीन सामाजिक गतिविधि, राजनैतिक अस्थिरता आदिले गर्दा लेखपढका कार्यहरू र साहित्यिक सिर्जनातर्फ खासै कसैको गहन ध्यान जान सकेको पाइँदैन । केही सीमित सचेत व्यक्तिबाट नेपाली साहित्यको श्रीगणेश गरी जग बसाल्ने काम भए पनि तत्कालीन समयमा उपयुक्त पत्रपत्रिकाको अभावले गर्दा प्रकाशन कार्यमा निकै बाधा पुग्न गएकाले ती साहित्यकारका सिर्जनाबाट सर्वसाधारण साहित्यिक पाठकले अपेक्षाकृत रूपमा उचित फाइदा लिन सक्ने अवस्था थिएन । नेपाली साहित्यको माध्यमिककालको प्रारम्भबाट नेपाली साहित्यले केही विस्तार हुने सुअवसर पाए तापनि नेपाली राजनैतिक क्षेत्रका व्याप्त अस्थिर राजनैतिक अवस्था तथा तत्कालीन जहानियाँ शासनको शिक्षा विरोधी नीतिले प्रकाशन पक्ष प्रायः उपेक्षित नै रहेको थियो ।

### २.१.२ **'शारदा' पूर्वका प्रमुख नेपाली पत्रपत्रिकाहरूको अध्ययन :**

नेपालमा पत्रपत्रिकाकाहरूको इतिहास त्यति लामो छैन । आधुनिक शिक्षा जस्तै नेपाली पत्रिकाको प्रारम्भ र विकास निकैपछि भएको हो । नेपालको सन्दर्भमा छापाखानाको शुरुवात् श्री ३ जङ्गबहादुरले बेलायत यात्राबाट नेपाल

१ ग्रीष्मबहादुर देवकोटा : नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास, दो.सं. (पुल्चोक, सा.प्र. -२०५१) पृ. २८, ते.सं. (२०५९), पृ. २६ ।

फर्कँदा आफूसँग ल्याएर स्थापना गरेको गिद्धेप्रेस वि.सं. १९०८ (हाते प्रेस : गिद्धको जस्तो आकार भएको हुँदा यसलाई गिद्धेप्रेस पनि भन्ने गरिन्छ ।) देखा पर्छ । 'गोरखापत्र' प्रकाशन गर्ने पशुपतिप्रेस हो र 'गिद्धेप्रेस' यही प्रेस अन्तर्गत रहेको थियो; जुन आज राष्ट्रिय सङ्ग्रहालयमा सुरक्षित छ । त्यसैबाट नेपालमा छापाखानाको इतिहास प्रारम्भ भएको तथ्य फेला पर्दछ ।[२]

गिद्धेप्रेसको आगमनपछि काठमाडौँमा वि.सं. १९१९ अगाडि 'मनोरञ्जन छापाखाना' अस्तित्वमा आएको देखिन्छ; जसले 'मोक्षसिद्धि' जस्ता किताब छाप्यो ।[३] नेपालको ऐनको किताब पनि यस छापाखानाबाट छापिएको पाइन्छ ।[४] यसपछि क्रमशः श्री ३ वीर शमशेर र बझाङ्गी राजा जयपृथ्वीबहादुर सिंह आदिले पनि छापाखानाका विकासमा रुचि राखेको पाइन्छ ।[५] यसपछि वि.सं. १९२८ तिर वीर शमशेरद्वारा स्थापित 'नारायणहिटी छापाखाना', वि.सं. १९४९ को समयतिर कुवेररत्न बज्राचार्यले आफ्नै हातले बनाएर सञ्चालन गरेको 'बुद्धप्रेस' र वि.सं. १९५० साल असारमा मोतीराम भट्ट र उनका सहयोगीहरूद्वारा ठहिटीमा स्थापित 'पाशुपत प्रेस' आदि नै नेपालमा प्रकाशनको थालनी गर्ने प्रारम्भिक नमूनाहरू हुन् ।[६] त्यस्तै अन्य शोधपत्र हेर्दा; व्यवसायिक उद्देश्य राखेर सर्वप्रथम वि.सं. १९५० सालमा ठहिटीमा मोतीकृष्णद्वारा (मोतीकृष्ण कम्पनी) 'पाशुपत' नामक छापाखानाको स्थापना भयो । यसै प्रेसबाट नेपाली भाषाको पहिलो पत्रिकाको प्रकाशन भएको थियो ।[७] 'सुधासागर' निस्कनुभन्दा पहिले वि.सं. १९५० मा मोतीकृष्ण धीरेन्द्रद्वारा ठहिटी, काठमाण्डौँमा

---

[२] ऐजन पृ. २९ तथा प्र.सं. (२०२४), पृ. १९ ।

[३] मुक्तराज उपाध्याय : नेपाली साहित्यमा 'अभिव्यक्ति' पत्रिकाको योगदान (त्रि.वि. स्नातकोत्तर अप्र. शोधपत्र २०५०), पृ.६ ।

[४] इन्दिरा आचार्य (अर्याल) : 'वनिता' पत्रिकामा प्रकाशित कथाहरूको अध्ययन र विश्लेषण (त्रि.वि. स्नातकोत्तर अप्र. शोधपत्र २०६५), पृ.२३ ।

[५] रघुनाथ घिमिरे : नेपाली साहित्यमा 'शारदा' को योगदान (त्रि.वि. अप्र. शोधपत्र २०३२ पौष), पृ.२ ।

[६] इन्दिरा फुयाँल : नेपाली साहित्य र समालोचनामा 'उन्नयन' पत्रिका र यसको योगदान (त्रि.वि. स्नातकोत्तर अप्र. शोधपत्र २०५३) पृ. ६ ।

[७] इन्दिरा आचार्य (अर्याल) : पूर्ववत्, पृ. २३ ।

'पशुपत' छापाखानाको स्थापना हुन्छ ।[८] यसैबाट 'सुधासागर' पत्रिका प्रकाशन भएको पाइन्छ ।

नेपाली पत्रिकाको आदि भूमिका रूपमा बनारसलाई लिइन्छ । नेपालबाट हिन्दुस्थान पढ्न जाने नेपालीहरूको सक्रियतामा अर्थात् नेपाली पत्रपत्रिकाका प्रवर्तक मोतीराम भट्टको विशेष तत्परतामा श्री बाबुरामकृष्ण वर्माको सम्पादनमा निक्लिएको 'गोरखा भारत जीवन' (मासिक- वि.सं. १९४३) पत्रिकालाई नै नेपाली भाषामा लेखिएको प्रथम पत्रिका मानिन्छ ।[९] बनारसको भारत जीवन प्रेसबाट छापी निस्कने गरेको यस पत्रिकाको कुनै प्रति नभेटिएकोले यसको आकृति र यसमा छापिने गरेको विषयमा केही भन्न सकिन्न । तर बनारसबाटै भारत जीवन प्रेसमा छापी सन् १८९५ मा प्रकाशित भएको 'गोर्खा हास्य मञ्जरी' नामक पुस्तकको कभर पेजमा "नेपाली भाषामा बाबु रामकृष्ण वर्मा सम्पादक 'भारत जीवन' ले अनेक तरहका हाँसी दिल्लगी औ चतुऱ्याइँका कुरा संग्रह गरी आफ्ना निज मन्त्रालयमा छापी प्रकाशन गरे" - भन्ने लेखिएको छ । यसबाट यसमा छापिने विषय केही अनुमान गर्न सकिन्छ । यस पत्रिकाका सन्दर्भमा श्री कमल दीक्षित लिखित 'कालो अक्षर' नामक पुस्तकको पाना ११ 'साबिक रोग' शीर्षकको सिलसिलामा 'गोरखा भारत जीवन' निस्क्यो (१९५० को आसपासमा) । त्यो पत्रिका नेपालमा कतै देखिएको छैन, बनारसमा काशी विद्यापीठमा त्यो छ रे, भन्नेसम्म सुनिएको हो- भनी लेखिएको छ ।

"वि.सं. २०१५ सालमा प्रकाशित प्रेस कमिशनको रिपोर्टको पाना १०९ परिच्छेद १३ मा '१९४३ सालमा' मोतीराम भट्टले 'गोरखा भारत जीवन' नामक मासिक-पत्रिका काशीमा छापेर हाम्रो पत्रकारिताको जगमा पहिलो इँट हाले ।"- भनी लेखिएको छ ।

[८] रघुनाथ घिमिरे : पूर्ववत् 'शारदा' पूर्ववत् (२०३२) पृ. ३ ।

[९] वालकृष्ण पोखरेल, 'नेपाली पत्र साहित्यको विकास', (भारती ५ : १२ जेठ), २०११ ।

छापिएको साल नभएको श्री हर्षनाथ शर्मा भट्टराई लिखित 'नेपाली भाषा र साहित्य' भन्ने पुस्तकको पेज ९४ मा "गोर्खा भारत जीवन १९४५ वि.सं. बनारस" भनी लेखिएको छ ।

वि.सं. १९४२ मा नेपाली भाषाको जुन सर्वप्रथम पत्रिका 'गोर्खा भारत जीवन' निस्केको थियो त्यसको प्रकाशन देश बाहिरबाट/काशीबाट भएको थियो ।[१०]

यसबाट नेपाली भाषाको पत्रिकाको इतिहासमा अहिले थाहा पाइएसम्मबाट 'गोर्खा भारत जीवन' लाई नै पहिलो पत्रिका मान्न सकिन्छ । योभन्दा अगाडि अरू कुनै नेपाली भाषाका पत्रिका प्रकाशन भएको देखिन्न । यो कहिलेदेखि निस्क्यो र कतिसम्म निस्कँदै रह्यो भन्ने कुरामा यकिन भन्न सकिन्न तर यो सम्वत् १९५२ भन्दा अगाडि निस्किसकेको थियो भन्दामा कुनै बाधा देखिँदैन ।[११] यसपछि नेपालमा वि.सं. १९५० मा श्री नरदेव मोतीकृष्ण शर्माद्वारा ठहिटी, काठमाडौँमा 'पाशुपत छापाखाना' को स्थापना भयो । 'गोरखा भाषा' नामक पुस्तकको पेज १३ मा "१९५० सम्वत् विक्रमीमा पण्डित मोतीकृष्ण धीरेन्द्रले पनि ठँहिटी नेपालमा 'पशुपत' प्रेस नामको छापाखाना स्थापना गरे ।" भनी लेखिएको छ ।[१२] यस क्रममा वि.सं. १९५५ साल साउनदेखि प्रकाशित भएको 'सुधासागर' नेपालबाट प्रकाशित जेठो साहित्यिक पत्रिका हो ।[१३] यस पत्रिकाको प्रमुख उद्देश्य नेपाली भाषा र साहित्यको सेवा गर्नु थियो । यस पत्रिकामा अनेक किसिमका रोचक श्लोक, कविता र कथाहरू छापिने गर्दथे तर हाल यस पत्रिकाको अस्तित्व कतै पनि भेटिँदैन । यो त अब 'एकादेशको कथा' मा मात्र सीमित भएको छ । 'सुधासागर' मोतीरामको 'भारत जीवन' को समकालीन वा केही पछिको हो भन्ने कुरा थाहा हुन्छ । 'सुधासागर' अगाडि प्रकाशित पत्रिका 'भारत जीवन' हो । उक्त पत्रिका नेपालबाट प्रकाशित नभई भारतको बनारसबाट प्रकाशित भएको हो ।

---

[१०] ग्रीष्म बहादुर देवकोटा : पूर्ववत्, तेस्रो संस्करण, (पुल्चोक, सा. प्र. २०५९), पृ. ४१/४२ ।

[११] ऐजन, पृ.४२ ।

[१२] ऐजन, पृ. २४ ।

[१३] ऐजन पृ. २८ ।

सन् १९४७ सालमा स्थापित 'अपतन' साहित्य परिषद्द्वारा सन् १९४८-४९ सालतिर हस्तलिखित पत्रिकाको रूपमा प्रकाशित भएको 'अमूल्य रत्न' र 'फूलबारी' (तुलसीबहादुर छेत्रीद्वारा सम्पादित) नै सिक्किमको पहिलो नेपाली साहित्यिक पत्रिकाका रूप हुन् वा पत्रिकाहरू हुन् ।[१४] यसपछि सन् १९४८-४९ मा सिक्किममा प्रशस्त नेपाली साहित्यिक पत्रिकाहरू प्रकाशन भएको कुरा समालोचक पुष्प शर्माद्वारा प्रस्तुत गरिएको (गान्तोक प्रकाशन : शिव प्रधान : बृहत् समालोचनामार्फत) छ । यसरी हेर्दा पनि 'गोर्खा भारत जीवन' नै पहिलो नेपाली पत्रिका मान्न सकिन्छ ।

नेपाली पत्रपत्रिकाको इतिहासमा वि.सं. १९५८ लाई विशेष वर्षको रूपमा लिइन्छ । यसै वर्ष अर्थात् वि.सं. १९५८ साल जेष्ठ बदी ३ सोमवारका दिन नेपालबाट निस्कने पत्रिकामा माहिलो वा दोस्रो नेपाली पत्रिकाको रूपमा 'गोरखापत्र' साप्ताहिक नयाँ बिहानी लिएर देखा पऱ्यो ।[१५] यो पत्रिका पं. नरदेव मोतीकृष्ण शर्माको सम्पादनमा तत्कालीन 'पाशुपत प्रेस' पछि 'पशुपति प्रेस' ठहिटी, काठमाडौँबाट समाचारप्रधान साप्ताहिकका रूपमा प्रकाशित हुने गरेको थियो । मूल रूपमा समाचारपत्र भएर पनि नेपाली साहित्यिक पत्रिकाको इतिहासमा 'गोरखापत्र' ले आजसम्म सशक्त भूमिका निर्वाह गर्न सफल रहेको छ । तत्कालीन सुधारवादी राणा प्रधानमन्त्री देवशमशेरको समयमा गोरखापत्रको प्रकाशन भएको थियो । काठमाडौँको 'पशुपति प्रेस' छापाखानाबाट प्रकाशित भएको यस पत्रिकाको सम्पादक नरदेव मोतीकृष्ण शर्मा थिए भनेपछि धेरै वर्ष जयपृथ्वीबहादुर सिंहको सम्पादकत्वमा यो प्रकाशित भएको पाइन्छ । देवशमशेरको जनपक्षीय सुधारवादी नीतिले गर्दा आफ्नै भाइ चन्द्रशमशेरको षड्यन्त्रबाट छोटो अवधिमै सत्ताच्युत भई देश निकाला हुनु पऱ्यो । देवशमशेर सत्ताविहीन भए तापनि 'गोरखापत्र' ले भने नेपाली साहित्यका क्षेत्रमा उत्थानमा जुट्दै सङ्घर्षकै मैदानमा उत्रिई कविता, कथा, निबन्ध, उपन्यास, जीवनी आदिको प्रकाशनलाई

---

[१४] शिव प्रधान : बृहत् समालोचना (समालोचक : पुष्प शर्मा) (सिक्किम, गान्तोक प्र. -पौष २०४५), पृ. ८१० ।

[१५] ग्रीष्मबहादुर देवकोटा : पूर्ववत् ते.सं. २०५९, पृ. २९ ।

अगाडि बढाउँदै नेपाली साहित्यको श्रीवृद्धि गर्नमा निरन्तर लागिरह्यो । जनवरी १९०१ दार्जिलिङबाट श्री पादरी गंगाप्रसाद प्रधानको सम्पादनमा 'गोर्खे खबर कागत' मासिक निस्कियो । यो क्रिस्चियन धर्मको प्रचार पत्रिका भए तापनि पत्र-पत्रिका जगत्मा यसको पनि आफ्नो स्थान र प्रेरणा छुट्टै रहेको छ । वि.सं. १९५९ साल श्रावण बदी १५ मा श्री एस.एस. शर्माको सम्पादनमा बनारसबाट 'उपन्यास तरङ्गिणी औपन्यासिक मासिक पत्रिका निस्कियो । यस पत्रिकाद्वारा उपन्यासमा विधागत विशिष्टता र संरचनागत स्तरीयतामा वृद्धि भएको मानिन्छ । बनारसबाटै वि.सं. १९६३ साल असारमा हितचिन्तक प्रेसमा छापी रसिक समाज मैनेजर गंगादत्त शर्माद्वारा 'सुन्दरी' मासिक निस्कियो । यो पत्रिका थोरै समय चले तापनि विशेषत: नेपाली पथमा यसले योगदान गरेको पाइन्छ । वि.सं. १९६५ कार्तिक पूर्णिमादेखि बनारसबाटै पं. मातृप्रसाद शर्मा अधिकारीको सम्पादनमा 'माधवी' मासिक निस्कियो । यो पत्रिकाले नेपाली भाषा/साहित्यको गद्य र पद्य दुवै क्षेत्रमा समान रूपले विशेष योगदान पुऱ्याई वर्ष १, संङ्ख्या ८ सम्म प्रकाशन भएर छोटो समयमै बन्द भयो । वि.सं. १९७१ (सेप्टेम्बर १९१४) मा बनारसबाट श्री माधवप्रसादको सम्पादनमा 'चन्द्र' मासिक निस्कियो ।[१६] यस पत्रिकाले नेपाली भाषा/साहित्यको क्षेत्रमा छोटो समयावधिमा भएपनि निकै ठूलो टेवा पुऱ्याएको थियो । माध्यमिककालीन पत्रपत्रिकामा आफ्नो छवि उत्कृष्ट राख्दै नेपाली भाषा/साहित्यमा समर्पित भई प्रकाशन हुने अन्य पत्रिकाहरूमा बनारसबाट प्रकाशित पहिलो साप्ताहिक 'गोर्खाली' वि.सं. १९७२, 'चन्द्रिका' मासिक वि.सं. १९७४ खर्स्याङ्बाट (ग्रीष्मबहादुर दे.पृ. ४६ मा 'चन्द्रिका' वि.सं. १९७२ उल्लेख गरेको देखिन्छ), 'जन्मभूमि' वि.सं. १९७९, 'राजभक्ति' वि.सं. १९८३, 'तरुण गोर्खा' वि.सं. १९८३, 'गोरखा संसार' वि.सं. १९८५, 'आदर्श' वि.सं. १९८७, 'नेपाली साहित्य सम्मेलन पत्रिका' वि.सं. १९८९, 'नेबुला' वि.सं. १९९३, 'खोजी' वि.सं. १९९७ र 'गोर्खा' वि.सं. २००२ आदिले नेपाली साहित्यको श्रीवृद्धिमा महत्त्वपूर्ण योगदान दिएको पाइन्छ ।[१७]

---

[१६] ऐजन, पृ. ४३ र ४४ ।

[१७] मुक्तराज उपाध्याय, पूर्ववत् पृ. ९ ।

यसरी नेपाली पत्रपत्रिकाको माध्यमिक कालमा 'गोरखापत्र' को प्रकाशनपछि करिव तीन दशक लामो समयसम्म कुनै पनि पत्रपत्रिकाले जन्म लिन नसके पनि नेपाल बाहिरका विभिन्न ठाउँबाट प्रकाशित विविध उद्देश्य लिएका विभिन्न साहित्यिक पत्रपत्रिकाहरूले नेपाली साहित्यलाई उजिल्याउनुका साथै जनचेतना अभिवृद्धि गराउनमा समेत महत्त्वपूर्ण भूमिका खेलेका छन् ।[१८] नेपाली साहित्यका माध्यमिक कालमा पत्रपत्रिकाका प्रकाशनमा केही साहित्यप्रेमी व्यक्तित्वहरूले अथक प्रयास गरेका थिए । जस्तै :- मोतीराम भट्ट, सोमनाथ सिग्द्याल, रामणि आ.दी., पारसमणि प्रधान, सूर्यविक्रम ज्ञवाली आदि ।[१९]

### २.१.३ आधुनिक नेपाली पत्रिकाको कोशेढुङ्गा 'शारदा' को अध्ययन :

नेपाली साहित्यको इतिहासमा पत्रपत्रिकाको माध्यमबाट साहित्यकारले प्राप्त गरेको प्रसिद्धिलाई पुष्टि गर्नको लागि काठमाडौँमा ऋद्धिबहदुर मल्लको सम्पादकत्वमा वि.सं. १९९१ फागुनमा (वि.सं. १९९४, दर्ता नं. ००१) जन्मेको 'शारदा' मासिक पत्रिकाको हजारौँ पृष्ठ हेरेमा स्पष्ट हुन्छ । माध्यमिक काल र आधुनिक कालको बीचको कोशेढुङ्गाको रूपमा सुपरिचित 'शारदा' ले नेपाली साहित्यमा नयाँ मोड र विशिष्ट पहिचान दिन सफल भयो । वि.सं. १९९१ देखि २००७ सम्मको समयावधिमा प्रकाशित हुँदा यस पत्रिकाको विभिन्न अङ्कले वा यस पत्रिकाले थुप्रै साहित्यकारलाई हुर्काउन न्यानो काख प्रदान गरेको पाइन्छ । त्यस समयमा यो पत्रिकाले आफूलाई एउटा उत्कृष्ट मञ्चको रूपमा प्रस्तुत गऱ्यो र त्यही मञ्चमा बसेर अनेकन स्रष्टाहरूले एकआपसमा साहित्यिक भावना साटासाट गरे । नेपाली भाषा र साहित्यलाई जीवन्त बनाउँदै आधुनिक युगमा प्रवेश गराउने श्रेय पाएको यस पत्रिकाको महत्त्वपूर्ण उपलब्धि भनेको यसको प्रभावशाली सम्प्रेषणीयता नै  हो । आधुनिक नेपाली साहित्यको जग बसाल्ने 'शारदा' लाई यदि आधुनिक नेपाली साहित्यको इतिहासबाट झिकी दिने हो भने अधुरोपना

---

[१८] रमेश न्यौपाने : नेपाली साहित्यको विकासमा 'उन्नयन' त्रैमासिक पत्रिकाको योगदान (त्रि.वि. स्नातकोत्तर, अप्र. शोधपत्र २०६३), पृ. ७ ।

[१९] मदनकृष्ण घिमिरे : साहित्यिक पत्रकारिताको विकासमा 'अभिव्यक्ति' को योगदान (त्रि.वि. स्नातकोत्तर, अप्र. शोधपत्र २०६४), पृ. ८ ।

अनुभव हुन्छ । 'शारदा' नै त्यस्तो गहकिलो एउटा पत्रिको हो, जसले आधुनिक साहित्यका प्रायः सबै फुटकर विधाको (कथा, कविता, निबन्ध आदि) विकासमा अतुलनीय योगदान दियो ।[२०] 'शारदा' ले गुरुप्रसाद मैनाली, गोविन्द गोठाले, विजय मल्ल आदि विभिन्न साहित्यिक प्रतिभाहरूलाई चिनाउने काम गऱ्यो ।[२१] विश्वेश्वरप्रसाद कोइराला (कथा : चन्द्रवदन), लक्ष्मीप्रसाद देवकोटा (कविता : बाघले बच्चा किन खान्छ ?), लेखनाथ पौड्याल, बालकृष्ण शमशेर (कथा : खुकरी), गोपालप्रसाद रिमाल (गद्य कविता : आमाको सपना), भीमनिधि तिवारी : शरद्-चन्द्र) आदि प्रख्यात साहित्यकार पनि 'शारदा' मा नै उदाउनुले 'शारदा' को योगदान नेपाली साहित्यका क्षेत्रमा उल्लेख्य तथा अद्वितीय रहेको कुरा यथार्थ रूपमा सहर्ष स्वीकार्न सकिन्छ । कमल दीक्षित स्वयंले पनि ('शारदा' पुनः प्रकाशन नवाङ्क १, वर्ष १, २०६३, पृष्ठ ६४), सुझाव : 'हे शारदे आमा !' मार्फत् भनेका छन् - वि.सं. २०१२ सालमा 'यस्तो पनि रहेछ' भन्ने मेरो पहिलो निबन्ध छापी दिएर 'शारदा' ले कमल दीक्षित भन्ने अहिलेको लेखकलाई जन्म दिएको हो । यसरी हेर्दा नेपाली साहित्यका महान् हस्ती मानिने विभिन्न उच्चकोटिका साहित्यकारलाई जन्माएर 'शारदा' ले त्यस क्षेत्रमा उल्लेख्य तथा अद्वितीय योगदान दिएको कुरा सर्वविदितै छ । यस कुरालाई हामी सबैले मनन् गरी नेपाली साहित्य र स्वयं 'शारदा' को विकासमा समेत टेवा पुऱ्याउनु हाम्रो महान् जिम्मेवारी/कर्तव्य ठहर्छ ।

### २.१.४ 'शारदा' उत्तर साहित्यिक पत्रपत्रिकाहरूको अध्ययन :

'गोरखापत्र' बाहेक नेपाली समाजबाट प्रकाशित अर्को कुनै पत्रिका थिएन । संक्रमणकालमा त्यो पत्रिका पनि राणाहरूको नियन्त्रणमा प्रकाशित हुन्थ्यो । त्यसबेला केही साहित्यिक रचना बाहेक अन्य रचना यसबाट छापिएन अर्थात् पर्याप्त मात्रामा नभई फाटफुट मात्रामा त्यो पनि कडिकडाउका साथ अनुमति दिएर मात्र केही सीमित रचना मात्र यस पत्रिकामा प्रकाशित भए । नेपाल बाहिर भने साहित्यिक पत्रिकाहरू यथेष्ट मात्रामा धमाधम प्रकाशित भएका थिए । यस

---

२० रघुनाथ घिमिरे : पूर्ववत्, (त्रि.वि. स्नातकोत्तर अप्र. शोधपत्र, २०३२), पृ. ८ ।

२१ रामहरि कार्की र अन्य : पत्रकारिताको सेरोफेरो : प्र.सं. २०४३, पृ. ३५९ ।

पृष्ठभूमिमा काठमाडौँमा ऋद्धिबहादुर मल्लको सम्पादकत्वमा वि.सं.१९९१ फागुनमा (स्थापना दर्ता नं. ००१) 'शारदा' मासिक पत्रिकाको जन्म भएको पाइन्छ । यसले नेपाली साहित्यको विकासमा उल्लेख्य तथा ऐतिहासिक स्थान ओगट्न सफल भएको पाइन्छ । वि.सं. १९९१ देखि २००० सम्म 'शारदा' नियमित र सक्रीय रह्यो भने त्यसपछि बीचमा दुई वर्ष अनियमित भयो । वि.सं. २००३ सालदेखि २००५ सालसम्म 'शारदा' नियमित प्रकाशित हुन थाल्यो । यस अवस्थामा रहेर खण्डित रूपमा प्रकाशित भए पनि 'शारदा' ले वंकिमचन्द्र, रवीन्द्रनाथ टैगोर, शरद्चन्द्र आदि भारतीय साहित्यकारका कहानी, उपन्यास आदिलाई नेपालीमा उल्था गरेर प्रकाशन गऱ्यो । यसले मौलिक साहित्यमा पनि ठूलो योगदान दिएको पाइन्छ । लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण शमशेर (सम), लेखनाथ (शर्मा) पौड्याल गुरुप्रसाद मैनाली, विश्वेश्वरप्रसाद कोइराला, हृदयचन्द्रसिंह प्रधान, भवानी भिक्षु, सिद्धिचरण श्रेष्ठ, भीमनिधि तिवारी आदिलाई अगाडि बढ्न सजिलो पारिदिएको यो पत्रिका वि.सं. २०२०, वर्ष २८, अङ्क १ पछि विभिन्न झमेलाका कारण प्रकाशन अवरूद्ध भई बन्द भयो ।[२२] त्यस्तै, रघुनाथ घिमिरेद्वारा लिखित शोधपत्रमा पनि 'शारदा' वि.सं. २०२०, वर्ष २८, अङ्क १ प्रकाशित भएर बन्द भयो भनी उल्लेख गरिएको छ ।[२३]

ग्रीष्मबहादुर देवकोटा : नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास, ते.सं. २०५९, पृष्ठ ३०/३१ लाई हेर्दा नेपाली पत्रिकाको लहरमा साहिंलो भई वि.सं. १९९१ साल फाल्गुणमा श्री ऋद्धिबहादुर मल्लको सम्पादनमा नेपाली भाषाको 'शारदा' मासिक जन्मियो । राणाशासनकालमा जन्मिएको यस पत्रिकाको पालनपोषण निमित्त सरकारद्वारा आर्थिक सहयोग प्राप्त थियो । यसैकारण यस पत्रिकामा राष्ट्रिय, देशीय तथा स्थानीय महत्त्वपूर्ण खबरको साटो सवारी भित्रियो, बाहिरियो, सुपुत्र जन्मियो, श्रीमान् स्वर्गवास भयो इत्यादि नाथ र गाथको स्तुति रहनु त स्वभाविकै थियो । यसमा छापिने तस्विरहरू प्रभुहरूकै हुन्थे । यसरी कवि/लेखकले भन्दा प्रभुहरूले सम्मान नपाएको भए पत्रिका प्रकाशन नै

२२ शिव रेग्मी : शारदाका सम्पादकीय विचारहरू (१९९१-२०२०), ने.रा.प्र.प्र., २०५८, पृ. ४०१ ।

२३ रघुनाथ घिमिरे : पूर्ववत् शोधपत्र, पृष्ठ १५४ ।

नहुन सक्थ्यो तर पनि त्यस्तो विषम परिस्थितिमा 'शारदा' ले नेपाली साहित्यका क्षेत्रमा उल्लेख्य भूमिका खेल्दै आयो र हामीलाई यो भन्न करै लाग्छ कि भानुभक्त, मोतीराम, शम्भुप्रसाद आदिबाट नेपाली भाषामा साहित्यको जो सिर्जना भयो त्यो धारावाहीको रूपमा बग्न बन्द भइरहेको अवस्थामा नेपाली भाषामा साहित्यको धारा लगाउने यसको प्रयत्न साँच्चिकै महत्त्वपूर्ण र ऐतिहासिक छ । अन्ततः आवश्यक स्याहार सम्भारको अभावमा राणाशासन र प्रजातान्त्रिक शासनको अनुहार हेरी पत्रिका बन्द भयो ।

यसरी बन्द भएको पत्रिका वि.सं. २०६३ साल माघ वर्ष १, नवाङ्क १, पृष्ठ १२४ को वसन्तपञ्चमीका दिन नरेन्द्रबहादुर श्रेष्ठको सम्पादकत्वमा पुनः काठमाडौँबाट प्रकाशन भएर नेपाली साहित्यका क्षेत्रमा यसले उल्लेख्य तथा अद्वितीय योगदान दिन सफल भएको छ ।

नेपाली पत्रिकाको लहरमा काहिँलो भई वि.सं. १९९२ साल भाद्र १ गते श्री सूर्यभक्त जोशीको सम्पादकत्वमा 'उद्योग' पाक्षिक जन्मियो । उद्योग सम्बन्धी केही रचनाहरूले स्थान पाए तापनि साहित्यिक रचनाहरू पनि यसमा छापिएका थिए । जीवित रूपमा आफूलाई परिवर्तन गर्दै यो पत्रिका वर्ष १४ सङ्ख्या ९ सम्म घर्सँदै त्यसपछि एउटा गहकिलो 'लेखक परिचयाङ्क' को रूपमा निस्केपछि देखा पर्न छोड्यो । यसपछि वि.सं. १९९२ मै 'गोर्खा सेवक' साप्ताहिक सिलाङबाट मणि गुरुङको सम्पादनमा अनि वि.सं. १९९३ मा 'उदय' पत्रिका बनारसबाट काशीबहादुर श्रेष्ठको सम्पादनमा प्रकाशित हुन्छन् । राणाकालीन निरङ्कुशताको पराकाष्ठास्वरूप बनारस पुगेका लक्ष्मीप्रसाद देवकोटाले आफ्नै सम्पादनमा २००४ सालमा साप्ताहिक पत्रिका 'युगवाणी' प्रकाशित गर्दछन् । यस्तै वि.सं. २००४ सालमै काठमाडौँमा 'नेपाली साहित्य परिषद्' को स्थापना भयो । यस परिषद्बाट हृदयचन्द्रसिंह प्रधानको सम्पादनमा 'साहित्य स्रोत' नामक मासिक पत्रिकाको प्रकाशन आरम्भ भयो । वि.सं. २००६ साउनमा यसको अन्तिम अङ्क प्रकाशित भएर चाँडै बन्द भए तापनि करिब अढाई वर्षको अल्पायुमै 'साहित्य स्रोत' ले नेपाली साहित्यिक क्षेत्रमा आफ्नो गहन प्रभाव पार्न सफल भएको थियो । वि.सं.

२००४ साल जेष्ठ २ गतेदेखि ने.क.घ.ई. प्रचार अड्डाद्वारा घरेलु इलम पत्रिका र 'शिक्षा' पाक्षिक, २००४ सालमै मार्ग १४ गतेदेखि 'काठमाडौं म्युनिसिपल पत्रिका' पाक्षिक प्रकाशन भयो । यसको अतिरिक्त वि.सं. २००५ असोजमा काठमाडौँबाट देवीप्रसाद रिमालको सम्पादनमा 'आँखा' मासिक, यसै वर्ष काठमाडौँबाटै वि.सं. २००६ सालमा काठमाडौँबाट प्रकाशित 'पुरुषार्थ' ले नेपाली साहित्यको श्रीवृद्धिमा र राजनैतिक एवम् साहित्यिक जागरणमा महत्त्वपूर्ण भूमिका खेल्यो ।[२४] यसरी वि.सं. २००७ सालपूर्व विभिन्न साहित्यिक पत्रिकाहरू प्रकाशित भएको पाइन्छ । शिक्षित मानिसको अभावले गर्दा कतिपय पत्रिकाहरू छोटो अवधिमा नै बन्द भए । अझ अखवारप्रतिको जनआकर्षण कम रहेको, प्रकाशन छपाईको अभाव देखिएको, सूचना/समालोचनात्मक सामग्री समयमा नजुटेको, आर्थिक अभावसँग जुध्न नसकेको र निरङ्कुश शासनकै परिमाणस्वरूप साहित्यिक पत्रिका फस्टाउने र विकसित हुने अवसर नपाएको देखिन्छ । स्वदेशबाट 'गोरखापत्र' र प्रवासबाट विभिन्न पत्रिका छापिनु तथा नेपाली साहित्यका विविध विधाले प्रकाशित हुन अवसर पाउनु यस समयको प्राप्ति मान्न सकिन्छ ।[२५]

वि.सं. २००७ सालको विशाल जनक्रान्तिले नेपालमा १०४ वर्षको निरङ्कुश राणाशासनको अन्त्य भयो र नेपालमा प्रजातन्त्रको स्थापना भयो । प्रजातन्त्रको आगमनसँगै साहित्यमार्फत् नेपाली जनमानसमा उकुसमुकुस भएर बसेका पीडाहरू पोखिन थाले, देशमा विविध विकास र निर्माणका ढोका खुल्न थाले । यस्तो अनुकूल वातावरण पाएर कवि तथा लेखकहरू पनि जनपक्षीय अभिव्यक्तिमा चासो दिँदै साहित्य सिर्जना गर्न उत्साहित हुन थाले । विभिन्न पत्रपत्रिकाको चाप पनि क्रमशः बढ्दै गयो । यसरी नेपाली साहित्यलाई गुणात्मक गरिमा प्रदान गर्ने केही चर्चित पत्रपत्रिकाको बारेमा मात्र यहाँ उल्लेख गर्ने प्रयास गरिएको छ ।

वि.सं. २००७ साल फागुन ४ गते अर्थात् प्रजातन्त्र स्थापना हुनुभन्दा मात्र ३ दिन पूर्व हृदयचन्द्रसिंह प्रधानको सम्पादकत्वमा 'जागरण' साप्ताहिक प्रकाशन

---

[२४] ग्रीष्मबहादुर देवकोटा : पूर्ववत् पृ. ३१/५५७ ।

[२५] मदनकृष्ण घिमिरे, पूर्ववत् पृ. १० ।

भयो । यस पत्रिकाले १०४ वर्षे राणाशासन र दिनप्रतिदिन हावी हुँदै गइरहेको काङ्ग्रेसी नीतिको समेत आलोचना गरी जनतालाई चेतनशील र सचेत पार्ने कार्यमा तल्लीन रह्यो ।[२६] यस्तै विचार वा तर्क नारायणप्रसाद शर्मोपाध्यायको शोधपत्रमा पनि उल्लेख गरिएको छ ।[२७] यो पत्रिका पनि धेरै समय टिकेन अर्थात् वर्ष १, सङ्ख्या ३६ सम्म प्रकाशित भएर बन्द भयो । प्रजातन्त्र घोषणाको भोलिपल्टदेखि (२००७ फागुन ८ गते) कवि सिद्धिचरण श्रेष्ठको सम्पादनमा 'आवाज' दैनिक निस्कियो । नेपालबाट प्रकाशन हुने प्रथम दैनिक पत्रिका बन्ने सौभाग्य प्राप्त भएको यस पत्रिका दुई वर्षको अल्पायुमा नै बन्द भयो ।

श्यामप्रसाद शर्माको सम्पादकत्वमा वि.सं. २००८ सालमा 'सेवा' मासिक तथा कुमारी कामाक्षी र अन्यको सम्पादनमा 'नेपाल महिला सङ्घ' काठमाडौँबाट 'महिला' मासिक प्रकाशन भएको पाइन्छ । रेडियो नेपाल काठमाडौँबाट तारिणीप्रसाद कोइरालाको सम्पादकत्वमा 'झङ्कार' पाक्षिक पत्रिका र काठमाडौँबाटै ईश्वरानन्द श्रेष्ठको सम्पादकत्वमा 'राँको' साप्ताहिक पत्रिकाले पनि साहित्यिक देन दिएको पाइन्छ । वि.सं. २००९ सालमा 'जागृति' मासिक प्रकाशन भयो । यसै साल 'प्रतिभा' मासिक अखिल नेपाल महिला सङ्घले प्रकाशित गऱ्यो । वि.सं. २०१० सालमा 'प्रगति ' द्वैमासिक प्रकाशन भयो । नेपाली पत्रपत्रिकाको इतिहासमा थोरै समयमा आफ्नो ऐतिहासिक छाप छोडेर जान सक्षम पत्रिकाको सूचीमा 'प्रगति' को नाम अग्रस्थानमा आउँछ । 'प्रगति' ले नेपाली साहित्यको परिमार्जनमा विशिष्ट योगदान दिएको छ । त्यसबेला सुषप्तावस्थामा रहेको नेपाली साहित्यलाई नारायणप्रसाद बाँस्कोटाले 'प्रगति' मार्फत सक्रिय बनाए । देवकोटा लगायत अन्य प्रमुख साहित्यकारहरूको सहयोगमा 'प्रगति' अझ प्रभावशाली रह्यो । यसले नेपाली गद्य-पद्य साहित्यको इतिहासमा उल्लेख्य भूमिका खेलेर लोकप्रियता हासिल गरे

---

२६ ग्रीष्मबहादुर देवकोटा : पूर्ववत् पृ. ३३/३४ ।

२७ नारायणप्रसाद शर्मोपाध्याय : नेपाली साहित्यमा 'रत्नश्री' पत्रिकाको योगदान (त्रि.वि.स्नातकोत्तर अप्र. शोधपत्र, २०४६), पृ. १० ।

तापनि यो पत्रिका धेरै समयसम्म टिक्न सकेन । वि.सं. २०१० कै वर्षमा यस्तै अन्य पत्रिकाहरू प्रकाशित भएको देखिन्छ । जसमध्ये नारायणप्रसाद वाँस्कोटाकै सम्पादनमा ललितपुरबाट 'झिल्को', भोजबहादुर सिंह न्यौपानेको सम्पादनमा काठमाडौँबाट 'खसोखास', भरतप्रसाद धिताल र अन्य केहीको सम्पादनमा 'दरवार हाई स्कूल छात्र सङ्घ' काठमाडौँबाट 'विद्यार्थी', केशवलाल कर्माचार्य र शरद्चन्द्रको सम्पादनमा त्रिचन्द्र कलेज काठमाडौँबाट 'आह्वान', विराटनगरबाट लक्ष्मण शास्त्री र अन्य केहीको सम्पादनमा 'आदर्शवाणी', काठमाडौँबाट भेषबहादुर कार्की क्षेत्रीको सम्पादनमा 'राष्ट्रवाणी', धर्मराज थापाको सम्पादनमा 'डाँफे चरी' लगायत थुप्रै पत्रिकाहरूले पनि आ-आफ्नो क्षेत्रबाट नेपाली भाषा/साहित्यको क्षेत्रमा उल्लेख्य भूमिका खेली योगदान दिएका छन् ।

यसैगरी वि.सं. २०११ साल भदौमा शेखरबाबु मानन्धर र अन्य केहीको सम्पादनमा काठमाडौँबाट प्रकाशित भएको 'भोर', पशुपतिदेव पाण्डेको सम्पादनमा 'समाज' दैनिक, यादवप्रसाद पन्त र अन्य केहीको सम्पादनमा नेपाल जनसाहित्य सङ्घ काठमाडौँबाट वि.सं. २०११ साल माघ-फागुनदेखि त्रैमासिक प्रकाशनको 'जन-साहित्य' उदय भएको पाइन्छ । यस पत्रिकाले यथार्थवादी र जनमुखी साहित्य सिर्जनामा जोड दिएको पाइन्छ ।

त्यसपछि वि.सं. २०१२ सालमा नेपालभित्र अलि कमै पत्रिका प्रकाशित भएका पाइन्छन् । नेपाल बाहिरबाट भने केही पत्रिकाहरू प्रकाशित भएको पाइन्छ । यस सालमा नेपालबाट पुस्तकालय सङ्घबाट वासुशशीको सम्पादनमा निस्केको त्रैमासिक 'नवनिर्माण' र केशवराज पिंडालीको सम्पादनमा प्रकाशित साप्ताहिक 'विकास' महत्त्वपूर्ण मानिन्छन् ।

वि.सं. २०१३ साललाई नेपाली पत्रपत्रिकाको इतिहासमा अत्यन्त महत्त्वपूर्ण वर्षका रूपमा लिइन्छ । काव्य प्रतिष्ठान स्थापना भई सोही प्रतिष्ठानबाट 'इन्द्रेणी' मासिक प्रकाशन भयो । जसले नेपाली पद्य विधालाई अगाडि बढाउन धेरै मद्दत गरेको देखिन्छ । यसै साल ईश्वर बराल र भवानी

भिक्षुको सम्पादनमा 'धरती' प्रकाशन भयो । यसै साल प्रकाशित अन्य पत्रपत्रिकामा - 'छात्रवाणी', 'जुद्धोदय पब्लिक हाइस्कूल पत्रिका', 'मानव जागृति', 'दियालो', 'उपहार' आदिले पनि नेपाली साहित्यको विकासमा निकै ठूलो भूमिका निर्वाह गरेका छन् ।

वि.सं. २०१४ सालमा प्रकाशित केही महत्त्वपूर्ण पत्रपत्रिकाहरूमा भने कमलप्रसाद घिमिरेको सम्पादनमा 'फिलिङ्गो', योगेन्द्रराज शङ्करको सम्पादनमा 'उज्यालो' र 'कल्पना' आदिले नेपाली साहित्यको विकासमा निकै ठूलो योगदान दिएका छन् ।

वि.सं. २०१५ नेपाली पत्रपत्रिकाको इतिहासमा महिलावर्गको प्रतिनिधि सालको रूपमा देखा पऱ्यो । यस वर्ष शशीकला शर्माको सम्पादनमा प्रकाशित 'स्वास्नी मान्छे' ले पिछडिएका महिलालाई माथि उठाउने प्रयास गऱ्यो । यसैगरी यही साल विभिन्न साहित्यिक संस्थाहरूको सक्रियतामा कुलचन्द्र गौतम र धरणीधर कोइरालाको सम्पादनमा 'ज्योति' (वि.सं. २०१४) र शिब भट्टराईको सम्पादनमा 'उजेली' (वि.सं. २०१५) आदिले पनि विशेष स्थान ओगट्न सफल भएका देखिन्छन् ।

साहित्य सेवा सदन कमलपोखरीले श्यामप्रसाद शर्माको सम्पादनमा वि.सं. २०१६ सालमा 'साहित्य' नाम राखेर 'सेवा' पत्रिकाकै उद्देश्यलाई अगाडि बढाउने काम गऱ्यो । यसैगरी वि.सं. २०१६ साल कार्तिक, मङ्सिर-पुसमा कमल दीक्षितको सम्पादनमा मदन पुरस्कार गुठीबाट त्रैमासिक 'नेपाली' को प्रकाशन भयो । नेपाली साहित्यको विकासमा यसले धेरै ठूलो भूमिका खेलेको पाइन्छ । यसले साहित्यको अनुसन्धानमा रचनामा बढी प्राथमिकता दिएको छ । नेपाली पत्रपत्रिकाको इतिहासमा एकभन्दा बढी अङ्क समेटी संयुक्ताङ्क निकाल्ने र पूर्णाङ्कलाई प्रधानता दिने पहिलो पत्रिका 'नेपाली' हो ।

वि.सं. २०१७ साल नेपाली पत्रपत्रिका र साहित्यको विकासमा नयाँ मोड लिएर देखा पऱ्यो । वि.सं. २०१७ सालमा कवि सिद्धिचरण श्रेष्ठको सम्पादनमा काठमाडौँबाट 'कविता' प्रकाशन भयो । साहित्यका विविध विधामा नयाँ-नयाँ

चिन्तन र शैली देखा पर्न थाले । यस वर्ष निस्केका ‘इन्दु’, ‘समीक्षा’, ‘दर्पण’ आदि पत्रिकाले केही समय मात्र सेवा गरे भने ‘रूपरेखा’ पत्रिकाले चाहिँ पत्रपत्रिकाको जगत्मा आफ्नो नाम स्वर्णाक्षरले अङ्कित गरायो । ३४३ अङ्कसम्म प्रकाशित भएर दीर्घजीवी पत्रिकाको रूपमा आफूलाई उभ्यायो । रूपरेखा पत्रिकाले नेपाली कथा, कविता, निबन्ध, प्रबन्ध तथा समालोचनाको विकासमा भरमग्दुर योगदान पुऱ्याएको छ ।[२८] शुरूमा द्वैमासिकबाट प्रारम्भ भएर मासिक हुँदै सम्पादक उत्तम कुँवरको मृत्युपछि यसले अनुहार देखाउन छोड्यो ।

साहित्य र पत्रपत्रिकाको यस्तै पृष्ठभूमिमा ‘रूपरेखा’ निस्केको एक वर्षपछि अर्थात् वि.सं. २०१८ साल (हेमन्त र शिशिर) मा रोचक घिमिरेको सम्पादनमा ‘रचना’ पत्रिका प्रकाशित भयो । शुरूमा चार महिने साहित्यिक प्रकाशनका रूपमा निस्केको ‘रचना’ वि.सं. २०१९ पुसदेखि तीन महिने भएर देखा पऱ्यो । पहिलो अङ्कदेखि नै कुनै खाए वाद या पक्षलाई प्राथमिकता नदिने उद्देश्य लिएको यस पत्रिकाले वि.सं. २०२१ असोजदेखि आफ्नो प्रकाशनलाई दुई महिने गरायो । ‘रचना’ ले नेपाली साहित्यको इतिहासमा धेरै स्तरीय रचनाहरू प्रकाशित गर्दै आजसम्म पनि अनवरत रूपले अगाडि बढिरहेको छ ।[२९]

अन्य यस्तै महत्त्वपूर्ण पत्रपत्रिकामा दार्जिलिङबाट ‘फूलपात पत्कर’ वि.सं. २०१८, दार्जिलिङ्बाट नै ‘तेस्रो आयाम’ सन् १९६३, शिलाङ्बाट ‘आशा’ वि.सं. २०२०, ‘पालुवा’ त्रैमासिक वि.सं. २०२२, ‘कोपिला’ द्वैमासिक वि.सं. २०२३, ‘पञ्चामृत’ द्वैमासिक वि.सं. २०२३, ‘मधुपर्क’ वि.सं. २०२५, ‘जस्केलो’ वि.सं. २०२६, धरानबाट ‘जनप्रतीक’ वि.सं. २०२८, ‘पारिजात’ वि.सं. २०३०, ‘अस्मिता’ वि.सं. २०४५, ‘समकालीन साहित्य’ वि.सं. २०४७, ‘जनसाहित्य’ वि.सं. २०४८ आदि रहेका छन् । प्रधान सम्पा. : मोहन दुवाल : ‘जनमत साहित्यिक मासिक, प्रमुख सम्पा. : अच्युतरमण अधिकारी ‘उन्नयन’ त्रैमासिक (

---

[२८] तारानाथ शर्मा : नेपाली साहित्यको इतिहास (सहयोगी प्रकाशन, २०२७), पृ. २५४ ।

[२९] अनिता आचार्य : नेपाली साहित्यको विकासमा ‘रचना’ पत्रिकाको योगदान र मूल्याङ्कन, (त्रि.वि. स्नातकोत्तर तह, अप्र. शोधपत्र, २०६५), पृ. १२ ।

का.जि.द.नं. ९८/२०४०/२०४१), गरिमा, प्रज्ञा, कविता, नेपाली, रत्नश्री, हिमाल, मधुपर्क आदि पत्रिकाका पनि नेपाली भाषा/साहित्यका क्षेत्रमा आ-आफ्नै स्थानगत महत्त्व रहेको पाइन्छ ।

काठमाडौँबाट प्रकाशित कान्तिपुर दैनिक, अन्नपूर्ण पोष्ट दैनिक, गोखारपत्र दैनिक आदिको पनि आ-आफ्नै ऐतिहासिक महत्त्व रहेको छ ।

पत्रपत्रिकाको विभिन्न कालखण्डलाई नियालेर हेर्दा वि.सं. २०६३ माघ, वसन्तपञ्चमी ठूलो उत्साह लिएर नेपाली साहित्यप्रेमी माझ काठमाडौँबाट 'शारदा' पुनः प्रकाशन नवाङ्क १ मासिक पत्रिका - नरेन्द्रबहादुर श्रेष्ठको सम्पादकत्वमा नेपाली भाषा/साहित्यको क्षेत्रमा उल्लेख्य योगदान दिँदै झुल्कन्छ । यस बारे चौथो, पाँचौ. अध्यायमा विस्तृत रूपमा प्रकाश पारिएको छ । यसले साहित्यप्रेमीलाई साहित्यामृतपान गराई साहित्यिक क्षेत्रमा अमरत्त्व प्रदान गरेको यथार्थ गर्वसाथ स्वीकार गरिएको पाइन्छ ।

उक्त विविध साहित्यिक पत्रिकाहरू प्रकाशनमा बनारस, दार्जिलिङ्ग, कलकत्ता, खर्साङ्ग आदि प्रवासी स्थलहरू चर्चित देखिन्छन् भने नेपालभित्र काठमाडौँ, धरान, विराटनगर, ललितपुर आदि स्थानबाट पनि पत्रिका प्रकाशन गरिएको पाइन्छ । विविध पत्रिकाहरूमध्ये गोर्खे खबर कागज, सुन्दरी, माधवी, गोर्खाली, चन्द्रिका, जन्मभूमि, गोरखा संसार, नेपाली साहित्य सम्मेलन, शारदा, युगवाणी, साहित्य स्रोत, मधुपर्क, गरिमा, प्रज्ञा, कविता आदि पत्रिकाहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । यी पत्रिकाहरू साप्ताहिक, पाक्षिक, मासिक, द्वैमासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक आदि अवधिमा प्रकाशित भएका छन् भने हाल प्रकाशित भइरहेका गोरखापत्र, कान्तिपुर, अन्नपूर्ण पोष्ट आदि दैनिक पत्रिका लगायत विभिन्न साप्ताहिक, मासिक आदि पत्रिकाहरूको पनि आ-आफ्नै महत्त्व रहेको यथार्थलाई कसैले नकार्न सक्दैन ।

'शारदा' पत्रिकाले नेपाली साहित्यका कतिपय विधालाई आधुनिकतातर्फ मोड्न सफल भएको पाइन्छ भने 'डाँफेचरी' ले लोकसाहित्यलाई महत्त्वपूर्ण योगदान गर्दै राष्ट्रिय स्तरमा मात्र नभएर अन्तर्राष्ट्रिय स्तरमा पनि आफ्नो नाम अमर

राख्न सफल कविहरूका रचना र प्रकाशन, 'नौलो पाइलो' मार्फत झर्रा नेपाली शब्दको प्रयोग, 'रूपरेखा' मार्फत मोहन कोइराला, द्वारिका श्रेष्ठ, मदन रेग्मीलाई प्रकाशमा ल्याउने काम, 'तेस्रो आयाम' ले परम्परागत साहित्य लेखनप्रति विद्रोह र साहित्यले जीवनको सम्पूर्णता प्रदान गर्नुपर्ने मान्यता राखेको देखिन्छ भने 'मधुपर्क' ले पुस्तकहरूको मूल्याङ्कनका साथै नियमित रूपमा नेपाली साहित्यमा योगदान दिन महत्त्वपूर्ण कार्य गरेको देखिन्छ ।[३०]

## २.२ **निष्कर्ष :**

नेपाली भाषा र साहित्यको विकासमा यी माथि उल्लिखित लगायत यस शोधपत्रमा प्रस्तुत गर्न नसकिएका यस्ता असङ्ख्य नेपाली भाषाका पत्र-पत्रिकाहरूको योगदान निकै महत्त्वपूर्ण रहेको छ । ग्रीष्मबहादुर देवकोटाका साथै विभिन्न पत्रपत्रिका सम्बन्धी पुस्तक तथा शोधपत्र हेर्दा ती कुरा प्रस्ट हुन्छन् तर ती सबैलाई यस शोधपत्रमा समावेश गर्ने हो भने शोधपत्र ज्यादै भद्दा हुने हुनाले महत्त्वपूर्ण केही पत्रिकाका सम्बन्धमा केही महत्त्वपूर्ण कुरा मात्र यसमा प्रस्तुत गरियो । पत्रपत्रिकाको छेलोखेलोमा थपिन पुगेको 'शारदा' पुनः प्रकाशन पत्रिकाले नेपाली साहित्यिक क्षेत्रलाई माथि उठाउनमा आजसम्म पनि मासिक पत्रिकाका रूपमा प्रकाशित भएर निकै ठूलो भूमिका निर्वाह गरी अद्वितीय योगदान दिन सफल भएको छ ।

*

[३०] इन्दिरा आचार्य (अर्याल) : 'वनिता' पत्रिकामा प्रकाशित कथाहरूको अध्ययन र विश्लेषण (त्रि.वि. स्नातकोत्तर तह, अप्र. शोधपत्र, २०६५), पृ. २५ ।

# अध्याय - ३

## तत्कालीन पत्रपत्रिकाको अवस्था र 'शारदा' पत्रिकाको प्रकाशन

### ३. परिचय :

शोधपत्रको यस अध्याय-३ मा 'शारदा' मासिक पत्रिकाको प्रकाशनारम्भ कस्तो परिस्थितिमा भएको थियो ? भन्ने कुरा देखाउँदै 'शारदा' को नामकरण, उद्देश्य, चिनारी आदिको बारेमा जानकारी गराइएको छ ।

### ३.१ तत्कालीन पत्रपत्रिकाको अवस्था 'शारदा' पत्रिकाको प्रकाशन :

भाषा साहित्यको विकासको क्रममा विदेशमा 'गोर्खा भारत जीवन' प्रकाशन भइसकेको, नेपालमा 'सुधासागर' वि.सं. १९५५ प्रथम नेपाली पत्रिका तथा वि.सं. १९५८ साल जेष्ठ बदी ३ वैशाख २४ गते सोमवारका दिन नेपालबाट निस्केको पत्रिकामा माहिलो पत्रिका भई 'गोरखापत्र' प्रकाशन भई यसले निरन्तरता पाएको थियो । यी दुई पत्रिकापश्चात् नेपालमा अन्य कुनै पत्रिका ननिस्किएको अवस्था तथा तत्कालीन निरङ्कुश राणाशासनको कठोर नीतिको अवस्थामा अनेक उपाय लगाई वि.सं. १९९१ साल फाल्गुणमा संस्थापक/सम्पादक सु. ऋद्धिबहादुर मल्लको सम्पादकत्वमा 'शारदा' मासिक पत्रिका अदम्य साहका साथ सर्वप्रथम नेपाली साहित्यका क्षेत्रमा प्रकाशनारम्भ भएको हो ।

### ३.१.१ साहित्यिक पत्रिकाको कोशेढुङ्गो र 'शारदा' पत्रिकाको प्रकाशन :

'शारदा' नेपाली साहित्यिक पत्रिकाको इतिहासमा कोशेढुङ्गो हो भन्ने कुरा सर्वविदितै छ । यसले नेपाली साहित्य र नेपाली साहित्यकारहरू जन्माउन उल्लेखनीय योगदान पुऱ्याएको छ । नेपालमा जङ्गबहादुरले शुरुवात गरेको निरङ्कुश राणाशासनको जग्जगी भइरहेको अवस्थामा विभिन्न उतार-चढाव पार गर्दै 'सुधासागर' । 'गोरखापत्र' प्रकाशन भइसकेको अवस्थामा पनि जनताले प्रचलित शासन र शासकका विरूद्ध केही बोल्न नसकी उल्टै उनीहरूका गुनगान गाउनुपर्ने बाध्यात्मक स्थिति रहेको थियो । यस्तो अवस्थामा अर्को एउटा साहित्यिक पत्रिका निस्कनु भनेको तत्कालीन अवस्थामा निकै ठूलो युद्ध जिती नेपाली भाषा साहित्यको क्षेत्रमा सम्राट् घोषित गर्नु समान थियो । यस्ता विषम परिस्थिति र विभिन्न अप्ठ्यारा उतार-चढावलाई पार गर्दै सु. ऋद्धिबहादुर मल्लको अदम्य साहसको फलस्वरूप 'शारदा' मासिक वि.सं. १९९१

फागुन महिनामा प्रकाशित भएर नेपाली साहित्यलाई निकै ठूलो योगदान दिएको पाइन्छ ।

राणाशासन कालमा जन्मिएको यस पत्रिकाको पालनपोषणका निमित्त सरकारद्वारा आर्थिक सहयोग प्राप्त थियो । यसै कारण यस पत्रिकामा अन्य महत्त्वपूर्ण खबरको साटो सवारी भित्रियो, बाहिरियो, सुपुत्र जन्मियो इत्यादि नाथ र गाथको स्तुति रहनु स्वभाविकै थियो ।[३१] यसरी हेर्दा त्यस समय प्रकाशित भएका प्रायः सबै पत्र-पत्रिकामा राणाशासकको पूर्ण निग्रानी तथा नियन्त्रण थियो भन्ने प्रस्ट हुन्छ । यस्तो अवस्थामा झन साहित्यिक पत्रिका प्रकाशन गरी सामाजिक तथा राजनैतिक क्षेत्रका विसंगति तथा विकृतिलाई यथार्थ रूपमा औंल्याई उदाङ्ग पार्न खोज्नु भनेको अरिङ्गालको गोलोलाई चलाउनु तथा बाघको मुखमा हात हाल्नु समान नै हो । यस्तो विसम परिस्थितिमा पनि 'शारदा' प्रकाशित भएर आफ्नो इतिहासमा शुरूका अङ्कदेखि नै विभिन्न साहित्यकारलाई जन्म दिन सफल भयो । यसै पत्रिकाको प्रथम अङ्कमा बालकृष्ण समको 'बर्दहामा शिकार' र लक्ष्मीप्रसाद देवकोटाको 'गरिब' कविता प्रकाशित भयो । त्यस्तै, वि.सं. १९९२ मा विश्वेश्वरप्रसाद कोइरालाको उत्कृष्ट मनोवैज्ञानिक कथा : 'चन्द्रवदन' प्रकाशन भयो । यसरी 'शारदा' ले नेपाली साहित्यका क्षेत्रमा अद्वितीय योगदान दिएको छ भन्दा कुनै अन्याय नभई 'शारदा' लाई साहित्यिक सम्मान दिएको ठहर्छ । 'शारदा' का सन्दर्भमा दिइएका विभिन्न अभिव्यक्ति निम्न छन् :-

- सर्वप्रथम नेपाली प्रेस बनाएर छापेको 'स्त्री शिक्षा-सिमन्तिनी सौभाग्य' भन्ने पुस्तिका हो । त्यसमा मुरारीनाथ ........ ले लेखेको मुरारी प्रेस भन्ने नाम परेको छ । हाते मेसिनले अक्षर ढाली प्रदर्शनीमा राखेको प्रमाणपत्र पाएको मिति ........... ? प्रदर्शनीमा 'शारदा' देखाइएको थियो । नेपाली भाषालाई ज्यूँत्यूँ उठाउनुपर्छ भन्ने उद्देश्यले 'शारदा' को प्रयास देखाउने मेरो मतलव थियो ।[३२] ('ऋद्धिबहादुर मल्लको आत्मकथा' ले. : 'शारदा' का सम्पादक ऋद्धिबहादुर मल्ल)

---

३१ ग्रीष्मबहादुर देवकोटा : पूर्ववत् ,ते.सं., २०५९, सा.प्र., पृ. ३० ।

३२ 'उन्नयन' त्रैमासिक पत्रिका, ऋद्धिबहादुर मल्ल विशेषाङ्क २५, उन्नयन प्रकाशन, प्रधान सम्पादक अच्युतरमण अधिकारी, २०५४ श्रावण-पौष, पृ. ३६ ।

- नेपालको जनस्तरबाट सञ्चालित पहिलो साहित्यिक मासिक पत्रिका 'शारदा' का जन्मदाता, सम्पादक र प्रकाशक ऋद्धिबहादुर मल्ल हुन् । उनले त्यसबेला 'शारदा' पत्रिकाको प्रकाशन गरे जुन बेला लेख्नु पनि एउटा राजद्रोही अपराध गनिन्थ्यो । जे होस्, त्यस बेला उनले ठूलो जोखिम उठाई 'शारदा' को प्रकाशन गरे । उनकै प्रयासले गर्दा नेपाली भाषा र साहित्यमा आधुनिक युगको पदार्पण भयो ।[३३] (सम्पादक, अनुवादक, लेखक र संयोजक सुब्बा ऋद्धिबहादुर मल्ल : लेखक : इन्द्रमाली)

- श्री ३ प्रभुका आह्वानले, उपासनाले, 'शारदा' को अवतार भयो, अब यिनलई सिंगारेर पाठ-पूजा गरी लाभ उठाउने काम हामी नेपाली मात्रको हो । हामी नेपाली मात्रले केवल एउटा चुरोटको खर्च प्रतिदिन माताको चरणमा फ्याँकिदियौँ भने पनि माताका पूजा-आजाको गुठी चल्न सक्तछ ! 'नेपाली नै हुँ' भन्ने साँचो अभिमान भएकाले यो उपासनामा नीच मार्लान् भन्ने हामीहरूलाई लागेको पनि छैन ।

  "जय श्री तीन प्रभुको, जय श्री जुद्धको जय,
  वीणा बज्दा 'शारदा' को बजोस् नित्य यही जय ।"[३४]
  ('शारदा' को पहिलो सम्पादकीय : लेखक : अच्युतरमण अधिकारी )

- वि.सं. १९९१ सालमा ऋद्धिबहादुर मल्लले आफ्नो छापाखानाबाट मासिक साहित्यिक पत्रिका 'शारदा' प्रकाशन गर्ने सुरसारले चारैतिरबाट सहयोग बटुल्ने प्रयत्न गरे । यसै प्रसङ्गमा यहाँ बालकृष्ण समकोसंस्मरण अघि सार्नु उपयुक्त देखिन्छ "अब यहाँनिर म बडाकाजीका मानसिक अवस्था सम्झन्छु, ..... मेरोमुख उज्यालो भएछ कि क्या मतिर हेरेर जुद्धशमशेरले भने, 'लौ छपाउन त छपा तर यसो उसो जथाभावी लेखाउन लाइस् भने पर्लास् ।' मैले हात जोडेँ ।"[३५] 'शारदा' का पिता सु.

---

[३३] ऐजन, पूर्ववत् पृ. ३८ ।

[३४] ऐजन, पूर्ववत् पृ. ५१२/५१३ ।

[३५] ऐजन, पूर्ववत् पृष्ठ ४३३/४३४ ।

ऋद्धिबहादुर मल्ल : लेखक : शिव रेग्मी : (मेरो कविताको आराधना 'सम', गोरखापत्र, २४ माघ, २०४४)

- वि.सं. १९९१ सालको श्रीपञ्चमी (माघ) देखि 'शारदा' प्रकाशित गर्ने रूपरेखा तयार गरे पनि सम्पादक सुब्बा मल्लको आफ्नै जोरगणेश छापाखानाले नै भनेको समयमा छापी नसकेको हुनाले नै 'शारदा' को पहिलो अङ्क वि.सं. १९९१ फागुनमा मात्र देखा पर्न सक्यो । माघमा निस्कनुपर्ने पत्रिका फागुनमा निस्कँदा एक महिना ढिलो भएको जस्तो देखिन्छ तर १९९१ सालमा श्रीपञ्चमी माघको २६ गते परेको थियो, त्यसैले एक महिना होइन ३-४ दिन मात्र 'शारदा' प्रकाशित हुन विलम्ब भएको देखिन्छ ।[३६] त्यसैले 'शारदा' को यस अङ्कमा पत्रिका प्रकाशन ढिलो भएकोमा पाठकवर्गमा निवेदन गर्दै क्षमा मागिएको छ ।
- सुब्बा ऋद्धिबहादुर मल्लसँगसँगै बालकृष्ण सम, मृगेन्द्रशमशेर, रुद्रराज पाण्डे, प्रेमराज शर्मा आदिको परिश्रमबाट नेपाली साहित्यको पत्र-पत्रिकाको इतिहासमा एउटा चहकिलो तारा बनेर देखा परेको 'शारदा' को पहिलो अङ्क कस्तो होला ? त्यसमा कस्ता सामग्रीहरू राखिएका होलान् ? आदि जानकारी यहाँ दिने प्रयास गरिएको छ :

(१) "निकाली विघ्नको जाल, पखाली चित्तको मल,
शारदे ! देऊ सद्बुद्धि, बढाई देहमा बल । "

(२) **'शारदा' को पहिलो अङ्कका लेखक र रचनाहरू :**

| विषय | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| कविता | आशीर्वाद गीत | श्याम राजा | १ |
| ,, | स्वागत | पं. चक्रपाणि चालिसे | २ |
| ,, | स्त्रीरत्न | इन्दिरादेवी, डिल्लीवजार | १० |
| ,, | अरुणोदय | पं. लेखनाथ शर्मा पौड्याल | ११ |
| ,, | ईश विनय | क.प. झपटबहादुर राणा | १२ |

[३६] ऐजन, पूर्ववत् पृष्ठ ३५९ ।

| | | | |
|---|---|---|---|
| ,, | गरीब | लक्ष्मीप्रसाद देवकोटा बि.ए.बि.एल. | १८ |
| ,, | जुनेली रातमा निर्झर | सिद्धिचरण | १९ |
| ,, | अविदित | विरही | - |
| नाट्यरचना | श्रद्धाञ्जली | भवदेव पन्त | ३ |
| यात्रावर्णन | बर्दहामा शिकार | बालकृष्ण शमशेर | ६ |
| लेख | संसार एक नाट्यशाला हो | नरेन्द्रमणि आ.दी. | १४ |
| ,, | विरह | विरक्त हृदय | २० |
| ,, | हावापानी तथा हाम्रो उपहार यसको प्रभाव | सुब्बा जनकराज श्रेष्ठ | २२ |

- यसै अङ्कमा 'रूपमती' उपन्यासको विज्ञापन निकै प्रभावकारी रूपमा राखिएको छ ।
- वि.सं. १९९० कालिन नेपालमा ऋद्धिबहादुरको नेपाली साहित्यप्रति गहिरो आस्था भएका हुनाले नै सधैँभरि आर्थिक घाटा सहेर भए पनि 'शारदा' पत्रिका निकै लामो समयसम्म चलाए। यसै मेसोमा सम्पादक ऋद्धिबहादुर मल्लका यी उक्ति निकै मर्म स्पर्शी देखिन्छन् :-

  "…. मैले गरेको नेपाली साहित्यको सेवालाई लिएर मप्रति उचित न्याय भएका छैन । ….."

  "हामी नेपालीमा कदर गर्ने र सहयोग दिने प्रवृत्ति कहिले आउँला खै ![३७]

  (नेपाली साहित्यिक पत्रिकाका प्रेरणास्रोत सु. ऋद्धिबहादुर मल्ल : लेखक : रघु घिमिरे : पाद टिप्पणी ५, ६, ७ प्रस्तुत शोधपत्रमा रघु घिमिरेकै रचनाबाट परिमार्जित गरी साभार गरिएको )

[३७] ऐजन, पूर्ववत् पृ. ३५९/३६०/३६१ ।

- भन्न त भनियो - सु. ऋद्धिबहादुर मल्लले त्यस बेलाको अनुकूल परिस्थितिको सदुपयोग गरेर 'शारदा' को प्रकाशन गरे भनेर तर यसको अर्थ यो होइन - त्यस बखतको अनुकूल भनिएको त्यो परिस्थिति बिलकुल सुगम थियो अथवा पूर्णतया खतराविहीन थियो । त्यसलाई हामी बुझ्न खोजौं ऋद्धिबहादुर मल्लकै भाषामा : 'शारदा' का लागि प्राप्त प्रत्येक लेख नेपाली भाषा प्रकाशिनी समिति समक्ष प्रस्तुत गर्नुपर्दथ्यो र स्वीकृति प्राप्त भएपछि मात्र ती लेख 'शारदा' मा छाप्न सकिन्थ्यो ।..... वास्तवमा त्यस बेला मेरो जीवन तरबारको धारमा थियो ।[३८] ('शारदा' को प्रकाशन एवम् ऋद्धिबहादुर मल्ल : एक अभिव्यक्ति : ले. : चित्तरञ्जन नेपाली)
- पत्रिकाको कभरको पृष्ठ भागमा हुलाक दर्ता नं. १ छापिएर आफ्नो स्वरूप देखायो । दुई पैसाको टिकट टाँसेर 'शारदा' ग्राहक जतिका घरघरमा पुग्न थाल्यो ।[३९] ('शारदा' मासिक पत्रिकाको जन्म-ग्रहण : लेखक : गोविन्दबहादुर मल्ल 'गोठाले')
- ऋद्धिबहादुर मल्ल भन्नु त्यो व्यक्तिको नाम हो जसले नेपाली साहित्यमा आधुनिक साहित्यिक क्रान्तिकारी व्यक्तित्वहरू जन्माएको थियो । नेपाली साहित्यको इतिहासमा 'शारदा' एउटा कोशेढुङ्गा हो । यो कोशेढुङ्गाका जनक थिए सु. ऋद्धिबहादुर मल्ल । मल्लले आफ्नै सत्प्रयासमा 'शारदा' साहित्यिक पत्रिकाको प्रकाशन वि.सं. १९९१ बाट शुरू गरेका हुन् । औपचारिक रूपमा नेपाली साहित्यले आधुनिकतामा प्रवेश गरेको 'शारदा' को प्रकाशनबाट नै हो । मल्लको घर उनताक स्वयम्मा सरस्वती-सदन थियो ।[४०] (सु. ऋद्धिबहादुर मल्ल र उनको 'शर्मिष्ठा' उपन्यास : एक समीक्षात्मक अध्ययन : लेखक : कृष्णप्रसाद दाहाल)

माथि उल्लिखित भनाइ तथा उद्गारबाट 'शारदा' का सन्दर्भमा उठेका निकै महत्त्वपूर्ण कुराहरूका बारेमा स्पष्ट हुन्छ । 'शारदा' पत्रिकाको प्रकाशनमा

---

[३८] ऐजन, पूर्ववत् पृ. ३६९ ।

[३९] ऐजन, पूर्ववत् पृ. १२७ ।

[४०] ऐजन, पूर्ववत् पृ. १२३ ।

ऋद्धिबहादुर मल्लले कस्तो हण्डर खानुपर्‍यो ? तत्कालीन अनुकूल भनिएको प्रतिकूल समयको बाबजुत पनि उनले 'शारदा' प्रकाशित गरेर विभिन्न जुझारू साहित्यकारहरूलाई जन्म दिएका छन् । यो 'शारदा' को इतिहासमा स्वर्ण अक्षरले लेखी अविस्मरणीय क्षण तथा घटनाका रूपमा स्थापित भएको छ । यसरी प्रकाशित भएको 'शारदा' विभिन्न उतार-चढाव पार गर्दा-गर्दै पनि पछिल्लो अङ्क वि.सं. २०२० सालमा वर्ष २८ अङ्क १ का रूपमा प्रकाशित भएर बन्द हुन पुग्यो । यो सबै नेपाली साहित्यप्रेमीको लागि ज्यादै दुःखद क्षण हुन पुग्यो ।

यस्तो गरिमामय इतिहास रच्न सफल 'शारदा' पत्रिकालाई पुनः वि.सं. २०६३ माघ, वसन्तपञ्चमीका दिन प्रधान सम्पादक नरेन्द्रबहादुर श्रेष्ठको सम्पादकत्वमा काठमाडौँबाट 'शारदा' परिवारको अथक प्रयासले प्रकाशित हुने सौभाग्य प्राप्त गरी 'शारदा' ले पुनः जीवन प्राप्त गरेकाले सम्पूर्ण नेपाली साहित्यप्रेमीको खुसीका साथ हर्षले गद्गद् हुँदै भाग्य फेरि चम्किएको यथार्थ सर्वविदितै छ । यस सन्दर्भमा प्रस्तुत विभिन्न अभिव्यक्तिहरू यस प्रकार छन् :-

- हामीले गत तीन वर्ष अघिदेखि आन्तरिक गृहकार्य गरेपछि अन्ततः यो निश्कर्षमा पुग्यौँ कि आजको यो बदलिंदो परिस्थितिमा 'शारदा' लाई पुनः ब्युँझाउनुपर्छ । (समाचार : शारदा पुनः प्रकाशन विषयक अन्तरक्रिया : शान्तबहादुर मल्ल (प्रकाशक) 'शारदा' मासिक पुनः प्रकाशन, वर्ष १ नवाङ्क १, २०६३ माघ, पृ. ११७)

- नेपाली भाषा साहित्यको इतिहासमा ऋद्धिबहादुर मल्लको जति योगदान महाकविको पनि थिएन । त्यसैले 'शारदा' पूर्ववत् हुनुपर्दछ, ६० पृष्ठभन्दा कम गर्नु हुँदैन । (अच्युतरमण अधिकारी, ऐजन पूर्ववत् पृ. ११९)

- पाठक भनेको पनि अर्को स्रष्टा हो । पाठकीय सृजनशीलतालाई बिर्सनु हुँदैन । (कृष्णचन्द्रसिंह प्रधान, ऐजन पूर्ववत् पृ.)

- 'शारदा' पुनः निस्कन लागेकोमा बडो आनन्दको अनुभव गरिरहेको छु । (चित्तरञ्जन नेपाली, ऐजन पूर्ववत् पृ.)

- रिडर डाइजेष्ट विश्वमा लोकप्रिय भएर युगान्तकारी रूपमा चलिरहेको छ । त्यसैले 'शारदा' लाई पनि डाइजेष्टकोरूप दिएर देशव्यापी रूपमा फैलाउन सकिनेछ । तेजेश्वरबाबु ग्वंग, ऐजन पूर्ववत् पृ. १२०)

- 'शारदा' पुरानो र ऐतिहासिक पत्रिका हो तर परम्परालाई विगतको रूपमा हेर्नु हुँदैन किनभने परम्परा बगिरहने नदी हो । (तुलसी दिवस, ऐजन पूर्ववत् पृ.)

- 'शारदा' को पुनः प्रकाशन भएपछि निरन्तरता दिनै पर्छ । (मञ्जुल, ऐजन पूर्ववत् पृ. १२१)

- अहिलेको समयको प्रतिबिम्ब 'शारदा' मा देखिनुपर्छ (प्रमोद प्रधान, ऐजन पूर्ववत् पृ.)

- पत्रिकालाई स्तरीय बनाएर बिकाउन र टिकाउन पनि पाठकको अत्यन्त जरूरी हुन्छ । 'शारदा' लाई माया गर्ने पाठक राजधानीभन्दा बाहिर पनि पर्याप्तै छन् भन्ने मलाई लाग्छ । (नीलम कार्की 'निहारिका', ऐजन पूर्ववत् पृ.)

- पत्रिका निक्लेपछि निरन्तरता पाउनुपर्छ । एक दुई अङ्क निकालेर मैले सकिनँ भनेर शान्तजीले हात उठाउन पाउनु हुन्न । (अविनाश श्रेष्ठ, ऐजन पूर्ववत् पृ.)

- मनुष्यको हित नै 'शारदा' सरस्वतीको लक्ष्य हो, त्यसैले 'शारदा' पुनः प्रकाशन हुँदा साहित्यका साथै आध्यात्मिकतालाई पनि ध्यान दिइयोस् भन्ने चाहन्छु । ( जगदीश शर्मा, ऐजन पूर्ववत् पृ.)

- इन्टरनेटमा 'शारदा' लाई राख्न सकियो भने विश्वभरिबाट स्तरीय रचना प्राप्त हुनसक्छ । (रमेश पौडेल, ऐजन पूर्ववत् पृ.)

- अहिले 'शारदा' को पुनः प्रकाशनमा शान्तबहादुरजीले जुन साहस गर्नुभएको छ पछिसम्म पनि कायम हुने नै छ । (मोहन दुवाल, ऐजन पूर्ववत् पृ. १२२)

- अबको 'शारदा' वर्तमान समयानुसार प्रकाशित हुनुपर्छ । (गोविन्दबहादुर मल्ल 'गोठाले', ऐजन पूर्ववत् पृ. १२३)

- शान्तबहादुरजी, तपाइँ 'शारदा' को सुपुत्र हुनुहुँदो रहेछ । मलाई निकै खुसी लागेको छ । त्यसैले 'शारदा' निरन्तर हुने मैले आशा गरेको छु । (कमल दीक्षित, ऐजन पूर्ववत् पृ.)

- 'शारदा' फेरि निस्कने भो ! भन्ने शब्द परे मेरा कानमा केही दिनअघि साह्रै मीठा लागे ती शब्द तर सपनामा खीर खाए जस्तो भयो । मैले नरेन्द्रजी र विमलजी आफैँ आएर भनेपछि मात्र सुनेको कुरा साँच्चै रहेछ भन्ने थाहा पाएँ ॥ वि.सं. २०१२ सालमा 'यस्तो पनि भएको रहेछ' भन्ने मेरो निबन्ध छापिदिएर 'शारदा' ले कमल दीक्षित भन्ने अहिलेको लेखकलाई जन्म दियो । मेरो यो खुशी अल्पकालिन नहोस् भन्ने प्रार्थना छ "हे शारदे आमा !" (ऐजन पूर्ववत् पृ. ६३/६४, सुझाव : हे शारदे आमा !)

'शारदा' प्रकाशनको सन्दर्भमा प्रधान सम्पादक नरेन्द्रबहादुर श्रेष्ठद्वारा प्राप्त 'शारदा' का सन्दर्भमा भएका विभिन्न छलफल तथा वैठकलाई 'शारदा' वैठक पुस्तिकाका आधारमा हेर्दा वि.सं. २०६१ भाद्र १३ गते शनिवारका दिन नरेन्द्रबहादुर श्रेष्ठको आवासमा 'शारदा' पत्रिका पुनः प्रकाशन गर्ने सन्दर्भमा प्रथम वैठक बसी उक्त पत्रिका प्रकाशन गर्ने गरी विभिन्न महत्त्वपूर्ण निर्णयहरू लिइएको देखिन्छ ।[४१]

यसरी हेर्दा 'शारदा' पुनः प्रकाशनका लागि विभिन्न छलफल, गृहकार्य, सुझाव संकलन आदिका विभिन्न चरण पार गर्दै सकेसम्म पाठकलाई 'शारदा' प्रति अभिरूची जगाई निरन्तरता दिने प्रतिवद्धताका साथ प्रधान सम्पादक नरेन्द्रबहादुर श्रेष्ठको सम्पादकत्वमा 'शारदा' परिवारको सहयोग तथा अथक प्रयास स्वरूप वि.सं. २०६३ माघ, वसन्तपञ्चमीका दिन 'शारदा' को पुनः प्रकाशन नवाङ्क १ नेपाली भाषा साहित्यको क्षेत्रमा उल्लेख्य योगदान दिँदै दियालोस्वरूप प्रज्वलित भई प्रकाशित भएर यस मासिक पत्रिकाले हालसम्म निरन्तरता पाएको छ तर 'शारदा' का परिवार बीच पदीय दायित्व तथा अन्य जिम्मेवारी भने निश्चय नै हेरफेर भएको देखिन्छ । यस शोधपत्रको अध्ययन सीमामा नपर्ने 'शारदा' को पुनः प्रकाशन वर्ष २, अङ्क ३ (समष्टि अङ्क १५), वि.सं. २०६४ चैत्र अंकमा सम्पादकीय कोलम/पृष्ठ हेर्दा पनि उक्त

[४१] 'शारदा' पत्रिकाको वैठक पुस्तिका २०६१ भाद्र १३ अनुसार ।

कुरा स्पष्ट हुन्छ । तर जेहोस् 'शारदा' परिवारको अथक प्रयासले 'शारदा' पुनः प्रकाशन मासिक पत्रिकाले नेपाली साहित्यको क्षेत्रमा अमूल्य योगदान दिएको कुरा सर्वविदितै छ ।

यसरी हेर्दा 'शारदा' पुनः प्रकाशनका सन्दर्भमा नरेन्द्रबहादुर श्रेष्ठको आवास लगायत विभिन्न स्थानमा पटक-पटक बैठक बसेको देखिन्छ । विशेषतः बढी मात्रामा नरेन्द्रबहादुर श्रेष्ठकै आवासमा बैठक बसी निकै महत्त्वपूर्ण निर्णयहरू पटक-पटक लिएको कुरा 'शारदा' पुनः प्रकाशन 'बैठक पुस्तिका' ( नरेन्द्रबहादुर श्रेष्ठद्वारा उपलब्ध गराइएको) मा उल्लेख गरेको देखिन्छ । यस प्रमाणले नरेन्द्रबहादुर श्रेष्ठ 'शारदा' पुनः प्रकाशनका सन्दर्भमा निकै गम्भिर भएर तदारूकताकासाथ लाग्नु भएको थियो र त्यसकै सफलता स्वरूप 'शारदा' पुनः प्रकाशन हुन सफल भएको थियो भन्ने कुरा प्रष्ट हुन्छ । ती सबै बैठकका नमूनाहरूलाई यहाँ दृष्टान्तका रूपमा प्रस्तुत गर्न नसकिने हुनाले 'शारदा' पुनः प्रकाशनमा 'शारदा' परिवारको उल्लेख्य योगदान हुनुका साथै प्रधान सम्पादक नरेन्द्रबहादुर श्रेष्ठको त झन विशेष भूमिका रहेको कुरा उक्त विभिन्न बैठकका नमुनाहरूबाट स्पष्ट हुन्छन् ।

### ३.१.२ 'शारदा' पत्रिकाको नामकरण :

साधारण अर्थमा 'शारदा' भन्नाले विद्याकी खानी मानिएकी माता सरस्वतीकै अर्को रूप वा नाम हो भन्ने बुझिन्छ । कृष्णप्रसाद दाहालका अनुसार तत्कालीन अवस्थामा ऋद्धिबहादुर मल्लको घर सरस्वती सदन समान थियो भन्नाले (यसै अध्यायको पाद टिप्पणी १० मा उल्लेख गरिएको छ ।) ऋद्धिबहादुर मल्ल सरस्वतीकै सुपुत्र समान भएकाले पनि उनको सम्पादकत्वमा प्रकाशित पत्रिकाको नाम 'शारदा' रहन गएको हो । 'शारदा' प्रकाशनका सन्दर्भमा कुराकानी तथा अभ्यास चलिरहेको अवस्थामा रुद्रराज पाण्डेले पत्रिका प्रकाशन गर्न सक्ने अनुमति मृगेन्द्रको सहयोगले श्री ३ जुद्धबाट लिएपछि ऋद्धिबहादुर मल्लले खुसी व्यक्त गर्दै आफ्नो 'आत्मकथा' नामक डायरी वा दैनिकीमा - "मैले 'शारदा' नाउँ राखी मासिक पत्र (पत्रिका) निकाल्ने निश्चय गरेँ ।[४२] भन्ने उद्गार वा भनाइ अभिव्यक्त गरेकोले 'शारदा' पत्रिकाको नामकरण ऋद्धिबहादुर मल्लले यिनै प्रसङ्ग वा

---

[४२] 'उन्नयन' 'त्रैमासिक पत्रिका' पूर्ववत् पृ. २५ ।

क्रममा गरेका हुन् भन्ने कुरा स्पष्ट हुन्छ । आज 'शारदा' ऋद्धिबहादुरको मात्र नभएर हामी सबैका सृष्टिकर्ता माताका रूपमा साहित्यको सेवामा हरपल समर्पित हुँदै आएको यथार्थ सर्वविदितै  छ ।

### ३.१.३ 'शारदा' पत्रिकाको उद्देश्य :

नेपाली साहित्यिक पत्रपत्रिकामा 'शारदा' को स्थान निकै उच्च वा विशिष्ट रहेको छ । सामान्यदेखि लिएर नाम चलेका वा नाम नचलेका/ओझेलमा परेका विभिन्न साहित्यकारका उचित साहित्यिक रचना प्रकाशित गरी 'शारदा' ले आफ्नो स्थापनाकालदेखि नै नेपाली साहित्यको क्षेत्रमा उल्लेख्य योगदान दिएको पाइन्छ । 'शारदा' पत्रिका नेपाली भाषा साहित्यको उत्थान गर्ने उद्देश्यले प्रकाशित भएकाले उक्त कुरालाई निम्न दृष्टान्तद्वारा स्पष्ट पार्ने जमर्को गरिएको छ :

- ऋद्धिबहादुर मल्लले 'शारदा' प्रकाशन ल्याउनुको मुख्य उद्देश्य नै जनतामा साहित्य पढ्ने रुचि पैदा गरी त्यस रुचिलाई विस्तार-विस्तार बढाउँदै लगी साहित्यप्रति अनुराग प्रदान गर्नु थियो । यसरी साहित्यप्रति अनुराग भएपछि सरल भाषामा लेख्न अभ्यास गराउने र साहित्यको माध्यमद्वारा राष्ट्रप्रति सेवा भावनाको विकास गराउने थियो । छोटो शब्दमा भन्नु पर्दा ऋद्धिबहादुरको मूल ध्येय नेपाली भाषा र साहित्यको विकास गर्नु र गराउनु नै थियो । मौलिक होस् वा अनुवाद सरल भाषामा लेखिएका कृतिहरूको प्रकाशनमा उनको जोड रहेको देखिन्छ ।[४३]

- जीवनमाथि साहित्यले भन्दा अरू कुनै कुराले प्रभाव पार्न सक्दैन भन्ने ऋद्धिबहादुर मल्लको विचार थियो । हो पनि, साहित्यले नै मान्छेको मन र मुटु हुन्छ । साहित्यले नै मान्छेको आँखा उघारिदिन्छ; बुद्धि र बर्कत प्रदान गर्छ अर्थात् साहित्यले जीवनलाई सार्थक तुल्याउँछ ।[४४]

- निजी स्तरमा 'शारदा' ले वि.सं. १९९१ देखि आफ्नो प्रकाशन शुरू गरेको थियो । यो पत्रिका वि.सं. २०२० सालमा बन्द भयो । आज ४३ वर्षपछि हामीले यसलाई फेरि ब्यूँझाएका हौँ । त्यो यसकारणले पनि कि इतिहासलाई बिर्सेर

---

[४३] सम्पा. शिव रेग्मी : पूर्ववत्, प्र.सं. २०५८, पृ. १२ ।

[४४] ऐजन, पूर्ववत् पृ. ।

त्यसप्रति कृतघ्न बन्नु हुँदैन भन्ने हामीलाई लागेको छ । नेपाली वाङ्मयलाई यो स्थितिसम्म ल्याई पुऱ्याउनुमा 'शारदा' को जुन योगदान थियो त्यो आज पनि स्तुत्य छ ।[४५]

यसरी हेर्दा 'शारदा' पत्रिकाको प्रथम प्रकाशन वि.सं. १९९१ तथा पुनः प्रकाशन वि.सं. २०६३ को प्रमुख उद्देश्य भनेकै नेपाली भाषा/साहित्यको क्षेत्रमा उल्लेख्य योगदान दिँदै उच्चकोटिको रूपमा टेवा पुऱ्याउनु नै रहेकाले सोही अनुरूप जनमानसमा 'शारदा' ले आफ्नो पहिचान दिएको यथार्थ सर्वविदितै छ ।

### ३.१.४ 'शारदा' पत्रिकाको चिनारी :

वि.सं. १९९१ सालमा ऋद्धिबहादुर मल्लको सम्पादकत्वमा 'शारदा' नाम राखी प्रकाशन भएको यस पत्रिका विभिन्न उतार चढावको अवस्था पार गर्दा-गर्दै पनि वि.सं. २०२० मा बन्द भयो । यस पत्रिकालाई पुनर्जीवन दिई निरन्तरता दिने काम प्रधान सम्पादक नरेन्द्रबहादुर श्रेष्ठको सम्पादकत्वमा प्रकाशित 'शारदा' पुनः प्रकाशन वि.सं. २०६३ माघ नवाङ्क १ बाट भएको छ ।

नेपाली भाषा/साहित्य , संस्कृति र कलाको समृद्धिमा सहयोग गर्दै आएको यस पत्रिकाले भाषा/साहित्यप्रेमी सम्पूर्ण पाठकहरूलाई ठूलो सहयोग गर्दै आएको छ । समग्रमा नेपाली भाषा/साहित्यका विद्यार्थी वर्गलाई निकै उपयोगी सिद्ध भएको यो पत्रिका सङ्ग्रहणीय रहेको यथार्थ पनि यहाँ प्रस्तुत गर्दछु ।

#### ३.१.४.१ 'शारदा' का प्रकाशित अङ्कहरू, 'शारदा' का अङ्क बारे भ्रम निरूपण र प्रकाशन बन्दका कारणहरू :

वि.सं. १९९१ साल माघ, श्रीपञ्चमीको दिनदेखि शुरू भएको 'शारदा' प्रकाशनको कार्यले यसको पहिलो वर्षको पहिलो अङ्क वि.सं. १९९१ साल फागुन महिना जनिएर साकार रूप पाएको थियो । प्रकाशन शुरू भएको पहिलो वर्षको अन्तिम अङ्कको अघिल्ला दुई अङ्क १०-११ मंसिर-पुस संयुक्ताङ्क भएर प्रकाशित भएका छन् । वर्ष ३ को कात्तिकदेखि चैत महिनासम्मको एउटै अङ्क भएर वर्ष ३ र ४ अङ्क ९-१२ तथा १-२ भएर दुई वर्षको नै गाभिएर प्रकाशित भएका छन् ।

---

[४५] 'शारदा' पुनः प्रकाशन, नवाङ्क १, २०६३ माघ, 'शारदा' को प्रकाशकीय पृ. ।

यसरी ६ महिनाको एउटै अङ्क निक्लेपछि वर्ष ४ का ‘शारदा’ को अङ्क रखाइमा गडबडी शुरू भएको देखिन्छ ।

वर्ष ४ को अङ्क १-२ समेत गाभिएर निक्लेपछि वि.सं. १९९५ साल जेठ अङ्क २ (कतैकतै वैशाखमा नै अङ्क २) असार अङ्क ३ तथा साउन अङ्क ५ गरी निकालिएकोले भ्रम सिर्जना भएको हो भने, अर्कोतिर वर्ष ४ अङ्क १२ लाई १२ ‘क’ र १२ ‘ख’ गरी प्रकाशित गरिएकाले पनि अनर्थ हुन गएको हो । सम्पादकबाट भएको यो त्रुटि वास्तवमा निम्नानुसार सच्याउनु पर्ने देखिन्छ :

शुरूमा ‘शारदा’ प्रकाशनको वर्षारम्भ फागुन महिनादेखि भए तापनि माथि उल्लिखित ६ महिनाको एउटै अङ्क निक्लेपछि यसको प्रकाशन वर्षको आरम्भ वैशाखबाट शुरू गर्ने प्रयास गरिएको देखिन्छ र वर्षभरीको पृष्ठ संख्या पनि यही अनुसार मिलाइएको देखिन्छ । यसरी शुरू भएको वर्ष र संख्यामा बीच-बीचमा धेरै पटक संयुक्ताङ्क भएर ‘शारदा’ ले अनुसन्धानकर्ता तथा पाठकलाई अलमल्याउन खोजेको छ । वर्षको बाह्र महिनामा बाह्रै अङ्क निक्लेका वर्षहरूमा २, ५, ६ र ७ वर्ष मात्र पर्दछन् । वि.सं. २०२० सालसम्म आइपुग्दा २८ वर्ष टेके पनि केही वर्ष पटक्कै ननिक्लेको तथा वर्ष र अङ्क समेत उफ्रिएका, ‘शारदा’ का सम्पूर्ण अङ्कहरू एकै व्यक्तिसँग सङ्कलनमा नहुनु तथा यस बारे अध्ययन अनुसन्धान गर्ने विद्वान्हरूले समेत अनुमान र अडकलको भरमा अङ्कहरू गणना गरी लेखिदिएकाले भ्रम सिर्जना भएको छ । विद्वान्हरूको अनुमान निम्न अनुसार छन् :-

- ✓ ग्रीष्मबहादुर देवकोटाअनुसार ‘शारदा’ वर्ष २० अङ्क ७ सम्म प्रकाशित भयो । ( नेपालमा छापाखाना र पत्रपत्रिकाको इतिहास ते.सं. २०५९)
- ✓ स्व. उत्तम कुँवरअनुसार २८ वर्षमा १८५ अङ्क प्रकाशित भए । (‘रूपरेखा’, पूर्णाङ्क १९०)
- ✓ अभि सुवेदीअनुसार वि.सं. १९९६ सालदेखि २०२० सालसम्म १८३ अङ्क प्रकाशित भए । (‘रूपरेखा’ पूर्णाङ्क २००)
- ✓ कृष्ण प्रधानअनुसार जम्मा-जम्मी १८५ अङ्क निस्क्यो । (‘रूपरेखा’ पूर्णाङ्क २८६)

✓ रघु घिमिरेअनुसार १८१ अङ्क प्रकाशित भयो । ('उन्नयन', पूर्णाङ्क २५)

✓ रामलाल अधिकारीका अनुसार बीस वर्ष (वि.सं. २०११) चलेपछि बन्द भयो । (नेपाल निबन्ध यात्रा)

यसरी नै वि.सं. २००२ सालमा वर्ष ११ को अङ्क ६, ७, ८ संयुक्ताङ्क निक्लेपछि ठीक एक वर्षपछि वर्ष १२ अङ्क ९ बाट शुरू भएको छ भने वर्ष १७ मा अङ्क ४ निक्लेपछि एकैचोटि वि.सं. २०११ सालमा वर्ष २० मा अङ्क १ बाट शुरू भएको देखिन्छ । 'शारदा' ले वर्ष २६ मा गएर वर्ष र अङ्क अनि साल मात्र लेखेर महिना लेख्न छाडेको छ ।

यसका साथै 'शारदा' सँग सम्बन्धित गोविन्दबहादुर मल्ल तथा विजयबहादुर मल्लसँग बेला-बेलामा लिइएका अन्तर्वार्ताहरूमा समेत विभिन्न अभिव्यक्तिहरू दिइएर पनि यो भ्रम सिर्जना हुन गएको बुझिन्छ ।

शिव रेग्मीद्वारा मैले अध्ययन गरेका भनी प्रकाशित 'शारदा' का वर्ष र अङ्क निम्नानुसार छन् :-

| वर्ष | सग्लो | संयुक्त अंक | वर्षभरि प्रकाशित अंक |
|---|---|---|---|
| १ | १० | १ | ११ |
| २ | १२ | - | १२ |
| ३ | ६ | २ | ८ |
| ४ | १० | १ | ११ |
| ५ | १२ | - | १२ |
| ६ | १२ | - | १२ |
| ७ | १२ | - | १२ |
| ८ | ८ | २ | १० |
| ९ | १० | १ | ११ |
| १० | ४ | ४ | ८ |
| ११ | १ | ३ | ४ |
| १२ | २ | १ | ३ |
| १३ | १० | १ | ११ |
| १४ | ४ | ४ | ८ |
| १५ | १० | १ | ११ |
| १६ | ४ | ३ | ७ |
| १७ | २ | १ | ३ |
| १८ | - | - | - |
| १९ | - | - | - |
| २० | ५ | १ | ६ |

| | | | |
|---|---|---|---|
| २१ | ५ | - | ५ |
| २२ | २ | - | २ |
| २३ | - | - | - |
| २४ | ५ | - | ५ |
| २५ | २ | - | २ |
| २६ | ५ | - | ५ |
| २७ | - | - | - |
| २८ | १ | - | १ |
| **जम्मा :** | **१५४** | २६ | **१८०** |

---------------------------------[४६]

[४६] सम्पा. शिव रेग्मी : पूर्ववत् पृ. १८, १९ र २०।

शिव रेग्मीद्वारा प्रस्तुत गरिएको 'शारदा' प्रकाशनको समयक्रम निम्न अनुसार छन् :

| वर्ष | अङ्क | साल | महिना |
|---|---|---|---|
| १ | १ | १९९१ | फागुन |
| ,, | २ | ,, | चैत्र |
| ,, | ३ | १९९२ | वैशाख |
| ,, | ४ | ,, | जेठ |
| ,, | ५ | ,, | असार |
| ,, | ६ | ,, | साउन |
| ,, | ७ | ,, | भदौ |
| ,, | ८ | ,, | असोज |
| ,, | ९ | ,, | कार्तिक |
| ,, | १०-११ | ,, | मंसिर-पुस |
| ,, | १२ | ,, | माघ |
| २ | १ | १९९२ | फागुन |
| ,, | २ | ,, | चैत्र |
| ,, | ३ | १९९३ | वैशाख |
| ,, | ४ | ,, | जेठ |
| ,, | ५ | ,, | असार |
| ,, | ६ | ,, | साउन |
| ,, | ७ | ,, | भदौ |
| ,, | ८ | ,, | असोज |
| ,, | ९ | ,, | कार्तिक |
| ,, | १० | ,, | मंसिर |

| वर्ष | अङ्क | साल | महिना |
|---|---|---|---|
| ,, | ११ | ,, | पुस |
| ,, | १२ | ,, | माघ |
| ३ | १-२ | १९९३ | फागुन-चैत्र |
| ,, | ३ | १९९४ | वैशाख |
| ,, | ४ | ,, | जेठ |
| ,, | ५ | ,, | असार |
| ,, | ६ | ,, | साउन |
| ,, | ७ | ,, | भदौ |
| ,, | ८ | ,, | असोज |
| ३-४ | ९-१२, १-२ | ,, | कार्तिक-चैत्र |
| ४ | १ | १९९५ | वैशाख |
| ,, | २ | ,, | जेठ |
| ,, | ३ | ,, | असार |
| ,, | ४ | ,, | साउन |
| ,, | ५-६ | ,, | भदौ-असोज |
| ,, | ७ | ,, | कार्तिक |
| ,, | ८ | ,, | मंसिर |
| ,, | ९ | ,, | पौष |
| ,, | १० | ,, | माघ |
| ,, | ११ | ,, | फागुन |

| | | | |
|---|---|---|---|
| ,, | १२ | ,, | चैत्र |
| ५ | १ | १९९६ | वैशाख |
| ,, | २ | ,, | जेठ |
| ,, | ३ | ,, | असार |
| ,, | ४ | ,, | साउन |
| ,, | ५ | ,, | भदौ |
| ,, | ६ | ,, | असोज |
| ,, | ७ | ,, | कार्तिक |
| ,, | ८ | ,, | मंसिर |
| ,, | ९ | ,, | पुस |
| ,, | १० | ,, | माघ |
| ,, | ११ | ,, | फागुन |
| ,, | १२ | ,, | चैत्र |
| ६ | १ | १९९७ | वैशाख |
| ,, | २ | ,, | जेठ |
| ,, | ३ | ,, | असार |
| ,, | ४ | ,, | साउन |
| ,, | ५ | ,, | भदौ |
| ,, | ६ | ,, | असोज |
| ,, | ७ | ,, | कार्तिक |
| ,, | ८ | ,, | मंसिर |
| ,, | ९ | ,, | पुस |
| ,, | १० | ,, | माघ |
| ,, | ११ | ,, | फागुन |
| ,, | १२ | ,, | चैत्र |

| | | | |
|---|---|---|---|
| ७ | १ | १९९८ | वैशाख |
| ,, | २ | ,, | जेठ |
| ,, | ३ | ,, | असार |
| ,, | ४ | ,, | साउन |
| ,, | ५ | ,, | भदौ |
| ,, | ६ | ,, | असोज |
| ,, | ७ | ,, | कात्तिक |
| ,, | ८ | ,, | मंसिर |
| ,, | ९ | ,, | पुस |
| ,, | १० | ,, | माघ |
| ,, | ११ | ,, | फागुन |
| ,, | १२ | ,, | चैत्र |
| ८ | १ | १९९९ | वैशाख |
| ,, | २ | ,, | जेठ |
| ,, | ३ | ,, | असार |
| ,, | ४ | ,, | साउन |
| ,, | ५ | ,, | भदौ |
| ,, | ६ | ,, | असोज |
| ,, | ७ | ,, | कार्तिक |
| ,, | ८ | ,, | मंसिर |
| ,, | ९-१० | ,, | पुस-माघ |
| ,, | ११-१२ | ,, | फागुन-चैत्र |
| ९ | १ | २००० | वैशाख |
| ,, | २ | ,, | जेठ |
| ,, | ३ | ,, | असार |

| | | | |
|---|---|---|---|
| ,, | ४ | ,, | साउन |
| ,, | ५ | ,, | भदौ |
| ,, | ६ | ,, | असोज |
| ,, | ७ | ,, | कार्तिक |
| ,, | ८ | ,, | मंसिर |
| ,, | ९ | ,, | पुस |
| ,, | १०-११ | ,, | माघ-फागुन |
| ,, | १२ | ,, | चैत्र |
| १० | १-२ | २००१ | वैशाख-जेठ |
| ,, | ३-४ | ,, | असार-साउन |
| ,, | ५ | ,, | भदौ |
| ,, | ६ | ,, | असोज |
| ,, | ७ | ,, | कात्तिक |
| ,, | ८ | ,, | मंसिर |
| , | ९-१० | ,, | पुस-माघ |
| ,, | ११-१२ | ,, | फागुन-चैत |
| ११ | १-२ | २००२ | वैशाख-जेठ |
| ,, | ३-४ | ,, | असार-साउन |
| ,, | ५ | ,, | भदौ |
| ,, | ६-७-८ | ,, | असोज-कार्तिक-मंसिर |
| १२ | ९ | २००३ | पुस |
| ,, | १० | २००३ | माघ |
| ,, | ११-१२ | ,, | फागुन-चैत्र |
| १३ | १-२ | २००४ | वैशाख-जेठ |

| | | | |
|---|---|---|---|
| ,, | ३ | २००४ | असार |
| ,, | ४ | ,, | साउन |
| ,, | ५ | ,, | भदौ |
| ,, | ६ | ,, | असोज |
| ,, | ७ | ,, | कात्तिक |
| ,, | ८ | ,, | मंसिर |
| ,, | ९ | ,, | पुस |
| ,, | १० | ,, | माघ |
| ,, | ११ | ,, | फागुन |
| ,, | १२ | ,, | चैत्र |
| १४ | १-२ | २००५ | वैशाख-जेठ |
| ,, | ३ | ,, | असार |
| ,, | ४-५ | ,, | साउन-भदौ |
| ,, | ६-७ | ,, | असोज-कात्तिक |
| ,, | ८-९ | ,, | मंसिर-पुस |
| ,, | १० | ,, | माघ |
| ,, | ११ | ,, | फागुन |
| ,, | १२ | ,, | चैत्र |
| १५ | १ | २००६ | वैशाख |
| ,, | २ | ,, | जेठ |
| ,, | ३ | ,, | असार |
| ,, | ४ | ,, | साउन |
| ,, | ५ | ,, | भदौ |
| ,, | ६ | ,, | असोज |
| ,, | ७-८ | ,, | कात्तिक-मंसिर |

| | | | |
|---|---|---|---|
| ,, | ९ | ,, | पुस |
| ,, | १० | ,, | माघ |
| ,, | ११ | ,, | फागुन |
| ,, | १२ | ,, | चैत्र |
| १६ | १-४ | २००७ | वैशाख-साउन |
| ,, | ५-७ | ,, | भदौ-कात्तिक |
| ,, | ८ | ,, | मंसिर |
| ,, | ९-१० | ,, | पुस-माघ |
| ,, | ११ | ,, | फागुन |
| ,, | अङ्क स्वागताङ्क | ,, | फागुन |
| ,, | १२ | ,, | चैत्र |
| १७ | १ | २००८ | वैशाख |
| ,, | २-३ | ,, | जेठ-असार |
| ,, | ४ | ,, | साउन |
| २० | १ | २०११ | पुस |
| ,, | २ | ,, | माघ |
| ,, | ३ | ,, | फागुन |
| ,, | ४ | ,, | चैत्र |
| ,, | ५ | २०१२ | वैशाख |
| ,, | ६-७ | ,, | जेठ-असार |
| २१ | १ | २०१३ | वैशाख |
| ,, | २ | ,, | जेठ |
| ,, | ३ | ,, | असार |
| ,, | ४ | ,, | फागुन |

| | | | |
|---|---|---|---|
| ,, | ५ | ,, | चैत्र |
| २२ | १ | २०१४ | वैशाख |
| ,, | २ | ,, | जेठ |
| २४ | १ | २०१६ | कात्तिक |
| ,, | २ | ,, | मंसिर |
| ,, | ३ | ,, | पुस |
| ,, | ४ | ,, | माघ |
| ,, | ५ | ,, | फागुन |
| २५ | १ | २०१७ | कात्तिक |
| ,, | २ | ,, | मंसिर |
| २६ | १ | २०१८ | महिना लेखेको छैन |
| ,, | २ | ,, | महिना लेखेको छैन |
| ,, | ३ | ,, | ,, |
| ,, | ४ | ,, | ,, |
| ,, | ५ | ,, | ,, |
| २८ | १ | २०२० | ,, |

[४७]

[४७] सम्पा. शिव रेग्मी : पूर्ववत्, पृ. ४३९, ४४० र ४४१ ।

त्यस्तै, रघुनाथ घिमिरेद्वारा प्रस्तुत गरिएको तथ्य र भनाइ यस प्रकार छ :

‘शारदा’ का प्रकाशित सम्पूर्ण अङ्कलाई शोधपत्रमा समावेश गराउने उद्देश्य र हार्दिक इच्छा हुँदा हुँदै पनि ‘शारदा’ का पछि प्रकाशित भएका कतिपय अङ्कहरू निकै प्रयास गर्दा पनि प्राप्त हुन सकेनन् । समावेश गरिएका ‘शारदा’ का वर्ष र अङ्क सूची तल दिइएको छ :

वर्ष १ अङ्क - १, २, ३, ४, ५, ६, ७, ८, ९, १०-११, १२,
वर्ष २ अङ्क - १, २, ३, ४, ५, ६, ७, ८, ९, १०, ११, १२,
वर्ष ३ अङ्क - १-२, ३, ४, ५, ६, ७, ८, ९, १०, ११, १२ र वर्ष ४ को १ (संयुक्ताङ्क),
वर्ष ४ अङ्क - १, २, ३, ४, ५, ६-७, ८, ९, १०, ११, १२ (क), १२ (ख),
वर्ष ५ अङ्क - १, २, ३, ४, ५, ६, ७, ८, ९, १०, ११, १२,
वर्ष ६ अङ्क - १, २, ३, ४, ५, ६, ७, ८, ९, १०, ११, १२,
वर्ष ७ अङ्क - १, २, ३, ४, ५, ६, ७, ८, ९, १०, ११, १२,
वर्ष ८ अङ्क - १, २, ३, ४, ५, ६, ७, ८, ९, १०, ११, १२,
वर्ष ९ अङ्क - १, २, ३, ४, ५, ६, ७, ८, ९, १०-११, १२,
वर्ष १० अङ्क - १-२, ३-४, ५, ६, ७, ८, ९, १०, ११-१२,
वर्ष ११ अङ्क - १-२, ३-४, ५, ६-८,
वर्ष १२ अङ्क - ९, १०, ११, १२,
वर्ष १३ अङ्क - १-२, ३, ४, ५, ६, ७, ८, ९, १०, ११, १२,
वर्ष १४ अङ्क - १-२, ३, ४-५, ६-७, ८-९, १०, ११, १२,
वर्ष १५ अङ्क - १, २, ३, ४, ५, ६, ७-८, ९, १०, ११, १२,
वर्ष १६ अङ्क - १-४, ५-७, ८, ९-१०, स्वागताङ्क, ११, १२,
वर्ष १७ अङ्क - १, २-३, ४,
वर्ष २० अङ्क - १, २, ३, ४, ५, ६, ७,
वर्ष २१ अङ्क - १, २, ३, ४, ५,
वर्ष २२ अङ्क - १, २,
वर्ष २४ अङ्क - १, २, ३, ४, ५,
वर्ष २५ अङ्क - १,
वर्ष २६ अङ्क - १, २, ३, ५,
वर्ष २८ अङ्क - १, [४८]

[४८] रघुनाथ घिमिरे : नेपाली साहित्यमा ‘शारदा’ को योगदान (त्रि.वि. अप्र. शोधपत्र, २०३२) पृ. २५४

त्यस्तै, 'शारदा' को पहिलो अङ्क वि.सं. १९९१ फागुनदेखि अन्तिम अङ्क वि.सं. २०२० साल, वर्ष २८ अङ्क १ सम्म २८ वर्षको जीवनकालमा लगभग ३३६ प्रकाशित हुनुपर्ने हो तर साधारण अङ्क १५५ र संयुक्त अङ्क २६ वटा गरी जम्मा १८१ वटा अङ्क प्रकाशित भएकोले अन्य अङ्कहरू पनि प्रकाशित भएको तथा प्राप्त हुन सक्ने यर्थाथलाई आत्मसात् गरी खोजी कार्यमा लाग्नु पर्ने देखिन्छ ।[४९]

माथि प्रस्तुत गरिएका विभिन्न तथ्यहरूलाई आधार बनाई हेर्दा 'शारदा' का सन्दर्भमा गहिरो खोजी कार्य गरी प्रकाशित सम्पूर्ण अङ्क प्राप्त गरी तिनका विषयमा सत्य-तथ्य पत्ता लगाउनुपर्ने हामी सबै नेपाली भाषा/ साहित्यप्रेमीहरूको कर्तव्य हुने देखिन्छ भने जो-जो विद्वान्ले 'शारदा' का विषयमा चासो राखी खोजकार्य गरे त्यो आफैँमा महत्त्वपूर्ण हुनुका साथै 'शारदा' का इतिहासका क्षेत्रमा उल्लेख्य योगदान दिएको मानिन्छ । यसरी हेर्दा माथि प्रस्तुत गरिएका वि.सं. २०२०, वर्ष २८, अङ्क १ बाट 'शारदा' पत्रिका प्रकाशन बन्द भयो भन्ने रघुनाथ घिमिरे र शिव रेग्मीको अध्ययन र विश्लेषण अन्यका दाँजोमा अझ उल्लेख्य रहेको देखिन्छ । उक्त अङ्कमा पहिलो सामग्री - रत्नध्वज जोशीद्वारा प्रस्तुत 'उर्वशी' खण्डकाव्यमाथिको विवेचना रहेको देखिन्छ भने अन्त्यमा सम्पादकीय कोलममा 'नेपाली काव्यमा एक अध्याय (?)' भन्ने सामग्री प्रकाशित भएको पाइन्छ । (शिव रेग्मीसँग भएको 'शारदा' का पत्रिकाहरूको अङ्क संकलनका आधारबाट)

'शारदा' पुनः प्रकाशन २०६३ का सन्दर्भमा नवाङ्क १ देखि विशेषाङ्क १२ सम्म यसै शोपत्रको अध्याय ४ र ५ मा विस्तृत उल्लेख गरिएको छ भने यस पछाडि पनि हालसम्म 'शारदा' मासिक पत्रिका प्रकाशित भइरहेको छ तर ती अङ्कहरू यस शोधकार्यको सीमाभित्र नपरेकाले गहिरो रूपमा प्रस्तुत नगएिको यथार्थ पनि यहाँ प्रस्तुत गरिएको छ ।

'शारदा' पुनः प्रकाशनका हालसम्म प्रकाशित अङ्कहरू क्रमशः तल प्रस्तुत गरिएका छन् :

---

[४९] 'उन्नयन' पत्रिका पूर्ववत् पृ. ३६१, ३६२ ।

| क.सं. | प्रधान सम्पादक | पत्रिकाको नाम | वर्ष | अङ्क | साल | महिना | पृष्ठ |
|---|---|---|---|---|---|---|---|
| १. | नरेन्द्रबहादुर श्रेष्ठ | 'शारदा' मासिक | १ | नवाङ्क | २०६३ | माघ | १२४ |
| २. | नरेन्द्रबहादुर श्रेष्ठ | ,, ,, | १ | अङ्क २ | ,, | फागुन | ८८ |
| ३. | नरेन्द्रबहादुर श्रेष्ठ | ,, ,, | १ | अङ्क ३ | ,, | चैत | १०० |
| ४. | नरेन्द्रबहादुर श्रेष्ठ | ,, ,, | १ | अङ्क ४ | २०६४ | वैशाख | ९२ |
| ५. | नरेन्द्रबहादुर श्रेष्ठ | ,, ,, | १ | अङ्क ५ | ,, | जेठ | ,, |
| ६. | नरेन्द्रबहादुर श्रेष्ठ | ,, ,, | १ | अङ्क ६ | ,, | असार | ,, |
| ७. | नरेन्द्रबहादुर श्रेष्ठ | ,, ,, | १ | अङ्क ७ | ,, | साउन | ,, |
| ८. | नरेन्द्रबहादुर श्रेष्ठ | ,, ,, | १ | अङ्क ८ | ,, | भदौ | ,, |
| ९. | नरेन्द्रबहादुर श्रेष्ठ | ,, ,, | १ | अङ्क ९ | ,, | असोज | ,, |
| १०. | नरेन्द्रबहादुर श्रेष्ठ | ,, ,, | १ | अङ्क १० | ,, | कार्तिक | ,, |
| ११. | नरेन्द्रबहादुर श्रेष्ठ | ,, ,, | १ | अङ्क ११ | ,, | मंसिर | ,, |
| १२. | नरेन्द्रबहादुर श्रेष्ठ | ,, ,, | १ | गजल विशेषाङ्क १२ | ,, | पुष | ,, |
| **क.सं.** | **सम्पादक** | **पत्रिकाको नाम** | **वर्ष** | **अङ्क/समष्टि अङ्क** | **साल** | **महिना** | **पृष्ठ** |
| १. | विमल भौकाजी | 'शारदा' मासिक | २ | १, १३ | २०६४ | माघ | ९२ |
| २. | विमल भौकाजी | ,, ,, | २ | २, १४ | ,, | फागुन | ,, |
| ३. | विमल भौकाजी | ,, ,, | २ | ३, १५ | ,, | चैत | ,, |
| ४. | विमल भौकाजी | ,, ,, | २ | ४, १६ | २०६५ | वैशाख | ,, |
| ५. | विमल भौकाजी | ,, ,, | २ | ५, १७ | ,, | जेठ | ,, |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६. | विमल भौकाजी | ,, ,, | ३ | १, १८ | २०६६ | साउन | ,, |
| ७. | विमल भौकाजी | ,, ,, | ३ | २, १९ | ,, | भदौ | ,, |

'शारदा' पत्रिकाको प्रकाशनमा आएका उतार चढाव तथा विभिन्न समस्याले बन्द भएको भन्ने कुरा यसै अध्यायलगायत यस शोधपत्रको विभिन्न अध्यायमा प्रस्तुत गरिए तापनि त्यसलाई अझ प्रभावकारीरूपमा प्रस्ट्याउनका लागि निम्न कुराहरू प्रस्तुत गरिएका छन् :

- 'शारदा' बन्द हुनुको एकमात्र कारण हो- यसका संस्थापक, सम्पादक एवं प्रकाशक ऋद्धिबहादुर मल्ल वृद्ध हुनु, छोराहरूबाट पर्याप्त सहयोग नहुनु र पहिले जस्तो उत्साह र जाँगर नहुनु आदि । 'शारदा' बन्द हुनुमा खर्चको अभाव वा प्रेसको अप्ठ्यारोपन केही पनि देखिँदैन । वि.सं. २०१८/०१९ सालतिर पाकोपोखलङयाङ स्थित जोरगणेश प्रेस अत्याधुनिक स्वरूपमा विकसित गरी बालाजु औद्योगिक क्षेत्रमा स्थानान्तरण गरी सञ्चालन हुन थालेको थियो । ऋद्धिबहादुर मल्लले चाहेका भए यो प्रेसबाट 'शारदा' निरन्तर रूपमा निकाल्न सक्ने अवस्था थियो । स्मरणीय छ - 'शारदा' का पछिल्ला केही अङ्कहरू बालाजुस्थित जोरगणेश प्रेसबाट नै प्रकाशन भएका हुन्, तर 'शारदा' फेरि निकाल्ने कुरा भएन, बन्द भयो ।
- पारिवारिक व्यापारिक चापनै यसका अन्त्यका खास कारण हुन गयो भन्ने उत्तम कुँवरको भनाइ छ । ("रूपरेखा" पूर्णाङ्क १९०)
- नेपाली साहित्यिक पत्रिकाको इतिहास केलाउँदा वि.सं. २००७ सालपछि काठमाडौँका साथै अधिराज्यका अन्य जिल्लाबाट समेत फट्याक-फुटुक रूपमा साहित्यिक पत्रिकाहरू निक्लन थालेका हुन् । केही पत्रपत्रिकाहरू बनारस, कलकत्ता र दार्जिलिङ भेगतिरबाट प्रकाशित भइरहेकै थिए । वि.सं. २००९ सालदेखि साहित्यिक पत्रिका प्रकाशनमा बृद्धि भए पनि एउटै पत्रिका धेरै वर्षसम्म दिगो रूपमा चल्न भने सकेको देखिएन । वि.सं. २००९ सालदेखि काठमाडौँबाट स्तरीय साहित्यिक पत्रिका 'प्रगति' निक्ल्यो भने वि.सं.

२०१३ सालमा ‘धरती’ र ‘इन्द्रेणी’ प्रकाशन भए । वि.सं. २०१५-२०१६ सालमा ‘स्वास्नीमान्छे’, ‘साहित्य’, २०१७ सालमा ‘इन्दु’, ‘दर्पण’ तथा ‘रूपरेखा’ को प्रकाशन भयो । भन्ने नै हो भने वि.सं. २०१७ सालपछि साहित्यिक पत्रपत्रिकाको क्षेत्रमा साँच्चिकै बाढी नै आयो र ‘रचना’, ‘मुकुट’, ‘बिहान’, ‘रत्नश्री’, ‘बगैँचा’, ‘भानु’ आदि यसै अवधिमा प्रकाशित भएका पत्रिका हुन् । वि.सं. २०१७ साल फागुन ७ गतेदेखि ‘गोरखापत्र’ दैनिक हुनुका साथै वि.सं. २०१९ साल, असारदेखि यसले शनिवारीय परिशिष्टाङ्कसमेत निकाल्न थाल्यो । यिनै पृष्ठभूमि र परिवेशमा ‘शारदा’ लाई झन् निरन्तरता दिनुको बदला त्यसमा सिथिलता आएको अनुभव हुन्छ । सम्भवतः धेरै साहित्यिक पत्रिकाहरू निक्लिरहेको अवस्थामा ‘शारदा’ ले पहिलेको जस्तो यथेष्ट सहयोगको परिस्थिति प्राप्त गर्न सकेन ।

- ‘शारदा’ बन्द हुनुका पछाडि वि.सं. २०१८ सालमा उत्तम कुँवरले अन्तर्वार्तामार्फत सोधेका उत्तरका क्रममा ऋद्धिबहादुर मल्लले दिएको उत्तर मात्र यस प्रकार प्रस्तुत गरिएको छ :

हेर्नुहोस् ‘शारदा’ मा जति खर्च छ, त्यसको चौथाई पनि उठ्दैन । वि.सं. १९९० सालदेखि आजसम्म मैले घाटा मात्र सहिरहेको छु । यसबाट यतिका लेखकहरू निस्किसके तर म भने जतिसुकै घाटाको घाटैमा छु । तपाईंहरूको ‘रूपरेखा’ को पनि यही हालत त होला नि ? हेर्नुहोस्, बाबु, धैर्य भनेको पनि एक चीज हो । यसको पनि आफ्नै सीमा हुन्छ । हामी नेपालीमा कदर गर्ने र सहयोग दिने प्रवृत्ति कहिले आउला खै ! मैले त तीस वर्षदेखि उही पुरानो रूप मात्र देखिरहेको छु ।[५०] (‘स्रष्टा र साहित्य’ पृ. ६६-६७) मल्लले ‘शारदा’ को प्रकाशनलाई संकेत गर्दै वि.सं. १९९० भनेका कुरा सत्य ठहर्दैन । ‘शारदा’ वि.सं. १९९१ साल फागुन महिनाबाट प्रकाशन हुन थालेको हो ।

---

[५०] सम्पा. शिव रेग्मी ‘शारदा’ का सम्पादकीय विचारहरू, पूर्ववत् पृ. २१ र २२ ।

यसरी वि.सं. २०२० मा गएर 'शारदा' विभिन्न कारणले बन्द भएको देखिन्छ जुन नेपाली भाषा/साहित्यप्रेमीहरूलाई साह्रै खल्लो इतिहासको रूपमा प्रस्तुत भएको छ ।

### ३.१.४.२ **'शारदा' सम्पादन, प्रकाशन, प्रबन्धन र मुद्रण :**

'शारदा' सम्पादन तथा प्रकाशनका सन्दर्भमा माथि यसै अध्यायमा पटक-पटक प्रस्तुत गरिएकाले यहाँ संक्षिप्त जानकारी यस प्रकार प्रस्तुत गरिएको छ - वि.सं. १९९१ माघ वसन्तपञ्चमी भनिए तापनि प्रकाशन सम्बन्धी समस्याले वि.सं. १९९१ साल फागुनदेखि 'शारदा' को प्रथम अङ्क सम्पादक सु. ऋद्धिबहादुर मल्लको सम्पादन तथा बालकृष्ण सम, मृगेन्द्र शमशेर, रूद्रराज पाण्डे, प्रेमराज शर्मा आदिको अथक परिश्रमबाट 'शारदा' पत्रिका प्रकाशित भएको हो ।[५१] जोरगणेश छापाखानाबाट प्रकाशित यस पत्रिकामा 'शारदा' परिवारको पनि निकै सहयोग देखिन्छ । वि.सं. १९९१ देखि वि.सं.२०२० सम्म 'शारदा' पत्रिकाका निम्न व्यक्तिहरूको सम्पादकत्वमा प्रकाशित भएको थियो :

- 'शारदा' वर्ष १ देखि वर्ष ११, अङ्क ६-८ सम्मका संस्थापक/सम्पादक सु. ऋद्धिबहादुर मल्ल,
- 'शारदा' वर्ष १२, अङ्क ९ र १० का सम्पादक गोपालप्रसाद रिमाल,
- 'शारदा' वर्ष १३, अङ्क १ देखि वर्ष १७, अङ्क ४ सम्मका सम्पादक गोविन्दबहादुर मल्ल 'गोठाले' र
- 'शारदा' वर्ष २०, अङ्क १ देखि वर्ष २८, अङ्क १ सम्मका सम्पादक सु. ऋद्धिबहादुर मल्ल ।

'शारदा' पुनः प्रकाशन वि.सं. २०६३ सालमा प्रमुख सम्पादक नरेन्द्रबहादुर श्रेष्ठको सम्पादकत्व तथा 'शारदा' परिवारकै अथक प्रयासका कारण साजसज्जा तथा फिल्म सेपरेशन : डिजीस्क्यान प्रि-प्रेस प्रा.लि., मुद्रण : इण्डस ग्राफिक्स् आदि कार्य पूरा गरी साहित्यले सुसज्जित अवस्थामा प्रकाशित भयो । पुनः

[५१] 'उन्नयन' पत्रिका पूर्ववत् पृ. ३५९ ।

प्रकाशन नवाङ्क १ देखि विशेषाङ्क १२ सम्म प्रधान सम्पादक नरेन्द्रबहादुर श्रेष्ठकै सम्पादकत्वमा 'शारदा' पत्रिका 'शारदा' परिवारको सहयोगले निरन्तर प्रकाशित भयो । 'शारदा' हालसम्म पनि मासिक रूपमा निरन्तर प्रकाशित भइरहेको छ ।

### ३.१.४.३ 'शारदा' मा प्रकाशित विशेषाङ्कहरू :

वि.सं. २००७ साल फागुनमा 'स्वागताङ्क', वि.सं. २०६४ साल पुसमा 'गजल विशेषाङ्क' आदि 'शारदा' पत्रिकाले प्रकाशन गरेको थियो । 'शारदा' पुनः प्रकाशनको अङ्क १२ 'गजल विशेषाङ्क' का रूपमा प्रकाशित भएर यस अङ्कमा विभिन्न स्थायी स्तम्भ लगायत विशेष रूपमा दिवङ्गत गजलकारहरूका गजल, हिन्दी गजलहरू, उर्दू गजलहरू, मैथली गजलहरू तथा नेपाली भाषामा अनुवाद गजलहरू आदि प्रकाशित भएका छन् । यस विशेषाङ्क मोतीराम भट्ट, भीमनिधि तिवारी, मनुब्राजाकी, गुरुप्रसाद मैनाली आदि प्रख्यात गजलकारहरूका गजलले सुसज्जित भएकाले पनि नेपाली भाषा/साहित्यका क्षेत्रमा यस अङ्कको आफ्नै महत्त्व रहेको छ । यस 'गजल विशेषाङ्क' का सन्दर्भमा विस्तृत रूपमा अध्याय ४ र ५ मा प्रकाश पारिएको छ ।

### ३.१.४.४ 'शारदा' पत्रिकाको शोधपत्र र यसमा प्रकाशित सामग्रीहरूको अध्ययन :

वि.सं. १९९१ सालदेखि प्रकाशित 'शारदा' पत्रिकामा प्रथम शोधकार्य शोधार्थी : रघुनाथ घिमिरे : "नेपाली साहित्यमा 'शारदा' को योगदान", त्रि.वि. अप्रकाशित शोधपत्र वि.सं. २०३२- पौष, नेपाली शिक्षण समिति त्रि.वि. कीर्तिपुर अन्तर्गत गरी शोधपत्र प्रस्तुत गरेका छन् । यसले 'शारदा' को सन्दर्भमा एउटा अर्को ईटा थप्ने काम गरेको छ । यस शोधपत्रमा वि.सं. १९९१ देखि २०२० सम्म 'शारदा' का प्राप्त अङ्कहरूलाई समावेश गरी अध्ययन गरेको कुरा माथि प्रस्तुत यसै अध्यायमा रघुनाथ घिमिरेद्वारा प्रस्तुत शोधपत्र सम्बन्धी भनाइबाट प्रष्ट हुन्छ ।

यस पत्रिकामा प्रकाशित सामग्रीका सन्दर्भमा वि.सं. १९९१ देखिका केही उल्लेख्य सामग्री यसै शोधपत्रको विभिन्न अध्याय तथा विशेषगरी " 'शारदा' का

मौलिक पृष्ठ" शीर्षक अन्तर्गत 'शारदा' का पुनः प्रकाशन नवाङ्क १ देखि विशेषाङ्क १२ सम्म अध्याय ४ र ५ मा विस्तृत रूपमा प्रस्तुत गरिएको छ भने 'शारदा' का पुनः प्रकाशन सम्बन्धी सामग्रीका सन्दर्भमा सोही अध्याय ४-५ र 'शारदा' का योगदानका सन्दर्भमा भने सिङ्गै यो शोधपत्र यहाँ प्रस्तुत गरिएको छ ।

## ३.२ **निष्कर्ष :**

वि.सं. १९९१ माघ वसन्तपञ्चमी भनिए पनि छपाइ सम्बन्धी समस्याका कारणले वि.सं. १९९१ फागुन महिनादेखि प्रकाशन शुभारम्भ गरेको यस पत्रिका विभिन्न उतार-चढाव पार गर्दा गर्दै पनि विशेष कारणले वि.सं. २०२० अङ्क १, वर्ष २८ प्रकाशन भएर बन्द भएको पत्रिका पुनः वि.सं. २०६३-माघ, वसन्तपञ्चमीका दिन प्रधान सम्पादक नरेन्द्रबहादुर श्रेष्ठको सम्पादकत्वमा 'शारदा' नवाङ्क १ प्रकाशित भएर यसले नेपाली भाषा/साहित्यका क्षेत्रमा उल्लेख्य भूमिका खेली आफ्नो स्थापना कालदेखि हालसम्म पनि अद्वितीय तथा महत्त्वपूर्ण योगदान दिई नेपाली भाषा/साहित्यलाई जीवन्त तुल्याएको छ । जे होस्, 'शारदा' का सन्दर्भमा अझ पनि विशेष ध्यान दिएर यसको इतिहास कोट्याई 'शारदा' लाई सबैले आ-आफ्नो ठाउँबाट उल्लेख्य योगदान दिन सकेको खण्डमा यस पत्रिका सदैव नेपाली भाषा/साहित्यको विकासमा अग्र पङ्क्तिमा उभिन सफल हुने कुरामा कसैको दुईमत/विमति हुँदैन ।

aaa

# अध्याय - ४

## 'शारदा' नवाङ्क १ देखि १२ अङ्कसम्मका सामग्रीहरूको विवरणात्मक अध्ययन

### ४. परिचय :

'शारदा' साहित्यिक पत्रिकाको पुनः प्रकाशन नवाङ्क १ देखि विशेषाङ्क १२ सम्म के-कस्ता सामग्रीहरू प्रकाशित भएका छन् ती सबैको साङगोपाङ्ग विवरणात्मक अध्ययन यस अध्यायमा गरिएको छ ।

### ४.१ 'शारदा' साहित्यिक पत्रिकाको पुनः प्रकाशन नवाङ्क १ देखि विशेषाङ्क १२ सम्मका प्रकाशित सामग्रीहरूको विवरणात्मक अध्ययन :

साहित्यिक पत्रकारिताको विकासमा आफ्नो अमूल्य योगदान दिँदै आएको 'शारदा' मासिक पत्रिका विशेषतः पूर्ण रूपले विशुद्ध साहित्यिक पत्रिका हो । यस पत्रिकाले आफ्नो स्थापनाका शुरूका वर्षदेखि नै साहित्यका विविध विधाहरूमा आफूलाई फैल्याउँदै र खुल्ला साहित्याकाशमा विचरण गराउँदै आएको छ । 'शारदा' साहित्यिक पत्रिकाको पुनः प्रकाशन वि.सं. २०६३ माघ नवाङ्क १ देखि वि.सं. २०६४ पुष विशेषाङ्क १२ सम्मका सामग्रीहरूलाई निम्न लिखित किसिमले प्रस्तुत गरिएको छ :

### ४.१.१ 'शारदा' साहित्यिक पत्रिका पुनः प्रकाशन वि.सं. २०६३, माघ नवाङ्क १ देखि वि.सं. २०६४, पुस विशेषाङ्क १२ सम्मका प्रकाशित सामग्रीहरूको अध्ययन :

- 'शारदा' मासिक पत्रिकाले वि.सं. २०६३ माघदेखि वि.सं. २०६४ पुससम्म नवाङ्क १ देखि विशेषाङ्क १२ सम्म जम्मा १२ वटा अङ्क प्रकाशित गरिसकेको छ । नवाङ्क १ 'शारदा' मासिक पुनः प्रकाशनको प्रथम अङ्क भएकाले अन्य अङ्कका दाँजोमा यो अङ्क १२४ पृष्ठका साथ सबैभन्दा बढी पृष्ठका रूपमा मोटो आयामका साथ निकै साहित्यिक उर्वरतालाई अंगाल्दै प्रकाशित भई नेपाली साहित्यका क्षेत्रमा निकै ठूलो योगदान पुऱ्याएको छ ।

- यस नवाङ्कमा आवरण चित्र 'अदृश्य मनको घाउ' चित्रकार गेहेन्द्रमान अमात्यद्वारा निकै कलात्मक ढंगमा प्रस्तुत गरिएको छ ।

- यस नवाङ्कमा लगायत 'शारदा' का विभिन्न अङ्कहरूमा 'शारदा' का स्थायी स्तम्भहरू कैफियत, 'शारदा' का ऐतिहासिक मौलिक पृष्ठहरू आदि महत्त्वपूर्ण साहित्यिक सामग्रीहरूका साथमा पत्र-पत्रांश, शुभकामना, बधाई ज्ञापन, सूचना, विषयक्रम तथा पृष्ठ, मूल्य, 'शारदा' को स्थापना दर्ता नं. ००१, जि.प्र.का.का.द.नं. ५२/०६३ प्रथम प्रकाशन मिति : वि.सं. १९९१ फागुन, 'शारदा' प्रकाशन परिवार र सम्बद्ध पक्षहरूको परिचय, विभिन्न साहित्यिक रचना आदिलाई यथायोग्य ढंगमा प्रकाशन गरेको पाइन्छ । यस नवाङ्क १ देखि विशेषाङ्क १२ सम्मका 'शारदा' पत्रिका पुनः प्रकाशनका प्रधान सम्पादन नरेन्द्रबहादुर श्रेष्ठ हुन् । यस नवाङ्कमा प्रकाशन भएको उल्लेख्य साहित्यिक कृतिहरूमा वानिरा गिरीद्वारा रचित तथा गोपालप्रसाद रिमालप्रति समर्पित कविता 'सखाः जून र घाम पनि हौ तिमी' निकै उल्लेख्य छ । त्यस्तै रमेश विकलको 'एउटा स्वतन्त्र राष्ट्रियताको हत्या' निबन्ध, कुरा सानो हो : कृष्णचन्द्रसिंह प्रधान, भलाकुसारी : गोबिन्दबहादुर मल्ल गोठाले : प्रस्तोता आधुनिक साहित्यकार तथा सडक-नाटककार अशेष मल्ल, चेतन कार्कीको 'होसियार !!!' गीत, केदारमान व्यथितको अप्रकाशित कविता (पाण्डुलिपि : सौजन्य : नरेन्द्रबहादुर श्रेष्ठ), कथा : पत्रान्तर : भाउपन्थी, गजल : मनुब्राजाकी, सुझाव : हे शारदे आमा : कमल दीक्षित, तान्का : रत्न शमशेर थापा (पाँच हरफे कविता -५ वटा) आदि लगायत कला, साहित्य, संस्कृति, रङ्गमञ्च, सात हाइकु आदि ज्यादै उल्लेख्य साहित्यिक कृतिहरूको प्रकाशन 'शारदा' को कृपाले गर्दा मात्र सम्भव हुनुलाई नेपाली साहित्यको क्षेत्रमा 'शारदा' को अद्वितीय योगदान नै मान्न सकिन्छ ।

- यस पत्रिकाको अङ्क २ 'शारदा' पत्रिकाको पुनः प्रकाशन नवाङ्क १ देखि विशेषाङ्क १२ सम्ममा सबैभन्दा सानो आयाम लिएर पृष्ठ ८८ का साथ प्रकाशित भएको छ । यसो हुँदाहुँदै पनि नेपाली साहित्यका क्षेत्रमा यसले आफ्नो उल्लेख्य मौलिक पहिचान छाड्दै व्याकुल माइलाद्वारा रचित नयाँ राष्ट्रिय गान "सयौं थुङ्गा फूलका हामी एउटै माला नेपाली ...." लिएर 'शारदा' पत्रिकाको इतिहासमा अर्को एउटा नौलो आयाम थप्न सफल भएको छ ।

- यस अङ्‌कमा वाह्य आवरण चित्र चित्रकार शशी शाहद्वारा निकै कलात्मक ढंगमा प्रस्तुत गरिएको छ ।

- यस अङ्‌क २ मा प्रकाशित अन्य साहित्यिक विषयहरूमा 'शारदा' का स्थायी स्तम्भलगायत कथा : सीताहरू २५ : परशु प्रधान, गीत : किरण खरेल, सामयिकी : मोदनाथ प्रश्रित : परिवर्तित नयाँ सन्दर्भमा धर्म निरपेक्ष राज, पर्यटन निबन्ध : श्री भद्र शर्मा : मेरो प्यो तनहूँसुर, दिवङ्गत स्रष्टाको सिर्जना : भैरव अर्याल : निर्वासन : अप्रकाशित कृति, व्यङ्‌ग्य : द्रव्य प्रज्ञालङ्‌कार : चन्द्रप्रसाद भट्टराई, लोकसंस्कृति : मष्टोको धामीसँग साक्षत्कार : सत्यमोहन जोशी, कविता : एउटा बासी सपना : मीनबहादुर विष्ट (पुरानो राष्ट्रिय गानप्रति व्यङ्‌ग्य), गीत : नवराज लम्साल, लघुकथा : पित्तलतको साँचो : गोरख ब. सिंह, ईश्वरी कार्की वर्षा : गजल आदि निकै उल्लेख्य तथा महत्वपूर्ण साहित्यिक सम्पत्तिका रूपमा स्थापित हुन सफल भएका छन् ।

- यस पत्रिकाको अङ्क ३ 'शारदा' मासिक पत्रिका पुनः प्रकाशन नवाङ्‌क १ देखि विशेषाङ्क १२ सम्ममा मझौला आयाम लिएर वा पृष्ठका आधारमा दोस्रो वरियता क्रममा रही १०० पृष्ठमा प्रकाशित भई नेपाली साहित्यको क्षेत्रमा आफ्नो ऐतिहासिक परिचय दिन सफल भएको छ ।

- यस अङ्कमा बाह्य आवरण चित्र 'ब्रम्हाण्ड' ज्यादै कलात्मक ढंगमा 'शारदा' का प्रमुख सम्पादक नरेन्द्रबहादुर श्रेष्ठद्वारा प्रस्तुत गरिएकोले नरेन्द्रबहादुर श्रेष्ठलाई सम्पादक मात्र नभएर एउटा सफल चित्रकारको रूपमा पनि पाठक माझ परिचय गराई 'शारदा' पत्रिकाले नेपाली साहित्यकाशमा अर्को एउटा नौलो आयाम थप्न सफल भएको छ ।

- यस अङ्‌कमा प्रकाशित अन्य साहित्यिक तथा साहित्येतर विषयवस्तुहरूमा 'शारदा' का विभिन्न स्थायी स्तम्भलगायत कविता : हत्यारा : स्व. धुस्वाँ सायमी, कथा : अतृप्त तृप्ति : बेन्जु शर्मा, गजल : उज्ज्वल जि.सी., नियात्राः आहा, साततले दरवार : सुरेन्द्र के.सी., गीत : श्रीपुरूष ढकाल, समालोचना : विश्वेश्वर प्रसाद कोइरालाको उपन्यास यात्रा : कृष्णप्रसाद दाहाल, : दिवङ्‌गत स्रष्टाको पूर्व-प्रकाशित सिर्जना : गजल : स्व. भीमनिधि तिवारी : वि.सं. १९६८ फागुन -

वि.सं. २०३० जेठ, विश्व-साहित्य/रवीन्द्रनाथ टैगोर : अनुवादक : विजयकुमार रौनियार : कृति : रक्षित, गीत : पुष्कर बुढाथोकी 'साउँतेली', कविता : शासक र तर्क : दिनेश अधिकारी, भाषा : डोट्याली भाषातिर एक निमेष : आर. डी. "प्रभास" चटौत आदि ज्यादै उल्लेख्य तथा नेपाली साहित्यका क्षेत्रमा अनमोल रत्नका रूपमा स्थापित हुन सफल भएका छन् ।

- 'शारदा' मासिक पत्रिका पुनः प्रकाशनको अङ्क ४ देखि ९२ पृष्ठको पत्रिका प्रकाशन भएकाले यस अङ्कबाट विशेषाङ्क १२ सम्म ९२ पृष्ठकै 'शारदा' प्रकाशन भएकोले यसपछि नै 'शारदा' पत्रिकाले आफ्नो इतिहासमा पृष्ठ तथा आयामका दृष्टिले एकरूपता कायम गर्ने श्रेय पाएको छ ।

- यस अङ्कमा वाह्य आवरण चित्र चित्रकार रामकुमार भौकाजीद्वारा ज्यादै सुन्दर तथा कलात्मक ढंगमा प्रस्तुत गरिएको छ ।

- यस अङ्कमा प्राकशित अन्य साहित्यिक तथा साहित्येतर विषयवस्तुहरूमा 'शारदा' का विभिन्न स्थायी स्तम्भलगायत कविता : विस्मृतिको आत्मरति : द्वारिका श्रेष्ठ, गजल : वियोगी बुढाथोकी, व्यक्तित्व : वरिष्ठ साहित्यकार माधवलाल कर्माचार्यको 'शारदा' मा योगदान : शिव रेग्मी, साहित्यिक आन्दोलन : अस्वीकृत आन्दोलनः : कविताराम श्रेष्ठ, निबन्ध : निम्तो मान्दै काल पुगेन : माधवप्रसाद पोखरेल, लधुकथा : जादूगरी डण्डाः कृष्ण बजगाईं, कथा : सपना र भ्रान्ति : विजय चालिसे, कविता : पचास वर्ष : किशोर पहाडी, भजन : राममान 'तृषित', गजल : शकुन्तला जोशी, कथा : अन्तर्दृष्टि : गीताकेशरी, कविता : मनलाई कहिल्यै दिमागमा नसार ! : विष्णुविभु घिमिरे, समालोचना : 'परेवा र कैदी' मा कथाकार विजय मल्ल : युवराज मैनाली, कथा : अनुकृति : ध्रुव सापकोटा आदि नेपाली साहित्यका दरिलो खम्बाको रूपमा ज्वलन्त उदाहरण सावित भएका छन् ।

- 'शारदा' मासिक पत्रिका पुनः प्रकाशनको अङ्क ५ पनि ९२ पृष्ठकै प्रकाशन भएर 'शारदा' पत्रिकाको इतिहासलाई निरन्तरता दिने कार्य भएको छ । अन्य अङ्कमा जस्तै यस अङ्कमा पनि 'शारदा' आफ्नो निश्चित आयाम र पृष्ठका साथ प्रकाशन भएको छ ।

- यस अङ्कमा बाह्य आवरण चित्र निकै कलात्मक ढंगमा चित्रकार रमेश पौडेलद्वारा प्रस्तुत गरिएको छ ।

- यस अङ्कमा प्रकाशित अन्य साहित्यिक तथा साहित्येतर विषयवस्तुहरूमा एकाङ्की (नाटक) : पुष्प चित्रकार : प्रेतात्मा, लेख : लेखिन बाँकी हामी : गोविन्दराज भट्टराई, गीत : यादव खरेल, गीत : रत्नशमशेर थापा, समालोचना : महाकाव्यकार बालकृष्ण समको 'चिसो चुल्हो' : रवीन्द्र भट्टराई, समयको छिट्टा : अनुवाद कविता : बुद्ध सायमी, लोकसंस्कृति : लोकनाचमा नेपाली परम्परा : सुवि शाह, कविता : हाँसिरहेको मान्छे : रामविक्रम थापा, इतिहाँस : नाना साहव र जङ्गबहादुर : दीप बहादुर खड्का, कविताः आत्महत्या, भूपिन व्याकुल, गीत : सुवि सुधा आचार्य, अन्तर्वार्ता : जङ्गबहादुरको नातिले काल्पनिक कुरा कसरी लेख्ने ? डायमन शमशेर राणा, मुक्तकहरू : कुन्दनकुमार पन्त, समालोचना : उपन्यासको प्रविधाका रूपमा आत्मन्यासको आगमन : राजेन्द्र सुवेदी, गजल : दिव्य गिरी, कविता : चौथो आँखा दुवसु क्षेत्री, निबन्ध : सामन्ती सभ्यता : मनुज बाबु मिश्र, कथा : म उसको मिस्टर : इल्या भट्टराई, संस्कृति : नेपाली संस्कृतिको छोटो इतिहास : साफल्य अमात्य आदि नेपाली साहित्यका क्षेत्रमा उल्लेख्य तथा दरिलो स्तम्भका रूपमा रहेका छन् ।

- 'शारदा' मासिक पत्रिका पुनः प्रकाशनको अङ्क ६ पनि ९२ पृष्ठकै प्रकाशन भएर 'शारदा' पत्रिकाको इतिहासमा आफ्नो उपस्थिति जनाउन सफल भएको छ । अन्य अङ्कमा जस्तै यस अङ्कमा पनि 'शारदा' आफ्नो निश्चित आयाम र पृष्ठका साथ प्रकाशित भएको छ ।

- यस अङ्कमा बाह्य आवरण चित्र : काठ्यकला : सीताहरण : चित्रकार तथा 'शारदा' का प्रमुख सम्पादक नरेन्द्रबहादुर श्रेष्ठद्वारा निकै कलात्मक ढंगमा प्रस्तुत गरिएको छ ।

- यस अङ्कमा प्रकाशित अन्य साहित्यिक तथा साहित्येतर विषयवस्तुहरूमा 'शारदा' का स्थायी स्तम्भलगायत विशेष लेख : टाक्सिएको आधुनिक कविता : प्रदीप गिरी, व्यङ्ग्य : जदौ पीडाभिनय : धीरकुमार श्रेष्ठ, निबन्ध : धने बौलाहा र डिस्को : युवराज नयाँघरे, कविता : युवती र स्ट्रवेरी : श्रीबाबु कार्की 'उदास',

इतिहास : निरङ्कुशताभित्रको लचकता : रामकुमार भौकाजी, गजल : विजय सुब्बा, कथा : को होला मेरो बाबा ? : सुस्मिता नेपाल, कविता : विश्वविद्यालयको मोटो प्राध्यापक : पुन्य गौतम 'विश्वास', गजल : क्षेत्रप्रताप अधिकारी, गीत : अनाथ : त्रिविक्रम पाण्डे, सामयिकी : नयाँ नेपाल : सृजन लम्साल, कविताः बिसे, परख गर ! : शिव अप्रिय, गजल : दीपक वि.क. 'प्रविष्ट', लोक-संस्कृति : दोहोरी-गीतको परम्परा र वर्तमान स्थिति : भीम राना 'जिज्ञासु' आदि नेपाली साहित्यका क्षेत्रमा उल्लेख्य साहित्य सुधाका रूपमा रहेका छन् ।

- 'शारदा' मासिक पत्रिकाको पुनः प्रकाशनको अङ्क ७ पनि ९२ पृष्ठकै प्रकाशन भएर यसले पत्रिकाको इतिहासमा आफ्नो परिचय दिन सफल भएको छ । अन्य अङ्कमा जस्तै यस अङ्कमा पनि 'शारदा' आफ्नो निश्चित आयाम र पृष्ठका साथ प्रकाशन भएको छ ।

- यस अङ्कमा बाह्य आवरण चित्र चित्रकार मुकेशद्वारा निकै कलात्मक तथा आकर्षक ढंगमा प्रस्तुत गरिएको छ ।

- यस अङ्कमा प्रकाशित अन्य साहित्यिक तथा साहित्येतर विषयवस्तुहरूमा 'शारदा' का स्थायी स्तम्भलगायत कविता : आफैं विरूद्धको युद्ध : कृष्णभक्त श्रेष्ठ, कथा : भगवन्को छोरो : नव सिलवाल, विशेष लेख : वृहत् नेपाल र सुगौली-सन्धि : सुरेन्द्र के.सी., कविता : हजुरबाको चिता : सोमनाथ सुवेदी, लघुकथा : आमाको मन : भोजराज न्यौपाने, लेख : प्राचीन आर्यावर्तकी नारी : मदनमणि दीक्षित, अनुभव र अनुभूति : 'भानु' र मेरो पत्रकारिता : भवानी घिमिरे, कविता : बेड नं. ६०७ : गीता कार्की, कथा : अज्ञात रोग : सिर्जना शर्मा, गीत : आँसुको गीत : प्रकाश रम्घाली, अन्तर्वार्ता : स्रष्टा समालोचक र समालोचक स्रष्टा भएर लेख्न सक्नुपर्छ : कृष्णचन्द्र सिंह प्रधान (प्रस्तुति : व्याकुल पाठक), गीत/गजल : तिम्रो खोजी : उमेश राई 'अकिञ्चन', कविता : एउटा अशान्त अन्धकार : विप्लव ढकाल, कविता : समय र मानव-चित्रहरू : पूर्ण इन्फादा, कविता : आकाश र धरती : लक्ष्मी उप्रेती, लघुकथा : बफादारी : ध्रुव स्नेही, कथा : जीवनको यो मोढ : चन्द्रमणि अधिकारी, कविता : आङमा फूलेको नीलडाम : प्रमोद स्नेही, लोकसंस्कृति : मिथिलाञ्चलको प्राचीनतम लोकगाथा तथा लोकनाट्य 'सलहेस' :

गङ्गाप्रसाद अकेला आदि नेपाली साहित्यका क्षेत्रमा उल्लेख्य तथा उच्चकोटिको रचनाका रूपमा स्थापित भएका छन् ।

- 'शारदा' पत्रिकाको पुनः प्रकाशन अङ्क ८ पनि ९२ पृष्ठकै प्रकाशन भएर यस पत्रिकाले आफ्नो परिचय दिन सफल भएको छ । अन्य अङ्कमा जस्तै यस अङ्कमा पनि 'शारदा' आफ्नो निश्चित पृष्ठ र आयामका साथ प्रकाशित भएको छ ।

- यस अङ्कमा बाह्य आवरण चित्र चित्रकार श्यामलाल श्रेष्ठद्वारा निकै आकर्षक र कलात्मक ढंगमा प्रस्तुत गरिएको छ ।

## ९. नाटक - एकाङ्की :

| विधा | नाटककार | शीर्षक | वर्ष/ अङ्क | साल/ महिना | पृष्ठ |
|---|---|---|---|---|---|
| एकाङ्की | पुष्प चित्रकार | प्रेतात्मा | १, अङ्क ५ | २०६४, जेठ | १९ |

## १०. भलाकुसारी, सुझाव, कुराकानी, अन्तर्वार्ता :

| विधा | लेखक/प्रस्तोता | शीर्षक | वर्ष/ नवाङ्क | साल/ महिना | पृष्ठ |
|---|---|---|---|---|---|
| भलाकुसारी | गोविन्दबहादुर मल्ल 'गोठाले' (प्रस्तोता : अशेष मल्ल) | अर्को जन्ममा पनि लेखक नै बन्न पाइयोस् ! | १, नवाङ्क १ | २०६३, माघ | १७ |
| सुझाव | कमल दीक्षित | हे शारदे आमा ! | ,, ,, | ,, ,, | ६३ |
| कुराकानी | माधवलाल कर्माचार्य | साहित्य समृद्ध हुँदै आइरहेको छ | १, अङ्क २ | २०६३, फागुन | ३६ |
| अन्तर्वार्ता | डायमनशमशेर राणा | जङ्गबहादुरको नातिको काल्पनिक कुरा कसरी लेख्ने ? | १, अङ्क ५ | २०६४, जेठ | ५६ |
| ,, | कृष्णचन्द्रसिंह प्रधान (प्रस्तुति : व्याकुल पाठक) | स्रष्टा समालोचक र समालोचक स्रष्टा भएर लेख्न सक्नुपर्छ | १, अङ्क ७ | २०६४, साउन | ४४ |

## ११. इतिहास, व्यक्तित्व :

| विधा | लेखक | शीर्षक | वर्ष/ नवाङ्क | साल/ महिना | पृष्ठ |
|---|---|---|---|---|---|
| इतिहास | डा. गार्गी शर्मा | ऐतिहासिक मकै-पर्व | १, नवाङ्क १ | २०६३, माघ | ७३ |
| व्यक्तित्व | चित्तरञ्जन नेपाली | दिलाउने पनि दिने जत्तिकै धन्य हुन् | ,, ,, | ,, ,, | ७७ |
| व्यक्तित्व | निर्मलकुमार आचार्य | नेपाली र नेपाल भाषासाहित्यमा अविस्मरणीय 'मोतीलक्ष्मी' | १ अङ्क २ | २०६३, फागुन | ८१ |
| व्यक्तित्व इतिहास | नरेन्द्रराज प्रसाई | आदिकवयित्री ललितत्रिपुर-सुन्दरी | १, अङ्क ३ | २०६३, चैत | ५६ |
| व्यक्तित्व | शिव रेग्मी | वरिष्ठ साहित्यकार माधवलाल कर्माचार्यको शारदामा योगदान | १, अङ्क ४ | २०६४, वैशाख | ४३ |
| इतिहास | चैतन्यराज देवकोटा | स्मृतिरेखामा 'तुवाँलो' मासिक | ,, ,, | ,, ,, | ७१ |
| इतिहास | दीपबहादुर खड्का | नाना साहव र जङ्गबहादुर | १, अङ्क ५ | २०६४, जेठ | ६३ |
| इतिहास | डा. रामकुमार भौकाजी | निरङ्कुशताभित्रको लचकता | १, अङ्क ६ | २०६४, असार | ४१ |

## १२. आवरण चित्र :

| विधा | चित्रकार | चित्र/चित्रात्मक विषय | वर्ष/ नवाङ्क | साल/ महिना |
|---|---|---|---|---|
| चित्रकला, आवरण चित्र | गेहेन्द्रमान अमात्य | अदृश्य मनको घाउ : कलात्मक आवरण चित्र | १, नवाङ्क | २०६३, माघ |
| ,, ,, | शशी शाह | कलात्मक/आधुनिक आवरण चित्र | १, अङ्क २ | २०६३,फागुन |

| | | | | |
|---|---|---|---|---|
| ,, ,, | नरेन्द्रबहादुर श्रेष्ठ | ब्रम्हाण्ड : कलात्मक आवरण चित्र | १, अङ्क ३ | २०६३, चैत्र |
| ,, ,, | डा. रामकुमार भौकाजी | नारायणहिटी राजदरबार र नारायणस्थान : कलात्मक आवरण चित्र | १, अङ्क ४ | २०६४, वैशाख |
| ,, ,, | रमेश पौडेल | कलात्मक/आधुनिक आवरण चित्र | १, अङ्क ५ | २०६४, जेठ |
| ,, ,, | नरेन्द्रबहादुर श्रेष्ठ | काठ्यकला : सीताहरण : कलात्मक आवरण चित्र | १, अङ्क ६ | २०६४, असार |
| ,, ,, | मुकेश | कलात्मक/आधुनिक आवरण चित्र | १, अङ्क ७ | २०६४, साउन |
| ,, ,, | श्यामलाल श्रेष्ठ | नेवारी संस्कृति झल्काउने/लुगा धोइरहेको : आधुनिक आवरण चित्र | १, अङ्क ८ | २०६४, भदौ |
| ,, ,, | श्रीजन राजभण्डारी | ऊन कात्ने आइमाई र उनको कथा : क्यानवासमा तेल-रङ्ग : कलात्मक आवरण चित्र | १, अङ्क ९ | २०६४, असोज |
| ,, ,, | स्व. रामानन्द जोशी : सन् १९३८-१९८८ | गलैंचा बुनिरहेकी महिला : तैल-चित्र : कलात्मक आवरण चित्र | १, अङ्क १० | २०६४, कार्तिक |
| ,, ,, | लोक चित्रकार : वंशी श्रेष्ठ | पानी रङ्गमा : विरोचन बुद्ध : कलात्मक आवरण चित्र | १, अङ्क११ | २०६४, मङ्सिर |
| ,, ,, | श्रीबाबु कार्की 'उदास' | इनामेल रङ्गमा : सुन्दर प्रकृति : कलात्मक आवरण चित्र | १, अङ्क १२ | २०६४, पुष |

## १३. <u>विविध :</u>

| विधा | लेखक | शीर्षक | वर्ष/नवाङ्क | साल/महिना | पृष्ठ |
|---|---|---|---|---|---|
| नीति | डा. बमबहादुर थापा 'जिताली' | नीतिको विश्लेषण | १, नवाङ्क १ | २०६३, माघ | १११ |
| सामयिकी | मोदनाथ प्रश्रित | परिवर्तित नयाँ सन्दर्भमा धर्मनिरपेक्ष राज्य | १, अङ्क २ | २०६३, फागुन | ३१ |
| रचनागर्भ | व्याकुल माइला | नयाँ राष्ट्रगान | ,, ,, | ,, ,, | ५७ |

| | | | | | |
|---|---|---|---|---|---|
| सामयिकी | स्व. वाशु शशी | बुद्ध | १, अङ्क ३ | २०६३, चैत | ३१ |
| ,, | राजीव श्रेष्ठ | जनजातिको सवाल | ,, ,, | ,, ,, | ४१ |
| भाषा | आर.डी. “प्रभास” चटौत | डोट्याली भाषातिर एक निमेष | ,, ,, | ,, ,, | ४५ |
| स्वास्थ्य विज्ञान | गोपालप्रसाद दुलाल | एक्युप्रेसर चिकित्सा पद्धति : प्रयोग र प्रभावकारिता | ,, ,, | ,, ,, | ६६ |
| खोज | नीलकमल | भारतीय नेपाली साहित्यमा महिला लेखन | ,, ,, | ,, ,, | ८६ |
| सामयिकी | सृजना लम्साल | नयाँ नेपाल | १, अङ्क ६ | २०६४ असार | ७४ |
| सामयिकी | डा. वीणा पौड्याल | मातृत्व आगोको भुङ्ग्रो | १, अङ्क ८ | २०६४, भदौ | ३४ |
| सामयिकी | आनन्ददेव भट्ट | एउटा लोकतान्त्रिक छलफल | १, अङ्क ९ | २०६४, असोज | १४ |
| खोजीनीति | रवीन्द्र तामाङ | तामाङ जातीय पहिचानको सन्दर्भमा : राणाकालीन एक इस्तिहार | ,, ,, | ,, ,, | ५० |
| सामयिकी | नृपेन्द्र पुरुष ‘यादि’ | सात साल र म | १, अङ्क १० | २०६४, कार्तिक | ६७ |
| सामयिकी | प्रा.डा. डीपी भण्डारी | युवक र युवतीहरूको प्रमुख हाँक प्रजातन्त्र | १, अङ्क ११ | २०६४, मङ्सिर | ४५ |

## ४.२ **निष्कर्ष :**

‘शारदा’ पुनः प्रकाशन नवाङ्क १ देखि विशेषाङ्क १२ सम्म कविता : २४५ वटा, कथा : ५० वटा, लेख-निबन्ध, संस्मरण आदि : ५४ वटा, पुस्तक चर्चा, समीक्षा-समालोचना आदि : ३६ वटा, कला, साहित्य, संस्कृति, धर्म, परम्परा : २४ वटा, पत्र-पत्रांश, समाचार, अन्तरक्रिया : २४ वटा, ‘शारदा’ का मौलिक पृष्ठ : ३८ वटा, कैफियत : १२ वटा, नाटक एकाङ्की : १ वटा, सुझाव, भलाकुसारी, अन्तर्वार्ता, कुराकानी : ५ वटा, इतिहास-व्यक्तित्व : ८ वटा, चित्रकला (आवरण) : १२ वटा र विविध : १४ वटा गरी जम्मा ५२३ वटा साहित्यिक तथा साहित्येतर विषयवस्तुहरू ज्यादै सक्रिय तथा सौन्दर्यपूर्ण ढंगमा प्रकाशित भएका छन् ।

'शारदा' मा प्रकाशित भएका यी थुप्रै लेख-रचनाहरू नेपाली साहित्याकाशमा ज्यादै उच्चकोटिका छन् । 'शारदा' पत्रिका परिवारको अथक प्रयासले तथा रचनाकार/साहित्यकार अनि पाठकहरूको न्यानो मायाले गर्दा 'शारदा' पत्रिकाले आजसम्म पनि आफूलाई जीवन्त तुल्याई उच्चतम सफलताको शिखर चुम्न सफल भएको छ ।

'शारदा' पत्रिकाले आफ्नो स्थापना कालदेखि नै साहित्यिक क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याई ज्यादै लोकप्रिय भएर नामी बन्ने श्रेय पाएको छ । यस पत्रिकामा प्रकाशित भएका थुप्रै कविता, कथा, लेख-निबन्ध, समीक्षा-समालोचना आदिले नेपाली साहित्यलाई माथि उठाउन ज्यादै ठूलो भूमिका निर्वाह गरेका छन् । 'शारदा' मा प्रकाशित थुप्रै कविताहरूको पृष्ठभूमि सामाजिक धरातल रहेका छन्; जसमध्ये वानीरा गिरीद्वारा रचित तथा गोपालप्रसाद रिमालप्रति समर्पित कविता : 'सखा ! जून र घाम पनि हौ तिमी', तान्का : रत्नशमशेर थापा, गीत : होसियार !!! आदि उल्लेख्य मानिएका छन् ।

कथाहरूमा रमेश विकलको 'एउटा स्वतन्त्र राष्ट्रियताको हत्या', भोजराज न्यौपानेको लघुकथा 'आमाको मन', सिर्जना शर्माको 'अज्ञातरोग', ध्रुव स्नेही : लघुकथा : 'बफादारी' आदि ज्यादै उल्लेख्य मानिन्छन् ।

नेपाली निबन्ध फाँटलाई उर्वर तुल्याउने काम कृष्णचन्द्रसिंह प्रधान : कुरा सानो हो ?, माधवप्रसाद पोखरेल : निम्तो मान्दै काल पुगेन, श्रीओम श्रेष्ठ 'रोदन' : बिक्न सकिनँ, युवराज नयाँघरे : धने बौलाहा र डिस्को आदि साहित्यिक सिर्जनाहरूले गरेका छन् ।

'शारदा' मा प्रकाशित अन्य सामग्रीहरू जस्तै :- 'शारदा' का ऐतिहासिक मौलिक पृष्ठहरू, कैफियत, कृति/पुस्तक समीक्षा, इतिहास, व्यक्तित्व, अन्तर्वार्ता, भलाकुसारी, पत्र-पत्रांश आदि स्तम्भहरू पनि ज्यादै उल्लेख्य तथा अविस्मरणीय रहेका छन् । स्थापित भइसकेका र स्थापित हुन चाहने धेरै साहित्यकारहरूका लागि 'शारदा' राम्रो मञ्चका रूपमा प्रस्तुत भएकाले पनि नेपाली साहित्यिक पत्र-पत्रिकाको इतिहासमा कोशे ढुङ्गो साबित भएको छ । जुझारु र जाज्वल्यमान साहित्यिक रत्नका रूपमा यसले आफूलाई चिनाउँदै आइरहेको छ ।

aaa

# अध्याय - ५

## 'शारदा' पत्रिकाले पुऱ्याएको विधागत योगदानको विश्लेषणात्मक मूल्याङ्कन

### ५. परिचय :

यस अध्यायमा 'शारदा' मासिक पत्रिकामा प्रकाशित भएका सामग्रीहरू जस्तै :- कविता, कथा, लेख-निबन्ध, समालोचना आदि विधाहरूको विश्लेषणात्मक मूल्याङ्कन गरिएको छ :

### ५.१ 'शारदा' पत्रिकाको विधागत योगदानको विश्लेषणात्मक मूल्याङ्कन :

नेपाली साहित्य तथा पत्रपत्रिकाको इतिहासमा महत्त्वपूर्ण स्थान ओगट्न सफल 'शारदा' आफ्नो गौरवमय अस्तित्वका साथ प्रारम्भकालदेखि हालसम्म साहित्यिक क्षेत्रको उल्लेख्य विकास गर्न अत्यन्त सबल तथा सफल साहित्यिक पत्रिका हो । वि.सं. १९९१ सालदेखि प्रकाशन भएको यस पत्रिकाले हालसम्म आफ्नो यात्राका क्रममा विभिन्न मीठा-नमीठा अनुभवहरू समेटेको छ र यो सम्पूर्ण अवधि नेपाली साहित्यका विविध विधालाई उन्नत बनाउने कार्यमा नै पूर्ण रूपले समर्पित भएको छ ।

'शारदा' पत्रिकामा समाविष्ट भएका नेपाली साहित्यका विविध विधाहरूमध्ये कविता, कथा, लेख-निबन्ध, समीक्षा-समालोचना, नाटक-एकाङ्की आदि प्रमुख रहेका छन् । यिनमा पनि क्रमशः कविता, लेख-निबन्ध र कथाले शारदाका धेरै पृष्ठहरू ओगटेका छन् । त्यसपछि समीक्षा-समालोचना, एकाङ्की आदि देखिएका छन् । 'शारदा' पुनः प्रकाशन नवाङ्क १ देखि विशेषाङ्क १२ सम्ममा लगभग कविता २४५ वटा, लेख-निबन्ध ५३ ओटा, कथा ५० ओटा, समीक्षा-समालोचना ३७ वटा, एकाङ्की १ वटा आदि प्रकाशित भएर नेपाली साहित्यकाशलाई उल्लेख्य योगदान पुऱ्याएको छ । यतिका धेरै स्रष्टाका ती सम्पूर्ण एकसे-एक सृष्टिलाई छुट्टाछुट्टै राखेर हेर्दा एउटा अर्को शोधपत्र तयार हुन सक्ने देखिन्छ । तसर्थ प्रस्तुत शोधपत्रमा त्यसो नगरी यस पत्रिकामा परेका प्रत्येक विधालाई समग्रताका आधारमा हेर्ने प्रयास गरिएको छ ।

### ५.१.१ 'शारदा' पत्रिकामा प्रकाशित कविताहरूको अध्ययन :

साहित्यका विविध विधाहरूमध्ये 'सबैभन्दा जेठो विधा मानिने 'कविता' नेपाली भाषामा प्रचलित संस्कृत तत्सम शब्द हो । शब्दका हिसाबले कविताको अर्थ कविको कर्म, भाव वा गुण भन्ने बुझिन्छ । कवि शब्दले कविता रच्ने व्यक्तिलाई जनाउँछ । कविद्वारा रचित जुन वस्तु हुन्छ; त्यो कविता हो । मूलतः मानव सभ्यताले भाषिक आर्जन गर्न थालेदेखि नै लोकगीत, गाथा र गाथाचक्रका क्रमिक तथा श्रृङ्खलाबद्ध रूपले विकास हुँदै कविताको प्रारूप तयार भएको हो । कविताले मानवीय जीवन जगत्को भावनालाई प्रस्तुत गर्ने केन्द्रीय लक्ष्यलाई श्रुतिमधुर र लयात्मक तरिकाले वर्णन गर्दै आएको छ । कविताको उत्पत्तिकालदेखि वर्तमान अवस्थासम्मको विकास यात्रालाई दृष्टिगत गर्दा यसले आफ्नो यात्राका अनेक घुम्ती र मोडहरू पार गर्दै निश्चित सैद्धान्तिक अवधारणाभित्र आफूलाई स्थापित गराउँदै वर्तमान अवस्थामा आइपुगेको देखिन्छ । कवितालाई पूर्वीय साहित्यमा 'काव्य' शब्दको नामले पनि चिनिने गरिन्छ । कविता वा काव्यका सम्बन्धमा विभिन्न विद्वान्हरूले दिएका परिभाषाहरू निम्न छन् :

(क) अग्नि पुराण : अभिष्ट भावलाई व्यक्त गर्ने पदावली काव्य हो ।[५२]

(ख) भरतमुनिः लालित्यपूर्ण शैलीमा रचना गरिएको रसात्मक वाक्य काव्य हो । (भरतको नाट्य शास्त्र)[५३]

(ग) भामह : शब्द र अर्थयुक्त रचना काव्य हो ।[५४]

(घ) दण्डी : इष्ट अर्थले युक्त पदावली र रूप जुन शरीर हो, त्यो नै काव्य हो ।[५५]

(ङ) वामन : गुण र अलङ्कारले परिष्कृत शब्दार्थको सहभाव नै काव्य हो । (काव्यको आत्मा रीति हो ।) [५६]

---

[५२] अग्नि पुराण ।

[५३] रामनाथ ओझा र अन्य पूर्ववत् पृ. २७४ ।

[५४] ऐजन, पृ.।

[५५] ऐजन, पृ. २७५ ।

[५६] ऐजन ।

(च) आनन्दबर्द्धन : काव्यको आत्मा ध्वनि हो शब्दार्थ त्यसका शरीर हुन् ।[५७]

(छ) कुन्तक : शब्द र अर्थको सहभाव भएको वक्रतापूर्ण रचना जसले काव्यवेत्ताहरूलाई आनन्द प्रदान गर्न सक्षम हुन्छ, त्यसलाई काव्य भनिन्छ । (उनले वक्रोक्तिलाई काव्यको आत्मा मानेका छन् ।)[५८]

(ज) क्षमेन्द्र : अलङ्कारयुक्त विशिष्ट शब्द र अर्थको सहभाव काव्य हो ।[५९]

(झ) मम्मट : दोषरहित र गुणयुक्त शब्द र अर्थको समष्टि रूपलाई काव्य भनिन्छ ।[६०]

(ञ) विश्वनाथ : रसात्मक वाक्य काव्य हो ।[६१]

(ट) जगन्नाथ : रमणीय अर्थ प्रतिपादन गर्ने शब्द काव्य हो ।[६२]

माथिको परिभाषा हेर्दा मम्मट, विश्वनाथ र जगन्नाथका परिभाषा उचित मानिन्छ तापनि वास्तवमा पूर्वीय साहित्यमा 'काव्य' शब्दलाई समग्र साहित्यको संकेत वा चिनारीको रूपमा लिइन्थ्यो भने 'कवि' शब्दलाई ब्रम्हा वा स्रष्टा वा सर्जकको रूपमा लिइन्थ्यो ।

नेपाली भाषा साहित्यका सन्दर्भमा हेर्ने हो भने पनि कवितामा भावनात्मक वा बौद्धिक कथ्य पद्यलयात्मक ढङ्गमा अभिव्यक्त भएको पाइन्छ । साहित्यका अन्य सबै विधाहरू गद्यलयात्मक हुने हुँदा पद्यलयात्मकता कविताको खास पहिचान हो ।

पूर्वीय साहित्यमा 'काव्य' शब्दले विस्तारै कविताको अर्थ प्रदान गऱ्यो भने नेपाली साहित्यको इतिहासमा पनि सर्वप्रथम कवि गोपालप्रसाद

---

५७ ऐजन, पृ. २७६ ।

५८ ऐजन ।

५९ ऐजन, २७७ ।

६० ऐजन ।

६१ ऐजन, २७८ ।

६२ ऐजन ।

रिमालले 'आमाको सपना' नामक गद्य-कविता प्रकाशन गरेपछि कविता गद्य र पद्य दुवै हुन्छ र कविता मात्र पद्यात्मक हुन सक्दैन भन्ने ऐतिहासिक मान्यता स्थापित भएको छ तापनि कविता गद्याात्मकभन्दा बढी पद्यात्मक नै रचना गरिन्छ ।

माथिको विभिन्न परिभाषा र भनाइहरूका आधारमा हेर्दा काव्यका तत्त्वहरू अलङ्कार, रीति, ध्वनि, वक्रोक्ति, अदोषता, रसवत्ता र रमणीयता आदि हुन् भन्ने बुझिन्छ ।

काव्यमा शब्दशक्तिका तीन भेद अभिधा, लक्ष्मण र व्यञ्जना पनि सन्दर्भ सापेक्ष ढंगमा प्रयुक्त भएको हुन्छ ।

कविताका सन्दर्भमा विभिन्न परिभाषा तथा नेपाली कविता भाग - ४ आदिलाई पनि हेर्दा कविताका अन्य महत्त्वपूर्ण तत्त्व निम्न छन् :

(क) **शीर्षक :** शीर्षक कविताकृतिको नामाकरण मात्र नभई कृतिका सारभूत भाव विचारको सूचक, संकेतक वा उद्घाटकसमेत हुन्छ ।

(ख) **संरचना** : संरचना दुई किसिमका हुन्छन् :- आन्तरिक र वाह्य । कविताकृतिको वाह्य संरचना त्यसका लयात्मक खण्ड/गण र विश्राभ भई पाउ/चरण वा पङ्क्तिविधान तथा पङ्क्तिपुञ्ज (श्लोक वा अनुच्छेद योजना) सँगै थालिन्छ र त्यसका विविध भाग/परिच्छेद हुँदै विस्तारित हुन्छ अनि खण्डकाव्यमा पुग्दा सर्ग-योजना पनि देखा पर्न सक्छ भने महाकाव्यमा सर्गबन्ध (सर्गयोजना) अपरिहार्य नै रहन्छ । आन्तरिक संरचना मुख्यतः केन्द्रीय कथ्य भावविचारको उठान, विकास र अन्तिम रागात्मक परिणतिको याात्रा-पथ ठहर्छ । कथ्य भावविचारको यस यात्रालाई कविताकृतिको आन्तरिक संरचनाले प्रकारान्तरद्वारा पुनरावृत्ति, सञ्चयन, द्वन्द्वात्मकता, समन्वय र खण्डकण्डका स्वतन्त्र साहचार्यजस्ता विभिन्न प्रक्रियाबाट बुनोट प्रदान गर्दछ । यो बुनोट वृत्ताकार, चक्रात्मक नागबेलीदार र खण्डीय तथा स्वतन्त्र साहचर्यात्मकसमेत हुने गर्दछ ।

(ग) **लयविधान :** कविताविधाको मुख्य परिचायक स्वरूप तत्त्व लयविधान नै हो । यो लयविधान प्रथमतः भाषिक स्वर-व्यञ्जन वर्णका वर्णगत ध्वनिको साम्यवैषम्य दुवै भएको वितरण प्रक्रियाको कालगत प्राप्ति हो र कविताकृतिका चरण/पाउ वा पङ्क्ति/हरफको गतिक्रम आदि यति विधानबाट थालिन्छ ।

(घ) **भाषाशैली :** कविताको भाषाशैली भन्नु जुन अर्थको कथन कुनै कविताकृतिले गर्नुछ त्यसका निम्ति उपलब्ध भाषिक विकल्पमध्येबाट सबभन्दा बढी ललित र रागात्मक अनि व्यञ्जक र लयात्मक हुन सक्ने गरी वर्ण, शब्द/पद, पदावली, वाक्यखण्ड, वाक्य र अनुच्छेद विधानसमेत सिर्जित हुने कुरा हो । यस सन्दर्भका क्रममा भाषा अभिधार्य-(वाच्यार्थ) भन्दा पर लाक्षणिक र व्यञ्जनकसमेत बन्दछ ।

(ङ) **कथनपद्धति :** कविता मूलतः आत्मालाप वा मनोलाप गर्ने भाषिक लयात्मक कथनकला हो तापनि त्यस मनोलाप वा मनोगुन्गुनको अभिव्यक्ति गर्ने श्रुतिरम्य कथन अपेक्षित नै हुन्छ । यो कथन-कौशलका रूपमा उच्चार्यगेय (र श्रव्य) रहने परिप्रेक्ष्यमा कथनपद्धति कवितामा पनि एक महत्त्वपूर्ण पक्षका रूपमा रहेको हुन्छ ।

(च) **केन्द्रीय कथ्य र त्यसका सन्दर्भ सामग्री तथा भावविधान :**

जीवन-जगत्को समग्र विषयवस्तु र मानवचेतनाको यावत् अनुभवपुञ्ज कवितामा नअटाउने चाहिँ होइन र पूरै प्रकृति, मानवीय समाज र संस्कृति, पुराकथा र इतिहास, दर्शन र ज्ञान-विज्ञान आदिका साथै मानव मनको समस्त अनुभव व्यापारको कथन कवितामा हुन सक्दछ । कविताको कथ्य सामग्री र सन्दर्भको सेरोफेरो यही हो । साथै आत्मालापी कविकथनात्मक, आख्यानीकृत वा नाटकीकृत जुन रूपमा जीवनजगत्को कथन गरिए पनि त्यसको चुरोस्वरूप केन्द्रीय कथ्यचाहिँ कुनै भावविचार (सत्य, सत्यांश वा सत्याभास) नै हुन्छ र परिमाणमा चाहिँ कवितामा त्यो अनुभव वा सूक्ष्म विचार भावमय-रागमय कलात्मक रूपान्तरण हुनु पर्दछ ।

(छ) **बिम्बविधान तथा अन्य अलङ्करणका प्रविधि :**

कुनै कृतिमा मुख्य कथ्य अर्थको सहचर प्रतिच्छायाका रूपमा आउने अर्को सहप्रस्तुत वा सहवर्ती अर्थ बिम्ब हो । जीवनजगत्का विविध सन्दर्भ र सामग्रीबाट बिम्बविधान हुन सक्छ र अर्थलङ्कारहरू बिम्बविधानकै उपक्रम हुन् । यी बिम्बहरू कविताका पनि भावपरिपोषक तथा भावव्यञ्जक तत्त्वसमेत हुन् कुनै बिम्ब पूरै कविताव्यापी वृहत् बिम्ब पनि हुने गर्दछन् र यी व्यञ्जनाधर्मी हुन्छन् ।

(ज) **व्यञ्जना :**

शब्द र अर्थ दुवैका कारणले कुनै उक्ति, कथन वा कृतिमा प्रस्तुत वा कथितभन्दा अप्रस्तुत वा अकथित सशक्त अर्थ जब पारदर्शकताका साथ झल्कन्छ त्यो स्थिति व्यञ्जना हो ।

(झ) **विधागत रूप तथा आयाम :**

कुनै कविताकृतिको आयाम भन्नु कथ्य-श्रव्य स्तरमा प्रथमतः त्यस कृतिको कथन-श्रवणकालको लमाई नै हो र त्यो मुख्यतः कालिक ( कालगत/समयगत) मापन हुने गर्दछ । गहिरिएर हेर्दाचाहिँ आयामबाट नै भावकका (श्रोताका) हृदयमा पर्ने र वस्तुतः त्यस कविता भित्रै पनि अन्तर्निहित रहने गेय-श्रव्य छन्दगत/लयगत चरण/पङ्क्तिको संरचनाको चौडाइ एवम् कथ्य भाव बिम्बको स्वरूप र प्रभाव दुवैको चौडाइ-लमाइसहित सघनता वा गहिराइको समेत बोध/अनुभवचाहिँ हुन्छ ।

नेपाली भाषा संस्कृत, प्राकृत, अपभ्रंशका विभिन्न मोढहरू पार गर्दै विक्रमको एघारौं शताब्दीतिर देखा परेको मानिन्छ । त्यसै समयदेखि नै नेपाली भाषाका लोकस्तरका गीत र गाथाहरूका माध्यमबाट नेपाली कविताको मौखिक परम्परा शुरू भएको हो । नेपाली भाषामा लेख्य वा शिष्ट कविता परम्परा पृथ्वीनारायण शाहको नव नेपाल निर्माणको वीरतापूर्ण विजय अभियानबाट शुरू भएको मानिन्छ । पृथ्वीनारायण शाहको वीरताको वर्णन विषयक सुवानन्द दासको 'वीर वन्दना' कविता (वि.सं. १८२६ तिर) नै नेपाली भाषामा लेखिएको प्रथम कविता मानिएको छ ।[६३]

---

[६३] अनिता आचार्य, नेपाली साहित्यमा 'रचना' पत्रिकाको योगदान -२०६५, अ.प्र. शोधपत्र, पृ. २२ ।

वर्तमान अवस्थामा नेपाली कविताले झण्डै साढे दुई शताब्दी लामो यात्रा पार गरिसकेको छ । विभिन्न युगमोड र धाराहरूलाई क्रमशः पार गर्दै यसले वर्तमान आधुनिक समसामयिक युगमा प्रवेश गरेको छ ।

कविताका मुख्य स्रष्टा वा सर्जक भनेका कवि हुन् । कविका सुन्दर कल्पनाबाट सिर्जित कविताहरूले शुरू-शुरूमा पत्र-पत्रिकाकै माध्यमबाट प्रकाशनको उज्यालो पाएका हुन्छन् । कविता प्रकाशन गरी सुनौलो अवसर प्रदान गर्ने काममा नेपाली साहित्यलाई 'शारदा' पत्रिकाले निकै ठूलो टेवा पुऱ्याएको छ । वि.सं. १९९१ सालदेखि लिएर 'शारदा' को पुनः प्रकाशन वि.सं. २०६३ ले पनि कविता विधा प्रशस्त मात्रामा प्रकाशित गरी नेपाली साहित्यको क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याएको छ । 'शारदा' को पुनः प्रकाशन नवाङ्क १ देखि १२ सम्म यस पत्रिकामार्फत लगभग २४५ वटा कविताहरू प्रकाशित भएका छन् । यद्यपि प्रस्तुत सङ्ख्याभित्र कविता विधाअन्तर्गत पर्ने गीत, गजल, भजन, तान्का, मुक्तक आदिलाई पनि समाविष्ट गरिएको छ । 'शारदा' पत्रिकामा अन्य विधाभन्दा कविता विधाकै रचना बढी प्रकाशित भएको देखिन्छ । ख्याति प्राप्त पुराना कविदेखि नवोदित कविहरूलेसम्म यसमा समान रूपले आफ्ना उचित रचनाहरू प्रकाशित गर्ने सुनौलो अवसर पाएका छन् ।

'शारदा' मा प्रकाशित कविताहरू मार्मिक, हृदयस्पर्शी, मार्गनिर्देशक तथा ज्यादै उच्चकोटिका रूपमा रहेका छन् । प्रायजसो कविताहरू सम्प्रेषणीय छन् तापनि कतै-कतै व्यञ्जना शब्दशक्ति प्रयुक्त रचना पनि पाइन्छन् । कविहरूमा भजन, गीत, तान्का, गजल, मुक्तकहरूप्रतिको बढ्दो आकर्षण देखिन्छ र यिनमा कविहरूको कलम अत्यन्त मार्मिक र तीखो बनेर चलेको पाइन्छ । त्यस्तै विभिन्न बिम्ब र प्रतीकहरूको माध्यमबाट समाज तथा राष्ट्रमै देखा परेका कु-प्रवृत्तिप्रति व्यङ्ग्यमूलक धारिलो प्रहार गर्न पनि कविहरू पछि परेका छैनन् ।

यस पत्रिकाको पुनः प्रकाशन नवाङ्क १ देखि विशेषाङ्क १२ सम्मका अङ्कहरूमा करिब २४५ वटा कविताहरू प्रकाशित भइसकेका छन् । यति धेरै सङ्ख्यामा कविता लेख्ने कवि-कवयित्रीहरूको नाम मात्र उल्लेख गर्दा पनि निकै लामो सूची तयार हुने हुँदा यहाँ केही प्रमुख कवि-कवयित्रीहरूको नाम मात्र निम्नानुसार अघि सारिएको छ;

ती हुन् :- वानीरा गिरी, दुर्गालाल श्रेष्ठ, चेतन कार्की, केदारमान व्यथित, रत्नशमशेर थापा, मनु ब्राजाकी, क्षेत्रप्रताप अधिकारी, एस्पी कोइराला, चूडामणि देवकोटा, किरण खरेल, सरस्वती शर्मा 'जिज्ञासु', भैरव अर्याल, नवराज लम्साल, सुनिल पुरी, सोमनाथ सुवेदी, ईश्वरी कार्की 'वर्षा', धुस्वां सायमी, उज्ज्वल जि.सी., श्रीपुरुष ढकाल, भीमनिधि तिवारी, कुन्ता शर्मा, पुष्करराज बुढाथोकी 'साउँतेली', दिनेश अधिकारी, भीष्म उप्रेती, द्वारिका श्रेष्ठ, वियोगी बुढाथोकी, राममान 'तृषित', विष्णुविभु घिमिरे, किशोर पहाडी, सानुराजा 'अञ्जान', हेम हमाल, यादव खरेल, मदन रेग्मी, दुबसु क्षेत्री, दिव्य गिरी, कुन्दनकुमार पन्त, भूपिन व्याकुल, रामविक्रम थापा, उपेन्द्र श्रेष्ठ, यादव थपलिया, श्रीबाबु कार्की 'उदास', विजय सुब्बा, पुन्य गौतम 'विश्वास', त्रिविक्रम पाण्डे, विष्णुबहादुर सिंह, रमेश पौडेल, गीता त्रिपाठी, कृष्णभक्त श्रेष्ठ, गीता कार्की, राजेन्द्र थापा, , प्रकाश रम्घाली, उमेश राई, 'अकञ्चन', विप्लव ढकाल, लक्ष्मी उप्रेती, पूर्ण इन्फादा, प्रमोद स्नेही, विनोद अश्रुमाली, रूपक वनवासी, मनु मञ्जिल, सन्तोष शर्मा 'पवन', रमेश क्षितिज, घनश्याम 'परिश्रमी', टंक भट्टराई, ज्ञान उदास, मणिचन्द्र कैदी राना, झमक घिमिरे, विष्णु पौडेल, नर्मदेश्वर प्रधान, बिर्खे अन्जान, कमलराज के.सी., सरस्वती 'प्रतीक्षा', केशव बरुवाल 'पथिक', अम्बिका बिहानी, हेमन्त विवश, ठाकुर बेलवासे, गोपिकृष्ण ढुङ्गाना 'कथित', शंकर शाह, मुरारिप्रसाद सिग्देल, वंशी श्रेष्ठ, रामविक्रम थापा, मोहन दुवाल, हरि 'रहम', भक्तराज न्यौपाने, शशी लुमुम्बू, दामोदर पुडासैनी 'किशोर', विमला तुम्खेवा, रमेश दाहाल, रामहरि बन्जारा, निमेष निखिल, वैरागी काइँला, आलोक असीम, तुलसीहरि कोइराला, मोतीराम भट्ट, गुरुप्रसाद मैनाली, श्रेष्ठ प्रिया 'पत्थर', रश्मि असफल, खगेन्द्र गिरी 'कोपिला', ऋद्धिरमण घिमिरे 'मुक्ति', प्रकट पगेनी 'शिव' आदि ।

माथि उल्लिखित कवि-कवयित्रीहरूमा कतिपयले आफूलाई धारागत विशेषतामा स्थापित गरिसकेका छन् भने केही एक-दुई कविता लेखेर बिलाएर गएका पनि छन् । जीवनका यथार्थ भोगाइलाई टपक्क टिपेर कवितामा उतार्नतर्फ यसबेलाका कवि-कवयित्रीहरूको कलम सशक्त ढङ्गले अगाडि बढेको छ ।

'आमाको सपना' नामक गद्य कविताका सृष्टिकर्ता गोपाल प्रसाद रिमालप्रति वानीरा गिरीद्वारा पूर्णसमर्पित 'सखा ! जून र घाम पनि हौ तिमी' नामक

कवितामार्फत श्रद्धेय कविको (रिमालको) योगदानको कदर गर्दै प्रस्फुटित भावहरू यसरी व्यक्त भएका छन् :

बिन्ती
नढाँटी भन त -

त्यो अक्षरको नाम प्रणयिनी नै हो ?
त्यो अक्षरको नाम आमा नै हो ?

त्यो अक्षरको नाम क्रान्ति नै हो ?
त्यो अक्षरको नाम क्रान्ति मात्र त होहोइन ?
त्यो अक्षरको नाम महाक्रान्ति नै हुनुपर्छ ।

(वर्ष १, नवाङ्क १, पृष्ठ ८, २०६३)

उपर्युक्त पङ्क्तिमा गोपालप्रसाद रिमालले 'आमाको सपना' कवितामा के भन्न खोजेका थिए भन्ने कुरा प्रष्ट्याउने प्रयास गरिएको छ । पूरै कविता पढ्दा रिमाललाई गिरीले आफ्नो अनन्य मित्र स्वरूप 'सखा !' शब्दले सम्बोधन गरी जून र घामको उपमा दिनाले उपमा अलंकार प्रयुक्त तथा शीर्षक सार्थकयुक्त कविता यसलाई मानिन्छ । कवितामा कतै अभिधार्थ वा वाच्यार्थ, कतै लक्ष्यार्थ र कतै व्यञ्जनायुक्त (व्यङ्ग्यार्थ) शब्दशक्तिको प्रवलरूपमा प्रयुक्त भएको पाइन्छ । विभिन्न बिम्ब प्रतीक, अलङ्कारले सुसज्जित यस कविताले सामाजिक विसंगति, विकृति र शोषणको पूर्ण रूपले अन्त्य गर्ने क्रान्तिको उद्घोष गरी जसका लागि आमाको सपना स्वरूप आशीर्वादको पनि अपेक्षा गरेको पाइन्छ । यसरी हेर्दा काव्यको विभिन्न तत्त्वहरू रस, शीर्षक, बिम्ब, प्रतीक, भाव, अलङ्कार आदि वाह्य तथा आन्तरिक तत्त्वको उचित संयोजन आ-आफ्नो स्थानमा भएको पाइन्छ । कवितामा त्यो, अक्षरको, नाम, नै, हो आदि आवृत्तियुक्त शब्दहरूको पुनरावृत्ति भएकोले यमक अलंकारको पनि पर्याप्त प्रयोग भएको देखिन्छ ।

कवयित्री वानीरा गिरीका अनुसार - प्रस्तुत कविता मेरा अति प्रिय र पूज्य कवि गोपालप्रसाद रिमालमा सादर समर्पण गर्दछु । एउटा तथ्य र सारगर्भित कुरो के

छ भने 'शारदा' पत्रिकाको ऐतिहासिकतामा स्रष्टा रिमालको योगदान स्वर्ण अक्षरमा चित्रित भएको पाइन्छ ।[६४] तसर्थ प्रस्तुत कविता रिमालप्रति पूर्ण समर्पित हो भन्ने बलियो आधार यसैलाई मान्न सकिन्छ ।

नेपाल र नेपालीको विशेषता बताउँदै सोझा नेपालीलाई देशद्रोही शत्रुको लहै-लहैमा लागेर नबिग्रन 'आग्रह' गर्दै चेतन कार्की 'होशियार !!!' गीतमार्फत भन्दछन् :

अनेकतामा एकता, अद्वितीय उदाहरण ।
सहिष्णुता र शान्तिको, अतुलनीय उदाहरण ॥
यो वीरभूमि पौरखीको, कर्मभूमि के भयो ?
यो देवभूमि, तपोभूमि, धर्मभूमि के भयो ? ?

यस पुण्यभूमिलाई बनाउने, युद्धभूमि होशियार !
कालचक्र आइरहेछ, घुमी-घुमी होसियार !!

चन्द्र-सूर्य ध्वजले गर्छ यै पुकार, यै पुकार !
नेपाल रहे नेपाली रहन्छौं हामी होसियार !!

(वर्ष १, नवाङ्क १, २०६३, पृ.२३)

माथिको कवितांशमा (गीतांशमा) कवि/गीतकारले देशमा हत्याहिंसा नगर्न र देशमा अशान्ति फैलाउन सोझा जनताको साहरा नलिन देशद्रोहीलाई चेतावनी दिएका छन् भने सोझा र इमान्दार नेपालीलाई आफू कसैको लहै-लहैमा नलागी पहिले आफ्नो नेपालको रक्षा गर तब मात्र तिमी नेपाली रहन्छौ भनी सन्देश दिएका छन् । यस कवितामा शीर्षक सार्थक हुनुका साथै वीर रस प्रधान अनि शब्दशक्तिका विभिन्न प्रकार अविधा, लक्ष्यणा र व्यञ्जना प्रयुक्त उचित स्थानमा भएको पाइन्छ । गीतलाई हेर्दा अन्य तत्त्वहरूमा विभिन्न बिम्ब, प्रतीक, अलंकार आदिको पनि पर्याप्त प्रयोग भएको पाइन्छ ।

---

[६४] 'शारदा' मासिक पत्रिका २०६३ नवाङ्क १, पृष्ठ ८ ।

'शीर्षक भित्रका तान्का' अन्तर्गत कान्ति, बैंस, वियोग, आकर्षण, प्रेम आदि तान्काका उदाहरण प्रस्तुत गर्दै 'बैंस' नामक तान्कामा रत्नशमशेर थापा भन्दछन् :

घुम्रेको देखी
कुकुरको पुच्छर
अल्लारेहरू
हाँस्दैछन् घडी-घडी
बजाउँदै थप्पडी ।

(वर्ष १, नवाङ्क १, पृ. ४७, २०६३)

प्रस्तुत तान्का पाँचहरफे प्रकृतिको तर छोटो, मीठो, फुर्तिलो एक ज्वलन्त उदाहरण हो । यसमा रचनाकारको खुबीले कविताको विभिन्न तत्त्वहरूलाई अंगाल्दै शीर्षकले मूल कुराको सन्देश समेत संकेतात्मक रूपमा ग्रहण गरेको पाइन्छ भने बैंसले अल्लारेहरूलाई कस्तो अवस्थामा पुऱ्याउँछ भनी तीखो व्यञ्जनायुक्त व्यङ्ग्यसमेतको प्रयोग गरेर नेपाली साहित्यलाई माथि उठाउन ठूलो मद्दत पुऱ्याएका छन् ।

मानव भएर कस्तो सद्भाव प्रदर्शन गर्नुपर्दछ भन्ने सन्दर्भमा आफ्नो गहकिलो भाव प्रस्तुत गर्दै मनु ब्राजाकी 'गजल' मार्फत भन्दछन् :

आफूभन्दा ठूलो कतै कसैलाई नदेख्नेले
बादलझैं हुनुपर्छ भुइँमा खुट्टा नटेक्नेले ।

(वर्ष १, नवाङ्क १, पृ.६२, २०६३)

प्रस्तुत गजलको मूल भाव यो हो कि मानव भएर अरूलाई ठूलो ठानेर सम्मान गर्नुपर्दछ । भुइँमा न भाँका भएर हिँड्नेले ठूलो जोखिम उठाउनु पर्छ भनेर रचनाकार त्यस्तालाई 'बादलझैं' हुनुपर्छ भनेर व्यञ्जनायुक्त उपमा अलङ्कार प्रयुक्त भाषाशैलीको प्रयोग गरेर सज्जनवृन्दलाई त्यसो नगरी अनुशासित र मर्यादित भई एकले अर्काको सम्मान गरी संसारमा उत्कृष्ट र विवेकशील प्राणीको रूपमा आफूलाई उभ्याउनसमेत बौद्धिक सन्देश दिन सफल भएका छन् ।

शान्ति र रमाइलो मानवलाई अपरिहार्य छ भन्ने सन्देश दिँदै गीतकार क्षेत्रप्रताप अधिकारी आफ्नो 'शान्ति' नामक गीतमार्फत यसो भन्दछन् :

गुराँस फुल्यो बुकी फुल्यो वनै रमाइलो
फूलहरूमा शान्ति फुल्यो मनै रमाइलो ।

(वर्ष १, नवाङ्क १, पृ. ९४, २०६३)

प्रस्तुत गीत हेर्दा शीर्षक सार्थकता देखिन्छ भने शान्ति, रमाइलो र मानव अस्तित्व एक-अर्काका परिपूरक कुरा हुन् भन्न खोजिएको छ । फूलहरूमा शान्ति भनेर उपमा अलङ्कारयुक्त, श्रृङ्गार र शान्त रसयुक्त भाषाशैलीको प्रयोग हुनुका साथै आफ्नो निश्चित आयामका साथ पद्यात्मकतालाई समेत अंगिकार गर्दै कविताका विभिन्न तत्वलाई अविच्छिन्न रूपमा स्वीकार्दै गति, यति र रतिका साथ वाक्य शब्द र अर्थका तहमा समेत आफ्नै निश्चित महत्त्व बोकेर उक्त गीत प्रस्तुत भएको छ ।

'सात हाइकु' नामक हाइकु प्रस्तुत गर्दै कुन्दनकुमार पन्त सामाजिक विकृतिप्रति यसरी व्यङ्ग्य गर्दछन् :

झूटको खेती
धुर्त्याइँ र फट्याइँ
धेरै टिक्दैन ।

(वर्ष १, नवाङ्क १, पृ. १०९, २०६३)

प्रस्तुत हाइकु जापानबाट शुरू भएको तीन हरफे कविताको छोटो, मीठो र छरितो प्रकृतिको एक ज्वलन्त उदाहरण हो । यसमा रचनाकारले झूटको खेती गर्नेको पापको घडा भरिएर एकदिन अवस्य पोखिन्छ र त्यो लामो समयसम्म टिक्न सक्दैन भनी त्यस्ता प्रवृत्ति भएका व्यक्तिप्रति व्यञ्जनायुक्त तीखो व्यङ्ग्य प्रयोग गर्नुका साथै यस रचना आफ्नो निश्चित आयामकासाथ आफ्नो छुट्टै इतिहास बोकेर पाठक सामु खरो रूपमा उत्रिएको छ ।

हामी नेपालीले 'म' भन्न छोडेर 'हामी' भन्न सिकौँ अर्थात् नेपालमा भएका सम्पूर्ण कुरा र सिङ्गो नेपाल नै सम्पूर्ण नेपालीको साझा फूलबारी हो भन्दै गीतकार किरण खरेल आफ्नो सुन्दर 'गीत' मार्फत भन्दछन् :

यो हाम्रो गीत होला सङ्गीत हाम्रो होला
करोडौँ साजबाज एउटै आवाज होला ।

(वर्ष १, अङ्क २, पृ. २८, २०६३)

प्रस्तुत गीत देशभक्ति भावले ओतप्रोत हुनुका साथै आफ्नो निश्चित आयामका साथ पद्यात्मकता अंगाली अभिधा, लक्ष्यणा र व्यञ्जनायुक्त भाषाशैलीका साथै गति, यति र रति प्रयुक्त रसात्मक रचनाका रूपमा नेपाली साहित्य आकाशमा ज्यादै ओजिलो भएर आफ्नो अस्तित्व जोगाउन सफल भएको छ ।

नारीको मर्म र सामाजिक विकृति औँल्याउँदै सरस्वती शर्मा 'जिज्ञासु' आफ्नो 'वितृष्णा' नामक कवितामा यसो भन्दछिन् :

रक्त देखा इन्द्रेणीले घेरेर
रातो नदी रोएको बेला
मैले आफ्नो सिन्दूर पुछेकी छु ।

त्यसैले,
बन्द छन् आज उल्लासका ढोकाहरू
छाडा र खुला छन् उन्मादका ढोकाहरू
खै, म कसरी गीत गाऊँ उमङ्गको ?

(वर्ष १, अङ्क २, पृ. ३९, २०६३)

प्रस्तुत कविता आफ्नो निश्चित आयामका साथ सिंगारिएर शीर्षक सार्थकताका साथ ऐतिहासिक अस्तित्व कायम गरी नेपाली साहित्याकासमा उदाएको छ । राम्रो गर्नेको जब हत्या गरी रगतको होली खेलिन्छ तब नारी मात्र नभई सबै अस्तित्ववादी तथा मानवतावादीहरू दुःखी हुन्छन् । विशेष गरेर नारी, पत्नी आदिमा वितृष्णा पैदा हुन्छ । त्यस्तो अन्यायप्रेमी संसारमा त्यति बेला खुसी,

उल्लास आदिका ढोकाहरू बन्द हुन्छन् भने नारी शोषण, हत्या, हिंसा, आतंक आदि नराम्रा प्रकृतिका उन्मादरूपी ढोकाहरू सबल रूपमा ह्वाङ्ग खोलिन्छन् । यस कवितामा व्यञ्जनायुक्त व्यङ्ग्यात्मक भाषाशैलीको प्रयोग गरिनुका साथै करुन रस प्रतिपादक विभिन्न बिम्ब, प्रतीक, भाव, अर्थ आदि कवयित्रीद्वारा अविच्छिन्न रूपमा प्रयुक्त भएका छन् ।

सभ्य मानवले नराम्रो कार्यको सिको लिनु तथा त्यसलाई अङ्गिकार गर्नु हुँदैन भन्दै कवि धुस्वाँ सायमी आफ्नो ‘हत्यारा’ कवितामार्फत भन्दछन् :

कोही हत्यारा
भुलेर पनि मित्र बन्न सक्दैन
अवसर पाउनासाथ
हत्याको आतङ्क मच्चाउँछ ।
(वर्ष १, अङ्क ३, पृष्ठ १३, २०६३)

‘हत्यारा’ वा नराम्रो कार्य तथा प्रवृत्तिको प्रतीकका रूपमा प्रयुक्त छ । जुन कार्यलाई हामीले अंगिकार होइन बरू तिरस्कार गर्नुपर्छ भन्ने मूलभाव रहेकाले शीर्षक सार्थकता देखिन्छ । आदतका आधारमा हेर्ने हो भने हत्याराले वा कुकर्मीले मौका पाउनासाथ त्यसको नकारात्मक कार्य गरी प्रतिफल प्राप्त गर्ने हुँदा त्यस्ता खराब प्रवृत्तिका हत्यारा वा व्यक्ति कहिल्यै पनि सज्जनवृद्ध समक्ष मित्रका रूपमा प्रस्तुत हुन सक्दैन र तिनीहरूप्रति विश्वास गर्नु हुँदैन भनी व्यञ्जनायुक्त व्यङ्ग्यार्थ भाषाशैलीको प्रयोग कवितामा गरिएको छ । प्रस्तुत कविता आफ्नो निश्चित आयाम र कवितात्मक अस्तित्वगत प्रवृत्ति तथा प्रकृतिलाई अंगाल्दै भयानक रस प्रतिपादक रूपमा नेपाली साहित्याकासमा कावा खाँदै चम्किएको छ ।

एक अर्काप्रति प्रेम, दया आदि जाहेर गर्नु मानवका निम्ति अपरिहार्य छ भन्दै गजलकार भीमनिधि तिवारी आफ्नो ‘गजल’ मार्फत यसो भन्दछन् :

सात ओटा राष्ट्रभाषा
पढ्न ता निकै पढ्यो
प्रेम-रीत सिकेन जसले
विश्वै सिक्यो ता के सिक्यो ।

(वर्ष १, अङ्क ३, पृ. ३३, २०६३)

प्रस्तुत गजलमार्फत रचनाकारले हामीले विश्वको सबै भाषा र कुरा सिक्यौँ तर प्रेमको तरिका सिकेनौँ भने हामीले वास्तवमा केही सिकेनौँ वा हात लाग्यो शून्य भनेझैँ हामी अशिक्षित, लक्ष्यविहीन र प्रगतिविमुख अवस्थामा नै रहन्छौँ भनी त्यस्ता प्रवृत्तिप्रति तीखो व्यङ्ग्य व्यञ्जनायुक्त भाषाशैलीको उचित तात्त्विक संयोजनद्वारा कुशलताका साथ निकै सबल ढंगमा पद्यात्मकता अंगाली गति, यति, रति प्रयुक्त तथा निश्चित आयाम तथा श्लोकगत प्रकृतिलाई समेत साहित्यिक चतुऱ्याइँका साथ नेपाली साहित्यका क्षेत्रमा उदाहरणीय रूपमा प्रस्तुत गरेका छन् ।

शासक असल भएमा मात्र शासित वा जनताले सुखको स्वास फेर्न पाउँछन्, नत्र जनताले दुःख पाउँछन् भन्दै 'शासक र तर्क' कविता मार्फत कवि दिनेश अधिकारी भन्दछन् :

तपाईंलाई कस्तो लाग्यो उसको तर्क ?
उसको कुरा सुनेपछि
मलाई भने अब यकिन भइसकेको छ -
तर्क, साँच्चै नकच्चरो हुँदोरहेछ !
शासक जस्तै
तर्क, आफैँमा लवस्तरो हुँदोरहेछ !!

(वर्ष १, अङ्क ३, पृ. ६५, २०६३)

प्रस्तुत कवितामार्फत कविले तर्क र शासक नकच्चरो हुन्छ भनी तुलनात्मक प्रमाण पेश गर्नाले शीर्षक सार्थकताका साथै उपमा अलङ्कार प्रयुक्त सामाजिक विकृति तथा विसंगतिप्रति पूर्णरूपले लक्ष्यित व्यञ्जनायुक्त व्यङ्ग्यात्मक भाषाशैलीको प्रयोग गरिनुका साथै विभिन्न प्रतीक, बिम्ब आदिको सहज संयोजन तथा निश्चित आयामभका साथ नेपाली साहित्य क्षेत्रमा दह्रो उपस्थिति जनाई पाठकलाई समाज सुधारक सन्देश दिएका छन् ।

मान्छे कसरी आजकल पतन हुँदै छन् भन्ने सन्दर्भमा राममान 'तृषित' आफ्नो 'भजन' मार्फत यसो भन्दछन् :

मान्छेले पूजा मात्र गरेर ढुङ्गालाई भगवान् बनायो

त्यै भगवान्‌ले न्याय नगर्दा मान्छेलाई वेइमान बनायो ।

(वर्ष १, अङ्क ४, पृ. ४५, २०६४)

प्रस्तुत भजनमार्फत रचनाकारले मानिसले निकै भक्तिभावका साथ भगवान्‌लाई पुज्छ र त्यो अपरिहार्य तथा साश्वत कुरा पनि हो तर भगवान्‌ले पापी मानिसलाई दण्ड र सज्जन तथा धर्मप्रति आस्था अनि विश्वास भएका-लाई पुरस्कार स्वरूप सही फल दिएर न्याय नगरी दिएकाले आज अन्यायीहरू ( पापीहरू) तेरो भगवान्‌ले के गर्न सक्छ ? भन्ने जस्ता कुकर्म गरी झन-झन वेइमान भएका छन् भनी पद्यात्मक शैलीमा सन्देश दिएका छन् । यसमा व्यञ्जनायुक्त व्यङ्ग्यात्मक भाषाशैली, ढुङ्गा, भगवान् आदि प्रतीक तथा न्याय, वेइमान आदि बिम्बहरूको उचित संयोजन हुनुका साथै निश्चित आयामका साथ गति, यति र रतिको समुचित प्रयोग भई नेपाली साहित्यको क्षेत्रमा काम लाग्ने आवश्यक पृष्ठपोषणले भरिपूर्ण सामग्री प्रस्तुत गरिएको छ ।

मन र दिमागको आ-आफ्नै महत्त्व दर्शाउँदै कवि विष्णुविभु घिमिरे 'मनलाई कहिल्यै दिमागमा नसार !' कवितामार्फत यसो भन्दछन् :

मन दिमागमा सरेपछि
संवेदनाको इन्द्रेणी हराउँछ
भावनाको वसन्त ओइलाउँछ
कल्पनाका तरङ्ग धर्मराउँछ ।
बुझ्यौ यस बेला
मान्छे र मरुभूमि उस्तै हुन्छ ।

(वर्ष १, अङ्क ४, पृ. ४६, २०६३)

प्रस्तुत कविता मार्फत कविले मनलाई दिमागमा स्थानान्तरण गर्नु ठूलो भुल हुनेछ जसले मानवमा नकारात्मकरूपी भूकम्प ल्याउँछ भनी संकेत गरेका छन् । जसले मन र दिमाग सम्बन्धित प्रस्तुत शीर्षक सार्थकता हुनुका साथै त्यस्तो उल्टो कार्य गर्ने व्यक्तिप्रति व्यञ्जनायुक्त व्यङ्ग्यात्मक भाषाशैलीको प्रयोग गरी मन, मरुभूमि, मान्छे, दिमाग, कल्पना आदि बिम्ब, प्रतीक, उपमा तथा रूपक अलङ्कार प्रयुक्त रचनाका रूपमा नेपाली साहित्यलाई टेवा पुऱ्याएको छ । निश्चित

आयामका साथ उपस्थित यस कविताले मनको र दिमागको आ-आफ्नै सहअस्तित्व भएकाले तिनलाई लोप गराउनु वा अवरोध पुऱ्याउनु भनेको मान्छेले आफ्नै काल निम्त्याउनु हो अर्थात् प्रत्येक वस्तु, कुरा वा कार्यको आ-आफ्नै महत्त्व हुन्छ तिनको उचित समयमा उचित तरिकाले पूर्ण उपयोग गर्नुपर्छ भन्ने सन्देश पनि दिएको छ ।

दुःख भए पनि जीवनमा सङ्घर्ष गरेर बाँच्न सक्नु वा दुःखमा मान्छेको बँचाइ आफैँमा गर्भको कुरा हो भन्दै गीतकार रत्नशमशेर थापा आफ्नो 'गीत' मार्फत यसो भन्दछन् :

परेलीभित्रै लुकाई आँसु, म त हाँस्नेछु
जति नै दुखे पनि यो मुटु, म त बाँच्ने छु ।
(वर्ष १, अङ्क ५, पृ. २७, २०६४)

प्रस्तुत गीतमार्फत रचनाकारले आफू जतिसुकै दुःख सहेर पनि आँसुलाई हाँसोमा परिणत गरी बाँच्नेछु भनी जीवनलाई निरअर्थक बँचाइ भनेर त्यसै खेर फाल्न चाहने र हिम्मत हार्नेहरूप्रति लक्ष्यित गरी तिनलाई त्यसो नगर्न सन्देश दिएका छन् । पद्यात्मक तथा व्यञ्जनात्मक व्यङ्ग्ययुक्त भाषाशैलीको प्रयोग गरिनुका साथै परेली, आँसु, मुटु आदि बिम्ब तथा प्रतीकहरूको प्रयोगका संयोजनले गति, यति, रतिको उचित प्रयुक्त भई निश्चित आयाम र श्लोकले सुसज्जित रूपक अलङ्कार प्रयुक्त वीर र हाँस्य रस प्रधान भई उक्त गीत नेपाली साहित्यको क्षेत्रमा सबल साहित्यिक हतियारको रूपमा पूर्ण अस्तित्वकासाथ उभिन सफल भएको छ ।

युवती र स्ट्रवेरीको तुलना गर्दै सामाजिक विसंगति र विकृति स्वरूप जन्मिएको कुदृष्टिप्रति तीखो, व्यङ्ग्य प्रहार गर्दै श्रीबाबु कार्की 'उदास' आफ्नो 'युवती र स्ट्रवेरी' कवितामार्फत भन्दछन् :

सडक पेटीमा
स्ट्रवेरी बेचिरहेकी युवती
र, बिक्रीमा राखेको स्ट्रवेरी
दुवै उस्तै

लाल-लाल !

तर, के थाहा युवतीलाई ?
डालोको स्ट्रवेरीसँगै
आफू बेचिइरहेकी छु ।

(वर्ष १, अङ्क ६, पृ. ४०, २०६४)

प्रस्तुत कवितामार्फत कविले समाजमा रहेका हरेक नारीलाई पुरुषले ससम्मान स्वरूप उचित व्यवहार गर्नुपर्दछ भन्ने सन्देश दिएका छन् । समाज आधुनिक युगमा प्रवेश गरी सक्दा पनि पुरुषको दृष्टिकोण नारीप्रति हेय र शोषणको प्रतीकका रूपमा गिद्देदृष्टि स्वरूपमा प्रकट हुनु साह्रै लाजमर्दो कुरा हो भनी त्यस्ता प्रवृत्तिप्रति रचनाकारले तीखो व्यङ्ग्य प्रहार गरेका छन् । युवती स्ट्रेवेरी सँगै बेचिएकी युवतीले नै थाहा नपाउनु र दुवै लाल-लाल वा गुलावी रङ्गका हुनु जस्ता कुरा प्रयोग गरेर रचनाकारले शीर्षक सार्थक तुल्याउनुका साथै उत्कृष्ट प्रतीक, बिम्ब, उपमा अलंकार र व्यञ्जनायुक्त भाषाशैलीको प्रयोग गरी श्रृङ्गार रसपान पनि व्यङ्ग्यात्मक तरिकाले गराएका छन् ।

छुवाछुत र जातीय विभेद गर्नु ठीक होइन भन्दै दीपक वि.क. ‘प्रविष्ट’ आफ्नो ‘गजल’ मार्फत भन्दछन् :

कसरी अछुत भएँ सर्वस्व चीज उस्तै छ
मैले उपभोग गर्ने पानी र भातमा के छ ?

(वर्ष १, अङ्क ६, पृ. ७७, २०६४)

प्रस्तुत ‘गजल’ मार्फत रचनाकार जात ठूलो वा सानो जुन भए पनि त्यसमा फरक पर्दैन किनभने सबैले प्रयोग गर्ने पानी र भात एउटै हो अर्थात् जीवनयापन गर्न प्रयोग गरिने वस्तु र जीवनयापन शैली समान छन् भन्ने सन्देश आफ्नो व्यञ्जनायुक्त भाषाशैलीमार्फत खुलेर नै प्रस्तुत गर्दछन् ।

जन्ममृत्युको चक्करमा फसेको मानव सानो वा ठूलो जात भनेर घमण्ड गरी सानोले ठूलोलाई वा ठूलोले सानोलाई हेयको दृष्टिले हेरी व्यवहार गर्नु ठूलो भूल हुने हुनाले सामाजिक सुधार गर्न पनि एक-अर्कामा मानवीय व्यवहारको आदान-प्रदान गरी विश्वको सर्वश्रेष्ठ प्राणी हुनुको उच्च गर्भका साथ ज्वलन्त नमूना प्रस्तुत गर्नु नै आजको प्रमुख आवश्यकता रहेको कुरा सर्वविदितै छ भन्ने मार्गदर्शन यसले गराएको छ ।

आफन्तको मृत्युरूपी वियोगले मानिसलाई कतिसम्म सताउँछ भन्ने सन्दर्भमा कवि सोमनाथ सुवेदी आफ्नो कविता 'हजुरबाको चिता' मार्फत् यसो भन्दछन् :

चितामा जलेपछि हजुरबा,<br>
हजुरबाको काख पनि जल्यो<br>
मेरा निम्ति<br>
आशिर्वादमा उठ्ने<br>
हजुरबाको हात पनि जल्यो ।

(वर्ष १, अङ्क ७, पृ. २५, २०६४)

प्रस्तुत कवितामार्फत् कविले आफ्नो हजुरबाको चितासँगै आफ्ना लागि सधैं समर्पित काख, हात र आफूले ढोग गर्ने पाउ आदि लगायत सर्वाङ्ग जलेकाले आफू साह्रै दुःखमा पीरल्लिएको कुरा व्यक्त गर्दै मानवले बाँचुन्जेलसम्म आफ्नालाई सम्पूर्ण कार्यले खुसी तुल्याई सन्तुष्ट तथा परिपूर्ण बनाउनुपर्छ नत्र 'मरेको बालाई केरा खा' भनेझैं हाँस्यास्पद उखान सार्थक हुन्छ भनी आफ्नालाई समयमै सेवा सत्कार गरी मौकाको फाइदा उठाई आफ्नो कर्तव्यको पूर्ण रूपले पालना गरी माया ममताको खानी स्वरूप ज्वलन्त उदाहरण दिन व्यञ्जनात्मक/व्यङ्ग्यात्मक भाषाशैलीको प्रयोग गरी विभिन्न बिम्ब प्रतीक, रूपक अलङ्कार आदि समेतको उचित संयोजन गरी उत्कृष्ट सन्देश सम्प्रेषण गरेका छन् ।

मानिसले जिन्दगीलाई कसरी निरर्थक तुल्याएर बर्वाद गरिरहेछ भन्ने सन्दर्भमा रचयिता झमक घिमिरे आफ्नो कविता 'जन्मोत्सव' मार्फत् भन्दछिन् :

उसले दिन फटाएको छ

रात फटाएको छ
सिङ्गो जिन्दगी फटाएको छ
समय फटाएको छ
अर्थात् पात्रोभित्रको पात्र स्वयम् फाटेको छ ।

(वर्ष १, अङ्क ८, पृ. ७४, २०६४)

प्रस्तुत कवितामार्फत साहित्यकारले 'पात्रोभित्रको पात्र स्वयम् फाटेको छ' भन्ने उत्कृष्ट व्यङ्ग्यरूपी व्यञ्जनायुक्त भाषाशैलीको प्रयोग गरी सामाजिक विकृति तथा विसंगतिरूपी मानवीय प्रवृत्तिलाई औंल्याउँदै मानवले आफ्नो अमूल्य जीवन त्यसै खेर फालिरहेको छ भन्दै त्यसो नगर्न आग्रह गर्दै उपमा र रूपक अलङ्कार, विभिन्न बिम्ब, प्रतीक तथा अन्त्यानुप्राश आदिको उचित संयोजन गरी उत्कृष्ट अनि समाज सुधारकरूपी तेजस्वी सन्देश प्रदान गरेकी छिन् ।

मानिसले प्रगति गरेर आफैं कर्मठ बनी बाहु बलले भाग्यरेखा कोर्नुपर्छ र आफ्नो भाग्य आफैंले बनाउनुपर्छ भन्दै गीतकार कमलराज के.सी. आफ्नो गीत 'मेरो भाग्य' मार्फत भन्दछन् :

आफ्नो भाग्य आफैं लेख्छु, मेरो भाग्यदाता छैन
बेदनाले रुझे पनि ओत लाग्ने छाता छैन ।

(वर्ष १, अङ्क ९, पृ. ३०, २०६४)

प्रस्तुत गीतमार्फत गीतकार के.सी. ले भाग्य आफैं बनाउनुपर्छ दुःख/पीडा सहेर पनि परिश्रम गर्नुपर्छ किनभने दुःखमा कसैले ओत वा सहारा दिँदैन भन्दै सामाजिक विकृतिप्रति तीखो व्यङ्ग्यात्मक, व्यञ्जनायुक्त, पद्यात्मक, अन्त्यानुप्राशयुक्त, उपमा र रूपक अलंकार प्रयुक्त तथा गति, यति र रतिको उचित संयोन गरी रसात्मक श्लोक प्रयुक्त विभिन्न बिम्ब, प्रतीक आदिको मीठो संयोजनद्वारा यथार्थरूपी समस्या निरूपण स्वरूप उच्चकोटिको सन्देश प्रदान गरेका छन् ।

मानिसले आफ्नो कर्तव्य भुलेर हिंस्रक तथा ज्यादै निकृष्ट अश्लील चरित्रसमेत प्रदर्शन गरिरहेका सन्दर्भमा ती सामाजिक नराम्रा कीराप्रति तीखो व्यङ्ग्य प्रहार

गर्दै कवि मोहन दुवाल आफ्नो कविता 'चन्द्रौटा, हारमा मन नलुकाऊ !' मार्फत यसो भन्दछन् :

बाघ-भालुभन्दा हिंस्रक हुँदा रहेछन्
विवेक हराएका नकच्चरा मान्छेहरू
चन्द्रौटा, आज मात्र तिमीले देख्यौ
मनुष्यता हराएका नृशंस हुँडारजस्ता मान्छेहरू !
(वर्ष १, अङ्क १०, पृ. ३३, २०६४)

प्रस्तुत कवितामार्फत कविले कुप्रवृत्तिलाई उदाङ्ग पारेर हेरेपछि त्यस्ता सामाजिक विसंगतिरूपी कीराको विरूद्ध सभ्य मानवले टाउको उठाएर तथा छाती फुलाएर लड्नुपर्छ तर हारेर मन लुकाउनु हुँदैन अर्थात् मन मार्नु हुँदैन भन्ने सन्देश व्यङ्ग्यात्मक, व्यञ्जनायुक्त, उपमा अलंकार प्रयुक्त तथा विभिन्न बिम्ब, प्रतिक आदिको उचित संयोजित रसात्मक भाषा शैलीद्वारा प्रस्तुत गरेका छन् ।

आजको आधुनिक युगमा पनि मानिस असभ्य र अशिक्षितजस्तै अबुझरूपी ढोंगी बनेर क्रुरता तथा हिंस्रकताको पराकाष्ठा नाघेर मौकामा चौका हान्दै एकले अर्काको निर्ममतापूर्वक हत्या गर्दैछ भन्दै त्यस्ता सामाजिक विकृतिप्रति तीखो व्यङ्ग्य प्रहार गर्दै कवि वैरागी काइँला आफ्नो कविता 'शरणार्थी विचार र मालीगाउँमा चितुवा' मार्फत भन्दछन् :

न त म सुराकी हुँ
न त म आतङ्कवादी
न त म पत्रकार कृष्ण सेन हुँ, न वीरेन्द्र शाह ।
(वर्ष १, अङ्क ११, पृ. १३, २०६४)

प्रस्तुत कविताको शीर्षक हेर्दा अभिधार्थ/वाच्यार्थ जस्तो लागे पनि वास्तवमा व्यङ्ग्यार्थ तथा व्यञ्जनायुक्त रूपमा नै प्रयुक्त भएको छ । सामान्य मानिसले केही विराम नगरे पनि आतंकवादको शिकार हुनु परेको वास्तविक तथ्यलाई सामाजिक यथार्थमा उजागर गर्दै कविले त्यस्ता विकृति र विसंगतिजन्य प्रवृत्तिप्रति सजक रहन र आत्मरक्षा गर्नको लागि मूल सन्देश विभिन्न बिम्ब, प्रतीक, रस आदिको

उचित संयोजन गरी आदि (सुरु) अनुप्राशयुक्त, यमक र उपमा अलङ्कारयुक्त भाषाशैलीद्वारा सहज ढंगमा प्रस्तुत गरेका छन् ।

युवा-युवतीले एक-अर्कामा कसरी प्रेमको खेल खेल्ने वा सफल प्रेमी-प्रेमिका बन्ने भन्ने सन्दर्भमा गजलकार मोतीराम भट्ट आफ्नो 'गजल' मार्फत भन्दछन् :-

हुकुम हुन्छ तिम्रो त हाजिर छदैछू
विना मर्जि आँट गर्न लायक् कहाँ छू ॥ २ ॥

*(वर्ष १, विशेषाङ्क १२, पृ. ६, २०६४)*

श्रृङ्गारिक धाराका प्रवर्तक कवि/गजलकार मोतीराम भट्टले यस गजलमा श्रृङ्गार रसको पूर्णरूपले रसामृत पान गराएका छन् । पद्यात्मक तथा व्यञ्जनात्मक अन्त्यानुप्राशी भाषाशैलीको सहज प्रयोग विभिन्न बिम्ब, प्रतीक आदिको समुचित उपयोगका साथै गति, यति र रतिको उचित संयोजनले नारीले पूर्ण स्वीकृति दिएमा मात्र नारी -पुरुषको प्रेम सफल हुन्छ भन्ने जस्ता सामाजिक यथार्थपरक श्रृङ्गारिक शैलीको ज्वलन्त उदाहरण स्वरूप गजलकारले समय सापेक्ष सन्देश दिएका छन् । मोतीराम भट्ट गजलका प्रमुख व्यक्तित्वको रूपमा पनि चिनिन्छन् ।

प्रेमीकाले धोका दिएकी सन्देश स्वरूप गजलकार गुरुप्रसाद मैनाली आफ्नो 'गजल' मार्फत भन्दछन् :

हाँस्दछन् सारा जगत् रुने फगत यौटा म छू
पापिनी हेर्छ्यौ तमासा तिम्रो लीला यस्तै नै भो ।

(वर्ष १, विशेषाङ्क १२, पृ. ७, २०६४)

प्रस्तुत गजलमा गजलकारले सामाजिक विकृतिको रूपमा प्रेमीकाले प्रेमीलाई धोका दिएर शत्रु हँसाउने र प्रेमीलाई रुवाउने जस्ता लीला रचाउने निकृष्ट प्रेमीकाहरूलाई व्यङ्ग्य प्रहार स्वरूप व्यञ्जनायुक्त पद्यात्मक भाषाशैली तथा विभिन्न बिम्ब, प्रतीक आदिको समुचित उपयोग गरी रसात्मक काव्य श्लोकमार्फत सामाजिक यथार्थपरक उत्कृष्ट सन्देश दिएका छन् । गजलमा उपमा र रूपक अलङ्कारको साथमा गति, यति र रतिको समेत उचित संयोजन पाइन्छ ।

समग्रमा हेर्दा 'शारदा' मा प्रकाशित कविताहरू एकसे-एक ओजपूर्ण, समय सान्दर्भिक र उच्चकोटिका बहुमूल्य साहित्यिक रत्नका रूपमा प्रस्तुत छ भने कतै प्रयोगवादी दुरूहताको अवशेष त कतै स्वच्छन्दवादी भावुकता र काल्पनिक उच्च उडान पनि देख्न सकिन्छ । कविता विधाकैरूपमा रहने वा कविता विधाका सहयोगी/सहायक रचनाका रूपमा चिनिने मुक्तक, गजल, गीत, भजन, तान्का, हाइकु आदिले पनि 'शारदा' मा प्रशस्त मात्रामा खेली रमाउन पाएका छन् । 'शारदा' को इतिहासलाई हेर्दा यस पत्रिकाको स्थापना कालदेखि हालसम्म यस्ता सरस रचनातर्फ सामान्यदेखि उत्कृष्ट साहित्यकारको समेत रुचि बढ्नुको प्रमुख कारण चाहिँ जीवन यात्राका आरोह अवरोहहरूलाई छोटो, मीठो र तीखो पारामा अभिव्यक्ति दिन सक्ने भएको हुँदा पाठक समेतले यस्ता विधा वा रचनाहरू खोजी-खोजी पढ्नुलाई नै मानिएको छ । जे जसो भए तापनि 'शारदा' मा प्रकाशित अधिकांश कविताहरूले पाठक/जनताकै पक्षमा, शान्तिकै पक्षमा आवाज उठाएका छन् र समाज सापेक्ष साहित्यको निर्माणमा ठूलो भूमिका निर्वाह गरेका छन् । यसमा प्रकाशित सम्पूर्ण कविताहरूको विश्लेषण र उचित मूल्याङ्कनको दायित्व पाठकवर्ग तथा भविष्यमाथि छाड्दै उत्कृष्टताको नमूनाका लागि मात्र दुई चार पङ्क्तिलाई माथि उद्धृत गरिएको हो ।

### ५.१.२ 'शारदा' पत्रिकामा प्रकाशित कथाहरूको अध्ययन :

'कथा' शब्द संस्कृत स्रोतबाट नेपाली भाषामा चलेको तत्सम शब्द हो । 'कथा' शब्दको व्युत्पत्ति कथन अर्थात् अभिशंसन अर्थ बहन गर्ने 'कथ्' धातुमा 'अच्' पत्यय लागेर 'कथ्' बनेपछि 'चिति', 'पूजि', 'कुम्बि', 'चर्चि', 'चेति', टाप प्रत्यय लागेर 'टाप्' को आ आएपछि कथ्अंआ 'कथा' शब्दको उत्पत्ति भएको पाइन्छ ।[६५] यस शब्दको शाब्दिक अर्थ कुनै कुराको कथन वा कुनै कुरा भन्ने काम हो भन्ने स्पष्ट हुन्छ ।

भाषाका लेख्यरूप प्रचलन हुनुभन्दा अगाडि मानव-समाजमा कथ्यरूपमा कथा भन्ने र सुन्ने परम्परा बसिसकेको थियो भन्ने तर्क पनि यस शब्दको उक्त अर्थले बुझाउँछ तर अहिले साहित्यिक आख्यानात्मक रूप विधाको रूपमा प्रसिद्ध रहेको

[६५] राजेन्द्र सुवेदी, (सम्पा.) स्नातकोत्तर नेपाली कथा, (काठमाडौँ, साझा प्रकाशन, २०५१) पृ.१ ।

कथाले कथ्य श्रव्य कथा वा लोककथालाई मात्र नबुझाई लेख्य-पाठ्य साहित्यिक कथालाई बुझाउँछ ।[६६]

कथा भनेको गद्यमा लेखिएको आख्यानयुक्त प्रबन्ध-काव्यको यथासक्य छोटो रूप हो ।[६७]

कथा साहित्यको एक प्रमुख आख्यान विधाअन्तर्गत पर्दछ । यसलाई कलाको एक प्रशाखाका रूपमा लिने गरिन्छ । छोटकरी रूपमा यसलाई पनि एउटा कला मान्न सकिन्छ । कथाको अध्ययन गर्ने क्रममा यसको जन्म तथा उत्पत्ति कहिले भयो होला भन्ने जिज्ञासा हुनु स्वभाविकै हो । यसको उत्तरमा प्रमाणित रूप फेला नभए पनि अनुमान तथा तर्कका आधारमा केही भन्न चाहिँ अवश्य सकिन्छ ।

दुई अक्षर मिलेर बनेको ‘कथा’ शब्द मात्रले पनि श्रोता वा पाठकले आफूलाई एक किसिमको सन्तुष्टि र आनन्दानुभूति दिने कुराको अनुभूति गर्न थाल्दछ । यो कथा भन्ने वा कथा हाल्ने चलन परापूर्व कालदेखि चलिआएको हो । सृष्टिको आदिम प्रहरमा जुनदिन प्रथम पटक आफ्नो जङ्गली अवस्थामा घटेका घटनालाई मानिसले आफ्नो समूहमा प्रस्तुत गरी समूहको अन्य सदस्यलाई समेत अवगत गरायो । यसै दिनदेखि मानव समाजमा आख्यान परम्पराको ढोका उघ्रियो ।[६८]

कथा मानव जीवनमा घट्ने र घटिसकेका यथार्थ वा सम्भाव्य घटनाहरूको यथार्थमा आधारित वर्णन हुनाले यसलाई मानव जीवन जत्तिकै प्राचीन साहित्यिक विधा मानिन्छ । यसरी कथाको जन्म मानवको जन्म र भाषाको उत्पत्तिका साथसाथै भएको हो भन्न सकिन्छ । प्राणी जगत्को प्रारम्भिक प्रहरदेखि नै मान्छेले निजी संवेदना, संवेग र अनुभूतिहरू, उत्कण्ठा र उमङ्गहरू आफ्ना परिवार

---

[६६] महादेव अवस्थी, (सम्पा.) नेपाली कथा भाग २, (काठमाडौँ साझा प्रकाशन २०४५) पृ. ४ ।

[६७] बासुदेव त्रिपाठी, (सम्पा.) वृहत् नेपाली शब्दकोष, (ने.रा.प्र.प्र. २०४०), पृ. १९१ ।

[६८] घनश्याम नेपाल, ‘अख्यानका कुरा’ - (सिलगढी नेपाल, नेपाली साहित्य प्रकाशन समिति सन् १९८३) पृ.१ ।

व्यक्तित्वमाथि अभिव्यक्त हुँदै आएका आख्यानलाई कथा नामले सम्बोधन गर्ने गरियो ।[६९]

अब विभिन्न कथा सम्बन्धी परिभाषाहरू तल प्रस्तुत गरिन्छ :-

(क) अग्निपुराण : आख्यायिका, कथा, परिकथा, खण्डकथा अनि कथालिका जस्ता कथाका ५ भेद हुन्छन् । भाषा र कथायिकाका आधारमा नभएर वस्तु ग्रहण र त्यसको विन्यासका साथै कथ्य चलनका आधारमा ग्रहण र त्यसको विन्यासका साथै कथ्य चलनका आधारमा व्याख्या गर्नु समुचित कार्य ठहर्छ ।[७०]

(ख) एड्गर एलेन पो (ई. १८०३-४९) : कथा एउटा यस्तो आख्यान हो जुन छोटो हुनाको कारणले एकै बसाइमा पढ्न सकिन्छ, यसले प्रभावको ऐक्य कायम गरेको हुन्छ, त्यस ऐक्यमा बाधा दिने प्रसङ्गहरू यसमा पूर्णरूपले निषेधित हुन्छन् तापनि यो स्वतः पूर्ण हुन्छ ।[७१]

(ग) सेजविक : कथा एउटा घोडदौड हो । (कथामा घोडाको दौडमा जस्तै शुरूवात तथा अन्त्य आकर्षक र प्रभावकारी हुनु पर्दछ ।)[७२]

(घ) एच्.जी. वेल्स - बीस मिनेटमा पढिसकिने कुनै एक संक्षिप्त आख्यान लघुकथा हो ।[७३]

(ङ) हड्सन - एक बसाइमै सजिलैसित पढिसकिने 'कथा' लघुकथा हो ।[७४]

---

[६९] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ.१ ।

[७०] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ.९ ।

[७१] ईश्वरीप्रसाद गैरे, आधुनिक नेपाली आख्यान - २०६३, क्षितिज प्रकाशन, पृ. ४ ।

[७२] ऐजन, पृ. ५ ।

[७३] ऐजन, पृ. ६ ।

[७४] ऐजन ।

(च) लक्ष्मीप्रसाद देवकोटा - छोटा किस्सा (कथा) एउटा सानो आँखीझ्याल हो जहाँबाट एउटा सानो संसार चियाइन्छ । थोरैमा मीठो र भरिलो हुनु छोटो किस्साको बानी हो । .... यो पनि एउटा संसार हो र महान् संसार हो ।[७५]

समग्रमा माथिको परिभाषा हेर्दा हालको आधुनिक कथाको परिभाषा पूर्वबाट नभएर पश्चिमबाट नै उदाएको हो । एड्गर एलेन पोले दिएको कथाको परिभाषा नै आजको आधुनिक कथाको सर्वमान्य सिद्धान्त वा परिभाषा मानिएको छ । माथिका परिभाषालाई नियाल्दा निश्कर्षमा कथाका विषयमा निम्न मान्यताहरू रहेका छन् :-

(क) गद्यमयता : कथा एउटा गद्यमा लेखिने कला हो । यो पद्यमा लेख्न सकिँदैन ।

(ख) कथात्मकता : कथाभित्र कथात्मकता हुनुपर्दछ । आधुनिक कथामा कथात्मकता पातलो रूपमा रहेको कपाइन्छ तापनि कथात्मकता प्रत्येक कथाभित्र रहेकै हुन्छ । गुरुप्रसाद मैनालीका कथामा कथात्मकता सघन रूपमा पाइन्छ भने वि.पि. कोइरालाको मनोविश्लेषणात्मक कथामा कथात्मकता क्षीण वा पातलो रूपमा पाइन्छ ।

(ग) मूल्य : कथामा निश्चित रूपमा कुनै न कुने मूल्य हुन्छ । मूल्य भन्नु कथाकारले पोखेको अनुभूति वा विचार हो । कथाको मूल्यलाई कथाको आत्मा वा प्राण भनिन्छ । त्यसैले कथा हुनाको निमित्त मूल्य आवश्यक छ ।

(घ) संरचना : कथा निश्चित संरचनामा आवद्ध भएको हुन्छ ।

यसरी निष्कर्षमा हेर्दा निश्चित प्रकारको संरचनामा आवद्ध कलात्मक र मूल्य भएको संक्षिप्त गद्य रचना कथा हो ।

कथाका तत्त्वलाई हेर्दा विद्वान्हरूमा एकमत भएको पाइँदैन तापनि माथिका परिभाषा र अन्य तत्त्वहरूलाई हेर्दा सर्वमान्य तत्त्वहरू निम्न छन् :

(क) कथावस्तु : कथावस्तु कथाको महत्त्वपूर्ण तत्व हो । कथाको आधार स्तम्भ मानिने कथावस्तुलाई कथाभित्र भएका घटनावलीको योजना वा ढाँचाको

[७५] ऐजन ।

रूपमा कथानक वा कथावस्तुको रूपमा लिइन्छ । कथाभित्र कथावस्तु कुनै न कुनै रूपमा (सघन र पातलो वा क्षीण) रहेको हुन्छ ।

(ख) कथोपकथन : कथोपकन कथामा कथावस्तुलाई अगाडि बढाउन, वातावरणलाई बुझाउन र पात्रलाई सजीव तुल्याउन आएको हुन्छ ।

(ग) पात्र वा चरित्र-चित्रण : कथामा कथावस्तुका साथसाथै पात्रको सिर्जना गरिन्छ । वातावरण र पात्रका बीचमा क्रिया प्रतिक्रिया भइरहन्छ । सङ्केतको स्थितिमा पात्रलाई राख्ने र त्यसको प्रतिक्रिया स्वरूप पात्रको गतिविधि तयार पार्ने काम कथामा भएको हुन्छ । कथोपकथनका निमित्त पात्र आवश्यक हुन्छन् र पात्रविना कथोपकथन हुनु सम्भव छैन ।

(घ) देश, काल र परिस्थिति : कथामा देश, काल र परिस्थिति रहेको हुन्छ । कुनै कथा पढिसकेपछि त्यसबाट पाठकले कुनै देश वा समाजको संस्कृति, जीवनदर्शन, परिस्थिति आदिको ज्ञान प्राप्त गर्दछ । कथाभित्र सामाजिक चित्रण भएको हुन्छ । कथा एउटा समाजसापेक्ष विधा भएकोले समाजका मूल्य र आदर्शलाई बोकेर आएको हुन्छ ।

(ङ) भाषाशैली : कथाको भाषाशैली कथावस्तुसँगै सम्बद्ध हुन्छ । कुनै पनि घटनालाई कथावस्तुको रूप दिन त्यसमा भाषाशैलीको आवश्यकता पर्दछ । चित्रकलामा दुरान्तर मिलाएझैँ कथामा पनि त्यो प्रविधिको प्रयोग गर्नुपर्दछ । भाषामा अधिकार प्राप्त गर्न सकेको कथाकारले मात्र राम्रो कथाको रचना गर्न सक्दछ । भाषा अभिव्यक्तिशाली हुनुपर्दछ ।

(च) उद्देश्य : कथा लेख्दा कथाकारले आफ्ना विचार वा अनुभूति पोखेको हुन्छ र त्यसबाट पाठकसँग सम्बन्ध स्थापित गर्दछ । हरेक कथामा कुनै न कुनै सन्देश अन्तर्निहित रहेको हुन्छ । त्यति मात्र होइन कथाबाट पाठकले कुनै न कुनै विचार प्राप्त गर्दछ । कथामा कुनै क्षणको प्रस्तुति, कुनै एउटा सत्यको उद्घाटन, कुनै समाजको सामाजिक मूल्यलाई व्यक्त गर्नु जस्तो उद्देश्य कथाकारले लिएको हुन्छ । उद्देश्यहीन कथावस्तुको निर्माणले केही उपलब्धि हासिल गर्न सक्दैन र त्यो कथा सारहीन र नीरस

हुन्छ । कथावस्तुमा रहने उद्देश्यले कथाका पात्रलाई सजीव र यथार्थ तुल्याएको हुन्छ ।

यसरी कथाका तत्त्वहरूको योग आनुपातिक ढङ्गले गरेर मात्र कथा रचना हुने हुनाले कथा एउटा यौगिक रचना हो ।

नेपाली कथाको ऐतिहासिक विकासक्रम हेर्दा वि.सं. १८२७, शक्तिवल्लभ अर्यालको 'महाभारत विराट पर्व' (अनूदित कृति) बाट प्राथमिककाल शुरू भएको मानिन्छ । यसरी हेर्दा काल विभाजन निम्न छन् :-

१. प्रारम्भिककाल : १८२७ - १९५७
२. माध्यमिककाल : १९५८ - १९९१
३. आधुनिककाल : १९९२ - हालसम्म ।[७६]

यसरी हेर्दा 'शारदा' पत्रिकाले कथाको माध्यमिककालको अन्तिम क्षणमा वा वि.सं. १९९१ मा प्रकाशित भएर नेपाली साहित्यलाई ठूलो योगदान दिएको छ । 'कथा' मानव सभ्यता जतिकै पुरानो साहित्यिक विधा मानिन्छ अर्थात् आदिकालदेखि नै कथाप्रति मानिसको मोह र रुचि हुनाको कारण यो त्यस समयदेखि नै प्रचलनमा आएको हो । यस्तो महत्त्वपूर्ण साहित्यिक विधालाई पाठक समक्ष पुऱ्याउन पत्रपत्रिकाले ठूलो भूमिका निभाएका छन् भने त्यसमा पनि 'शारदा' पत्रिकाले वि.पि. को 'चन्द्रवदन' जस्ता कथा प्रकाशन आफ्नो स्थापना काल वा वि.सं. १९९२ मा गऱ्यो भने पुनः प्रकाशन वि.सं. २०६३ ले रमेश विकल लगायत विभिन्न साहित्यकारको लगभग ५० वटा कथा नवाङ्क १ देखि विशेषाङ्क १२ का अङ्कमा प्रकाशन गरी नेपाली साहित्यको क्षेत्रमा अमूल्य गुण लगाउन सफल भएको छ ।

'शारदा' पत्रिकाले नेपाली कथा साहित्यमा ठोस योगदान दिइसकेका ख्यातिप्राप्त प्रमुख कथाकारहरू र ठोस योगदान दिने तरखरमा लागेका नवोदित तथा साधनारत दुवैखाले कथाकारहरूलाई समान रूपले स्थान दिएको छ । 'शारदा' मा आफ्ना कथाहरू प्रकाशित गराएर साहित्यिक सेवामा टेवा पुऱ्याउने प्रमुख केही कथाकारहरूमा - रमेश विकल, भाउपन्थी, परशुप्रधान, गोरखबहादुर सिंह, माया

---

[७६] ऐजन, पृ. ४१/४३ ।

ठकुरी, रमेश क्षितिज, बेन्जु शर्मा, नीलम कार्की, 'निहारिका', तुलसीहरि कोइराला, नयनराज पाण्डे, ध्रुब सापकोटा, विजय चालिसे, गीता केशरी, विवश पोखरेल, इल्या भट्टराई, सुस्मिता नेपाल, राजकुमार थापा, ध्रुव स्नेही, चन्द्रमणि अधिकारी, महेश प्रसाई, कन्हैया नासनीन, अरुणबाबु खत्री 'नदी', दीर्घराज श्रेष्ठ, दिनमान गुर्मछान 'दिगु', विनोद दीक्षित, चन्द्रकला नेवार, आर.आर. चौलागाईं, प्रभाकर असीम, सनत रेग्मी, किरण आभूषण, तृष्णाराज्यश्री कुँवर आदि रहेका छन् ।

समाजका अति सामान्य घटनालाई क्षीण कथातन्तुमा आबद्ध गरेर एउटा जीवन्त कथाको सिर्जना गर्नु कथाकारका आफ्नै विशेषता हुन् । विभिन्न क्षेत्रबाट विषयवस्तु टपक्क टिपेर लेखिएका 'शारदा' का कथाहरू निकै आकर्षक र रोचक छन् । कथाकार रमेश विकल विश्वमा हुने गरेको मानवता विरोधि र राष्ट्रियता विरोधी निकृष्ट कुप्रवृत्ति, विसंगति तथा निरंकुशतन्त्र वा विश्व निरंकुशतावादी साम्राज्य अभियानप्रति तीखो व्यङ्ग्य गर्दै आफ्नो कथा 'एउटा स्वतन्त्र राष्ट्रियताको हत्या' मार्फत आजको सभ्य मानवलाई त्यस्ता नराम्रा किरालाई चिनेर कार्य गर्न सुझाव स्वरूप मार्ग निर्देशन गर्दछन् ।

कथाका तत्त्वका आधारमा हेर्दा इराकको वगदाद र नेपालको गोकर्णेश्वर महादेव वा गोकर्ण, तत्कालीन पदच्युत सर्वोच्च शासक वा इराकी राष्ट्रपति जसलाई विश्वका शक्तिसम्पन्न राष्ट्रद्वारा फांसीमा चढ्न वाध्य गराइएको र 'म' पात्रसँग अमेरिकी सैनिकले कथोपकथनका माध्यमद्वारा घटनाक्रम अगाडि बढाएको छ । राष्ट्रियतामा आँच आउन नदिने र जनतालाई माया गरी संरक्षण गर्न चाहेको कारणले नै राष्ट्रपतिलाई फाँसी दिइएको कुरा सैनिकबाट थाहा पाउँदा म पात्र स्तब्ध बन्नुले कथाको शीर्षक शार्थकता पनि देखिन्छ । कथामा गद्यात्मक भाषाशैलीको प्रयोग भएको छ । कथामा सरल र सहज भाषा साथै स्थान विशेष व्यङ्ग्यात्मक भाषाको यथेष्ट प्रयोग पनि गरिएको छ । निश्चित विषयवस्तु, आयाम, परिवेश, देश, काल र वातावरण, उद्देश्य आदिको संयोजन कथामा पात्र र कथोपकथन बीच उचित संयोजन गरी उत्कृष्ट कथाको रूपमा प्रस्तुत गरिएको छ । 'शारदा' पत्रिकाको पुनः प्रकाशन नवाङ्क १ मा प्रकाशित उक्त कथाले नेपालमा मात्र नभएर विश्वमा नै राष्ट्रियता र मानवता विरोधी अभियान कति सशक्त छ र तिनले पाएका खण्डमा राष्ट्रप्रेमी तथा मानवतावादीलाई कसरी घाँटी निचोरेर यमलोक पुऱ्याउँछन् ? भन्ने

ज्वलन्त दृष्टान्त दिई विश्व समुदायमा भएका राजनैतिक, आर्थिक, सामाजिक आदि शोषणका विरूद्ध उठ्न उत्प्रेरणा समेत जगाएको छ । कथाकारले कथामा नेपाली भाषामा प्रयोग हुने विभिन्न शब्द तथा पदावली जस्तै : नौलो कुइरे, कावा खाइरहेका, झिंगटीको छानामा, गोकर्णेश्वर मन्दिर परिसरमा, सुकिलामुकिला भलाद्मीहरू, घुलमिल, विचरा, परिपञ्चमा फसाएर, फौजी, गोडमेल, किसान परिवार, होची अर्घेली आदि उचित संयोजन तथा प्रयोगले कथालाई उच्च सफलताको सिँढी चढाएको छ ।

कथा 'पात्रान्तर' मार्फत कथाकार भाउपन्थीले कथाकार र कथाको पुरानो पात्र मार्फत कथोपकथनद्वारा कथावस्तुलाई तत्त्वका आधारमा निश्चित आयामकासाथ गद्यात्मक, सरल, सहज अनि कतै उत्कृष्ट व्यङ्ग्यको प्रयोग गर्दै निश्चित कथागत उद्देश्य पूर्तिका लागि सामाजिक, राजनैतिक तथा आर्थिक क्षेत्रमा भएको शोषण, विकृति, विसंगति आदिलाई चिर्दै त्यस्ता प्रकृति विरूद्ध एकत्रित भएर जुझारु रूपले जुझ्न आजको आधुनिक सभ्य तथा चेतनशील पाठकलाई वा जनसमुदायलाई गहिरो सोचरूपी सामाजिक यथार्थवादी उच्चकोटिको सन्देश प्रस्तुत गर्दछन् ।

कथामा ६ दशकदेखि समय अनुरूप व्यवस्था/कथा परिवर्तन भएको तर पात्र पुरानै भएकोमा कथाकारलाई कथा मार्फत् पात्रले कथाको पात्र बन्न अस्वीकार गरी अमेरिका जाने वा राष्ट्रमा  राष्ट्रप्रेमी बनेर बस्ने त्यसमा स्वतन्त्र भएकाले स्वनिर्णय गर्ने कुरा बताउनाले, कथाकार डेरामा आफू जाँदा पुरानो कथाको पात्रले अभिवादन गरी भित्र बस्न आग्रह नगर्नाले आदि कार्यले 'पात्रान्तर' शीर्षक सार्थक हुनुका साथै देशमा जनताले आर्थिक, सामाजिक, राजनैतिक क्षेत्रमा जनताको पूर्ण हित हुने खालको आमूल परिवर्तन हुनु जरूरी छ भन्ने जस्ता उत्कृष्ट सन्देश कथाकार आफ्नो कथामार्फत व्यङ्ग्यात्मक तथा सहज रूपमा प्रस्तुत गर्न अत्यन्तै सफल भएका छन् । यसरी हेर्दा कथामा कथाकारले कथानक, देश, काल, परिस्थिति, वातावरण, कथोपकथन, भाषाशैली, उद्देश्य जस्ता कथाका अत्यावश्यक तत्त्वहरूको पात्रका माध्यमद्वारा कथालाई सफल अवतरण गरी उचित लक्ष्य समेत प्राप्त गर्न सफल भएको पाइन्छ । कथामा नेपाली भाषामा प्रयुक्त पुरानै डेरा, भेटघाट, ६ दशक, फुर्सत, कालखण्ड, मुद्दा, साक्ष्यबिना, घरधनी, एउटा पक्की घर, सट्टाभर्ना, बिँडो थाम्न आदि

पद तथा पदावलीको उचित संयोजनले कथालाई कथाकारको उच्च सफलताको नमूना स्वरूप सफल कथाको रूपमा रूपान्तरण गरेको छ ।

लघुकथा 'पित्तलको साँचो' मार्फत कथाकार गोरख ब.सिंहले प्रत्येक घरपरिवारमा परिवारका सदस्यले तथा अभिभावकले समेत कसैलाई काख र कसैलाई पाखा गरी अन्यायपूर्ण व्यवहार गरी आर्थिक तथा मानसिक रूपले पूर्ण शोषण गरिरहेका अवस्थाको सामाजिक यथार्थतालाई औँल्याई त्यस्ता विसंगति तथा विकृतिरूपी सामाजिक कुप्रवृत्तिलाई जरैदेखि उखेल्नु पर्ने सन्देश दिएका छन् । बिरामी बाबुलाई एकैचोटि धेरै रोगले आक्रमण गर्दछ । जेठो छोरो पित्तलको साँचोबाट बेखबर भएर बाबुको पूर्णरूपले सेवा गर्दा-गर्दै बेफुर्सद रहँदा बाबुले जेठालाई फलफूल किन्न पठाएर भावनात्मक मायाको भरमा कान्छोलाई पित्तलको साँचो सुम्पदै बुइँगलको बाकसमा सुन र केही लाख रूपैयाँ छ भनी काम गर्ने कालु  तर मकै खाने भालु भनेझैँ कार्य गर्नाले यस अवस्थामा तत्त्वगत आधारमा शीर्षक सार्थकता हुनुको साथै कथाको मूल सन्देशजनक उद्देश्य पूरा भएको देखिन्छ ।

कथाको अन्य तत्त्वलाई हेर्दा गद्यात्मक भाषाको प्रयोग हुनुका साथै उचित स्थानमा सहज तथा व्यङ्ग्यात्मक भाषाशैलीको पनि सफल प्रस्तुती पाइन्छ । कान्छो छोरो बिरामी बाबुलाई हेर्दै हाँस्नु जुन बेला हाँस्नेअवस्था थिएन, पित्तलको साँचो पाएपछि केटी साथी पार्क, मोटरसाइकल रेष्टुराँ घुमफिर आदि सोच्नु तर जेठो जोतिएको जोतियै गर्दा पनि आर्थिक र भावनात्मक मायामा समेत पछि पर्नुले यो नेपाली समाजमा हुने यथार्थरूपी सामाजिक कुसंस्कार तथा प्रवृत्तिप्रतिको तीखो व्यङ्ग्य हो । कथानक, कथोपकथन, देश, काल, वातावरण, चरित्र-चित्रण, पात्र, घटना, भाषाशैली, उद्देश्य जस्ता कथाका तत्त्वहरूको उचित संयोजनले कथा सबल रूपमा उच्चकोटिमा गनिएको छ । कथामा कथाकारको कुशलताले नेपाली भाषामा प्रचलित सिकिस्त, इन्तु न चिन्तु, बिछ्यौनामा, बल्झिएका रोगहरू, भिन्न-भिन्न रोगले एकैचोटि भेट हुने सल्लाह, हेरौँ दैवको इच्छा के छ ? केटी साथी, पित्तले साँचो, बुइँगल, बाकस आदि पद तथा पदावली समुचित प्रयोग हुनुले कथामा कथागत मीठास प्राप्त हुनुका साथै उत्कृष्ट रचनाका नामले चिनिएको छ ।

अभिभावकले आफ्ना सन्तानलाई सधैँ समान दृष्टिले हेरी समान व्यवहार गर्नुपर्दछ भन्ने सामाजिक सुसंस्काररूपी सन्देश पनि कथाले दिएको छ ।

कथाकार तुलसीहरि कोइराला आफ्नो लघुकथा 'सम्पत्ति' मार्फत बैराग्य चलेर सांसारिक मोह त्यागेर शान्तिको खोजीमा हिँडेका मानिसको चिम्टा, कमण्डलु आदि लुट्ने, नारीको अस्तित्त्वलाई लुट्ने, कसैको हत्या गर्ने आदि विकृति तथा विसंगतिरूपी सामाजिक कुप्रवृत्ति सम्पत्तिको लोभले नै भएको हो र त्यस्ता कुसंस्कारप्रति कडा प्रतिकार गरी मानवले शान्तपूर्वक बाँच्न पाउने आफ्नो स्वतन्त्र अधिकारको रक्षा तथा प्रयोग गर्नुपर्दछ भन्ने उच्चकोटिको सन्देश कथानक, भाषाशैली, पात्र, चरित्र-चित्रण, देश, काल, वातावरण, उद्देश्य आदिकोसमुचित संयोजन गरी गद्यात्मक भाषाको सहज प्रयोग गरी यथार्थताको कुशल प्रदर्शनका साथ दिन्छन् ।

कथामा कथाकारले नेपाली भाषामा प्रचलित झोला, खानपिन, चिम्टा, कमण्डलु, वैराग्य, जोहो, लुटपाट, यात्रा, हत्या, दह्रो प्रतिवाद, जुलुस, नाराहरू, घन्किन, अन्याय, अत्याचार मुर्दावाद ! शान्तिपूर्वक बाँच्न पाउनु पर्छ ! हाम्रो एकता जिन्दावाद ! मानव अधिकार जिन्दावाद ! आदि पद तथा पदावलीको प्रयोगले नेपाली भाषालाई समृद्ध बनाउनुका साथै मानव अधिकार र शान्ति प्रत्येक मानवको नैसर्गिक तथा आधारभूत आवश्यकता हो भन्ने प्रमुख उद्देश्यमूलक सन्देश दिएको छ । 'शारदा' मा प्रकाशित यो एक सफल कथा हो ।

कथाकार कृष्ण बजगाईं 'जादूगरी डण्डा' लघुकथामार्फत् कुनै पनि विशेष तथा निश्चित कामका लागि योग्य र अनुभवी व्यक्तित्त्वको आवश्यक हुन्छ ; जस्तो पायो त्यस्तो व्यक्तिबाट काम चल्दैन भन्ने सन्देश दिन्छन् । कथामा हेर्दा राजा जादूगरको जादू देखी प्रभावित भएर उसलाई राज्य सञ्चालन गर्ने जिम्मा दिन्छन् तर कहाँको जादू गर्ने कला अनि यथार्थमा राज्य सञ्चालन गर्ने वा जनताका साह्रा समस्या समाधान गर्ने कार्य विलकुलै बेमेल भएकाले जादूगर असमर्थ भएर पुलिसलाई जादूगरी डण्डा दिएर पठाउँछ भनी सामाजिक कुरीतिप्रति तीखो व्यङ्ग्य पनि गरिएको छ ।

कथामा हेर्दा शीर्षक सार्थकताका साथै सहज तथा व्यङ्ग्यात्मक गद्यात्मक भाषाशैलीको सफल प्रयोग भएको छ । कथानक, कथोपकथन, भाषाशैली, देश, काल, वातावरण, उद्देश्य आदिको कथाका उचित संयोजन भएकाले कथाले उच्चतम् सफलता पाएको छ । यथार्थमा औरे, पौरे, धूपौरे, लफङ्गा, चम्चे, घुस्याहा, चरित्रहीन, तानाशाही आदिको सहयोगले जबर्जस्ती शासन चलाउन खोज्नेप्रति कथाले तीखो व्यङ्ग्यात्मक पाराले सवक सिकाएको छ ।

साहित्यकार शर्मिला खड्का (दाहाल) आफ्नो कथा 'फूल र उसको जीवन' मार्फत फूलसँग मानिस र मानिसका कुप्रवृत्तिलाई औँल्याई सामाजिक विकृतिप्रति तीखो व्यङ्ग्य प्रहार गर्छिन् । कथामा हेर्दा फूलको रेखदेख गर्ने जङ्गेले सुन्तलीसँग विवाह गरी ती दुवै अर्काको फूलको रेखदेख तथा बेचबिखन गर्ने कार्यमा सम्लग्न हुन्छन् तर ग्राहकहरू फूललाईभन्दा बढी महत्त्व सुन्तलीलाई दिएर उसका गुलावी अनुहार हेरेर फूलको बढी मूल्य तिर्न तयार हुन्छन् । जङ्गेले हार्दिक माया दिए पनि उच्च सुख सम्पत्ति दिन नसकेकोमा जङ्गे र सुन्तली दुवै दुःखी छन् । एकदिन सुन्तलीलाई जङ्गेको साथीद्वारा भारतको मुम्बई स्थित वेश्यालयमा लैजाँदै गरेको अवस्थामा सहरा नेपालले उद्धार गरेको खबर रेडियोबाट सुनेपछि प्रेमको दुई थुङ्गा फूल च्यातेर फाली जङ्गे पुनः आफ्नो फूलको काममा लाग्नाले यहाँ शीर्षक सार्थकता पनि देखिन्छ ।

गद्यात्मक भाषाको सहज प्रयोग गरी ग्रामीण परिवेश र शहरको रमझमलाई आधार बनाई सामाजिक विकृतिप्रति कथाकारले तिखो व्यङ्ग्य प्रहार गरेका छन् । कथानक, कथोपकथन, भाषाशैली, देश, काल, वातावरण, पात्र, चरित्र-चित्रण, उद्देश्य आदिको उचित संयोजनले कथा झन् रोचक ढंगमा प्रस्तुत भएर आफ्नो हृदय देवतालाई (पतिलाई) लत्याई हिँड्दाको परिमाण के हुन्छ ? समाजमा के-कस्ता नराम्रा किरारूपी कुसंस्कार तथा कुप्रवृत्ति मौलाएका छन् ? तिनको निर्मूल गर्नु नै वुद्धिमानी हुन्छ आदि सन्देश दिएको छ ।

साहित्यकार सुस्मिता नेपालले कथा 'को होला मेरो बाबा ?' मार्फत आमाबुबाको झगडाले आफ्नो छोरीको विषयमा डिएनए परीक्षण गरी बाबुको छोरी ठहर्दा समेत पनि त्यसमा असत्यपक्ष हावी भएको बाबुले र स्वयं छोरीले समेत

ठानेको तर बाबाले आफ्नी छोरीलाई स्वीकारी 'छोरी' भनी नबोलाएकोले साह्रै दु:खी छोरीलाई एकातिर बाबुको न्यान्यो मायाको कमी छ भने अर्कोतिर आमा परपुरुषसँग हिँड्दा आमाको न्यानो काखको कमी छ भनी देखाई नेपाली समाजको यथार्थरूपी कुसंस्कार तथा प्रवृत्तिप्रति तिखो व्यङ्ग्य प्रहार गरी सज्जनवृन्दलाई सचेत भएर त्यस्ता प्रवृत्तिसँग लड्दै उन्नत समाजको स्थापना गर्नु पर्ने उच्चकोटिको सन्देश दिएकी छन् ।

यसरी हेर्दा कथा शीर्षक शार्थकता हुनुका साथै गद्यात्मक तथा सहजरूपी व्यङ्ग्यात्मक भाषाको सफल प्रयोग भएर कथोपकथन, कथानक, देश, काल, वातावरण, उद्देश्य, पात्र, चरित्र-चित्रण आदिको उचित संयोजनले कथा अत्यन्त सफल भएको छ । उक्त कथा नेपाली साहित्यका क्षेत्रमा प्रज्वलनशील उर्जा प्रदायक सावित भएको छ ।

कथाकार भोजराज न्यौपाने आफ्नो लघुकथा 'आमाको मन' मार्फत सानो जातसँग प्रेम गर्ने छोरोले प्रेमीकाको आज्ञा मुताबिक आमालाई नोकर बस्न वा अर्काको काम गर्न बाध्य गराउँछ तापनि आमाले 'तैँले ठीकै भनिस् ! म आफू बाँचुञ्जेल नोकर भए पनि तँचाहिँ ठूलो मान्छे बन्नुपर्छ है !' भन्ने महान् उद्गार व्यक्त गर्नुले आमाको मन कति उदार हुन्छ ? तर सन्तान कति निष्ठुरी ! भन्दै शीर्षक सार्थकता देखाई सामाजिक यथार्थरूपी सन्देश दिएका छन् ।

कथाकारले कथानक, कथोपकथन, देश, काल, वातावरण, पात्र, चरित्र-चित्रण, उद्देश्य भाषाशैली आदिको उचित संयोजन गरी सामाजिक विसंगति तथा विकृतिप्रति सहज तथा तिखो व्यङ्ग्य कथामार्फत प्रस्तुत गर्नाले कथा झन उच्चतम् तहमा प्रवेश गरी कथाक्षेत्रको गरिमा बढाउन सफल भएको छ ।

कथाकार अरुणबाबु खत्री 'नदी' आफ्नो लघुकथा 'सजाय' मार्फत नेपालमा प्रचलित कानूनको दुरूपयोग गरी आफ्नो फाइदाका लागि प्रयोग गर्ने र मानवताको नाताले कसैको गाह्रो साघुँरो नहेर्ने जस्ता कुसंस्कार र विकृतिप्रति तिखो व्यङ्ग्य प्रहार गर्दै त्यस्तालाई सबक सिकाउन सन्देश दिन्छन् । कथालाई हेर्दा रामचन्द्रले बाबु बिरामी भएकाले घर नजिकै ट्याक्सी पर्खाएर आफू घरमा बाबुलाई लिन जान्छ तर ट्राफिकले ड्राइभरलाई सजाय स्वरूप दुई सय रूपैयाँ जरिवाना तिर, होइन भने

बग्गीखाना हिँड ! भन्ने उद्‌गार व्यक्त गर्दा चालकले बिरामी लिएर जाने विनम्र निवेदन गर्दा पनि सुख पाएन । यसरी हेर्दा 'सजाय' शीर्षक सार्थकता पनि देखिन्छ ।

कथामा कथानक, कथोपकथन, देश, काल, वातावरण, भाषाशैली, पात्र, चरित्र-चित्रण, उद्देश्य आदिको व्यवस्थित रूपमा उचित संयोजन भएकाले कथाकारको नेपाली कथा साहित्यका क्षेत्रमा विशेष स्थान हुनुका साथै कथा उच्चकोटिमा गनिएको छ ।

कथाकार दीर्घराज श्रेष्ठ आफ्नो लघुकथा 'हडताल' मार्फत् आजको आधुनिक युगमा पनि मानव कत्तिको निकृष्ट तथा अमानवीय व्यवहार प्रदर्शन गरी 'हडताल' का नाममा असङ्ख्य निर्दोष व्यक्तिको ज्यान लिने जस्ता कुसंस्काररूपी विकृति निम्त्याई आतङ्क मच्चाइरहेछ भन्ने सामाजिक तथा राजनैतिक यथार्थवादी सन्देश तिखो व्यङ्ग्य प्रहार गर्दै प्रस्तुत गर्दछन् । कथालाई हेर्दा हीरामान इमान्दार राजनैतिक कार्यकर्ता भएकाले हडतालका दिन एम्बुलेन्स चल्न नदिएर २ जना बिरामी एम्बुलेन्समै मर्छन् भने आफ्नी श्रीमती बच्चा पाउने अवस्थामा पनि एम्बुलेन्स चल्न नपाउँदा मर्छे तर उसले प्रयास गर्दा पनि हड्‌ताल खुलाउन सक्दैन । यो उसैको पापको कुसंस्काररूपी परिणाम हो । यसरी हेर्दा 'हड्‌ताल' कथाको शीर्षक सार्थकता पनि देखिन्छ ।

कथामा कथाकारले कथानक, कथोपकथन, देश, काल, वातावरण, भाषाशैली, उद्देश्य आदिको उचित संयोजन तथा सहजरूपी गद्यात्मक भाषा सामाजिक यथार्थवादी राजनैतिक विकृतिका रूपमा व्यङ्ग्यात्मक पाराले प्रस्तुत गर्नाले नेपाली साहित्यका क्षेत्रमा कथाको महत्त्व अझ चुलिएको छ ।

कथाकार आर.आर. चौलागाईं आफ्नो लघुकथा 'विशिष्ट व्यक्तिहरू' मार्फत मान्छेले हरेक क्षेत्रमा नातावाद र कृपावादलाई बढी महत्त्व दिएको छ भन्दै त्यस्ता सामाजिक यथार्थरूपी कुप्रवृत्तिप्रति तिखो व्यङ्ग्य प्रहार गर्दै यसो गर्नु ठूलो भूल हो भन्ने सन्देश दिएका छन् । कथालाई हेर्दा खबरप्रसादले अर्को हप्ता आफ्नै सम्पादन/प्रकाशनमा पत्रिका निकाल्छ । उसले यसका लागि एफ.एम. रेडियो, विभिन्न पत्रिका आदिमा विशिष्ट व्यक्ति, लेखक, लेख आदिबारे भनेर विज्ञापन गर्‍यो र पत्रिका निस्कियो । पत्रिकामा विशिष्ट व्यक्ति, लेख आदि आफ्नै बुबा,

आमा, श्रीमती र छोरा थिए भने उनीहरूकै बारेमा लेखिएको थियो । यसरी हेर्दा कथाको व्यङ्ग्यात्मक रूपमा शीर्षक सार्थकता समेत देखिन्छ ।

कथामा कथानक, कथोपकथन, भाषाशैली, देश, काल, वातावरण, उद्देश्य, पात्र, चरित्र-चित्रण आदि गद्यात्मक भाषाको प्रयोग गरी निश्चित आयामकासाथ कथाकारले उचित संयोजन गर्नाले कथा नातावाद प्रवृत्ति विरुद्धमा नेपाली साहित्यका क्षेत्रमा उच्च सन्देश दिन समेत सफल भएको छ ।

कथाकार प्रभाकर असीम आफ्नो लघुकथा 'एकताको परिणाम' मार्फत एकताको परिमाण स्वरूप कुनै पनि विकृतिको अन्त्य गर्न सकिन्छ भन्ने सन्देश दिन्छन् । कथामा हेर्दा सिंहको क्रूर शासन विरुद्ध सबै जङ्गली जनावरहरू जुटे र क्रूर शासनको अन्त्य गरे । यसरी हेर्दा कथाको शीर्षक सार्थकता देखिन्छ । केही समयपछि शिकारीले दाउ छोपी सबै जनावर र सिंहलाई पासोमा पारी आफ्नो आधिपत्य जमायो भन्नाले कथामा कथाकारले हालको राजनैतिक अस्वस्थ प्रतिस्पर्धाप्रति तिखो व्यङ्ग्य गद्यात्मक भाषाको प्रयोगद्वारा गरेका छन् ।

कथामा कथाकारले कथानक, कथोपकथन, भाषाशैली, देश, काल, वातावरण, भाषाशैली, पात्र, चरित्र-चित्रण, उद्देश्य आदिको उचित संयोजन गरेकाले कथाको झन महत्त्व बढ्नुका साथै उक्त कथा नेपाली साहित्यको क्षेत्रमा सामाजिक, राजनैतिक आदि क्षेत्रका यथार्थरूपी कथाको रूपमा चिनिन सफल भएको छ ।

'शारदा' मा प्रकाशित कथाहरूमा कतै महिलाले भोग्नु पर्ने विवशताजन्य परिस्थितिलाई देखाइएको छ भने कतै तिनै महिलाबाट पुरुषवर्ग उत्पीडित भइरहेका छन् । कतै भोकरोगबाट ग्रसित समाज छ त कतै आफन्त वियोगको पीडा उद्वेलित भएको छ । कतै आर्थिक, राजनैतिक, सामाजिक क्षेत्रका विकृति विसंगतिलाई उदाङ्ग पारिएको छ भने कतै यथार्थमा निरंकुशताको अन्त्य गरी समाजमा मानवीय न्याय स्थापना गरी आर्थिक, सामाजिक र राजनैतिक क्षेत्रमा समयानुकूल आमूल परिवर्तन गरी जनताको पक्षमा हित हुने कार्य गर्नु पर्ने आजको टड्कारो आवश्यकतारूपी सन्देश सम्प्रेषण गरिएको छ । यस्ता थुप्रै कथाहरू 'शारदा' मा प्रकाशित भएका छन् जसले युगीन समाजमा वास्तविकता र विडम्बनाहरूलाई मुखरित गरेका छन् ।

समग्रमा 'शारदा' पत्रिकाले कथा विधामा पुऱ्याएको योगदान तथा गरेको मूल्याङ्कन अवश्य पनि भविष्यका लागि छुट्टै अनुसन्धानको विषय बनेको छ ।

### ५.१.३ 'शारदा' पत्रिकामा प्रकाशित लेख-निबन्ध, संस्मरण, आत्मवृत्तान्त, नियात्रा, आत्मलापहरूको अध्ययन :

निबन्ध शब्दको पूर्वीय अर्थमा हेर्दा यो 'बन्ध' शब्दमा 'नि' उपसर्ग र 'घञ्' प्रत्यय लागेर बनेको हो जसको अर्थ राम्ररी बाँध्नु हो । आधुनिक युगमा प्रचलित निबन्ध भने पश्चिमको देन हो । फ्रान्सेली साहित्यकार मोन्तेनले सोह्रौं शताब्दीमा पहिलो पटक निबन्धको शुरूवात गरे । प्रयत्नका अर्थमा प्रयुक्त हुने ग्रीसेली Essai बाट Essay शब्दको प्रयोग हुन थालेको हो । नेपालीमा प्रचलित निबन्धले Essay को अभिप्रायलाई संवहन गर्दछ ।[७७] निबन्धका सन्दर्भमा विभिन्न परिभाषाहरू निम्न छन् :

(क) मोन्तेन - यी (निबन्ध) द्वारा कुनै नवीन सत्यको रहस्योद्घाटन गरें भन्ने दावी गर्दिन । मेरो काम केवल पाठकलाई आफ्नो हृदय खोलेर देखाउनु हो । .... म नै मेरा निबन्धको विषयवस्तु हुँ किनभने मलाई सबैले भन्दा राम्ररी चिन्ने व्यक्ति म स्वयं हुँ ।[७८]

(ख) फ्रान्सिस बेकन - मेरा यी छोटा रचनाहरूलाई Essai नाम दिएको छु जहाँ विकीर्ण चिन्तनहरू छन् ।[७९]

(ग) राँवर्ट लिण्ड - प्रफुल्ल चित्तवृत्ति हुँदा उत्पन्न भएको ज्ञान नै निबन्ध हो ।[८०]

(घ) ह्युवाकर - निबन्धको क्षेत्र अति विशाल र व्यापक छ । एक कोषीय जीवदेखि लिएर मानिससम्म वा धूलराशीदेखि लिएर चाद्दआकाशका तारा मण्डलसम्म व्याप्त कुनै पनि विषयमाथि निबन्ध लेख्न सकिन्छ ।[८१]

---

[७७] रामनाथ ओझा र अन्य, आधुनिक नेपाली निबन्ध ते.सं. २०६०, पृ. ३१३ ।

[७८] ऐजन, पृ. ।

[७९] ऐजन, पृ. ।

[८०] ऐजन, पृ. ३१४ ।

(ङ) हड्सन - निबन्धको विषयवस्तु जे जस्तोसुकै भए पनि यसको क्षेत्र (विस्तार) असीमित छ, साँचो निबन्ध व्यक्तिपरक नै हुनुपर्छ । यो गीतिकाव्यझैँ नै साहित्यमा आत्माभिव्यक्तिकै एउटा साधन र विधा हो । प्रबन्ध वस्तुपरक हुन सक्ला तर निबन्धचाहिँ व्यक्तिपरक नै हुनुपर्दछ ।[८२]

(च) आचार्य रामचन्द्र शुक्ल - निबन्धमा व्यक्तिगत विशेषताका निम्ति र त्यसको प्रदर्शनका निमित्त व्यक्त विचारहरूको श्रृङ्खला जानी-जानी वा अज्ञानतावश पनि टुटाउनु हुँदैन ।.... निबन्धको लक्ष्य रमिता देखाउनुवाहेक अरू केही हुनुहुँदैन ।[८३]

(छ) ईश्वर बराल - निबन्ध एक किसिमको कुरा गराइ हो ।[८४]

(ज) लक्ष्मीप्रसाद देवकोटा - यो (निबन्ध) रौंचिरा दर्शन होइन, न हो पाण्डित्य प्रदर्शनको ठ्यासफु । यसमा गृहीत विषयलाई सर्बदृष्टिकोण समीक्षणको जरुरत छैन । यो एक किसिमको धूर्त बदमास ठिटो हो - जो सडकमा हिँड्दा कहिले ढुङ्गा हान्छ, कतै-कतै आनन्दले फुलेर हेर्दछ, तर घोरिंदैन - पाठघोकुवा हलन्तेका मिजासले । यो एक किसिमको मनको जालीले जगत्मा लहडी माछा मार्ने कला हो । टेबुल गफ हो, चश्मादार अध्यापकको व्याख्यान होइन न त बमन वेदान्त ।[८५]

अन्तरङ्ग विचार वा भावना अभिव्यक्त भएको अथवा बहिरङ्ग विचार वा भावना अभिव्यक्त भएको अथवा बहिरङ्ग वर्णन र विवरण प्रस्तुत भएको समय र स्थलगत सीमाभित्र बाँधिन बाध्य नभए पनि निश्चित प्रकारको सिलसिला

---

[८१] ऐजन, पृ. ।

[८२] ऐजन, पूर्ववत् पृ. ।

[८३] ऐजन, पूर्ववत् पृ. ।

[८४] ऐजन, पूर्ववत् पृ. ।

[८५] ऐजन, पूर्ववत् पृ. ३१४, ३१५ ।

तथा अनुक्रमयुक्त विषय विशेषमा केन्द्रित कलात्मक गद्य रचनालाई 'निबन्ध' भनिन्छ ।[८६]

माथि उद्धृत गरिएका भनाइ र परिभाषा हेर्दा निबन्धका सर्वमान्य वा विद्यमान विशेषता निम्न छन् :

१. निबन्ध गद्यमा लेखिने साहित्यिक विधा हो ।

२. निबन्धको आयतन सीमित हुनुपर्छ अर्थात् निबन्ध उपन्यास र महाकाव्य जति लामो आकारमा लेखिंदैन ।

३. निबन्धको विकासमा पत्रपत्रिकाको महत्त्वपूर्ण भूमिका रहन्छ ।

४. निबन्धमा वैयक्तिक दृष्टिकोण, भावनात्मक र संक्षिप्तता हुनु अनिवार्य हुन्छ ।

५. निबन्ध पनि साहित्यका अरू शाखाझैं आत्माभिव्यक्ति वा आत्मभाव प्रदर्शनको एउटा माध्यम हो ।

६. निबन्धका विषयवस्तु असीमित छन् र यसै विषयमा मात्र निबन्ध लेखिनुपर्छ भन्ने कुनै किटान छैन ।

७. लेखक र पाठकका बीच सम्बन्ध स्थापना गर्न र निबन्धकार सम्बन्धी पाठकलाई जानकारी दिन निबन्ध जति सक्षम हुन्छ त्यति सक्षम साहित्यका अन्य कुनै विधा हुँदैनन् ।

८. भाषाको वास्तविक रूप निबन्धमा मात्रै प्रतिबिम्बित हुन आउँछ ।

९. निबन्धमा विषयवस्तु हलौंसित प्रतिपादित गरिएको हुनुपर्दछ तर गह्रौं दुर्बोध र पाण्डित्यपूर्ण व्याख्यानादिले निबन्धलाई अबोधगम्य र क्लिष्ट बनाउनु हुँदैन ।

१०. निबन्धको विषयवस्तु र प्रतिपादित सिद्धान्तको पुष्टिको निम्ति स-साना वर्णनात्मक घटनादि पनि समावेश हुन सक्दछन् ।

---

[८६] दयाराम श्रेष्ठ र अन्य, नेपाली साहित्यको संक्षिप्त इतिहास, पृ. ११५ ।

माथिको परिभाषा र विशेषताहरूलाई हेर्दा निबन्धमा मूलतः निम्न तत्त्वहरू रहेका छन् :

(क) **वैयक्तिकता** : व्यक्तित्वको अभिव्यक्ति निबन्धको प्राण हो । निबन्धकारले आर्जित र निर्मित व्यक्तित्वको अभिव्यक्ति दिएको हुन्छ । व्यक्तिका आर्जित र प्राकृत दुई खाले व्यक्तित्व हुन्छन् । निबन्धकारले यी दुबैखाले व्यक्तित्वको अभिव्यक्ति गर्दछ ।

(ख) **हार्दिकता** : हार्दिकता निबन्धको प्रमुख तत्त्व हो किनभने निबन्धमा हृदय पक्षको ठूलो महत्त्व रहेको हुन्छ । निबन्धकार आफ्ना निबन्धमा वस्तुतथ्यको प्रस्तुतिमा तरल बनेर प्रस्तुत हुनुपर्दछ । निबन्ध भनेकै लेखक र पाठकका बीचको तादात्म्यता कायम हुनु हो ।

(ग) **विषयवस्तु** : ह्युवाकरले भनेझैँ निबन्धको क्षेत्र अति विशाल र व्यापक छ । एक-कोषीय जीवदेखि लिएर मानिससम्म वा धूलराशिदेखि लिएर आकाशका तारामण्डलसम्म कुनै पनि विषयलाई निबन्धकारले छनौट गर्न सक्छ ।

(घ) **संङ्क्षिप्तता** : संङ्क्षिप्तता निबन्धको आयाम र आकारप्रकारसँग सम्बन्धित वाह्य पक्ष हो । निबन्धमा विषयवस्तु व्यापक हुन्छ तापनि त्यसलाई आकर्षक तरिकाले प्रस्तुत गर्न संक्षिप्त शैली अवलम्बन गर्नुपर्दछ ।

(ङ) **भाषाशैली** : निबन्ध गद्य विधा भएकाले यसको रचना गद्यमा गरिन्छ । निबन्धमा प्रयोग गरिने भाषा प्रायः सरल र सरस हुनुपर्दछ । निबन्धकारले जुन भाषामा निबन्ध लेख्छ त्यस भाषालाई उसले राम्रोसँग खेलाउन सक्ने हुनुपर्दछ ।

निबन्धको शैली पनि रोचक हुनुपर्दछ । निबन्धमा प्रयोग गरिने शब्द विषय अनुकूल, रोचक र अर्थबोधक हुनुपर्दछ । विषयअनुकूलको वाक्य संगठन, श्रृङ्खलाबद्धता र क्रमबद्धता हुनुपर्दछ ।

(च) उद्देश्य : निबन्ध रचनाको कुनै न कुनै उद्देश्य हुन्छ । निबन्धकारले आफ्नो निबन्धका माध्यमबाट आफ्ना मान्यता, विचार, धारणा एवं जीवनदर्शन

पाठकका सामु प्रस्तुत गर्दछ । ती विचारहरू कोरा आदर्शका रूपमा नआएर सहज एवं स्वभाविक रूपमा आउनु पर्दछ । उद्देश्यमै केन्द्रित रहेर निबन्धको रचना गरिने भएकोले यो अर्को महत्त्वपूर्ण तत्त्व हो ।

आधुनिक नेपाली निबन्धको शुरूवात वि.सं. १९९१ को 'शारदा' पत्रिकाबाट भएको थियो । कतिपय समीक्षकहरू 'शारदा', को वर्ष १, अङ्क १, वि.सं. १९९१ मा प्रकाशित बालकृष्ण समको 'बर्दाहामा शिकार' नामक रचनालाई प्रथम आधुनिक निबन्ध मान्दछन् भने कोही वि.सं. १९९२ को लक्ष्मीप्रसाद देवकोटाको 'आषाढको पन्ध्र' प्रकाशनपछि आधुनिक कालको शुरूवात भएको बताउँछन् । जेहोस् समको निबन्धमा पाइने परिष्कार परिमार्जन, विषयवस्तुगत नवीनता, शैली एवम् भाषागत नवीनता आदिले यसलाई आधुनिकताको तहसम्म पुऱ्याइसकेको थियो भने देवकोटाका निबन्धले यस परम्परालाई सुदृढ र परिपक्व तुल्याउने काम गरेको छ । त्यसैले वि.सं. १९९१ लाई नै आधुनिकताको शुरूवातको जगका रूपमा लिन सकिन्छ ।[८७] साहित्यका अन्य विधा जस्तै लेख-निबन्धले पनि 'शारदा' पत्रिकामा प्रकाशित हुने यथेष्ट ठाउँ पाएको छ । 'शारदा' पुनः प्रकाशन नवाङ्क १ देखि विशेषाङ्क १२ सम्म लगभग ५३ वटा लेख-निबन्ध, संस्मरण, नियात्रा आदि प्रकाशित भएका छन् । वर्णनात्मक, भावनात्मक, आत्मपरक, वस्तुपरक तथा अनुसन्धानात्मक आदि सबै ढाँचामा लेखिएका निबन्धहरू यसमा पाइन्छन् । 'शारदा' मा देखा परेका केही प्रमुख निबन्धकारहरूमा कृष्णचन्द्रसिंह प्रधान, तेजेश्वरबाबु ग्वंग, श्रीभद्र शर्मा, माधवप्रसाद पोखरेल, श्रीओम श्रेष्ठ 'रोदन' मनुजबाबु मिश्र, युवराज नयाँधरे, गङ्गाप्रसाद उप्रेती, विश्वम्भर चञ्चल आदि रहेका छन् ।

निबन्धमा विषयको बन्धन नरहने हुँदा लेखकले जुनसुकै विषयलाई टिपेर पनि त्यसप्रतिको आफ्नो स्वतन्त्र आत्मानुभूति अभिव्यक्त गर्न सक्दछन् । यस्तै आत्मानुभवहरूलाई सङ्गालेर लेखिएको कृष्णचन्द्रसिंह प्रधानको 'कुरा सानो हो ?' निकै महत्त्वपूर्णर उल्लेखनीय निबन्ध हो । यसमा लेखकले मान्छेले विशेष किसिमको गल्ती गरिरहेको छ तर त्यसलाई 'कुरा सानो हो ?' भनेर व्यङ्ग्यात्मक अर्थमा

---

[८७] रामनाथ ओझा र अन्य, आधुनिक नेपाली निबन्ध, ते.सं. २०६०, पृ. ३२९ ।

प्रयोग गरी देशमा मानवता, प्रजातन्त्र, लोकतन्त्र, शान्ति-सुरक्षा आदि कुरा पूर्णरूपले शीर्षक सार्थकताका आधारमा गद्यात्मक भाषा प्रयुक्त सहज र सरल शैलीमा आफ्नोनिश्चित आयामका साथ निर्दिष्ट उद्देश्य परिपूर्ति गर्दै सन्देश प्रस्तुत गरिएको छ ।

प्रमोद प्रधान 'नेपाली आत्मपरक तथा संस्मरणात्मक निबन्धको प्रारम्भिक चरण' नामक लेखमार्फत नेपाली निबन्धको विकासक्रममा प्रारम्भिक अवस्था कस्तो थियो भन्ने सन्दर्भमा ऐतिहासिक प्रमाण दिँदै साहित्यिक सन्देश दिन्छन् । उनी भन्दछन् - नेपाली गद्यको पहिलो नमूना जुम्लाको रेलिङ् गुम्बाको अभिलेख हो । वि.सं. १३१२ मा लेखिएको यो अभिलेखबाट नै नेपाली गद्यले आकार लिन थालेको आभास पाइन्छ । नेपाली भाषामा ग्रन्थका रूपमा प्राप्त अहिलेसम्मको सबैभन्दा पुरानो कृति भास्वतीलाई (अनुवादक थाहा नभएको, वि.सं. १४५७ भन्दा अघि नै लेखिएको अनुमान) मानिएको छ । मौलिक रचना र गद्य रचनाका दृष्टिले उल्लेख्य कृति भने राजा गगनीराजको यात्रा नै हो, जुन वि.सं. १५५० मा लेखिएको सोही ग्रन्थको पाण्डुलिपिमा उल्लिखित छ ।[८८] यसरी लेखक/रचनाकारले नेपाली साहित्यको निबन्ध विधालाई उल्लेख्य ऐतिहासिक प्रमाणहरू पेश गर्दै यस क्षेत्रको उल्लेख्य विकास गरी निकै ठूलो टेवा पुऱ्याउने काम गरेका छन् ।

माधवप्रसाद पोखरेल 'निम्तो मान्दै काल पुगेन' निबन्धमार्फत मानवको आयु कति छ ? कसैलाई थाहा छैन, त्रिकालदर्शी नहुनु पनि एउटा ठूलो फाइदा हुँदो रहेछ, मान्छेको चौबिस घण्टा होसमाभन्दा बेहोसमा बित्दो रहेछ, नेपालमा भोज ख्वाएर श्रोता बोलाउने चलन छ आदि सामाजिक विकृति तथा विसंगतिप्रति तीखो व्यङ्ग्य शीर्षक सार्थकताका आधारमा गद्यात्मक भाषाको सहज प्रयोगद्वारा प्रस्तुत गर्दछन् । कुवेर कविले आफ्नो रचना विमोचनमा विभिन्न आर्थिक प्रलोभनमा अरूलाई फसाएर आफू नामी बन्ने चलनप्रति व्यङ्ग्य गर्दै यस्तो कुसंस्कार प्रत्येक समाजको प्रत्येक क्रियाकलापमा हावी भएको सन्देश प्रस्तुत निबन्धले दिएकाले निबन्धको लक्ष्यित उद्देश्य पूरा भएको देखिन्छ । उनी व्यङ्ग्य स्वरूप

---

[८८] 'शारदा' पुनः प्रकाशन वर्ष १, अङ्क ३, २०६३ चैत, पृ. ५३ ।

भन्दछन् - एउटा मान्छेका चिनामा पाँच भाइ छोरा लेखिएका थिए अरे, तर उसकी स्वास्नी बीचैमा पोइन गइदिइछ, त्यसैले लोग्ने चाहिँले मेरा चिनाका छोरा चिनैमा रहे भनेर श्रीमतीलाई चिट्ठी लेखेछ ।[८९] यसरी मान्छेलाई कहिले कालले लैजाने वा नलाने उसकै हातमा भएकाले यस्तो गम्भीर अवस्थामा स्थापित होओस् भनी कामना गर्नुका साथै ती कुराका विरोधी तत्त्वहरूलाई मान्छेभित्र मान्छे हराएका वा नभएका प्रतीकका रूपमा प्रस्तुत गर्दै ती प्रवृत्तिबाट हामी सधैँ सजग हुनुपर्छ भन्ने मूल सन्देश पनि दिएका छन् ।

निबन्धकार कृष्णचन्द्रसिंह प्रधान 'कुरा सानो हो ?' निबन्ध मार्फत् देशद्रोही तथा मानवता विरोधी तत्त्वले जघन्य अपराध गर्ने तर त्यसलाई सामन्य रूपमा लिने गरेको कुरालाई सहज, रसस र व्यङ्ग्यात्मक तरिकाले गद्यात्मक भाषाशैलीको उचित संयोजनद्वारा शीर्षक सार्थक तुल्याई प्रतिकात्मक अर्थबोधक वा कुप्रवृत्तिका प्रतीकका रूपमा प्रयोग गरी निबन्धको लक्ष्यित उद्देश्य पूर्णरूपले प्राप्त गर्न सफल भएका छन् । भूगोलपार्क हराएको, सशस्त्र युद्ध समाप्त भए पनि अपहरण कार्य नरोकिएको, सिद्धान्त राम्रो भए पनि आदर्शका कुराले मात्र देश राम्रो नबन्ने, म मान्छे हराएको मान्छेभित्र उसको मान्छे खोज्दैछु, म प्रजातन्त्र हराएको प्रजातन्त्र - नेपालमा लोकतन्त्र खोज्दैछु आदि पदावली तथा उद्गारको प्रयोगले निबन्धमा सुनमा सुगन्ध थपी लेखकको वैयक्तिकता, हार्दिकता, भाषाशैलीगत आदि तत्त्वको सवल प्रमाण प्रस्तुत गर्दै निश्चित आयाममा रचित यस निबन्ध निकै उच्चकोटिमा गनिन सफल भएको छ ।

नृपेन्द्र पुरुष 'यादि' आफ्नो लेख 'साहित्यमा पर्ने विज्ञानको असर' मार्फत साहित्य र वेदहरू छपाईलगायत भौतिकरूपी सांसारिक कुराहरू आदिको विकास विज्ञानले गर्दा भएकाले त्यसको सकारात्मक तथा नकारात्मक प्रभाव साहित्यमा परेको छ तर विज्ञानको सदुपयोग गर्दा मानव, साहित्य अनि समग्र प्रकृति जगत्कै उन्नति हुन्छ भने यसको दुरूपयोगले ती सम्पूर्ण कुराको सर्वनाश हुन्छ भन्ने कुरा सन्देश स्वरूप प्रस्तुत गर्दछन् । यसै सन्दर्भमा उनी भन्दछन् - दुःख

---

[८९] ऐ.ऐ. अङ्क ४, २०६४ वैशाख, पृ. २२ ।

त साहित्य हो - कला हो, सुख एटम बम । समाजको उँच र नीच वैज्ञानिकले हटाउन खोजेको पक्कै हो तर एटम बम पड्काएर हुँदैन । विज्ञानलाई त मैले अहिलेसम्म एउटा असफल शास्त्रको रूपमा लिएको छु - मान्छेले विज्ञानलाई विनाशकको अस्त्र बनाएको छ, सदुपयोग गरेन । संसारलाई विनाशबाट बचाउनु अब मान्छेकै काम छ ।[९०] मानिसले संसारमा भएका नराम्रा कुराहरूमा परिवर्तन गरी आफू लगायत सम्पूर्ण प्राणी जगत्कै कल्याणका लागि आफ्नो सम्पूर्ण जीवन खर्चिनु पर्ने आजको टड्कारो आवश्यकता रहेको छ । सबैलाई सही बाटोमा डोऱ्याउन पहिले आफूले कुमार्ग तथा दुर्गुण त्यागी उदाहरणीय भई देखाउन सकेको खण्डमा मात्र अरूलाई सही बाटोमा डोऱ्याउन सकिन्छ अर्थात् मानवले अरूलाई बदल्नु छ भने शुरू आफैंबाट गर्नुपर्छ भन्ने यस लेखको मूल भावलाई समेटी मान्छेले आफूले दिएको वचन र लक्ष्य पूरा गर्न सकिरहेको छैन, भाषण मात्र भाषणमा सीमित भएको छ, योजना मात्र योजनाको रूपमा कागजमा सीमित भएको छ, कार्य मात्र कार्यका रूपमा सीमित छ र त्यसले मूर्त रूप लिन सकेको छैन आदि कुरा भन्ने सन्दर्भमा लेखकले मानवलाई आफ्नो दायित्व पूरा गर्नतर्फ लागी सजक भएर त्यसलाई व्यवहारमा लागू गर्नुपर्ने सन्देश दिएका छन् ।

निबन्धकार मजुजबाबु मिश्र 'सामन्ती सभ्यता' निबन्धमार्फत को हो सामन्ती ? के हो सामन्त ? कस्तो वाद हो सामन्तवाद भनेको ? आदि कुराको परिचय दिँदै समाजका विकृति तथा विसंगतिकोरूपमा रहेका यी कुरालाई कसरी चिन्ने र तह लगाउने भन्ने सन्दर्भमा उचित सामाजिक सन्देश दिन्छन् । यसै सन्दर्भमा उनी भन्दछन् - ठूलो माछाले सानोलाई निल्छ । त्रसित छन् साना जलचरहरू सामन्ती सार्कको साम्राज्य - सागरमा । त्रसित छन्, उत्पीडित छन्, सामन्ती वृक्षहरूका फेदीमा परेको सबै स-साना बोट-बिरुवाहरू । आकाशमा निर्भिक उड्छन् सामन्ती बाजहरू, वन पाखामा सामन्ती सिंहराज ।[९१] अझ व्यङ्ग्य गर्दै उनी भन्दछन् - शोषक र शोषित एक अर्काका पूरक हुन् । यी दुईको संयुक्त

[९०] 'शारदा' पुनः प्रकाशन वर्ष १, अङ्क २, २०६३ फागुन, पृ. ४९ ।

[९१] 'शारदा' पुनः प्रकाशन वर्ष १, अङ्क ५, २०६४ जेठ, पृ. ३५ ।

रूप नै मानव सभ्यता हो । शोषकको धन लौकिक र धर्म । शोषितको धन अलौकिकता, अन्धविश्वास र कुरीति । शोषकको धन शरीर । शोषितको धन आत्मा र परमात्मा । दुवै शक्ति हुन्, धनवान् हुन् । एउटाको अनुपस्थितिमा अर्को निस्क्रिय हुन्छ ।[९२] यसरी शोषकले शोषितको उपस्थितिमा मात्र शेषण गर्न सक्छ र आफ्नो सामन्ती रूपी आधिपत्यको साम्राज्य जमाउन सक्छ भन्दै प्रत्येक पीडित तथा शोषितवर्गलाई ब्युँझिएर आफ्नो आत्मरक्षा गर्न विवेकरूपी सन्देश निबन्धमार्फत निबन्धकारले सम्प्रेषण गरेका छन् ।

यी माथि उल्लेख गरिएका तथा यसका अतिरिक्त अन्य भावपरक, आत्मपरक, वर्णनात्मक, विवरणात्मक, जीवनीपरक निबन्धहरू तथा साहित्यिक, सांस्कृतिक र कला सम्बन्धी लेखिएका लेख-निबन्धहरू प्रकाशित गराएर 'शारदा' ले यस क्षेत्रमा गहन योगदान पुऱ्याउनुका साथै पाठकलाई पर्याप्त बौद्धिक खुराक प्रदान गर्दै आर्थिक तथा साहित्यिक विकासमा पनि अहम् भूमिका खेलेको छ । समग्रमा हेर्दा यसमा प्रकाशित लेख-निबन्धहरूले साहित्यिक क्षेत्रमा आफ्नै किसिमको मौलिक योगदान पुऱ्याउन सफल भएका छन् ।

साहित्यको गद्य विधाका विभिन्न रूपहरूमध्ये एउटा उपविधाका रूपमा संस्मरणलाई लिइन्छ । यसमा लेखको यथार्थ जीवनसँग सम्बद्ध केही भोगाई तथा भावुकताको अभिव्यक्ति हुन्छ । 'शारदा' पत्रिकाले 'संस्मरण' मार्फत नेपाली साहित्यमा नाम चलेका प्रसिद्ध लेखक, कवि, कथाकार आदिका अभिव्यक्तिलाई स्थान दिएको छ । 'शारदा' को पुनः प्रकाशन नवाङ्क १ देखि १२ सम्म लगभग ८ जना लेखक (संस्मरणकारका) ८ वटा संस्मरणहरू देखा परेका छन् । 'शारदा' का जति अङ्कहरूमा संस्मरण पाइन्छ, ती सबै निकै महत्त्वपूर्ण छन् । विभिन्न अङ्कमा संस्मरण लेख्ने नाम चलेका लेखहरू हुन् - प्रकाश ए. राज, टेक वि. कार्की, मञ्जुल, भरतराज पन्त, रामप्रसाद पन्त, गोरख ब.सिंह, गोमा, सुरेन्द्र के.सी. आदि ।

[९२] ऐ.ऐ. पृष्ठ ३६ ।

साहित्यको गद्य विधाका विभिन्न रूपमध्ये एउटा उपविधाका रूपमा आत्म वृत्तान्तलाई लिइन्छ । यसमा लेखको यथार्थ जीवनसँग सम्बद्ध केही भोगाईको अभिव्यक्ति हुन्छ । 'शारदा' पत्रिकाको पुनः प्रकाशन नवाङ्क १ देखि विशेषाङ्क १२ सम्म मात्र १ जनाको १ वटा अर्थात् नवाङ्क १ मा मात्र कृष्णप्रसाद पराजुलीको 'मेरो साहित्ययात्रा' नामक आत्मवृत्तान्त पृष्ठ ४८ मा प्रकाशन हुनाले यो अङ्क अन्य अङ्कको दाँजोमा नेपाली साहित्यका क्षेत्रमा विशेष उल्लेख्य रहेको छ ।

साहित्यको गद्य विधाका विभिन्न रूपहरूमध्ये एउटा उपविधाका रूपमा नियात्रालाई लिइन्छ । कत्तिले नियात्रालाई नियात्रात्मक निबन्धकै रूपमा मानेर अध्ययन गर्ने गरेको पाइन्छ । यसमा लेखकले विभिन्न समय तथा स्थानमा गरेका यात्रालाई समेटी यथार्थ जीवनसँग सम्बद्ध केही उल्लेख्य तथा महत्त्वपूर्ण भोगाईलाई सन्देशप्रद रूपमा रचनामार्फत सहज अभिव्यक्ति दिइएको हुन्छ । 'शारदा' को पुनः प्रकाशन नवाङ्क १ देखि १२ सम्म लगभग तीन जना लेखकका ३ वटा नियात्रा अर्थात् सुरेन्द्र के.सी., नगेन्द्र र भूपिन व्याकुलका नियात्रा मात्र प्रकाशित भएकाले जुन अङ्कमा ती रचना प्रकाशित भए ती अङ्कले नेपाली साहित्यका क्षेत्रमा निकै ठूलो टेवा पुऱ्याएको छ ।

साहित्यको गद्य विधाका विभिन्न रूपहरूमध्ये एउटा उपविधाका रूपमा आत्मलापलाई लिइन्छ । यसमा लेखकको यथार्थ जीवनसँग सम्बद्ध केही भोगाईलाई सवल रूपमा सन्देशप्रद ढंगमा पाठकसामु आफ्ना रचनामार्फत सहज अभिव्यक्त दिइएको हुन्छ । 'शारदा' को नवाङ्क १ देखि १२ सम्म एउटा मात्र आत्मलाप जगदीश घिमिरेको 'मनको बह सबैलाई कह' शीर्षकमा निकै रोचकतापूर्वक प्रस्तुत गरी वर्ष १, अङ्क ११, पृष्ठ ६३, २०६४ मङ्सिर अङ्कले नेपाली साहित्यको क्षेत्रमा निकै ठूलो योगदान दिएको छ ।

### ५.१.४ 'शारदा' पत्रिकामा प्रकाशित समीक्षा, समालोचना, विवेचना, पुस्तक चर्चाहरूको अध्ययन :

समालोचना भन्नाले सामान्य अर्थमा चारैतिर नियाल्नु वा राम्ररी हेर्नु भन्ने बुझिन्छ । साहित्यमा कुनै काव्य कृति वा साहित्यिक रचनाको विश्लेषण र मूल्याङ्कन

गर्दै त्यसका विविध पक्षको सूक्ष्मतर विवेचना गर्नु भन्ने अर्थमा बुझिन्छ । सिर्जना शक्ति, आस्वादन शक्ति र परीक्षण शक्तिको संयुक्त प्रयासबाट साहित्यको विकास हुन्छ भन्ने मान्यतालाई स्वीकार्ने हो भने यीमध्ये तेस्रो शक्ति परीक्षण नै समालोचनाको बीज विन्दु हो । साहित्यको विकासमा निरीक्षक परीक्षणको निकै महत्त्व रहेको हुन्छ । संस्कृतमा आलोचकलाई भावक भनिन्छ र समालोचनालाई प्रतिभाकै उब्जनी मानिन्छ । यस सन्दर्भमा हिन्दीका राजशेखरको समालोचना सम्बन्धी परिभाषा निकै सान्दर्भिक मानिन्छ जुन यसप्रकार छ :- "भावक अथवा आलोचकलाई काम लाग्ने प्रतिभालाई भावयित्री भनिन्छ, भावयित्री प्रतिभाले कविता श्रम र अभिप्रायको भावना गर्दछ । पर्यावलोचन गर्दछ अर्थात् यसद्वारा नै कविको काव्य व्यापाररूपी वृक्ष हरियो-भरिलो हुन्छ, अन्यथा कल्पवृक्ष सर्लङ्गै सुकिहाल्छ ।[९३]

मूल त साहित्यका विविध विधाहरूलाई नाप-तौल एवम् व्याख्या विश्लेषण र मूल्याङ्कन गर्ने 'समालोचना' मूलत साहित्यको एक प्रमुख विधा मानिन्छ । 'शारदा' को नवाङ्क १ देखि विशेषाङ्क १२ सम्म लगभग ३७ ओटा समीक्षा-समालोचना, विवेचना र पुस्तक चर्चा प्रकाशित भएका छन् । 'शारदा' मा प्रकाशित कविता र कथाभन्दा समालोचनाको सङ्ख्यामा केही कमी आएको पाइन्छ । वस्तुतः गहन बौद्धिक चिन्तन एवम् तार्किकताविहीन कोरा कल्पना र सतही ज्ञानका आधारमा लेखिएका समालोचनात्मक लेखहरूले पृष्ठ भर्नुको साटो थोरै तर हगन रचनाहरू दिएर पाठकहरूको बौद्धिक विकास गर्नु र साहित्यिक अभिवृद्धिमा ठोस योगदान पुऱ्याउनु नै 'शारदा' को मुख्य उद्देश्य रहेको हुँदा यहाँ प्रकाशित समालोचनात्मक लेखहरूको समष्टि रूपमा सङ्ख्यामा मात्र कम हुन गएको मान्न सकिन्छ । 'शारदा' को पुनः प्रकाशन नवाङ्क १ देखि विशेषाङ्क १२ सम्मका अङ्कहरूमा देखिएका प्रमुख समीक्षक/समालोचकहरू– लालगोपाल सुवेदी, रामशरण दर्नाल, झमक घिमिरे, लक्ष्मणप्रसाद गौतम, कृष्णप्रसाद दाहाल, शारदा, रेवतीरमण सुवेदी, युवराज मैनाली, तुलसीहरि कोइराला, राजेन्द्र सुवेदी, श्रीबाबु कार्की 'उदास', गोविन्दराज भट्टराई, रमेश गोर्खाली, विमल, मोहनहिमांशु थापा, ज्ञानु अधिकारी, मुक्तिनाम शर्मा,

[९३] भानुभक्त पोखेल : सिद्धान्त र साहित्य (विराटनगर, श्याम पुस्तक भण्डार, २०४०), पृ. २५५ ।

देवेन्द्रप्रसाद उप्रेती, रीना तुलाधर, वैरागी जेठा, नीलकमल, नेत्र एटम, देवी नेपाल आदि हुन् । यसमा प्रकाशित समालोचकीय लेखहरूलाई हेर्दा प्रायः व्यक्ति र कृतिकै सेरोफेरोमा केन्द्रित देखिन्छन् ।

लक्ष्मणप्रसाद गौतम 'समकालीन नेपाली कवितामा सशस्त्र द्वन्द्वजन्य प्रभाव' नामक समालोचनामार्फत आफ्नो समालोचकीय खुबी देखाउँदै तत्कालीन अवस्थामा द्वन्द्वले समाजमा कस्तो असर पऱ्यो र त्यसको फलस्वरूप कस्ता साहित्यिक कृतिले सामाजिक विसंगति तथा विकृतिलाई यथार्थ रूपमा उदाङ्ग पार्ने काम गरे भन्ने कुरा परीक्षणको कसीमा राखेर हेरी समग्रमा उचित समालोचकीय सन्देश दिने काम गरेका छन् । वि.सं. २०५२/०५३ यताको सशस्त्र द्वन्द्वग्रस्त परिस्थितिले नेपाली जीवन र समाजलाई अत्यन्त प्रभावित पाऱ्यो र यसको परिणतिस्वरूप कवितामा अर्को नयाँ मोड आयो । यस मोड्का कवितामा सशस्त्र द्वन्द्वजन्य प्रभाव र परिणतिको यथार्थ प्रतिबिम्बित भएको पाइन्छ । समकालीन द्वन्द्व कविताहरूका तथ्याङ्क वा उदाहरणहरू निम्न छन् :

- हिजोको वर्ष जस्तै यो वर्ष पनि
  डढिसकेको छ बारुदले हाम्रो मूल्य र मान्यता

  (उपेन्द्र श्रेष्ठ, 'सहिनसक्नु छ .... ', 'शारदा' वर्ष १, अंङ्क २, २०६३ फागुन, पृष्ठ ८६)

- चुलिँदै चुलिँदै गइरहेछ लासहरूको हिमालय
  मसानघाट जस्तो देश ।

  (मीनबहादुर विष्ट, 'लासहरूको सगरमाथा', 'शारदा' ऐजन)

- वर्तमान सशस्त्र उभिँदा
  यो समयले सुरक्षा कोसित माग्ने ?
  (गोपाल पराजुली, 'अवस्थाको मौन परिणत', 'शारदा' ऐजन)

- फेरि शङ्ख फुकेर को गर्दैछ युद्धको घोषणा ?
  थाकेर चुरचुर छु अब म युद्ध सकिए हुन्थ्यो ।
  (अशेष मल्ल, 'अब त भाले बासेहुन्थ्यो', 'शारदा' ऐजन)

- दिनका दिन मानिस आगो र
  बारुदले डढ्यो भन्छन् अहिले त ....
  नानी केटाकेटीका हातमा फूल सल्किसक्यो ।
  (ईश्वर वल्लभ, 'निरन्तर निरन्तर', 'शारदा' ऐजन)

- रक्तपात संहार युद्धको सुन्दरता
  सुखमयमा मस्त । युद्ध उल्लासमय छ ।
  (मुकुन्द दाहाल, 'युद्धपीडा', 'शारदा' ऐजन)

- अति भयो बहादुरी नदेखाऊ साथी
  आफ्नै भाइ मारी खुसी नमनाऊ साथी
  (सरस्वती शर्मा, 'जिज्ञासु', 'अति भयो बहादुरी', 'शारदा' ऐजन, पृष्ठ ८७)

- उनीहरू आए मेरो हातको किताब कापी खोसे
  र सट्टामा हातमा बन्दुक थमाइदिए ।
  (मनोज न्यौपाने, 'युद्धमा बुद्ध मन पराउने मान्छे', 'शारदा' ऐजन)

- प्रत्येक साँझ बिहान छोपेर नानीहरूका आँखा
  त्यो बगैँचामा बारुद प्रक्षेपण घुमिरहेको छ ।
  (ठाकुर बेलबासे, 'भाग्दै नरमेघबाट पुनः नरमेघमा', 'शारदा' ऐजन)

यस प्रकार समकालिन नेपाली कविताको यस पछिल्लो समयावधिमा लेखिएका धेरैजसो कविता नेपालको द्वन्द्वग्रस्त आक्रान्त परिवेशबाट प्रभावित छन् । सशस्त्र द्वन्द्वको समर्थन र विरोधमा भन्दा पनि यसको दोहोरो मारमा परेर नेपाली जनताले भोग्नु परेको पीडा, भय, असुरक्षा, सन्त्रास, आतङ्क आदिको भोगाइ एवम् पीडाबोध र अनुभूति नै यी द्वन्द्वकविताका केन्द्रीय कथ्य हुन् । यी कथ्यहरूबाट शान्तिकामी/शान्तिरूपी चेतना प्रकट हुन्छ । यहाँ प्रस्तुत गरिएका केही नमूना मात्र हुन्; तत्कालीन समयका पीडाबोधकरूपी अरू यस्ता धेरै दृष्टान्त लिन सकिन्छ ।

निचोडमा भन्नुपर्दा समकालिन नेपाली कविताको पछिल्लो चरणको वा यस समयको एक दशकभन्दा बढी समयको यस अवधिमा नेपाली जीवन र समाजले सशस्त्र द्वन्द्वजन्य पीडा र भोगाइको दारुण परिस्थितिबाट आक्रान्त हुनु

परेको यथार्थ एकातिर छ भने अर्कातिर द्वन्द्वजन्य त्रासद परिस्थितिलाई भोगेर, देखेर वा अनुभव गरेर आजका वा तत्कालीन समयका कविहरूले युगीन यथार्थलाई प्रस्तुत गरेको सन्दर्भ पनि छ । यसबाट समकालिन नेपाली कविताको वि.सं. २०५२/०५३ यताको मोडमा युगबोध बढी टड्कारो भएर देखापरेको पाइन्छ । कवितामा युगचेतनाको सशक्तताका दृष्टिले पुरानो पुस्ताका सापेक्षतामा नयाँ पुस्ताका कविहरूका कवितामा यो चेतना अझ सशक्त भएको पाइन्छ । नेपालमा चलेको सशस्त्र द्वन्द्वले सबै वर्ग, उमेर, लिङ्ग, जाति, स्थिति आदि सम्पूर्ण किसिमका मानिसहरूलाई प्रभावित पारेको हुनाले पनि सबै स्रष्टाहरूले आफ्नो भोगाइ र अनुभूतिलाई कवितात्मक अभिव्यक्ति दिएका छन् । समग्रमा यी द्वन्द्व कविताहरू अन्याय, शोषण, दमन, हत्या, हिंसा, आतङ्क, अशान्ति, स्वतन्त्रता आदिका पक्षमा उभिएका छन् ।

समालोचक कृष्णप्रसाद दाहाल आफ्नो समालोचना 'विश्वेश्वरप्रसाद कोइरालाको उपन्यास-यात्रा' मार्फत समालोचकीय उच्चकोटिको खुबी देखाउँदै विश्वेश्वरप्रसाद कोइरालाको उपन्यास-यात्राको मूल्याङ्कन तथा सीमाङ्कन गरी विभिन्न चरणहरू निर्धारण गर्दछन् । उपन्यासकार विश्वेश्वरप्रसाद कोइराला (वि.सं. १९७१ - २०३९) आधुनिक नेपाली उपन्यासको चौथो प्रहरमा देखापरेका व्यक्तित्व हुन् । कोइराला उपन्यास लेखनमा आफ्ना समकालीनहरूमा मात्रै होइन आफ्ना अग्रज र कनिष्टका बीचमा तीव्र बनेका छन् । जसरी कथालेखनमा उनले आफ्नो पहिचान छुट्टै किसिमले स्थापित गर्न सफल भए, त्यसरी नै उपन्यास-लेखनमा पनि पृथकीय शैलीद्वारा आफ्नो उपन्यासकारितालाई जीवन्त तुल्याएका छन् ।

विश्वेश्वरप्रसाद कोइरालाको उपन्यास-लेखनको यात्रा वि.सं. २००७ सालदेखि वि.सं. २०२५ सालसम्म मानिन्छ भने उपन्यास लेखन-प्रकाशनको यात्रा भने वि.सं. २०४५ सालसम्म मानिन्छ । उनको उपन्यासयात्राको वैज्ञानिक आधार पनि यसैलाई मान्नुपर्दछ । यसरी हेर्दा उनको उपन्यास-यात्रालाई निम्न तीन चरणमा विभाजन गरिएका छन् :

(क) प्रथम चरण - वि.सं. २०२५ 'तीनघुम्ती' देखि वि.सं. २०२६ 'नरेन्द्र दाइ' सम्म,

(ख) द्वितीय चरण - वि.सं. २०२७ 'सुम्निमा' देखि वि.सं. २०३६ 'मोदिआइन' सम्म,

(ग) तृतीय चरण - वि.सं. २०३७ देखि वि.सं. २०४५ 'बाबु, आमा र छोरा' सम्म ।

वि.पि. कोइरालाले वि.सं. २०१५ सालमा मुलुकको प्रथम जननिर्वाचित प्रधानमन्त्री हुनुभन्दा अगाडि नै 'हिटलर र यहूदी' उपन्यासको लेखन भएको आत्मस्वीकृति उनले अन्तर्वार्तामार्फत जाहेर गरेको पाइन्छ ।[९४] वि.सं. २०१५ र वि.सं. २००७ सालको क्रान्तिको समेत समयावधिलाई वि.पि. को उपन्यास-यात्राको चरण विभाजनमा उल्लेख्य समयावधि मानी वि.सं. २००७ देखि २०४५ सम्म कायम गरिएको हो ।

यसरी चरण विभाजन गर्ने सन्दर्भमा समालोचक कृष्णप्रसाद दाहालले माथिका समयावधि लगायत निम्न आधारहरू प्रस्तुत गरेका छन् :-

(क) विषयगत आधार :

(अ) सामाजिक यथार्थवादी विषयगत आधार : तीनघुम्ती - २०२५, नरेन्द्र दाइ - २०२६,

(आ) पौराणिक र सांस्कृतिक विषयगत आधार : वि.सं. २०२७ 'सुम्निमा', वि.सं. २०६३ 'मोदिआइन',

(इ) ऐतिहासिक र सामाजिक यथार्थवादी विषयगत आधार : वि.सं. २०४० 'हिटलर र यहूदी', 'बाबु, आमा र छोरो' वि.सं. २०४५ ।

(ख) शैलीगत आधार :

(अ) संस्मरणात्मक शैलीगत आधार : तीनघुम्ती, नरेन्द्र दाइ,

(आ) सद्य : एवं संस्मरणात्मक शैलीगत आधार : सुम्निमा, मोदिआइन,

[९४] 'शारदा' पुनः प्रकाशन वर्ष १, अङ्क ३, पृ. २३, २०६३ चैत ।

(इ) नियात्रात्मक एवं संस्मरणात्मक शैलीगत आधार : 'हिटलर र यहूदी', 'बाबु, आमा र छोरो' ।

अन्तमा उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको उपन्यास-यात्रालाई उपर्युक्त आधारबाट वर्गीकरण गर्दा उनीप्रति कतै पनि अन्याय गरेको ठहर्दैन ।[९५] कुनै पनि स्रष्टाको साहित्यिक यात्राको वर्गीकरण गर्ने मूलआधार भनेकै उसका रचनाहरू हुन् । उसले रचनाहरूको निर्माण जसरी गरेको हुन्छ त्यसरी नै उसको साहित्यिक-यात्राको चरण विभाजनको सीमारेखा तयार गरिएको हुन्छ । अतः यही दृष्टिबाट उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको उपन्यासयात्राको चरण विभाजन गरिएको हो । यसले कोइरालाको उपन्यासयात्रालाई स्पष्ट र पारदर्शी गराउँदै नेपाली साहित्यको उपन्यासका क्षेत्रमा वि.पि. को योगदान बारे स्पष्ट आधार प्रस्तुत गर्दै समालोचकले उच्च मूल्याङ्कनका साथ उचित न्याय गरेको पाइन्छ ।

विवेचक कृष्णप्रसाद घिमिरेले आफ्नो विवेचना 'पारिजातका नाटकको विश्लेषण र नाट्यप्रवृत्तिहरू' मार्फत पारिजातका नाटकको पृष्ठभूमि केलाउँदै उत्कृष्ट विवेचना गरेका छन् । पारिजातको 'एक जोडी अन्तराल' नामक पूर्णाङ्की नाटक विमल भौकाजीको सम्पादनमा निस्कने 'घुयेँत्रो' द्वैमासिक पत्रिकामा (वर्ष २, अङ्क १, पूर्णाङ्क ३,वैशाख-जेठ, २०५६) तीन दृश्यसम्म प्रकाशित भएको देखिन्छ । त्यसपछि बाँकी भाग सोही पत्रिकाको वर्ष २, पूर्णाङ्क ७, पुस-माघमा प्रकाशित भएको हो । एक जोडी अन्तराल नाटकको नाट्यवस्तु नेपाली समाजमा विद्यमान सामाजिक अवस्था र चिन्तनको पक्षसँग सम्बन्धित देखिन्छ । पारिजातले यसको लेखन कार्य वि.सं. २०३८ देखि २०४२ सालसम्म गरेको अनुमान गरिन्छ ।[९६] विवेचकले यस नाटकको कथावस्तु, चरित्र-चित्रण, संवाद, भाषाशैली, वातावरण, उद्देश्य आदिको उच्च दक्षताका साथ विवेचना गरेका छन् । पारिजातका निम्न नाट्यप्रवृत्तिहरू रहेका छन् :

---

[९५] ऐजन, पृ. ३० ।

[९६] 'शारदा' पुनः प्रकाशन वर्ष १, अङ्क ८, २०६४ भदौ, पृ. ६८ ।

(क) आफ्नै वर्गमा (निम्न, मध्यम, उच्च वर्ग) पनि पुरुषले नारीलाई शोषण गर्ने सामाजिक संस्कार बनेको सामन्ती चरित्रको उद्घाटन गर्नु,

(ख) आर्थिक आत्मनिर्भर भएर बाँच्नु स्वतन्त्रताको पहिलो कडी हो भन्ने देखाउनु,

(ग) पात्रका मानसिक अवस्थालाई मनोविश्लेषण गरेर नाटकमा देखाउनु,

(घ) अन्तर्मनबाटै वर्गीय सहयोगको भावना मानिसमा विद्यमान रहन्छ तर त्यो समवर्गीय हुन्छ भनेर देखाउनु,

(ङ) नारीको अस्तित्व र अस्मितालाई उच्चवर्गले स्वीकार नगरेको देखाउनु,

(च) प्रगतिवादी मूल्य र मान्यतालाई अवलम्बन गरी उत्कृष्ट नाटक लेख्नु,

(छ) वर्गीय पक्षधरतालाई प्रश्रय दिनु,

(ज) करिब दुई दशकको अवधिलाई नाटकीय अधारमा उल्लेख गर्नु,

(झ) नाटकमा पात्रहरू मुक्तिका लागि सङ्घर्षरत रहनु,

(ञ) नाटकमा कथा-कथानको नाटकीय शैली भित्र्याउनु,

(ट) अङ्कलाई दृश्यका रूपमा प्रयोग गर्नु,

(ठ) अत्याधुनिक मञ्चव्यवस्थानुसारको नाटकमा अभिलेख हुनु,

(ड) तीस र चालीसका दशकका सर्वोत्कृष्ट प्रगतिवादी नाटक सृजना गर्नु,

(ढ) दार्शनिक विचारलाई कलात्मक अभिव्यक्ति दिनु,

(ण) नेपाली भाषाप्रतिको मोह र सम्मान व्यक्त गर्नु र

(त) रूप र अन्तर्वस्तुको सुन्दर प्रयोग नाटकमा सन्तुलित रूपले गर्नु आदि ।

यसरी उनका नाट्यप्रवृत्ति तथा उनका अन्य साहित्यिक विधा (कथा, कविता, उपन्यास आदि) आदिलाई समेत हेरी विश्लेषण गर्दा पारिजात नेपाली साहित्यको बीस, तीस र चालीसको दशककी सशक्त प्रतिभा तथा मूल्यवान् कृतिका सचेत स्रष्टा बनेकी देखिन्छिन् । यही नै पारिजातको उत्कृष्ट साहित्यिक देन हो ।

रीना तुलाधर आफ्नो समीक्षा 'सुगत-सौरभ' महाकाव्य र बौद्ध दर्शन' मार्फत 'नेवारी वा नेपाल भाषा' मा रचित सुगत-सौरभ महाकाव्यले के-कस्तो बौद्ध दर्शन तथा मानव उत्थान सम्बन्धमा योगदान दिएको छ भन्ने कुराहरू प्रस्तुत गर्दछिन् । स्व. कविकेशरी चित्तधर 'हृदय' द्वारा रचित यस महाकाव्य अत्यन्त महत्त्वपूर्ण हुनुका

साथै लोकप्रिय पनि बनेको छ । बुद्धले दिनुभएको विभिन्न उपदेशहरूलाई यस महाकाव्यमा भावानुवाद गरिएको छ, जुन यसप्रकार छन् :

'हुन्न जन्मले ऊँच र नीच
बन्छ कर्मले जात कुजात
परहित गर्ने श्रेष्ठ सदैव
बन्दछ द्वेषण गर्ने दुष्ट ।'

(सुगत सौरभ, पृष्ठ १८४/'शारदा' वर्ष १, अङ्क ११, पृष्ठ ७६, २०६४-मङ्सिर)

'गौतम हुँ म शाक्यवंशका राजकुमार
सत्यार्जनको निम्ति हिँडेको त्यागी सारा घर परिवार ।'
(ऐजन, पृष्ठ १८० /'शारदा' ऐजन, पृष्ठ ७७ )

'राजपाट वा धनसम्पत्ति चाहिन्नँ बुबा ? क्यै चाहिन्नँ ।
मोह राज्यको त्यागें मैले त्यागें महल र धन ऐश्वर्य
प्राण पिया पनि त्यागें फेरि त्यागें प्यारो राहुल पुत्र'
(ऐजन, पृष्ठ १८१ /'शारदा' ऐजन)

खोसीकन लौ मेरै वस्तु पिट्यो मलाई त्यसले हेर -
भनिकन जसले नितदिन सोच्छ पाल्यो त्यसले मनमा वैर ।
वैर कसैको मनको कहिल्यै वैरभावले नासिन्न सुन
अवैरले नै नास्तछ वैर रीत सनातन यै हो जान ।
धर्म मार्गमा साथ दिने यदि मिल्दैन भने मित्र विनीत
जङ्गलमा गजराज समान एक्लै नै बरू हिँड्नु छ उचित ।
(ऐजन, पृष्ठ २८५ /'शारदा' ऐजन )

यसरी 'एशियाका तारा' बुद्धले दिएका सन्देश जीवन-जगत्का लागि अति नै उपयोगी तथा सुमार्ग निर्देशकका रूपमा चिरस्थायी रहेका छन् ।

जसरी लक्ष्मीप्रसाद देवकोटाले 'मुनामदन' खण्डकाव्यलाई जोगाई राख्न भनेका थिए त्यसरी नै कविकेशरीले यस सुगत-सौरभ महाकाव्यलाई जोगाई राख्न विनम्रता साथ यसरी भनेका छन् :

बौद्ध दर्शन प्रदर्शन गर्ने छैन ममा कुनै तागत मित्र
त्यो पनि के हो जान्दिन मैले आजभोलि जो 'आर्ट' भनिन्छ ।
('शारदा' ऐजन, पृष्ठ ७८ )

यसरी हेर्दा जब धर्मको आस्था लिई कसैले यसको अध्ययन गर्दछ, महाकाव्य वास्तवमा धर्मरूपी विशाल ज्ञानको स्रोत रहेको पाउँछ । तथागतले बताउनु भएको मानव मात्रको कल्याणको लागि काव्यात्मक छन्दमा, आलङ्कारिक भाषामा मनमोहक रचना गरी बुद्धोपासक रचनाकारले पाठकमाथि ठूलो गुण लगाएका छन् ।

पुस्तक चर्चा/पुस्तक समीक्षा/कृति समीक्षा एक गद्यात्मक तथा महत्त्वपूर्ण लेख वा अभिव्यक्तिका रूपमा 'शारदा' पुनः प्रकाशन नवाङ्क १ देखि विशेषाङ्क १२ सम्म स्थायी स्तम्भकै रूपमा रहेको छ । यसमा विभिन्न पुस्तक वा कृतिका मूल्य, लेखक, शीर्षक, प्रकाशक, विधा, कथावस्तु, उद्देश्य, विशेषता आदिका बारेमा चर्चा तथा समीक्षा गरी पाठकलाई महत्त्वपूर्ण गुण लगाई नेपाली साहित्यको क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याएको छ । 'शारदा' मा नयाँ पुस्तक, पुराना पुस्तक, द्वन्द्व-कथा सङ्ग्रह, आकाशका पैताला, यौन कथा, स्मृति नै स्मृति, काव्यिक नियात्रा, मुना टुसाएपछि, कथा : ढुङ्गैढुङ्गा, अनाम पहाडमा फनफनी, हाइकु र हाइजित, दुःसाध्य समय आदि कृति तथा विषयमा चर्चा तथा समीक्षा गरी नेपाली साहित्यको कविता, कथा, निबन्ध आदि विधामा उल्लेख्य योगदान पुऱ्याउने काम 'शारदा' पत्रिका परिवार तथा विभिन्न लेखक तथा साहित्यकारद्वारा भएकाले यसले पाठकलाई कुन पुस्तक कस्तो खालको हुनुका साथै नेपाली साहित्यमा त्यसले के कस्तो टेवा पुऱ्याएको छ भन्ने कुरा प्रस्ट हुने गर्दछ ।

'शारदा' मा प्रकाशित यस्ता विभिन्न समालोचना, समीक्षा, विवेचना, पुस्तक चर्चा तथा कृति समीक्षा आदिले नेपाली साहित्यका क्षेत्रमा उल्लेख्य भूमिका निर्वाह गरेका छन् ।

### ५.१.५ 'शारदा' पत्रिकामा प्रकाशित कला, साहित्य, संस्कृति, परम्परा, धर्महरूको अध्ययन :

'शारदा' पत्रिकामा विभिन्न लेखकद्वारा गौरवमय परम्परामा गन्तव्यहीन वर्तमान, आधुनिक कला, फराओ र मिश्रका पिरामिडहरू, नेपाली आधुनिक कलाको पूर्वसन्ध्या आदि शीर्षकमा नेपाली कला तथा साहित्यका क्षेत्रमा टेवा पुऱ्याउने खालका सामग्रीहरू लेखी प्रकाशन गराएर पाठकलाई 'कला' सम्बन्धी आवश्यक जानकारी दिएकाले पनि यस पत्रिकामा प्रकाशित यस्ता सामग्रीहरूको महत्त्वपूर्ण स्थान रहेको छ ।

'शारदा' पत्रिकामा विभिन्न लेखकद्वारा 'साहित्य' अन्तर्गत चिठी साहित्य ( गुप्तवासको चिठी), लोक साहित्य (किराँती लोक साहित्य), विश्व-साहित्य (रक्षित, डब्लू.एच. औडेनः बीसौं शताब्दीका विशिष्ट कविता), अँध्यारो खोरमा, पेसेवर मलामीहरू, साहित्यिक आन्दोलन (अस्वीकृत आन्दोलन), साहित्य (प्रवासको सिर्जना) आदि रचना प्रकाशन गराएर नेपाली साहित्यका क्षेत्रमा निकै ठूलो योगदान पुऱ्याएका छन् । यस्ता सामग्रीका सहायताले पाठकले नेपाली तथा विश्व-साहित्यको उचित रसपान गर्न सफल भएका छन् ।

'शारदा' पत्रिकामा विभिन्न लेखकद्वारा 'संस्कृति' अन्तर्गत लोक संस्कृति ( मैथिल संस्कृतिको 'कीर्तन' र 'अष्टमाम' मष्टोको धामीसँग साक्षात्कार, नेपाली लोक नाच, लोकनाचमा नेपाली परम्परा, दोहोरी-गीतको परम्परा र वर्तमान स्थिति, लोक गाथा तथा लोकनाच 'सलहेस'), संस्कृति (नेपालीसंस्कृतिको छोटो इतिहास), इतिहास संस्कृति (हात्तीवनको किराँत माङहिम) आदि रचना प्रकाशित गराएर नेपाली संस्कृतिका क्षेत्रमा निकै ठूलो योगदान पुऱ्याएकाले यस्ता सामग्रीका आ-आफ्नै स्थानमा उल्लेख्य तथा महत्त्वपूर्ण भूमिका रहेका छन् ।

'शारदा' पत्रिकामा प्रकाशित विभिन्न 'परम्परा' सम्बन्धी सामग्रीलाई हेर्दा सरस्वती पन्त भट्टराईको 'दुर्गाष्टमी, होवल (हवलो) गोरा पूजा निकै उल्लेख्य रहेको छ ।

'शारदा' पत्रिकामा प्रकाशित 'धर्म' अन्तर्गत राजीव श्रेष्ठको 'हिन्दू धर्ममा शिवलिङ्गको महत्त्व' निकै महत्त्वपूर्ण छ र यसमा रचनाकारले हिन्दू धर्ममा शिवलिङ्गको के-कति महत्त्व छ ? र यसको पूजा गर्नाले के-कस्तो शुभ हुन्छ भन्ने

मान्यता रहेको छ ? आदि कुरा भन्ने सन्दर्भमा पाठक तथा धार्मिक आस्था रहेका व्यक्तिहरूलाई सन्देश दिएका छन् ।

यसरी 'शारदा' मा प्रकाशित कला, साहित्य, संस्कृति, परम्परा, धर्म आदिले आ-आफ्नो क्षेत्रबाट नेपाली साहित्यका साथै विभिन्न संस्कार तथा परम्परामा समेत उल्लेख्य भूमिका खेली टेवा पुऱ्याएका छन् ।

### ५.१.६ 'शारदा' पत्रिकामा प्रकाशित पत्र-पत्रांश, समाचार-अन्तरक्रियाहरूको अध्ययन :

'शारदा' पत्रिकामा विभिन्न लेखकद्वारा 'पत्र-पत्रांश' अन्तर्गत 'पत्र-पत्रांश' शीर्षकमा विभिन्न मिति, विषय आदिमा पत्र-पत्रांश प्रकाशन गराएर यस क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याएकाले यस पत्रिकामा यस स्तम्भको छुट्टै महत्त्व रहेको छ ।

'शारदा' पत्रिकामा प्रकाशित 'समाचार-अन्तरक्रिया' अन्तर्गत श्रीओम श्रेष्ठ 'रोदन' को 'शारदा' पुनः प्रकाशन विषयक अन्तरक्रिया शीर्षकको रचना वा अन्तरक्रिया ज्यादै महत्त्वपूर्ण तथा उल्लेख्य रहेको छ । यस सन्दर्भमा लेखकले विभिन्न व्यक्तिहरूसँगको अन्तरक्रिया लिएर समाचार प्रकाशन गरी 'शारदा' नेपाली साहित्यका क्षेत्रमा साहित्यिक पत्रिकाका रूपमा पुनः प्रकाशन गर्नु पर्ने आवश्यकता हुनु नै वास्तवमा नेपाली सायिहत्यिक क्षेत्रको उल्लेख्य विकास गर्नु हो भन्ने जवाफ वा सन्देश यस पत्रिका मार्फत सबलरूपमा सम्प्रेषण गरेका छन् ।

यसर्थ 'शारदा' मा प्रकाशित पत्र-पत्रांश तथा समाचार-अन्तरक्रिया 'शारदा' कै इतिहाससँग जोडिएकाले पनि नेपाली साहित्यका क्षेत्रमा मात्र नभए 'शारदा' का ऐतिहासिक दस्तावेजका रूपमा पनि उल्लेख्य दृष्टान्त हुन पुगेका छन् ।

### ५.१.७ 'शारदा' पत्रिकामा प्रकाशित 'शारदा' का ऐतिहासिक मौलिक पृष्ठहरूको अध्ययन :

'शारदा' का ऐतिहासिक मौलिक पृष्ठहरू 'शारदा' पत्रिकाको नवाङ्क १ देखि विशेषाङ्क १२ सम्म नै स्थायी तथा महत्त्वपूर्ण स्तम्भका रूपमा प्रकाशित भएर नेपाली साहित्यको क्षेत्रमा अद्वितीय योगदान पुऱ्याएको कुरा सर्वविदितै छ । यस स्तम्भ 'शारदा' को इतिहास, कर्म, प्रगति, भविष्य आदिसँग जोडिएकाले पनि यो आफैँमा महत्त्वपूर्ण स्तम्भ भएको छ । यस स्तम्भले 'शारदा' प्रकाशन

वि.सं. १९९१ सालदेखि इतिहासका विभिन्न कालखण्डमा 'शारदा' मा प्रकाशित भएका अत्यन्त महत्त्वपूर्ण ऐतिहासिक साहित्यिक तथा साहित्यतेर विषयवस्तुलाई पाठकसम्म पुऱ्याई निकै ठूलो योगदान दिएको छ । धेरै पहिले नै कुनै महत्त्वपूर्ण रचना प्रकाशित भइसकेका तर उक्त 'शारदा' अङ्क प्राप्त नगरेका पाठकलाई उक्त साहित्यिक तथा साहित्येतर विषयवस्तु वा रचनाको साहित्यामृतपान गराई नेपाली साहित्यको क्षेत्रमा अमर इतिहास रच्नसमेत यस स्तम्भ सफल भएको छ । 'शारदा' का यस स्तम्भमा प्रकाशित वि.सं. १९९२ - कलात्मक आवरण चित्र : जोर गणेश छापाखानाबाट प्रकाशित, वि.सं. २००३ - कविता : बाघले बच्चा किन खान्छ ? लक्ष्मीप्रसाद देवकाटा, वि.सं. १९९२ - कथा : चन्द्रवदन : विश्वेश्वरप्रसाद कोइराला (प्रथम मनोवैज्ञानिक कथा), वि.सं. २००० - कविता : आमाको सपना : गोपालप्रसाद रिमाल (प्रथम गद्य कविता), वि.सं. १९९३ - समालोचना : आलोचक र आलोचना : भिक्षु, वि.सं. २००३ - सम्पादकीय : सम्पादकीय विचार : 'शारदा' परिवार, वि.सं. १९९१ - कविता : प्रातःकालीन किरण : सिद्धिचरण श्रेष्ठ, वि.सं. १९९४ - कथा : खुकुरी : बालकृष्ण शमशेर, वि.सं. १९९३ - लेख : विदूषी माधवी : हृदयचन्द्रसिंह, वि.सं. १९९२ - लेख : नुन नखाए पनि काम चल्ला कि ? : 'प्रेम', वि.सं. १९९४ - निबन्ध : रोग : शुक्रराज शास्त्री, वि.सं. १९९४ - कविता : शरद्चन्द्र : भीमनिधि तिवारी, वि.सं. १९९९ - गजल/काव्य : श्री बद्रीप्रसाद शर्मा आदि महत्त्वपूर्ण साहित्यिक तथा ऐतिहासिक दस्तावेज हुन् । 'शारदा' पुनः प्रकाशनले विश्वेश्वरप्रसादको 'चन्द्रवदन', रिमालको 'आमाको सपना', स्व. सहिद शुक्रराज शास्त्रीको 'रोग', बालकृष्ण शमशेरको 'खुकुरी', लक्ष्मीप्रसादको 'बाघले बच्चा किन खान्छ ?' आदि उल्लेख्य सामग्री प्रकाशन गरेर नेपाली साहित्यको क्षेत्रमा अद्वितीय योगदान दिएको छ । वि.सं. १९९४ मा बालकृष्ण शमशेरले आफ्नो कथा 'खुकरी' प्रकाशन गराउँदा आफूलाई 'शमशेर' थरबाट परिचय गराएकाले उनको बालकृष्ण 'सम' भन्ने उपाधि वि.सं. २००७ सालको क्रान्ति पश्चात् प्राप्त उपलब्धि हो भनी खोज्न साहित्यकार तथा पाठकलाई बाध्य गराएकाले यस स्तम्भको ज्यादै ठूलो महत्व रहेको छ । यस्तै अनगिन्ती ऐतिहासिक तथा महत्त्वपूर्ण साहित्यिक सामग्री प्रकाशन गरेर 'शारदा' ले यस स्तम्भमार्फत आफूलाई पाठकसामु साहित्यिक पत्रिकामा हुनुपर्ने विशेष गुण तथा क्षमताको

ज्वलन्त दृष्टान्त प्रस्तुत गरी आफ्नो प्रकाशनको क्षेत्रमा समेत ऐतिहासिक गरिमा बढाउन सफल भएकाले पनि 'शारदा' पत्रिका निकै महत्त्वपूर्ण पत्रिका मानिएको छ ।

**५.१.८ 'शारदा' पत्रिकामा प्रकाशित कैफियतहरूको अध्ययन :**

'शारदा' पत्रिका पुनः प्रकाशन 'कैफियत' नवाङ्क १ देखि विशेषाङ्क १२ सम्म स्थायी स्तम्भको रूपमा प्रकाशित भएको छ । यो स्तम्भमा रचना : कविता : 'शारदा' परिवारकै तर्फबाट वा कार्यकारी सम्पादक विमल भौकाजीले 'शारदा' पुनः प्रकाशन नवाङ्क १ देखि विशेषाङ्क १२ सम्म प्रकाशित गरेका छन् भने यहाँ यी कवितालाई 'शारदा' पत्रिकाको 'कविताको अध्ययन शीर्षक' मा समाविष्ट नगरी छुट्टै वा 'कैफियत' स्तम्भअन्तर्गत अध्ययन गरिएको छ । यसमा 'शारदा' पत्रिका प्रकाशन परिवारका तर्फबाट रचना प्रकाशन गर्नाले अनि विभिन्न अङ्कमा 'आवरण चित्र' प्रधान सम्पादकले प्रस्तुत गर्नाले 'शारदा' पत्रिका परिवारमा लेखक, सम्पादक, चित्रकारलगायत विभिन्न क्षेत्रमा उल्लेख्य योगदान दिनसक्ने व्यक्तित्व भएकै कारणले यो पत्रिका नेपाली साहित्याकाशमा स्वतन्त्रपूर्वक कावा खाँदै विचरण गर्न सफल भएको खुल्ला यथार्थ यसबाट स्पष्ट हुन्छ । विमल भौकाजीद्वारा प्रस्तुत गरिएको कविता/रचनाको उदाहरण यसप्रकार छ :-

कविता : दुई ढुङ्गाबीचको तXल फलाम

-----X-----X-----X------X------X

आज बेमानी इतिहासलाई बदल्नु छ ।
तरुल होइन फलामझैँ दह्रो बन्नु छ ।
फलामलाई ढुङ्गाले भाँच्न सक्दैन । टुक्र्याउन सक्दैन ।
('शारदा' वर्ष १, नवाङ्क १, २०६३ - माघ, पृष्ठ, १२४)

प्रस्तुत कवितांशमा कविले पुरानो इतिहास बदलेर नयाँ कायम गर्नुपर्छ अर्थात् तरुल होइन फलाम बन्नुपर्छ भन्ने दह्रो सन्देश सम्प्रेषण गरेका छन् । यसले नेपालीको आत्मबल बढाउने प्रेरणादायी भूमिका निर्वाह गर्न सफल भएको छ ।

'कैफियत' वास्तवमा आफ्नातर्फबाट राखिने सम्बन्धित कुराको सान्दर्भिक भाग वा अङ्क भएकाले 'शारदा' पत्रिकामा पनि 'कैफियत' ले यही भूमिका निर्वाह

गरेको छ । 'कैफियत' स्तम्भ 'शारदा' पुनः प्रकाशन नवाङ्क १ मा पृष्ठ १२४, अङ्क २ मा पृष्ठ ८८, अङ्क ३ मा पृष्ठ १० र अङ्क ४ देखि विशेषाङ्क १२ सम्म पृष्ठ ९२ मा प्रकाशन भएकाले 'शारदा' को ऐतिहासिक विकासक्रमको पनि यस स्तम्भले पाठकलाई जानकारी दिएको । त्यसैले यो स्तम्भले महत्त्वपूर्ण स्थान ओगट्नुका साथै नेपाली साहित्यका क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याएको छ ।

### ५.१.९ 'शारदा' पत्रिकामा प्रकाशित नाटक-एकाङ्कीहरूको अध्ययन :

'शारदा' पत्रिकाले साहित्यको दृश्य विधालाई पनि स्थान दिएको छ तर जसरी अन्य विविध विधाहरू यसमा मौलाएका छन् त्यो सौभाग्य भने दृश्य विधालाई प्राप्त छैन । प्रस्तुत पत्रिकाको पुनः प्रकाशन नवाङ्क १ देखि विशेषाङ्क १२ सम्म जम्मा एउटा मात्र नाटक-एकाङ्की : पुष्प चित्रकार : प्रेतात्मा अङ्क ५ मा प्रकाशन भएर 'शारदा' ले आफ्नो छुट्टै इतिहास रच्न सफल भएकाले यसलाई नेपाली साहित्यको क्षेत्रमा उल्लेख्य उपलब्धि मान्नु पर्दछ । 'शारदा' पत्रिकामा व्यङ्ग्य, रङ्गमञ्च आदि निबन्ध तथा लेखका रूपमा निकै प्रकाशन भएका छन् तर नितान्तरूपमा नाटक-एकाङ्की विधामा एउटा मात्र रचना प्रकाशन भएकाले संख्यात्मक रूपमा निकै कम लागे पनि गुणात्मक रूपमा भने यसले नेपाली साहित्यको क्षेत्रमा उल्लेख्य योगदान दिएको छ ।

पुष्प चित्रकार आफ्नो एकाङ्की नाटक 'प्रेतात्मा' मार्फत विभिन्न आत्मा-आत्माका बीच र प्रेतात्मासँग पनि वार्तालाप तथा व्यङ्ग्यात्मक संवादात्मक अभिव्यक्तिद्वारा घटनाक्रमलाई कथानक/कथोपकथन, वातावरण, भाषाशैली, दृश्य आदिको उचित संयोजनद्वारा निश्चित उद्देश्य परिपूर्तिका लागि अदम्य साहसका साथ शहीदहरूका सपना पूरा भएका छैनन्; देशमा हत्या, हिंसा, अशान्ति मच्चिरहेको छ; शुक्रराज, धर्मभक्त, गंगालाल र दशरथको रूपान्तरणको आशामा इतिहासका सम्पूर्ण पाना फेर्ने सोच पूरा भएका छैनन्; आत्मालाई दुःख दिने त्यो प्रेतात्मा अशुभ विध्वंसको चरमबिन्दुको रूपमा भष्मासुर भएको छ जसलाई तह लगाउनुपर्छ भन्ने सोच आत्माको भएको तर प्रेतात्मा त्यस्तो नभएर परिवर्तनरूपी सन्देशवाहक भएकाले सो अनुरूप कार्य गर्नुपर्ने; प्रेतात्माकै सन्देश अनुरूप - 'मृत्युकारको प्रतिकार गर्ने । उनको हत्या बिना शान्ति असम्भव । शान्ति

प्रतिकारमा हो । प्रतिकार मृत्युकारको हत्यामा ।' ('शारदा' वर्ष १, अङ्क ५, २०६४ जेठ, पृष्ठ २१) यसो भनिएकाले सो कार्य गर्नु पर्ने; आत्माहरूकै सामूहिक सन्देश अनुरूप - 'हामी सबैले मृत्युकारको खोजी गर्नुपर्छ, उसको हत्या गर्नैपर्छ । साँच्चैको मान्छे देखाउन प्रेतात्माको रूप धारण गरौँ !' ( 'शारदा' वर्ष १, अङ्क ५, २०६४-जेठ, पृष्ठ २२) प्रेतात्माहरूले साँच्चैको मान्छे देखाउन दरिलो सन्देशबाहक प्रेतात्मा बन्न दिएको सन्देश लागु गर्नुपर्ने आदि बहुमूल्य सन्देश सम्प्रेषण गर्दछन् । यसरी हेर्दा यो एकाङ्की क्रान्ति र सामाजिक सुधार उन्मुख सन्देशबाहक साहित्यदूतका रूपमा प्रस्तुत भएको छ ।

एकाङ्कीमा सहिद, पार्थिव शरीर, च्याँसे आत्मा, प्रेतात्मा, खरानी, विभूतिको टीकाको रूपमा कसैले लगाएनन्, निभेको धूवाँमा आफैँ हराउनेहरू, शान्ति, क्रान्ति, आँट, हतियारको भट्टी, हतियारले बचाउने यो पुल ?, भूतभन्दा डरलाग्दो सबैलाई निल्ने प्रेतात्मा अचम्मको भय, रूद्रको महास्वरूप, मृत्युकारको हत्या आदि पद, पदावली तथा उद्गारहरूको उचित संयोजनले एकाङ्कीमा सुनमाथि सुगन्ध थपी यस एकाङ्की नेपाली साहित्यको क्षेत्रमा अत्यन्त लोकप्रिय हुनुका साथै सफल एकाङ्कीका रूपमा आफ्नो अस्तित्व जोगाउन सफल भएको छ ।

### ५.१.१० 'शारदा' पत्रिकामा प्रकाशित भलाकुसारी, सुझाव, कुराकानी, अन्तर्वार्ताहरूको अध्ययन :

साहित्यकार अशेष मल्लद्वारा प्रस्तुत गरिएको गोविन्दबहादुर मल्ल गोठालेको 'अर्को जन्ममा पनि लेखक नै बन्न पाइयोस् !' नामक भलाकुसारी 'शारदा' मा प्रकाशित उत्कृष्ठ सामग्री सावित भएको छ । अशेष मल्लले विभिन्न औपचारिक भाषाको प्रयोग गरी प्रश्न सोध्ने र गोठालेले उत्तर दिने एउटा रोचक तथा मार्मिक प्रसंग वा क्रममा गोठाले अर्को जन्ममा पनि लेखक नै बन्न पाइयोस् र लेखक बन्नु भनेको हाम्रो लागि एउटा महत्त्वपूर्ण तथा गरिमा बढाउने कुरा भएकाले लेखक बन्दा हामीले गर्भ गर्नुपर्छ अर्थात् म गर्भ गर्दछु भन्ने सन्देश 'भलाकुसारी' मार्फत गोठाले अशेष मल्लको साम् आफ्नो अभिव्यक्ति दिन्छन् । यसरी 'शारदा' मा प्रकाशित 'भलाकुसारी' ले नेपाली साहित्यको क्षेत्रमा उल्लेख्य योगदान दिएको छ ।

‘शारदा’ मा प्रकाशित कमल दीक्षितको सुझाव : ‘हे शारदे आमा !’ ज्यादै रोचक र साहित्यिक आभूषण भएको छ । यस सुझावमार्फत लेखक ‘शारदा’ पुनः प्रकाशन हुने कुरामा दङ्ग पर्दै सबै साहित्यप्रेमीले ‘शारदा’ लाई आमा समान मानेर सेवा गर्नुपर्ने सुझाव दिन्छन् । ‘शारदा’ को योगदान स्मरण गर्ने क्रममा उनी भन्दछन् - म त यसै पनि आफूलाई ‘शारदा’ ले जन्माएको ‘बच्चो’ भन्छु । वि.सं. २०१२ सालमा ‘त्यस्तो पनि भएको रहेछ’ भन्ने मेरो पहिलो निबन्ध छापी दिएर ‘शारदा’ ले कमल दीक्षित भन्ने अहिलेको लेखकलाई जन्म दिएको हो । त्यही एउटा लेखको भरमा ‘शोधकर्ता’, ‘अन्वेषक’, ‘निबन्धकार’ र ‘साहित्यकार’ बनाएर उभ्याएको हो ‘शारदा’ ले मलाई उसबेला । मेरो यो खुशी अल्पकालिन नहोस् भन्ने प्रार्थना छ “हे शारदे आमा !”[९७] यसरी ‘शारदा’ पुनः झुल्किएकोमा खुशी व्यक्त दीक्षितले मात्र नभएर सबै साहित्यप्रेमीले गरेको कुरा सत्य भएकाले उनको यो सुझाव नेपाली साहित्यका क्षेत्रमा निकै सहयोगी भूमिका लेख्न सफल भएको छ ।

व्याकुल पाठकद्वारा प्रस्तुत गरिएको ‘शारदा’ पत्रिकामा प्रकाशित माधवलाल कर्माचार्यको ‘साहित्य समृद्ध हुँदै आइरहेको छ’ नामक ‘कुराकानी’ प्रश्नोत्तर शैलीमा प्रस्तुत गरिएको एउटा राम्रो साहित्यिक सामग्री मानिन्छ । प्रश्नोत्तरका क्रममा हाल पहिलेको दाँजोमा साहित्य कविता, कथा, निबन्ध, समालोचना आदि विभिन्न विधागत क्षेत्रमा निकै समृद्धशाली भएको छ भन्ने अभिव्यक्ति माधवलालद्वारा प्रस्तुत गरिएकाले पनि यो कुराकानी नेपाली साहित्यको क्षेत्रमा सन्देशवाहक रचनाका रूपमा उल्लेख्य योगदान दिन सफल भएको छ ।

डायमनशमशेर राणाले ‘जङ्गबहादुरको नातिको काल्पनिक कुरा कसरी लेख्ने?’ नामक ‘अन्तर्वार्ता’ मा विभिन्न ऐतिहासिक समस्या प्रस्तुत गर्नाले वास्तविकता तथा यथार्थलाई औँल्याउन जोड दिएका छन् । त्यस्तै व्याकुल पाठकद्वारा प्रस्तुत गरिएको कृष्णचन्द्रसिंह प्रधानको ‘स्रष्टा समालोचक र समालोचक स्रष्टा भएर लेख्न सक्नुपर्छ’ भन्ने ‘अन्तर्वार्ता’ मा यथार्थ रूपमा सबैको दुःख/सुख भोगाइ आदि कुराहरूलाई बुझेर व्यावहारिक वा परिपक्व जस्तै भएर लेख्नुपर्ने आजको आवश्यकता हो भनेर आफ्नो अभिव्यक्ति दिएका छन् । यसरी

[९७] ‘शारदा’ वर्ष १, नवाङ्क १, २०६३, माघ, पृ. ६४ ।

हेर्दा 'शारदा' मा प्रकाशित अन्तर्वार्ताहरू पनि नेपाली साहित्य क्षेत्रमा टेवा पुऱ्याउने उल्लेख्य सामग्रीका रूपमा स्थापित भएका पाइन्छन् ।

**५.१.११ 'शारदा' पत्रिकामा प्रकाशित इतिहास, व्यक्तित्वहरूको अध्ययन :**

'शारदा' पत्रिका पुनः प्रकाशनमा विभिन्न विद्वान्हरूले विभिन्न शीर्षकमा 'इतिहास' अन्तर्गत विभिन्न व्यक्ति, घटना, विषय आदिको ऐतिहासिक परिचय दिई नेपाली साहित्यका क्षेत्रमा उल्लेख्य योगदान दिएका छन् । 'शारदा' मा प्रकाशित गार्गी शर्मा : 'ऐतिहासिक मकै पर्व', रामकुमार भौकाजी : 'निरङ्कुशता भित्रको लचकता' आदि उल्लेख्य 'इतिहास' अन्तर्गतका सामग्री मानिन्छन् । यी ऐतिहासिक विषयवस्तु तथा सामग्रीहरूले पाठकलाई ऐतिहासिक यथार्थताको बोध गराउने कार्य समेत गरेका छन् ।

'शारदा' मा प्रकाशित विभिन्न विद्वान्हरूका विभिन्न शीर्षकका 'व्यक्तित्व' अन्तर्गत विभिन्न व्यक्ति, विषय आदिलाई प्रकाश पारेर तिनीहरूको बीचमा सम्बन्ध स्थापित गर्ने कार्य गरेकाले ती सामग्रीहरू नेपाली साहित्यका क्षेत्रमा सहायक सिद्ध भएका छन् । 'शारदा' मा प्रकाशित चित्तरञ्जन नेपाली : 'दिलाउने पनि दिनेजत्तिकै धन्य हुन्', नरेन्द्रराज प्रसाई : 'आदिकवियित्री ललितत्रिपुरासुन्दरी', आदि उल्लेख्य 'व्यक्तित्व' अन्तर्गत सामग्री मानिन्छ । ती सामग्रीहरूले पाठकलाई सही सन्देश सम्प्रेषण गरी जागरुक बनी असल कर्म तथा उदाहरणीय कर्ममा लाग्ने प्रेरणा दिएकाले नेपाली साहित्यको क्षेत्रमा तिनले सहयोगी भूमिका निर्वाह गर्न सफल भएका छन् ।

**५.१.१२ 'शारदा' पत्रिकामा प्रस्तुत आवरण चित्र/साहित्येतर विषयहरूको अध्ययन :**

विभिन्न कलामध्ये चित्रकला पनि एक उल्लेख्य तथा महत्त्वपूर्ण कला मानिन्छ । 'शारदा' मा प्रस्तुत नवाङ्क १ देखि विशेषाङ्क १२ सम्म वाह्य आवरण चित्र निकै कलात्मक चित्र तथा चित्र आफैं बोल्छ ! भन्ने उद्गार सार्थक हुने साहित्येतर विषय भएकाले यसको छोटो तथा मीठो चिनारी दिने प्रयास गरिएको छ ।

'शारदा' मा आकर्षक वाह्य आवरण चित्र प्रस्तुत गर्ने चित्रकारहरू - गेहेन्द्रमान अमात्य, शशी शाह, नरेन्द्रबहादुर श्रेष्ठ (अङ्क ३ र अङ्क ६), रामकुमार भौकाजी, रमेश पौडेल, मुकेश, श्यामलाल श्रेष्ठ, श्रीजन राजभण्डारी, स्व. रामानन्द जोशी, लोक चित्रकार : वंशी श्रेष्ठ र श्रीबाबु कार्की 'उदास' हुन् । यी चित्रकार र चित्रकलाको बारेमा छोटो तथा मीठो चिनारी तथा विवरणसमेत अध्याय -४ मा दिइएकोले यहाँ अरू थप दोहोरो लेख्ने प्रयास गरिएन । यसर्थ यी सामग्रीहरू नेपाली साहित्यका क्षेत्रमा सहयोगी भूमिका निर्वाह गर्न सफल भएका छन् ।

### ५.१.१३ 'शारदा' पत्रिकामा प्रकाशित 'विविध' साहित्यिक तथा साहित्येतर सामग्रीहरूको अध्ययन :

'शारदा' पत्रिकामा प्रकाशित 'विविध' साहित्यिक तथा साहित्येतर विषयवस्तु वा सामग्रीले नेपाली साहित्यका क्षेत्रमा निकै ठूलो टेवा पुऱ्याएको छ । 'शारदा' मा प्रकाशित 'विविध' साहित्यिक तथा साहित्येतर सामग्रीहरू तथा लेखकहरू - नीति : नीतिको विश्लेषण : बमबहादुर थापा 'जिताली', सामयीकि : परिवर्तित नयाँ सन्दर्भमा धर्मनिरपेक्ष राज्य : मोदनाथ प्रश्रित, रचनागर्भ : नयाँ राष्ट्रगान : व्याकुल माइला, सामयिकी : बुद्ध : स्व. वाशुशशी, भाषा : डोट्याली भाषातिर एक निमेष : आर.डी. 'प्रभास' चटौत, स्वास्थ्य-विज्ञान : एक्युप्रेसर चिकित्सा पद्धति : गोपालप्रसाद दुलाल, खोज : भारतीय नेपाली साहित्यमा महिला लेखन : नीलकमल, सामयिकी : नयाँ नेपाल : सृजना लम्साल आदि अत्यन्त उल्लेख्य रहेका छन् । यही पत्रिकाको अङ्क २, पृष्ठ ५८, २०६३ फागुनमा व्याकुल माइलाद्वारा रचित नयाँ राष्ट्रगान -"सयौँ थुँगा फूलका ....." प्रकाशन भएकाले 'शारदा' ले आफ्नो ऐतिहासिक गरिमा बढाउन सफल भएको छ । यस पत्रिकामा कसैले साहित्य, कसैले विज्ञान, कसैले भाषा आदि विभिन्न क्षेत्र तथा विषयका सामग्रीहरू प्रस्तुत गरेर नेपाली साहित्यका क्षेत्रमा उल्लेख्य योगदान दिएका छन् ।

### ५.१.१४ 'शारदा' पत्रिकामा प्रकाशित सम्पादकीय विचार, साहित्यिक तथा साहित्येतर सामग्रीहरूको अध्ययन :

सम्पादकीय कुनै पनि पत्रिकाको त्यो स्तम्भ हो, जसमा सम्पादकले सम्बन्धित पत्रिकासँग सम्बद्ध तथा अन्य समसामयिक वस्तुस्थितिप्रति आफ्ना विचार तथा

धारणाहरू प्रस्तुत गरेको हुन्छ । त्यसैले अन्य सामग्रीहरू भन्दा यसको छुट्टै वैशिष्ट्य पत्रिकाको इतिहासमा कायम भएको हुन्छ ।

'शारदा' का विविध रोचक स्तम्भहरूमध्ये सम्पादकीय विचार पनि एक हो । 'शारदा' को पुनः प्रकाशनमा यो स्तम्भ स्थायी स्तम्भका रूपमा नवाङ्क १ देखि विशेषाङ्क १२ सम्म प्रकाशित भएको छ । 'शारदा' पुनः प्रकाशन नवाङ्कमा प्रकाशकीय अघिल्लो पृष्ठमा र सम्पादकीय विचार पछिल्लो पृष्ठमा प्रकाशन भएको छ तर अङ्क २ देखि विशेषाङ्क १२ सम्म प्रकाशकीय स्तम्भ हराएर सम्पादकीय विचार अघिल्लो पृष्ठ वा प्रकाशकीय प्रकाशन भएको पृष्ठमा प्रकाशन हुनुले यी दुवैको उद्देश्य एउटै भएकोले यसो हुन गएको हो भन्न सकिन्छ । नवाङ्क १ को प्रकाशकीय र सम्पादकीय विचार दुवैलाई हेर्दा - वि.सं. १९९१ सालदेखि लगभग ३० वर्ष प्रकाशित भएर वा वि.सं. २०२० सालमा प्रकाशन बन्द भएको 'शारदा' पत्रिका लगभग ४३ वर्षपछि हामीले ('शारदा' परिवारले) यसलाई फेरि ब्यूँझाएका छौँ । अतः पाठक, शुभचिन्तक, साहित्यकार, लेखक, विज्ञापनदाता आदिको पूर्ण सहयोगको अपेक्षा गर्दै यस पत्रिका सबैलाई स्वागत गर्दछ वा तपाईहरू माझ प्रस्तुत छ भन्ने हार्दिक भाव सम्प्रेषण भएको पाइन्छ । यस अङ्कपछि अङ्क १२ सम्म सम्पादकीय विचार मात्र प्रकाशन भएकाले ती विचारहरू हेर्दा - पाठकको स्वस्थ प्रतिक्रिया नै साँचो अर्थमा हाम्रो उर्जा हो, दिवङ्गत सबै स्रष्टाप्रति हाम्रो श्रद्धाञ्जली, सम्पूर्ण शुभेच्छुकहरूप्रति नयाँ वर्षको मङ्गलमय शुभकामना व्यक्त, के हो वास्तविक साहित्यिक पाठकको मापदण्ड ? सोचको विषय बनेको छ, प्राज्ञसँगै सम्पूर्ण समाज र देश जोडिएको हुन्छ । यसलाई कुनै पक्ष-विपक्ष र वादविवादको तुलोमा जोखिनु हुँदैन । 'शारदा' लाई माया गर्ने सम्पूर्ण शुभेच्छुकबाट सुझाव सल्लाहहरू अपेक्षित छन्, बालबालिकाको प्रतिभासँग खेलबाड गरिनु हुन्न, दुर्गा भगवतीले हामी सबैलाई सद्बुद्धि प्रदान गरून्, देशमा चुनावी चहलपहल बढिरहेको सन्दर्भ, लेखक/कवि नै हुन् जो उज्यालो देखाउन सक्ने हैसियतमा बाँच्छन्, यो 'गजल-विशेषाङ्क' ले पाठकहरूलाई अलिक भिन्न स्वाद दिनेछ भन्नेमा हामीलाई ('शारदा' परिवारलाई) पूर्णतः विश्वास छ आदि कुराहरू सम्पादक तथा 'शारदा' परिवारका तर्फबाट प्रस्तुत गरिएको पाइन्छ । जे होस् यस पत्रिकामा प्रकाशित सम्पादकीय विचारहरू अत्यन्त सारगर्भिक, सान्दर्भिक

तथा मार्मिक रहेका छन् । यी विभिन्न लेख वा विचारहरूमा स्वस्थ साहित्यिक पत्रकारितातर्फको चिन्तन, राष्ट्र र राष्ट्रियताप्रतिको बोध, कवि/लेखकप्रति श्रद्धा तथा सम्मान एवम् यात्राको क्रममा 'शारदा' ले भोग्नुपरेका विभिन्न परिस्थितिहरू मुखरित भएका छन् ।

'शारदा' पुनः प्रकाशन नवाङ्क १ मा प्रकाशकीय पृष्ठमा र त्यसपछिका अङ्कमा सम्पादकीय विचार प्रकाशन भएको पृष्ठमा वर्ष १ नवाङ्क, वि.सं. २०६३, माघ, वसन्तपञ्चमी, 'शारदा' जि.प्र.का.द.नं. ५२/०६३, स्थापना दर्ता नं. ००१, प्रथम प्रकाशन मिति :- वि.सं. १९९१ फागुन, संस्थापक सम्पादक/प्रकाशक : सुब्बा ऋद्धिबहादुर मल्ल, संस्थापक सदस्य : सिद्धिबहादुर मल्ल, संरक्षक : गोबिन्दबहादुर मल्ल 'गोठाले', सुरेन्द्रबहादुर मल्ल, फत्तेबहादुर मल्ल, समरबहादुर मल्ल, श्रीमती लक्ष्मी मल्ल, श्रीमती शान्ति प्रधान, सुरेशबहादुर मल्ल, श्रीमती रोहिणी अमात्य, प्रकाशक : शान्तबहादुर मल्ल, सल्लाहकार-मण्डल : शिव रेग्मी, इन्द्रमाली, मोहन दुवाल, उद्धव उपाध्याय, कोमलप्रकाश घिमिरे, प्रधान सम्पादक : नरेन्द्रबहादुर श्रेष्ठ, कार्यकारी सम्पादक : विमल भौकाजी आदि 'शारदा' सँग सम्बन्धित सामग्रीहरू प्रकाशित भएका छन् भने सम्पादकीय विचारभन्दा पछिल्लो पृष्ठमा अङ्क २ देखि १२ सम्म र नवाङ्क १ मा भने प्रशासकीय प्रकाशन भएको भन्दा अघिल्लो पृष्ठमा 'शारदा' को ठेगाना, मुद्रण आदि लगायत यसको मूल्य रू. ५०/-, भारतमा भा.रू. ५०/- र विदेशमा $ 2.00 आदि कुराहरू प्रकाशित भएका छन् । यी कुराहरूले पाठकलाई 'शारदा' का सम्बन्धमा अत्यावश्यक कुराको जानकारी दिएका छन् ।

'शारदा' पत्रिकाको नवाङ्क १ मा प्रकाशकीय पृष्ठमा र अङ्क २ देखि विशेषाङ्क १२ सम्म सम्पादकीय विचार प्रकाशन भएको पृष्ठको सबैभन्दा माथिल्लो वा शीर्ष स्थानमा 'शारदा' लेखी सरस्वती माताको आकर्षक तथा कलात्मक चित्रका साथमा काव्यात्मक हरफहरू प्रस्तुत गरिएका छन्; जसलाई 'कविता अध्ययन' शीर्षकमा सम्मिलित नगराइएकाले यहाँ तिनलाई छुट्टै प्रस्तुत गरिएको छ । ती काव्यात्मक हरफहरू निम्न छन् :

निकाली विघ्नको जाल, पखाली चित्तको मल;

शारदे ! देऊ सद्बुद्धि, बढाई देहमा बल ।

(‘शारदा’ वर्ष १, नवाङ्क, २०६३-माघ, प्रकाशकीय पृष्ठ ...., ऐजन अङ्क ४, सम्पादकीय विचार पृष्ठ)

फुकाई सत्य-मानवता यही नेपाल भाषामा,
पहाडी जीवन हाम्रो जगाऔं ‘शारदा’ द्वारा ।

(ऐ.जन, अङ्क २, सम्पादकीय विचार पृष्ठ/ऐजन, अंङ्क ६/ऐजन, अङ्क ७/ऐजन, अङ्क ११/ऐजन अङ्क १२)

साहित्य संगीतकलाबिहीन
साक्षात् पशु : पुच्छविषाणहीन । (:श्रीभर्तृहरि)
(ऐजन, अङ्क ३/ऐजन, अङ्क ५)

साहित्य सुधा संचार गरी
जगजीवनमा अमरत्व भरी
प्राण-प्राणमा स्फूर्ति दिलाई
बनन शारदा उरको माली

(ऐजन, अङ्क ८/ऐजन, अङ्क ९/ऐजन, अङ्क १०)

यसरी ‘शारदा’ का सम्पादकीय पृष्ठ/प्रकाशकीय पृष्ठमा प्रकाशित काव्यात्मक हरफहरूले सही सन्देश सम्प्रेषण गरी नेपाली साहित्यको क्षेत्रमा निकै ठूलो टेवा पुऱ्याएको छ ।

५.१.१५ **निष्कर्ष** :

‘शारदा’ मा प्रकाशित मुख्य-मुख्य साहित्यिक विधा तथा साहित्येतर सामग्रीहरू यिनै हुन् । समग्रमा हेर्दा शारदा’ पत्रिकाले गरेको विधागत उन्नयनले नेपाली भाषा/साहित्य, संस्कृति र कला क्षेत्रको समृद्धिमा अग्रस्थान ओगटेको छ । साथै यसको स्तरीयता तथा विविध आकर्षक स्तम्भहरूले पाठकवर्गको मन मस्तिष्कमा आफ्नो छुट्टै अस्तित्व कायम गराउन सफल रहेको देखिन्छ । ‘शारदा’ मा प्रकाशित साहित्यिक तथा साहित्यतर सामग्रीहरू

नेपाली साहित्यका क्षेत्रमा अनमोल रत्नका रूपमा स्थापित हुन प्रायः सफल भएका छन् तापनि यदाकदा ती सामग्रीहरूमा केही अपूर्णता चाहिँ अवश्य भएको कुरा नकार्न सकिँदैन किनभने कुनै व्यक्ति, काम, ज्ञान, विज्ञान, सीप, सिकाइ आदि कहिल्यै आफैँमा शतप्रतिशत पूर्ण हुँदैन भन्ने विद्वान्हरूको यथार्थरूपी व्यावहारिक सन्देशलाई शिरोपर गर्दा 'शारदा' मा प्रकाशित लेख, कविता, कथा, नाटक, समालोचना आदिका क्षेत्रमा केही कमी अवश्य भएका हुन् तर ती सामान्य कमजोरी मात्र हुन् । कुनै कुरामा पूर्णता आएको खण्डमा मानिसले किन प्रगतिको प्रयास गर्छ ? त्यहाँ त पूर्ण विरामको अवस्था हावी हुन्छ । त्यसैले मानिस आफ्नो तन, मन, धन लगाई बुद्धि/विवेक पुऱ्याई बाचुञ्जेल वा जीवनपर्यन्त आफ्नो कामका लागि तल्लीन हुन्छ; यसको कारण उसमा र उसको काममा पूर्णता आएको छैन तर सुधारोन्मुख तथा अपेक्षाकृत ढंगमा प्रगति भने भइरहेको अवस्था हुन सक्छ । यसैलाई विचार गर्दा 'शारदा' मा प्रकाशित सामग्रीमा पनि भाषा, व्यङ्ग्य, शैली, उद्देश्य, प्रस्तुति, दृश्य, रस, अलंकार, बिम्ब, प्रतीक, कथानक, कथोपकथन, पात्र, चरित्र-चित्रण आदिका क्षेत्रमा कतै सहज तथा प्रबल र कतै असहज तथा दुर्बलताको स्थिति कवि/लेखकका रचनामा पाइन्छन् । यसो भए तापनि 'शारदा' मा प्रकाशित सामग्रीहरू समष्टिमा हेर्दा ज्यादै लोकप्रिय हुनुका साथै नेपाली साहित्यका क्षेत्रमा शुभचिन्तक तथा पाठकवर्गलाई साहित्यामृतपान गराई नेपाली साहित्यका क्षेत्रमा चिरस्थायी रूपमा अमरत्व प्रदान गर्न प्रायः सफल भएका छन्; जसमा कवि/लेखकहरूको उल्लेख्य भूमिका तथा योगदान रहेको कुरा कसैले नकार्न नसक्ने यथार्थरूपी सन्देश पनि सम्प्रेषण भएको छ ।

XXX

# अध्याय - ६

## 'शारदा' पत्रिकाका प्रधान सम्पादक नरेन्द्रबहादुर श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

### ६. परिचय :

'शारदा' मासिक पत्रिका वि.सं. १९९१ का सम्पादक ऋद्धिबहादुर मल्ल हुन् भने 'शारदा' पुनः प्रकाशन वि.सं. २०६३ का प्रथम तथा प्रधान सम्पादक नरेन्द्रबहादुर श्रेष्ठ हुन् । नेपाली साहित्यको विकास र विस्तारमा ठूलो योगदान दिई आफ्नो बहुमूल्य समय यसैमा खर्चेका 'शारदा' पत्रिकाका प्रधान सम्पा. नरेन्द्रबहादुर श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वलाई यस अध्यायमा प्रस्तुत गरिएको छ :

### ६.१ जन्म र जन्मस्थान :

नरेन्द्रबहादुर श्रेष्ठको जन्म वि.सं. २००४ साल असोज ९ गते विहिवार काठमाडौँको यट्खा टोलमा पिता पूर्णबहादुर श्रेष्ठ तथा माता सुभद्रादेवी श्रेष्ठका कान्छो छोराको रूपमा भएको हो ।[९८] नरेन्द्रको जन्म महिनाको सम्बन्धमा केही पत्रिकाहरूमा भाद्र महिना पनि लेखिएको पाइन्छ ।[९९] यिनको न्वारानको नाम जीतबहादुर श्रेष्ठ हो । समालोचकहरूले यिनलाई 'नरेन' नाम दिएर यिनको बारेमा समालोचनात्मक लेखहरू प्रकाशित गराएको पाइन्छ ।[१००] यिनको राशि मकर हो । नरेन्द्रबहादुर श्रेष्ठका एक दाजु र एक दिदी छन् । दाजुको नाम राजेन्द्रबहादुर श्रेष्ठ हो । यिनी आफ्ना परिवारका साथमा काठमाडौँको लाजिम्पाटमा बसोबास गर्दै आएका छन् । दिदीको नाम रेणु श्रेष्ठ हो । यिनको विवाह भएको छैन र आफ्नो इच्छा अनुसार कहिले राजेन्द्रसित त कहिले नरेन्द्रसित बसोवास गर्दै आएकी छिन् । नरेन्द्रबहादुर श्रेष्ठका पिता पूर्णबहादुर श्रेष्ठ राजविराजमा डिट्ठा पदमा जागिरे

---

[९८] नरेन्द्रबहादुर श्रेष्ठको जन्मपत्रिका वा चिनाअनुसार ।

[९९] क) 'साहित्यकार परिचयका हरफहरू', जनधारणा, काठ, वर्ष ६, अंक ५०, २०५४ चैत्र २७ ।
ख) चेतनाथ धमला, दिव्यदर्शन, काठ., १९ चैत्र २०५६ ।

[१००] परशु प्रधान,अभिव्यक्ति, काठ. ,पूर्णाङ्क ७५, वर्ष २४, कार्तिक २०५० ।

भएकोले उनी आफ्नो जेठो छोरा र श्रीमतीसँग राजविराजमै बसोवास गर्दथे । जब उनी क्षयरोगबाट ग्रसित भए तब उपचारका क्रममा वि.सं. २००४ सालमा आफ्नो परिवारसहित काठमाडौं आए । काठमाडौं आएपछि रोगले धेरै च्यापेकोले वि.सं. २००४ साल असार २ गते क्षयरोगकै कारण उनको मृत्यु भयो ।[१०१] पिताको मृत्युको तीन महिनापछि जन्मेका गर्भे टुहुरो नरेन्द्रको पालनपोषण आमा सुभद्रादेवीबाट भयो भने उनको दाजुको लालनपालन र शिक्षाको जिम्मा काका जुद्धबहादुरले लिए । नरेन्द्र जन्मनु पूर्व नै उनको मामाघरका हजुरबुबा र हजुरआमाको मृत्यु भईसकेको थियो । हजुरबुबाका छोरा र छोरी सानै उमेरका थिए । पतिको मृत्यु पश्चात नरेन्द्रकी आमा केही समय काठमाडौंको प्याफल टोलमा रहेको जुद्धबहादुरको घरमा बसी पछि भाइ-बहिनीको हेरचाह गर्न माइती मख्खन गएर बसिन् । नरेन्द्र सानै उमेरका भएकाले आमासँगै बस्दथे । नरेन्द्रले बाँकी बाल्यकाल मखनमा नै बिताए । आमाले नरेन्द्रमाथि कुनै दुःख नपरोस् भनी दुःख खपेर कुनै कुराको कमी हुन नदिई नरेन्द्रको पालनपोषण गरेको र मामा तथा सानीआमाहरूले पनि नरेन्द्रलाई धेरै माया गरेकोले उनको बाल्यकाल सुखद रहेको पाइन्छ । सानो छँदा उनको स्वभाव छुकछुक गरिरहने, कोहीसँग नडराउने, खेल्नमा बढी मनपराउने आदि थियो ।[१०२]

## ६.२ वंश परम्परा तथा बसोबास :

नरेन्द्रबहादुर श्रेष्ठको पुर्ख्यौली थलो ललितपुरको पाटन स्थित कोथुतभ्क्या टोल हो ।[१०३] उनको हजुरबुबाको नाम लालबहादुर श्रेष्ठ हो । हजुरबा राणाकालमा सरकारी सुब्बा पदमा जागिरे भएकोले सु. लालबहादुरको नामबाट चिनिएका थिए । यिनकी नीरलक्ष्मी र हीरामाया गरी दुईवटी श्रीमती थिए । जेठी श्रीमती नीरलक्ष्मीतर्फका खड्गबहादुर श्रेष्ठ, योगेन्द्रबहादुर श्रेष्ठ, पूर्णबहादुर श्रेष्ठ, जुद्धबहादुर श्रेष्ठ र अमरबहादुर श्रेष्ठ गरी पाँच छोराहरू थिए । पाँच छोराहरूमध्ये पूर्णबहादुर

---

[१०१] हरिश्चन्द्र घिमिरे : नरेन्द्रबहादुर श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन (त्रि.वि. अप्र. शोधपत्र २०६६), पृ. ८ ।

[१०२] ऐजन, पूर्ववत् पृ. ९ ।

[१०३] नरेन्द्रबहादुर श्रेष्ठबाट प्राप्त जानकारीअनुसार ।

श्रेष्ठको जन्म वि.सं. १९६९ मा इलामको आइतबारेमा भएको थियो ।[१०४] सरकारी डिट्ठा पदमा जागिरे भएका कारण उनी 'डिट्ठा पूर्णबहादुर' को नामबाट चिनिएका थिए । जागिरको क्रममा राजविराजमा बस्दा राजविराज शहरको योजना पनि यिनैले बनाएका थिए । पूर्णबहादुर एक कथाकारको रूपमा पनि चिनिएका थिए । 'शारदा' (वि.सं. १९९२-९४) पत्रिकामा पूर्णबहादुर श्रेष्ठ 'व्यथित' नाम उल्लिखित उनका केही कथाहरू छापिएका थिए ।[१०५] पूर्णबहादुर श्रेष्ठको काठमाडौँ मखन बस्ने सुभद्रादेवी श्रेष्ठसँग विवाह भएको थियो । हाल लालबहादुरका छोराहरू कोही पनि छैनन् तर उनका छोराहरूका वंशहरू काठमाडौँ, विराटनगर र राजविराजमा फैलिएर बसेका छन् । लालबहादुरको वंश परम्परामा हिन्दू धर्म र कुलदेवताका रूपमा कीर्तिपुरको बाघभैरवलाई मान्ने गरेको पाइन्छ ।[१०६]

हरेक मानिसमा अनेक इच्छा तथा उज्ज्वल भविष्यरूपी सुन्दर सपना रहेका हुन्छन्, अनेक कल्पनाहरू रहेका हुन्छन् अनि अनेक वाध्यता र विवशता रहेका हुन्छन् । आफ्नो जीवनलाई व्यवस्थित पार्न मानिसहरू यत्रतत्र भौँतारिने गर्दछन् । भौँतारिंदा अन्तमा मान्छे एउटा टुङ्गोमा पुग्दछ र जसोतसो जीवन चलाउने गर्दछ । नरेन्द्र पनि यी कुराहरूबाट अलग रहन सकेका छैनन् । उनले आफ्नो जीवन उज्ज्वल बनाउन अनेक कठिनाइ भोगेका पाइन्छन् । उनको जीवन आज जुन अवस्थामा छ त्यो सब केवल उनको परिश्रमले मात्र सुनिश्चित रूपमा निर्धारण भएको हो । आफूले व्यापार गरी अथक परिश्रमद्वारा तिलतिल गरेर जोडेको रूपैयाँबाट किनेको जग्गा बेची नागपोखरी नक्सालमा ७ आना जग्गा किनी वि.सं. २०४४ सालमा उक्त जग्गामा अहिले आफू बसोबास गर्दै आएको पक्की घर बनाए । हाल उनी त्यही घरमा आफ्नो परिवारको साथमा बसोबास गर्दै आएका छन् । पाटनमा रहेको पुर्ख्यौली घरमा कसैले पनि बसोबास गर्न नचाहेकोले त्यहाँको सम्पूर्ण सम्पत्ति काका जुद्धबहादुरले परोपकार संस्थालाई दान गरिदिएको तथा बाबु पूर्णबहादुरले जागिरको दौरानमा वा क्रममा राजविराजमा कमाएको सम्पूर्ण सम्पत्ति बाबुको मृत्युपछि ठूलो बुबाले हडपेकाले नरेन्द्रसँग पुर्ख्यौली सम्पत्ति केही पनि

---

[१०४] ऐजन ।

[१०५] परशु प्रधान : पूर्ववत्, पृ. १४ ।

[१०६] नरेन्द्रबहादुर श्रेष्ठबाट प्राप्त जानकारीअनुसार ।

रहेको छैन । वि.सं. २००४ देखि वि.सं. २०२४ सालसम्मको नरेन्द्रको आर्थिक अवस्था काका जुद्धबहादुरले सक्दो सहयोग गरे तापनि कमजोर भएको पाइन्छ । उनकी आमा पनि त्यतिखेर बेरोजगार नै थिइन् । जब उनले मोती, मुगा आदि पत्थरहरूको व्यापार शुरू गरे तबदेखि उनको आर्थिक अवस्था क्रमशः सुधार हुँदै आएको पाइन्छ । हाल उनको आर्थिक अवस्था उच्च रहेको छ । उनकी आमाको भने वि.सं. २०६२ साल फागुन ५ गते स्वर्गारोहण भयो ।[१०७]

## ६.३ उपनयन तथा शिक्षा :

उपनयन यस्तो संस्कार हो जसमा गुरुले बालकलाई दोस्रो जन्म प्रदान गर्नु हुन्छ र विशेष प्रकारको मन्त्रद्वारा अभिमन्त्रित चेतनायुक्त जनै धारण गराएर विद्या प्राप्तिका लागि अग्रसर गराउनु हुन्छ ।[१०८] त्यसैले उपनयन संस्कार गर्ने र गराउने परम्परा आ-आफ्नो जाति, धर्म, संस्कृति आदिअनुसार फरक फरक हुने गर्दछ ।

नरेन्द्रका काका जुद्धबहादुर श्रेष्ठ विराटनगरका एक सफल तथा प्रसिद्ध उद्योगपति थिए । नरेन्द्रलगायत अन्य भतिजा तथा छोराहरूलाई उनले हवाईजहाज चढाएर मीनपचासको बिदामा विराटनगर घुमाउन लैजाने गरेका थिए । यसै क्रममा मीनपचासको बिदामा विराटनगर घुम्न गएको बेला वि.सं.२०११ साल मंसिर २ गते ७ वर्षको उमेरमा नरेन्द्रको उपनयन भएको थियो ।[१०९]

नरेन्द्रको शिक्षा वा अक्षरारम्भ मामाघर मखनबाट शुरू भएको पाइन्छ । उनकी आमा सुभद्रादेवी र मामा कृष्णलाल श्रेष्ठले उनलाई अक्षर चिनाएका थिए । नरेन्द्रले पढाउन खोलिएका अन्य अनौपचारिक पाठशालामा पनि पढेका थिए जहाँ १०-१५ जना केटाकेटीलाई जम्मा पारेर एउटा शिक्षकद्वारा पढाइ हुन्थ्यो । उनले मखन बस्दा इन्द्रचोकको चौँखाछे गल्ली र वटुटोलमा रहेको अनौपचारिक पाठशालामा समेत पढेका थिए । उनले अक्षर लेख्न रातोमाटोले पोतेको पाटीमा

---

[१०७] हरिश्चन्द्र घिमिरे : पूर्ववत्, पृ. १३, १६ र १७ ।

[१०८] 'सोह्र संस्कारको उपादेयता',गोरक्ष-निखिल वाणी, काठ., वर्ष १०, अंक ५, २०६५ पौष, पृ. २० ।

[१०९] नरेन्द्रबहादुर श्रेष्ठको उपनयन गर्दा खिचिएको फोटोको पछाडि लेखिएको विवरणबाट ।

खरीले लेखेर सिकेका थिए ।[११०] मामा, आमा र अनौपचारिक पाठशालाबाट शिक्षा प्राप्त गरेपछि नरेन्द्र वि.सं. २०१० सालमा भगवतीबारीमा रहेको शान्ति निकुञ्जमा कक्षा एकमा भर्ना भए । उनले त्यहाँ चार कक्षासम्म पढे । त्यसपछि वि.सं.२०१४ सालमा दाजु राजेन्द्रले भाइ नरेन्द्रसहित काकाका छोराहरूलाई जुद्धोदय मा.वि.को कक्षा ५ मा भर्ना गरिदिए । बाबु पूर्णबहादुरको मृत्युको कारण टुहुरो बन्न पुगेका नरेन्द्रलाई आमाको माया त प्रशस्त प्राप्त थियो तर उनीमाथि नियन्त्रणको अभाव थियो । उनीमाथि नियन्त्रण गर्ने अधिकार पाएका दाजु पढाइका लागि वनारसमा र काका व्यापारको लागि विराटनगरमा रहेकाले उनको पढाइप्रतिको रुचि कम भएको पाइन्छ । उनी पढ्नमा मन लगाउँदैनथे । उनी विद्यालयबाट भागेर कहिले-काहीँ रमाइला ठाउँ हेर्न र पौडी खेल्न पनि जाने गर्दथे । उनी पढ्नमा भन्दा विद्यालयमा हुने साहित्यिक प्रतियोगिता, खेलकुद, चित्रकला प्रतियोगिता, स्काउटजस्ता अतिरिक्त क्रियाकलापहरूमा विशेष रुचि राखेर भाग लिन्थे । उनले १० कक्षासम्म जुद्धोदय मा.वि. मा पढे तर पढ्नमा रुचि नभएका कारण टेस्ट परीक्षा उत्तीर्ण गर्न सकेनन् । त्यसपछि उनी जुद्धोदय मा.वि. छोडेर युवक मा.वि. पकनाजोलमा पढ्न गए । उनले त्यहाँ निकै मिहिनेतसाथ पढेर वि.सं. २०२४ सालमा एस.एल.सी. परीक्षा द्वितीय श्रेणीमा उत्तीर्ण गरेका थिए । नरेन्द्रको पढाइको खर्च तत्कालीन अवस्थामा उनकी आमाले दुःख-सुख गरेर व्यहोरेको पाइन्छ ।[१११] वि.सं. २०२४ सालमा एस.एल.सी. पास गर्ने बित्तिकै नरेन्द्र आइ.ए. पढ्न त्रि-चन्द्र कलेजमा भर्ना भए । विद्यालय जीवनजस्तै कलेज जीवनमा पनि उनको रुचि पढ्नमा भन्दा नाटक, खेलकुद, साहित्यिक कार्यक्रम आदि विविध अतिरिक्त क्रियाकलापहरूमा थियो । नरेन्द्र स्टेज आर्टिस्टको रूपमा पनि त्यतिबेला प्रसिद्ध थिए । मदनदास श्रेष्ठ र उनले एकै स्टेजबाट अभिनय यात्रा शुरू गरेका थिए । (अभिव्यक्ति, काठ., वर्ष ३०, पूर्णाङ्क ९६, असार २०५६, पृ. ६२ ।) उनले आमालाई सुखसँग पाल्न र आफ्नो पढाइको खर्च जुटाउन कलेज जीवनमै व्यापार र जागिर पनि गरे ।[११२] यसपछि सन् १९७१ मा काकाको सल्लाहबमोजिम पढाइ स्थान्तरण गरी दाजुको माया पाउन

[११०] नरेन्द्रबहादुर श्रेष्ठबाट प्राप्त जानकारीअनुसार ।

[१११] ऐजन ।

[११२] नरेन्द्रबहादुर श्रेष्ठबाट प्राप्त जानकारी र यु.एन.डि.पी. ले दिएको अनुभवपत्रबाट ।

विराटनगर गए । त्यहाँ गएपछि उनी महेन्द्र मोरङ आदर्श क्याम्पसमा भर्ना भए । उनले त्यहींबाट वि.सं. २०२८ मा तेस्रो श्रेणीमा आइ.ए. उत्तीर्ण गरे ।[११३] उनी आइ.ए. उत्तीर्ण भएपछि वि.ए. पढ्नको लागि महेन्द्र मोरङ आदर्श क्याम्पसमा भर्ना भए तर उनी व्यापारमा लागेको हुनाले राम्रोसँग वि.ए. पढ्न सकेनन् । उनले करिव ६ महिना मात्र महेन्द्र मोरङ आदर्श क्याम्पसमा वि.ए. पढे ।[११४] यसरी उनको औपचारिक शिक्षा यत्तिमै समाप्त भएको देखिन्छ भने अनौपचारिक शिक्षाका क्षेत्र भने व्यापारिक र व्यावहारिक जीवनसँगै साहित्यिक क्षेत्रसँग निरन्तरतामा रूपान्तरण हुन पुगेको पाइन्छ ।

## ६.४ दाम्पत्य जीवन र छोराछोरी :

विवाह वा पाणिग्रहण संस्कार हिन्दू संस्कारका सोह्र संस्कारमध्ये तेह्रौ महत्त्वपूर्ण संस्कार हो । विवाहमा दुई आत्माको संयोग वा मिलन हुने गर्दछ ।[११५] विवाहबिनाको जीवन कष्टप्रद र दुःखदायी हुन्छ । विवाह नै सृष्टिको मूल कारण भएकोले विवाह नगरेमा वा नभएमा सृष्टिचक्रसमेत रोकिन पुग्दछ । त्यसैले जीवनमा पूर्णता प्राप्तिका लागि पनि विवाह आवश्यक छ भनिन्छ ।

नरेन्द्रबहादुर श्रेष्ठको विवाह वि.सं. २०३३ साल माघ १२ गते संखुवासभाको चैनपुर बस्ने भीमप्रसाद श्रेष्ठ र बुद्धलक्ष्मी श्रेष्ठकी सुपुत्री निरू श्रेष्ठसँग भएको थियो । नरेन्द्रको विवाह व्यापारको सिलसिलामा विराटनगर बस्दा सोही स्थानमा भएको थियो । विवाह गर्दा नरेन्द्रको उमेर २९ वर्ष र निरू श्रेष्ठको उमेर २५ वर्ष थियो ।[११६]

नरेन्द्रका दुई जना छोराहरू छन् । उनका निश्चलबहादुर श्रेष्ठ जेठा र निकेशबहादुर श्रेष्ठ कान्छा छोराहरू हुन् । निश्चल लक्ष्मी बैंकमा काम गर्दछन् । उनकी श्रीमतीको नाम अनु (जोशी) श्रेष्ठ हो भने छोरीको नाम निश्चिता श्रेष्ठ

---

११३ नरेन्द्रबहादुर श्रेष्ठबाट प्राप्त जानकारीअनुसार ।

११४ ऐजन ।

११५ 'सोह्र संस्कारको उपादेयता',गोरक्ष-निखिल वाणी, काठ., अंक ५, वर्ष १०, २०६५ पौष, पृ. २१ ।

११६ नरेन्द्रबहादुर श्रेष्ठबाट प्राप्त जानकारीअनुसार ।

हो । निकेशको हालसम्म विवाह भएको छैन । उनी हाल अमेरिकामा कम्प्युटर सम्बन्धी विषयमा मास्टर्स गर्दैछन् ।

## ६.५ प्रधानसम्पादक नरेन्द्रबहादुर श्रेष्ठ र 'शारदा' पत्रिकाको पुनः प्रकाशन :

जीवन एउटा खाली पानाको ठेली हो । वाल्यकालदेखि नै जीवनका मीठा नमीठा घटना एवम् सांसारिकताका अनुभवहरू त्यसका प्रत्येक पानामा लेखिँदै जान्छन् तापनि परहितकारी र कर्तव्यशील मानिसको जीवनका ती पानाहरू समर्पण, त्याग र परहितका कामद्वारा भरिएका हुन्छन् । उनीहरू परहितकारी कार्यलाई नै जीवन सञ्चालनको सुखद् मार्ग ठान्दछन् । त्यस्तै व्यक्तिहरूमध्ये नरेन्द्रबहादुर श्रेष्ठको नाम अग्रस्थानमा पर्न आउँछ ।

पत्रकारिता र साहित्यलाई आफ्नो जीवनको आधार ठान्ने र साहित्यिक पत्रकारितामा नै समर्पित भएका नरेन्द्रबहादुर श्रेष्ठले वि.सं. २०६३-माघ, वसन्तपञ्चमीका दिन 'शारदा' पुनः प्रकाशन नवाङ्क १ मासिक पत्रिका प्रकाशित गरेका हुन् । 'शारदा' र नरेन्द्र बीच अन्योन्याश्रित सम्बन्ध रहेको छ । उनको सेवाको प्रमाण स्वरूप 'शारदा' मासिक पत्रिका पुनः प्रकाशन भएको छ । जसले मोफसलमा रहेका र प्रोत्साहित नगरिएका नयाँ प्रतिभाहरूलाई साहित्यमा लाग्न प्रेरणा प्राप्त भयो भने नाम चलेर स्थापित भइसकेका असंख्य साहित्यकारहरूलाई पनि आफ्ना रचनाहरू पस्कने/प्रस्तुत गर्ने एउटा गतिलो मञ्च प्राप्त भयो ।

'शारदा' प्रकाशनको सन्दर्भमा भएका विभिन्न छलफल तथा वैठकलाई 'शारदा' वैठक पुस्तिकाका आधारमा हेर्दा वि.सं. २०६१ भाद्र १३ गते शनिवारका दिन नरेन्द्रबहादुर श्रेष्ठको आवासमा 'शारदा' पत्रिका पुनः प्रकाशन गर्ने सन्दर्भमा प्रथम तथा ऐतिहासिक रूपले उल्लेख्य वैठक बसी उक्त पत्रिका प्रकाशन गर्ने गरी विभिन्न महत्त्वपूर्ण निर्णयहरू लिइएको देखिन्छ ।[११७] यस्तै अनेक वैठक तथा छलफलले 'शारदा' पुनः प्रकाशन हुन सकेको हो । यस्ता धेरै वैठक नरेन्द्रको आवासमा र अन्य केही वैठक विभिन्न ठाउँमा बसी नरेन्द्रकै पहलमा 'शारदा'

---

[११७] 'शारदा' पुनः प्रकाशन 'वैठक पुस्तिका'- २०६१ भाद्र १३ अनुसार ।

वि.सं. २०६३-माघ, वसन्तपञ्चमीका दिन पुनः प्रकाशनका रूपमा झुल्कन सफल भएको हो । 'शारदा' पुनः प्रकाशनका सन्दर्भमा नरेन्द्रको योगदान स्वरूप कमलमणि दीक्षित लगायत विभिन्न व्यक्तिहरूको उल्लेख्य भनाइ तथा सान्दर्भिक सामग्रीहरू यस शोधपत्रको अध्याय २, ३, ४ र ५ मा यथेष्ट मात्रामा प्रस्तुत गरिएको छ । नआत्तिकन निरन्तर त्यसमा समर्पित भइरहने र साहित्य तथा 'शारदा' पत्रिकालाई आफ्नो जीवनको उद्देश्य बनाउने नरेन्द्रबहादुर श्रेष्ठ वास्तवमा एक महान् साधक र तपस्वी व्यक्तित्व हुन् । उनले 'शारदा' पुनः प्रकाशनको सुरुवात वि.सं. २०६३ माघ नवाङ्क १ देखि विशेषाङ्क १२ सम्म 'शारदा' का प्रधान सम्पादक रही पत्रिका प्रकाशन गराएका छन् भने हाल उनी ती अङ्क पछाडि 'शारदा' का सल्लाहकार रहँदै आएका छन् । यसरी हेर्दा उनले विगतका अनेकन वर्षदेखि साहित्यिक पत्रकारिताको विकासमा लगाएको आफ्नो तन, मन, धन, प्रतिभा, समय, सम्पादन तथा चित्रकारिता सम्बन्धी सिप र साहित्यिक पत्रकारिताको गुणात्मक स्तर कायम राख्न देखाउँदै आएको सजगता र निरन्तरताले नै 'शारदा' ले पुनः जीवित हुने सुअवसर पाएको छ ।

'शारदा' पुनः प्रकाशनका सन्दर्भमा शिव रेग्मीको भनाइ यस्तो छ - 'शारदा' को पुनः प्रकाशनमा नरेन्द्रबहादुर श्रेष्ठको अत्यन्त ठूलो देन छ किनभने उनले आफ्नै सक्रियतामा बेला-बेलामा घरमा वैठक बोलाई यसको ('शारदा' पुनः प्रकाशनको) दृढ निश्चय गरेका थिए । यदि यस ठाउँमा वा कार्यमा नरेन्द्रबहादुर श्रेष्ठबाहेक अर्को कुनै दोस्रो व्यक्ति भएको भए त्यो पत्रिका नै निस्कने थिएन । ( शिव रेग्मीसँगको प्रत्यक्ष कुराकानीको आधारमा)

त्यस्तै, 'शारदा' पुनः प्रकाशनका सन्दर्भमा 'शारदा' का प्रधान सम्पा. नरेन्द्रबहादुर श्रेष्ठको भनाइ यस्तो छ - म आफू साहित्यिक पत्रकार संघमा पदीय दायित्व निर्वाह गर्न आएपछि कता-कता साहित्यिक पत्रकार नभएको कुरा खड्कियो । यस सम्बन्धमा साथीभाइहरूसित कुराकानी हुँदा - "तिमी साहित्यिक पत्रिकाहरूको आवरणचित्र बनाउने र कविताहरू लेखेर प्रकाशित गर्ने व्यक्ति हुँदाहुँदै पनि कसरी साहित्यिक पत्रकार होइनौ ?" भनी उल्टो प्रश्न गरेपछि म नाजवाफ भएँ । यसले मलाई साहित्यिक पत्रकार बन्न उत्प्रेरणा दिएको हो । शान्तबहादुर मल्ल 'शारदा' साहित्यिक पत्रिकाका सम्पादक ऋद्धिबहादुर मल्लका नाति हुन् । उनीसँग एकदिन कुरैकुरामा 'शारदा' पत्रिका पुनः प्रकाशन गर्ने होइन

भनी प्रश्न गर्दा उनले हुन्छ को स्वीकृति दिए । तत्पश्चात् मेरै घरमा मैले 'शारदा' प्रकाशनको विषयलाई लिएर पटक-पटक बैठक बसाएँ । त्यसका परिणामस्वरूप म 'शारदा' को पुनः प्रकाशनको प्रधान सम्पादक बन्न पुगेँ । 'शारदा' ले नेपाली साहित्यको विकासमा अतुलनीय योगदान दिएको हुँदा म यो पत्रिकालाई सानैदेखि श्रद्धा गर्थें । यही कारणले पनि म 'शारदा' को प्रकाशन गर्न बढी उत्साहित भएको थिएँ । (प्रधान सम्पा. नरेन्द्रबहादुर श्रेष्ठसँगको प्रत्यक्ष कुराकानीका आधारमा)

यसरी अमूल्य योगदान दिएर 'शारदा' पुनः प्रकाशन वि.सं. २०६३ साल, माघ वसन्तपञ्चमी नवाङ्क १ देखि विशेषाङ्क १२ सम्म प्रधान सम्पादकका रूपमा कार्य गरी नरेन्द्रबहादुर श्रेष्ठले नेपाली भाषा/साहित्यको क्षेत्रमा उल्लेख्य तथा उपलब्धिमूलक कार्य गरेका र तिनै 'शारदा' का अङ्कलाई आधार मानी यस शोधपत्र तयार गरिएको परिप्रेक्ष्यमा वर्ष २, अङ्क ३ (समष्टी अङ्क १५), वि.सं. २०६४ चैत्रमा प्रकाशित 'शारदा' को पुनः प्रकाशनको एक वर्षको अङ्कहरूको संक्षिप्त आँकलन' शीर्षकमा रचित/सिर्जित लेखिका/रचयिता ज्ञानु अधिकारीको विश्लेषणात्मक 'लेख' पृष्ठ ८४ मा 'शारदा' पत्रिकाका सन्दर्भमा प्रकाशक शान्तबहादुर मल्ल तथा का. सम्पादक विमल भौकाजी भनी उल्लेख भएको तर यी बाहेक प्रधान सम्पादक नरेन्द्रबहादुर श्रेष्ठको नाम तथा परिचय कारणवस त्यहाँ छुटेको देखिन्छ । 'शारदा' पत्रिकाको इतिहासमा नरेन्द्रबहादुर श्रेष्ठको भूमिका तथा योगदान अविस्मरणीय तथा उल्लेख्य रूपमा स्थापित भइसकेको अवस्थामा यस्ता त्रुटिले 'शारदा' का सन्दर्भमा अनुसन्धान तथा शोधकार्य गर्ने व्यक्तिलाई साह्रै अप्ठ्यारो पर्ने यथार्थ पनि म यहाँ जानकारी गराउन चाहन्छु । यस्तै विभिन्न दुविधा र समस्याका कारणले गर्दा नै 'शारदा' प्रकाशन वि.सं. १९९१ देखि २०२० सम्मका प्रकाशित भएका अङ्कहरूमा र बन्द भएको सन्दर्भमा अहिलेसम्म पनि एकरूपता कायम भएको देखिँदैन । यस शोधपत्रमा त्यसतर्फ एकरूपता कायम गर्न सक्दो प्रयास गरिएको छ । यदि इतिहास साक्षी राखेर 'शारदा' का इतिहासलाई जस्ताको त्यस्तै उतारी स्वस्थ र दुरुस्त राख्ने हो भने पटक-पटक भएका यस्ता अनेक गल्ती तथा उक्त रचनामा भएको गल्ती वा भुल सुधार गरी प्रधान सम्पादक नरेन्द्रबहादुर श्रेष्ठको नाम पनि सोही स्थानमा आउनुपर्छ भन्ने मेरो वास्तविक रूपमा 'शारदा' पत्रिका सम्बन्धी प्रासङ्गिक ऐतिहासिक खोज/अनुसन्धान रहेको यथार्थ पनि म यहाँ जानकारी गराउँदछु ।

### ६.६ संलग्नता :

समाजसेवी नरेन्द्र नरेन्द्रबहादुर श्रेष्ठ विभिन्न संघ संस्थाहरूमा संलग्न भएर आफ्नो क्षेत्रबाट उल्लेख्य योगदान दिन सफल भएका छन् । ती विभिन्न संघ संस्थाहरूलाई तल प्रस्तुत गरिन्छ :

(अ) नरेन्द्रबहादुर श्रेष्ठ विभिन्न संघ संस्थाहरूमा आजीवन सदस्य पनि रहिसकेका छन् । उनी आजीवन सदस्य रहेका संघ संस्थाहरूलाई तल प्रस्तुत गरिन्छ :

(क) नेपाल रेडक्रस सोसाइटी,

(ख) साहित्यिक पत्रकार संघ,

(ग) नेपाल मधुमेह संघ,

(घ) विश्रान्ति मन्दिर, धनकुटा,

(ङ) सुनसरी साहित्य प्रतिष्ठान,

(च) नेपाल साहित्य मन्दिर,

(छ) निसहाय सेवा सदन,

(ज) शेष-हीरा प्रतिष्ठान ,

(झ) नेपाल लायन्स फाउण्डेशन (अन्तर्राष्ट्रिय संस्था),

(ञ) झमक घिमिरे साहित्यकला प्रतिष्ठान,

(ट) नेपाल स्रष्टा समाज,

(ठ) जेष्ठ नागरिक समाज (मोरङ्ग) र

(ड) नेपाल साहित्यिक पत्रकार संघ ।

नरेन्द्रबहादुर श्रेष्ठ 'जनमत साहित्यिक पत्रिका' को संरक्षक पनि रही आएका छन् ।[११८]

(आ) व्यापार, कला, समाजसेवा आदिका क्षेत्रमा आफ्नो अतुलनीय योगदान दिएर बहुमुखी व्यक्तित्वका रूपमा परिचित नरेन्द्रबहादुर श्रेष्ठले आफ्नो माथिका

[११८] नरेन्द्रबहादुर श्रेष्ठको व्यक्तिगत विवरणपत्रबाट ।

व्यक्तित्व निर्माण गर्ने क्रममा विभिन्न संघ-संस्थामा योगदान दिएको पाइन्छ । उनले योगदान दिइसकेका र दिइरहेका संघ-संस्थाहरूको सूची तल प्रस्तुत गरिएको छ :[११९]

**नरेन्द्रबहादुर श्रेष्ठले कार्य गरिसकेका संघ-संस्थाहरू :**

| | | |
|---|---|---|
| (१) | संस्थापक अध्यक्ष | - नेपाल राष्ट्रिय स्वयंसेवक संघ (सन् १९६६), |
| (२) | सांस्कृतिक सचिव | - त्रिचन्द्र कलेज छात्र संघ (सन् १९६९), |
| (३) | ,, ,, | - नेपाल युनेस्को क्लव (सन् १९७०), |
| (४) | संस्थापक निर्देशक | - विराटनगर जेसिस (सन् १९७१), |
| (५) | वडा सदस्य | - गाउँ फर्कको अञ्चल समितिबाट विराटनगर नगर पञ्चायतको वडा नं. १२ मा (वि.सं. २०३३-०३५), |
| (६) | कोषाध्यक्ष | - पहिलो राष्ट्रिय चलचित्र महोत्सव (सन् १९८९), |
| (७) | अध्यक्ष | - विशालबजार लाइन्स क्लव (सन् १९८९/९०), |
| (८) | अध्यक्ष | - विशालबजार व्यापार संघ (सन् १९८७-१९९१), |
| (९) | कार्यकारी सदस्य | - सिद्धिचरण प्रतिष्ठान (सन् १९९३), |
| (१०) | सदस्य | - यातायात समिति, FNCCI (सन् १९,९५), |
| (११) | क्षेत्रीय अध्यक्ष | - लाइन्स क्लब इन्टरनेशनल-३२५, (सन् १९९५-९६), |
| (१२) | अध्यक्ष | .- देउराली बिस्कुट उद्योग (सन् १९९४-१९९८), |
| (१३) | सदस्य | - बालकृष्ण समको सालिक निर्माण कमिटी (सन् १९९८), |
| (१४) | अध्यक्ष | - विशालबजार एम्बुलेन्स र निःशुल्क क्लिनिक (सन् १९९३-९८), |
| (१५) | सचिव | - साहित्यिक पत्रकार संघ, नेपाल (सन् १९९८) |
| (१६) | निर्देशक | - श्री ओम डाइग्नोस्टिक सेन्टर प्रा.लि.(सन् १९९८) |
| (१७) | सदस्य | - वाणिज्य तथा आपूर्ति समिति FNCCI (सन् १९९८), |

[११९] ऐजन ।

(१८) सदस्य - राष्ट्रिय व्यवस्थापन समिति, किड्स गोरनिका (सन् २०००),

(१९) सञ्चालक - विशालबजार कम्पनी लि. (सन् २००३),

(२०) अध्यक्ष - साहित्यिक पत्रकार संघ, नेपाल (सन् २००४),

(२१) संयोजक - श्री सत्यसाई स्वास्थ्य सेवा केन्द्र (सन् २००४),

(२२) सदस्य - सामाजिक सेवा कमिटी, FNCCI (सन् २००५),

(२३) निर्देशक - ललितपुर विशालबजार कम्पनी लि. (सन् , २००५),

(२४) सल्लाहकार - राष्ट्रिय स्तरको चित्रकला र मूर्तिकला प्रतिस्पर्धा व्यवस्थापन समिति (सन् २००६),

(२५) सदस्य - मूर्ति विशेषज्ञहरूको राष्ट्रिय भेला व्यवस्थापन समिति (सन् २००६),

(२६) संयोजक - ललितकला एकेडेमी नेपालको विधान मस्यौदा समितिको संयोजक (सन् २००६),

(२७) निर्देशक - विशालबजार कम्पनी लि. (सन् २००६) र

(२८) प्रधान सम्पादक - 'शारदा' मासिक पत्रिका पुनः प्रकाशन (सन् २००६/वि.सं. २०६३/०६४)।

**नरेन्द्रबहादुर श्रेष्ठ हाल आवद्ध भइरहेका संघ-संस्थाहरू :**

(१) सल्लाहकार - आर्टिस्ट सोसाइटी अफ नेपाल (सन् २००७),

(२) कार्यकारी सदस्य - नेपाल मधुमेह संघ (सन् १९९१),

(३) कोषाध्यक्ष - नेपाल साहित्य मन्दिर,

(४) कार्यकारी सदस्य - नन्दी मा.वि. र नन्दी रात्री स्कुल (सन् १९९८),

(५) अध्यक्ष - सामुदायिक सेवा केन्द्र र कम्युनिटी पुलिस (सन् २००१),

(६) कार्यकारी सदस्य - श्री सत्यसाई समिति, नारायणचौर, (सन् २००७),

(७) सल्लाहकार - सामुदायिक सेवा समन्वय परिषद् (सन् २००७),

(८) सदस्य - राष्ट्रिय वजेट समन्वय परिषद् - FNCCI (सन् २००७),

(९) सचिव - सामाजिक सेवा कमिटी -FNCCI (सन् २००८),

(१०) निर्देशक - अञ्जुश्री मल्टिपरपोज को-अपरेटिभ (सन्२००८),

(११) प्रबन्ध निर्देशक - सिनिक डेभलोपर्स प्राइभेट लि. (सन् २००८),

(१२) सल्लाहकार - 'शारदा' मासिक र नेपाल साहित्यिक पत्रकार संघ (२००८) र

(१३) मानार्थ संरक्षक - जनमत प्रकाशन (पत्रिका) ।

नरेन्द्रबहादुर श्रेष्ठको माथिको संलग्नतालाई हेर्ने हो भने उनमा कुशल व्यवस्थापक व्यक्तित्व पनि देखापर्दछ ।

## ६.७ पुरस्कार तथा सम्मान :

मानिसलाई अझ बढी असल कार्यतर्फ अभिप्रेरित गर्नका लागि असल काम गर्ने त्यस्ता व्यक्तिहरूलाई विभिन्न सम्मान तथा पुरस्कारहरू प्रदान गरिन्छ । जसले व्यक्तिमा उत्साह भरेर त्यस्ता कार्यप्रति अरू बढी लगनशीलता र जाँगर उत्पन्न गराउने गर्दछ । नरेन्द्रबहादुर श्रेष्ठले पनि विद्यार्थी जीवनदेखि नै सम्मान तथा पुरस्कारहरू प्राप्त गरेको पाइन्छ । उनले प्राप्त गरेका पुरस्कारहरू साहित्यतर्फबाट मात्र नभएर व्यापार, समाजसेवा, कलाकारिता आदिका तर्फबाट पनि रहेका छन् । उनले विद्यालय र कलेजमा अध्ययन गर्दा प्राप्त गरेका पुरस्कार तथा सम्मानहरू निम्न छन् :

(१) वि.सं. २०२२ जेठ ३२ गते नेपाल युवक संगठनद्वारा आयोजित स्वयंसेवक कार्य प्रतियोगितामा द्वितीय पुरस्कार,

(२) नेपाल युवक माध्यमिक शिक्षालय उद्घाटन समारोह (वि.सं. २०२३ वैशाख १९) अन्तर्गत चित्रकला प्रतियोगितामा द्वितीय पुरस्कार,

(३) त्रिचन्द्र कलेजमा १५७ औं भानु जयन्तीको अवसरमा आयोजित साँस्कृतिक कार्यक्रममा 'नृत्य' मा प्रशंसनीय कार्य गरेवापत सम्मान-पत्र र

(४) त्रिचन्द्र कलेजमा १५७ औं भानु जयन्तीको अवसरमा आयोजित साँस्कृतिक कार्यक्रममा बलभद्रको उत्कृष्ट अभिनय गरेवापत सम्मानपत्र ।[१२०]

नरेन्द्रबहादुर श्रेष्ठले साहित्य, व्यापार, समाजसेवा, कलाकारिता आदिका क्षेत्रमा प्राप्त गरेका पुरस्कार तथा सम्मानहरू प्राप्त गरेको मितिसहित यसप्रकार रहेका छन :

(१) वि.सं. २०२९ जेठ २५ गते आयोजित उपत्यकाव्यापी साहित्य सम्मेलनमा गद्य साहित्यतर्फ सान्त्वना पुरस्कार,

(२) नाफा (नेपाल ललितकला संस्था) द्वारा वि.सं. २०३१ सालमा आयोजित कोशी अञ्चल स्तरीय प्रतियोगितात्मक कला प्रदर्शनीमा द्वितीय पुरस्कार,

(३) नेपाल जेसिसको तर्फबाट 'वेष्ट कमिशन चेयरम्यान अवार्ड'- सन् १९७७,

(४) लाइन्स इन्टरनेशनलको तर्फबाट 'वेष्ट जोन चेयरम्यान अवार्ड' सन् १९९४,

(५) 'व्यथित काव्य पुरस्कार' - सन् १९९४,

(६) लाइन्स इन्टरनेशनलको तर्फबाट 'वेष्ट रिजनल चेयरम्यान अवार्ड' - सन् १९९५,

(७) 'लाइन्स इन्टरनेशनल प्रेसिडेण्ट ह्युम्यानिटेरियन अवार्ड'-सन् १९९७/९८,

(८) 'श्री ५ वीरेन्द्र गद्दी आरोहणको रजत महोत्सव पदक' - वि.सं. २०५३,

(९) 'वीरेन्द्रऐश्वर्य सेवा पदक' - वि.सं. २०५८,

(१०) 'नेपाल जापान सम्बन्धको ५० औं वर्षको उपलक्ष्यमा आयोजित मूर्ति निर्माण प्रतियोगितामा स्पेशल अवार्ड' - सन् २००७,

(११) 'त्यागी स्मृति सम्मान' - वि.सं. २०६६ र

(१२) अलि मियाँ लोक वाङ्मय प्रतिष्ठान -२०५९ पोखराद्वारा - वि.सं. २०६६ कार्तिक २० गते 'सम्मानपत्र' द्वारा सम्मानित ।[१२१]

## ६.८ नरेन्द्रबहादुर श्रेष्ठका साहित्यिक कृतिहरू :

---

[१२०] नरेन्द्रबहादुर श्रेष्ठको व्यक्तिगत विवरणबाट ।

[१२१] ऐजन ।

नरेन्द्रबहादुर श्रेष्ठ सम्पादक मात्र नभए एक कुशल साहित्यकार पनि हुन् । नरेन्द्रबहादुर श्रेष्ठका हालसम्म दुईवटा कविता संग्रहहरू प्रकाशित भएका छन् । ती कविता संग्रहहरू निम्न छन् :

(क) **'ऊ भएर मेरो अभिव्यक्ति' :**

यो कविता संग्रह नरेन्द्रबहादुर श्रेष्ठको प्रथम नेपाली कविता सङ्ग्रह हो । वि.सं. २०४६ सालमा भारतको 'निराला प्रकाशन' ले यस सङ्ग्रहको प्रकाशन गरेको थियो भने यसको विमोचन वि.सं. २०४६ साउन २४ गते भएको थियो । यस सङ्ग्रहमा नरेन्द्रद्वारा वि.सं. २०२० देखि वि.सं. २०४५ सम्म रचिएका २३ वटा कविताहरू समसामयिक अवस्था, सामाजिक विसंगति तथा विकृतिप्रति व्यङ्ग्य गर्दै सामाजिक यथार्थवादी अनि समाज सापेक्ष ढंगमा सही मार्ग निर्देशकरूपी आदि सन्देशवाहकका रूपमा समावेश गरी प्रस्तुत गरिएको छ । २३ वटा कविताहरू प्रस्तुत गर्दा तीन समूहमा बाँडेर प्रस्तुत गरिएको छ । पहिलो समूहमा ८ वटा कविताहरू समावेश गरी सो समूहको नाम 'ऊ भएर मेरो अभिव्यक्ति' भन्ने राखिएको छ । दोस्रो समूहमा पनि ८ वटा नै कविता समावेश गरी त्यसको नाम चाहिँ 'म र माछापुच्छ्रे' भन्ने दिइएको छ । तेस्रो समूहलाई 'मेरी प्रेयसीलाई' भन्ने नाम दिई यसभित्र ७ वटा कविताहरू समाविष्ट गरिएका छन् । यस सङ्ग्रहमा ६ हरफे मुक्तकीय शैलीका कवितादेखि लिएर उनन्चास हरफसम्मका कविताहरू रहेका छन् । ५६ पेज भएको यस कविता सङ्ग्रहको सम्पादन तथा प्राक्कथन तारानाथ शर्माको रहेको छ भने आशीर्वचन सिद्धिचरण श्रेष्ठको रहेको छ । कडा कागजद्वारा बाइण्डिङ्ग गरिएको यस सङ्ग्रहको आवरणकला विनोद भारद्वाजको रहेको छ भने मुद्रक अनुज प्रिन्टर्स, जयपुर र प्रभात प्रिन्टर्स, नयाँ दिल्ली रहेका छन् । मूल्य भा.रू. ६०/- रहेको यो सङ्ग्रह निराला सिरिजको प्रथम सिरिज हो ।

यस कविता सङ्ग्रहमा प्रेमपरक, प्रकृतिपरक र राष्ट्रियतापरक कविताहरूको सरल गद्यमा प्रस्तुति गरिएको छ भने अज्ञात स्थानबाट आएका कीटाणु तथा अज्ञातस्थानतर्फ जाने जीवाणुलाई यो सङ्ग्रह समर्पित गरिएको छ ।

(ख) **' प्यायचाः गु सः' :**

यो कविता संग्रह नरेन्द्रबहादुर श्रेष्ठको पहिलो नेवारी तथा प्रकाशित दोस्रो कविता सङ्ग्रह हो । यस कविता सङ्ग्रहको प्रथम प्रकाशन ने.सं. ११११ (वि.सं. २०४८) मा भएको थियो भने 'कीर्ती फसू कुथि', अर्थात् उक्त कृति यसले प्रकाशित गरेको थियो । ६२ पेज रहेको यस कविता सङ्ग्रहमा ३० वटा नेवारी भाषाका कविताहरू रहेका छन् । ३० वटा कविताहरूमध्ये ९ वटा कविता नरेन्द्रद्वारा रचिएका नयाँ नेपाली कविताको अनुवादित रूप हो भने अरू कविता 'ऊ भएर मेरो अभिव्यक्ति' कविता सङ्ग्रहका २१ वटा कविताहरूको नेवारी भाषामा अनुवादित रूप हो । यस कविता सङ्ग्रहको विमोचन वि.सं. २०४८ साल असोज ४ गते भएको थियो । प्यायचाः गु सः को नेपाली अनुवाद 'प्यासी स्वर' हुन्छ ।

माथि प्रस्तुत गरिएका नरेन्द्रबहादुर श्रेष्ठका कृतिहरू बाहेक थुप्रै फुटकर रूपका विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका तथा पत्रपत्रिकामा प्रकाशित नभएका लेख तथा रचनाहरूलाई तल प्रस्तुत गरिएको छ :

**(अ) प्रकाशित कविताहरू :**

| क.सं. | शीर्षक | पत्रिका | वर्ष | अंङ्क | पूर्णाङ्क | प्रकाशनकाल |
|---|---|---|---|---|---|---|
| १. | आफ्नै अनुभूति र आफ्नै परिवेश | अन्यथा | - | १ | - | २०४८ वैशाख |
| २. | एउटा बूढा भन्छ | दृष्टि साप्ताहिक | ८ | ३१ | - | ,, जेठ |
| ३. | काजी दाइ | बगर | १० | - | ३५ | २०४९ असार |
| ४. | भ्रूण हत्या | मधुपर्क | २५ | ८ | २८३ | ,, पुस |
| ५. | आमाको चिठी गर्भको बच्चालाई | त्रिवेणी काव्य | - | - | - | २०४९ - |
| ६. | मकालु | युगसंवाद साप्ताहिक | - | - | - | २०४९ फागुन |
| ७. | यो मन मलाई बिझाउँछ | गरिमा | १२ | १ | - | २०५० वैशाख |
| ८. | मेरो आस्थाको गर्भ तुहिएको छ | मधुपर्क | २७ | ६ | ३०५ | २०५१ - |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९. | छिपाको घ्याम्पो र एक्काइसौ शताब्दी | मधुपर्क | - | - | - | २०५६ - |
| १० . | ओथारो बसेको मन | स्पेसटाइम दैनिक | - | - | - | २०५७ फागुन २७ |

**(आ) अप्रकाशित कविताहरू :**

| **क्र.स.** | **शीर्षक** | **रचनाकाल** |
|---|---|---|
| १. | परालको त्यान्द्रो | २०५० |
| २. | वसुधैव कुटुम्बकम | २०५० |
| ३. | मुक्तिको गीत | २०५१ |
| ४. | खण्डन | २०५३ |
| ५. | म पनि पानीझैँ बगूँ | २०५३ |
| ६. | विषक्त जीवन र म | २०५६ |
| ७. | मृत्यु उत्सव | २०५८ |
| ८. | हिउँफूल | २०६० |
| ९. | सौन्दर्य | २०६० |
| १०. | बारूदको गन्धको मान्छे | २०६० |
| ११. | स्वयं जाग्नु पर्छ | २०६० |
| १२. | स्रष्टा हातहरू | २०६३ |
| १३. | आजका मान्छे | - |
| १४. | समय | - |
| १५. | जरा, हाँगा र पातहरू | - |
| १६. | सम्झना | - |
| १७. | तिमीलाई श्रद्धासुमन | - |
| १८. | आठौ साफ खेलकुदमा गौरव र प्रतिष्ठा | - |

| | | |
|---|---|---|
| १९. | पदार्पण | - |
| २०. | बजेट | - |
| २१. | बन्दीपुरको स्मरण | १९९७ |
| २२. | मूसः गु आय्ला (नेवारी कविता) | - |

**(इ) प्रकाशित लेखहरू :**

| क्र.स. | शीर्षक | पत्रिका | मिति |
|---|---|---|---|
| १. | नेपाल संवत् राष्ट्रिय संवत् | समाचारपत्र | २०५५ कात्तिक ४ |
| २. | नेपाल संवत् नेवार समुदायको मात्र संवत् हो ? | घुयेंत्रो | २०५६ पुस-माघ |
| ३. | वासुदाइ-मेरो मानस्पटलमा | वासुशशी स्मृति ग्रन्थ | २०५० |

नरेन्द्रले वि.सं. २०१४/१५ देखि नै कविता लेख्न शुरू गरेका हुन् । उनको प्रथम प्रकाशित कविता 'झर्ना' (वि.सं. २०१८) जुद्धोदय मा.वि. बाट प्रकाशित हुने 'जुद्धोदय पब्लिक हाईस्कूल पत्रिका' मा प्रकाशित भएको थियो । त्यस्तै, उनी नाटककार पनि हुन् । उनको हालसम्म कुनै नाट्यकृति प्रकाशित नभए तापनि उनले लेखेको दुई दृश्यसम्मको 'भक्तवत्सल वगवान्' (वि.सं. २०६३) शीर्षकको नाटक भने 'आत्म-निवेदन' पत्रिकामा प्रकाशित भएको पाइन्छ ।[१२२] सन्तान नभएर पीडित एक मध्यम वर्गीय परिवारको कथाबाट शुरू गरिएको र भक्तको अधिनमा भगवान् हुन्छन् र अनन्य भक्तले दिएको वरदानलाई भगवान्ले पूरा गर्ने गर्दछन् भन्ने कुरालाई सन्तान नभएर पीडित दम्पत्तिसित घटित घटनामार्फत चरितार्थ गरिएको छ ।

## ६.९ कलाकारिता :

नरेन्द्रको कलाको क्षेत्रमा पनि योगदान रहेको पाइन्छ । उनले काठेकला, चित्रकला, मूर्तिकला, नाट्यकला आदि विविध क्षेत्रमा आफ्नो योगदान दिएका छन् । 'शारदा' पुनः प्रकाशनका विभिन्न अङ्कमा उनले कलात्मक आवरण चित्र प्रस्तुत

[१२२] नरेन्द्रबहादुर श्रेष्ठ : 'भक्तवत्सल भगवान्', आत्म निवेदन, काठ., अङ्क २२, २०६३ ।

गरेका कुरा यसै शोधपत्रको अध्याय ४ र ५ मा प्रस्तुत गरिएको छ भने नाट्यकलाको सन्दर्भमा यसै अध्यायमा प्रस्तुत गरिसकिएको छ । त्यस्तै, नरेन्द्रले हालसम्म 'गहना', 'बलभद्र' र 'धनबहादुरको मृत्युमा परिवारको आँशु' गरी ३ वटा अभिनय गरिसकेका छन् । उनले त्रिचन्द्र कलेजमा अध्ययन गर्ने क्रममा यी नाटकहरू अभिनय गरेका थिए ।[१२३]

मूर्तिकला, आवरणकला, चित्रकला र काठेकलाका क्षेत्रमा महत्वपूर्ण तथा उल्लेख्य योगदान रहेकाले यी विषयका क्षेत्रमा यिनले आफ्नो कलाको सामूहिक रूपमा कलाप्रर्दशनी पनि गराइसकेका छन् । जसलाई तल प्रस्तुत गरिन्छ :

१) नाफाबाट काठमाडौँमा आयोजित सन् १९६६, १९६९ र १९७५ को कलाप्रर्दशनी,

२) नाफाबाट आयोजित सन्१९७४ देखि सन् १९७६ सम्मको कोशी अञ्चलस्तरीय कलाप्रर्दशनी,

३) विराटनगर जेसिसद्वारा आयोजित सन् १९७५ को कलाप्रर्दशनी,

४) युवा कला केन्द्रद्वारा धरानमा आयोजित सन्१९७५ देखि १९७६ सम्मको कलाप्रर्दशनी,

५) नाफाद्वारा सन् २००१ आयोजित ३१ औं राष्ट्रिय आर्ट एण्ड क्राफ्ट कलाप्रर्दशनी,

६) समकालीन कला प्रदर्शनी (नाफा-२००१) र

७) सन् २००३ मा आयोजित अन्तर्राष्ट्रिय सामूहिक चित्रकला प्रदर्शनी ।[१२४]

## ६.१० नरेन्द्रबहादुर श्रेष्ठका विविध व्यक्तित्वगत सान्दर्भिक पक्षहरू :

नरेन्द्रबहादुर श्रेष्ठका विविध पाटाहरूमध्ये सम्पादक व्यक्तित्व पनि एक हो । उनीद्वारा सम्पादित पहिलो कृति 'त्रिवेणी काव्य' वि.सं. २०४९ हो । यसमा नेपाली, मैथली र नेवारी भाषाका कविहरूको नेपाली, मैथली र नेवारी भाषामा लेखिएका कविताहरूको सङ्कलन गरिएको छ । उनले धरानबाट निस्कने नेपाल भाषाको साहित्यिक पत्रिका 'भिन्तुना' वि.सं. २०५० को पनि अतिथि सम्पादक भई काम

---

[१२३] नरेन्द्रबहादुर श्रेष्ठबाट प्राप्त जानकारी अनुसार ।

[१२४] नरेन्द्रबहादुर श्रेष्ठबाट प्राप्त व्यक्तिगत विवरणबाट ।

गरिसकेका छन् । यस्तै नरेन्द्रले 'शारदा' पत्रिकाको वि.सं. २०६३ माघदेखि वि.सं. २०६४ पुससम्मको अङ्कमा प्रधान सम्पादक भई काम गरिसकेका छन् ।

वि.सं. २०२४ सालमा एस.एल.सी. पास गरेपछि नरेन्द्रले व्यापार गरेको पाइन्छ । नरेन्द्रका फुपाजु मुगा, मोती आदि जस्ता पत्थरहरूको व्यापार गर्दथे । नरेन्द्र उनैसँग त्यस्ता धातुहरू किनेर भक्तपुर लगायतका विभिन्न स्थानहरूमा लगेर बेच्दथे । यो व्यापारपछि नरेन्द्रले यु.एन.डि.पि. को सडक सर्भेक्षण पदमा काम गरे । ६ महिनाको यो प्रोजेक्ट सकिएपछि नरेन्द्रले सन् १९७१ मा विराटनगर गएर जुटलगायत अन्य वस्तुहरूको व्यापार गरे । विराटनगरमा ९ वर्ष व्यापार गरेपछि सन् १९८० मा नरेन्द्र काठमाडौँ आए । काठमाडौँ आएपछि हङ्कङ् र बैंकक व्यापार गरे । यो व्यापारपछि विशालबजारमा पसल र रेष्टुरेण्ट चलाए । यसै क्रममा उनी विशालबजार व्यापार संघको अध्यक्ष पनि भए । आफू व्यापारी हो, होइन भन्ने सन्दर्भमा उनी भन्दछन् -"..... तर म व्यापार क्षेत्रमा लागेँ हुनत म व्यापारी हो कि होइन मलाई नै थाहा छैन । म केको व्यापार गर्दछु त्यो पनि थाहा छैन । तर मलाई एउटा सफल व्यापारी भन्दछन् ।"[१२५]

नरेन्द्र एक मूर्तिकार पनि हुन् । उनले माटोबाट आफ्नी आमाको अर्धकदको दुईवटा मूर्तिहरू बनाएका छन् । उनले बनाएका दुईवटा मूतिहरूमध्ये पहिलो सानो र सेतो मूर्ति वि.सं २०४० तिर बनाएका हुन् भने दोस्रो ठूलो मूर्ति वि.सं. २०६२ तिर बनाएका हुन् । उनले बनाएका मूर्तिहरूले उनमा भएका मूर्तिकारितालाई व्यक्त गरेका छन् ।[१२६]

नरेन्द्रबहादुर श्रेष्ठ एक समाजसेवीको रूपमा पनि प्रसिद्ध छन् । विद्यालय जीवनदेखि नै पढ्नभन्दा समाजसेवा गर्न मनपराउने नरेन्द्रबहादुर श्रेष्ठ आफू हुर्केको समाज र समाजका मान्छेलाई असाध्यै प्रेम गर्छन्; त्यही समाजले उनलाई जुनसुकै दृष्टिबाट हेरोस् ।[१२७]

---

[१२५] नारद गौतम, नेपाल जागरण, काठ., वर्ष ८, अङ्क ८, पुस २६, २०५६ ।

[१२६] नरेन्द्रबहादुर श्रेष्ठबाट प्राप्त जानकारी अनुसार ।

[१२७] विमल भौकाजी, गोरखापत्र, काठ., २०५९, असोज १९ ।

नरेन्द्रबहादुर श्रेष्ठ नेपाली भाषाबाहेक अंग्रेजी, नेवारी, हिन्दी आदि भाषाको पनि ज्ञाता भएकोले उनमा बहुभाषिक व्यक्तित्व देखा पर्दछ । सीताराम मास्केबाट कलेज जीवनमा राजनैतिक भाषण गर्न सिकेका नरेन्द्रले वि.सं. २०५० सालमा नेपाल टेलिभिजनमार्फत प्रसारण हुने 'अभिव्यक्ति' कार्यक्रममा 'नेपाली, मैथिली र नेवारी भाषाको साहित्यिक समस्या' भन्ने विषयमा ३० मिनेटको छलफलात्मक कार्यक्रम सञ्चालन गरेका थिए । यस आधारमा उनमा सञ्चालक एवं प्रस्तोता व्यक्तित्व पनि देखा पर्दछ । उनले आमाको ठूलोबुबाको छोरा (मामा) पुष्पलाल श्रेष्ठको आग्रहमा वि.सं. २०१५ सालको आमचुनावको प्रचारको लागि नेपाल कम्युनिष्ट पार्टीको चुनाव चिन्ह 'हँसिया र तीन घोगा मकै' को चित्र प्रचारका लागि हजारौँ संख्यामा बनाएका थिए ।[१२८] तर उनमा राजनीतिक व्यक्तित्वको प्रादुर्भाव भए पनि उनी भन्दछन् कि - .... मेरो कलेज जीवनबाट शुरू भएको कुरा कलेजको समाप्तिसँगै हराए । कुनै पनि साहित्यकारले राजनीतिक पार्टीको वादमा फस्नु हुन्न वा राम्रो काम गर्नेको सधैँ समर्थन र नराम्रो कार्य गर्नेको बिरोध गरी समाजलाई सही बाटोमा डोऱ्याउने प्रयास गर्नुपर्दछ ।[१२९]

## ६.११ निष्कर्ष

नरेन्द्रबहादुर श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको संक्षिप्त परिचय यही हो । बहुमुखी प्रतिभाका धनी नरेन्द्रको सन्दर्भमा हरिश्चन्द्र घिमिरेले छुट्टै शोधपत्र जीवनी, व्यक्तित्व र कृतित्वका सन्दर्भमा अध्ययन गरी वि.सं. २०६६ सालमा प्रस्तुत गरेकाले यो सानो अध्यायमा उनका सम्पूर्ण कुरा समेट्न नसकिने तर समग्रमा मुख्य-मुख्य कुरा मात्र यहाँ प्रकाश पार्ने प्रयास गरिएको हो । प्रधान सम्पादक, साहित्यकार, सफल व्यापारी, जागिरे, कलाकार, चित्रकला, मूर्तिकला, काष्ठकला, अभिनयकला, समाजसेवी आदि व्यक्तित्व भएका बहुमुखी प्रतिभाका धनी नरेन्द्रबहादुर श्रेष्ठले 'शारदा' पुनः प्रकाशन गरी जीवन्त तुल्याई नेपाली भाषा/साहित्यका क्षेत्रमा पुऱ्याएको योगदान ज्यादै उल्लेख्य तथा महत्त्वपूर्ण भएकाले उनको असल कार्यको समग्र रूपमा सबैले सम्मान गरी आ-आफ्नै

---

[१२८] नरेन्द्रबहादुर श्रेष्ठबाट प्राप्त जानकारी अनुसार ।

[१२९] नरेन्द्रबहादुर श्रेष्ठसँग छलफलका क्रममा प्राप्त जानकारी अनुसार ।

ठाउँबाट हामीले पनि नेपाली भाषा/साहित्यका क्षेत्रमा श्रीवृद्धिका लागि गहकिलो कदम चाल्ने काम गर्नुपर्दछ ।

mmm

# अध्याय –७

## ७. उपसंहार एवम् निष्कर्ष :

साहित्यलाई भाषाको विकसित र विशिष्ट स्वरूप मानिनुका साथै समाजको प्रतिबिम्बका रूपमा पनि स्विकारिन्छ । यसले (साहित्यले) नै देशको प्रगति र उन्नतिलाई उर्वरता प्रदान गर्दछ । यस अर्थले हेर्ने हो भने साहित्यिक र भाषिक विकासका लागि त्यसको प्रकाशनले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । नेपाली भाषामा लेखिएको पहिलो प्रामाणिक अभिलेख हुम्ला जिल्लाको रेलिङ्ग गुम्बामा पाइएको वि.सं. १३१२ को अशोक चल्लको ताम्रपत्र (हाम्रा आली अटाली अटल करी अक्रया छौं ।) हो । यसपछि नेपाली भाषा क्रमशः पूर्वतिर फैलिँदै गएको र राजा भाषाको रूपमा मान्यता प्राप्त गरेको पाइन्छ । यसको प्रमाणस्वरूप नेपाली भाषामा लेखिएका थुप्रै अभिलेखलाई लिन सकिन्छ ।

वास्तवमा हेर्ने हो भने नेपाली साहित्यको प्रारम्भ विभिन्न किसिमका लोक छन्द जस्तै - कविता, चाँचरी, झ्याउरे, सवाई र गाइनेका गीतहरूबाट भएको मानिन्छ । त्यस कालमा रचिएका/गाइएका सवाई, कविता तथा झ्याउरेहरू लिपिबद्ध हुन सकेनन् । नेपाली लेख्य साहित्यको प्रारम्भकाल भने पृथ्वीनारायण शाहको नेपाल एकीकरणको अभियानसँग भएको हो । त्यसैले वीरता, पुरुषार्थ, साहस र पराक्रम आदिका कवितात्मक अभिव्यक्तिबाट नै नेपाली साहित्यको सुरुवात भएको पाइन्छ । नेपालका पहिलो कविका रूपमा सुवानन्द दासलाई मानिन्छ र उनको पृथ्वीनारायण शाह सम्बन्धी 'वीरस्तुति' कवितालाई पहिलो कविता मानिन्छ । त्यसपछि नाटककार तथा कवि शक्तिवल्लभ अर्यालद्वारा संस्कृतमा लेखिएको र पछि यसैलाई आफैंले नेपालीमा अनुवाद गरेको गद्याख्यानात्मक रचना 'महाभारत विराटपर्व' ( वि.सं. १८२७) लाई नै नेपालको जेठो आख्यान साहित्य मानिएको छ । नेपाली भाषामा प्रथम गद्याख्यानात्मक लेखनको थालनी यसै रचनाबाट शुरू भएको प्रमाण यथार्थ तथ्यका रूपमा स्वीकार गरिएको छ । त्यस्तै, पृथ्वीनारायण

शाहको 'दिव्यपदेश' (वि.सं. १८३१) लाई पनि नेपली गद्यको राम्रो नमूना मानिन्छ ।

नेपाली साहित्यको प्राथमिककाल मूलतः वीरधारा र भक्तिधारामा विभक्त भएको पाइन्छ । उदयानन्द अर्याल, यदुनाथ पोखरेल, शक्ति वल्लभ आदि वीरधाराका कविहरू मानिन्छन् भने रघुनाथ पोखरेल, विद्यारण्य केशरी, इन्दिरस आदि भक्तिधाराका कविहरू हुन् । आदिकवि भानुभक्त आचार्य यसै भक्तिकालका वा भक्तिधाराका प्रमुख कवि मानिन्छन् । उनीद्वारा अनूदित अध्यात्म रामायणले नेपाली समाजमा नवीन उन्मेष तथा रामभक्ति लहर ल्याएको थियो साथै यसले नेपाली भाषालाई ऐतिहासिक प्रतिष्ठा र व्यापकता प्रदान गरेको थियो ।

त्यस्तै, नेपाली साहित्यको माध्यमिक काललाई मोतीराम भट्टकाल भने पनि हुन्छ अर्थात् उनले यसकालमा श्रृङ्गारिक कविता लेखनको प्रखर रूपमा नेतृत्व गरे । यिनले गजल लेखनको परम्परा भित्र्याए र भानुभक्तको जीवनी लेखेर उनको व्यक्तित्वलाई स्थापित गरे । मोतीराम भट्टका साथै लक्ष्मीदत्त पन्त, गोपीनाथ लोहनी, कृष्णप्रसाद रेग्मी, केदारनाथ खतिवडा, पहलमानसिंह स्वाँर, राजीवलोचन जोशी, होमनाथ खतिवडा, शिखरनाथ सुवेदी, राममणि आ.दी. आदि थुप्रै कवि-लेखकहरूले माध्यमिक कालीन नेपाली साहित्यमा महत्त्वपूर्ण योगदान गरे ।

नेपाली साहित्यका क्षेत्रमा माध्यमिककालीन प्रवृत्ति छोडी आधुनिकताको शुरूवात विभिन्न विधामा विभिन्न कालमा भएको पाइन्छ । लेखनाथ पौडेलले 'ऋतु विचार' तथा 'बुद्धिविनोद' लेखेर वि.सं. १९७५/७६ बाटै काव्य/कवितामा आधुनिकताको शुरूवात गरिसकेका थिए भने बालकृष्ण समले 'मुटुको व्यथा' मार्फत वि.सं. १९८६ बाट नाटकका क्षेत्रमा आधुनिक काल निम्त्याएका थिए । त्यस्तै, उपन्यासमा रुद्रराज पाण्डेले 'रूपमती' (वि.सं. १९९१) बाट र कथामा गुरुप्रसाद मैनालीले 'नासो' (वि.सं. १९९२) तथा विश्वेश्वरप्रसाद कोइरालाले 'चन्द्रवदन' (वि.सं. १९९२) बाट आधुनिकतालाई आमन्त्रण गरेका थिए । निबन्धका फाँटमा लक्ष्मीप्रसाद देवकोटाको 'आषाढको पन्ध्र' (वि.सं. १९९२) लाई आधुनिक मानिन्छ । (

कसैले बालकृष्ण समको वि.सं. १९९१ 'वर्दाहमा शिकार' लाई आधुनिक निबन्ध मानेको पाइन्छ ।) नेपाली साहित्यले आधुनिकताको ढोका ढकढक्याउनमा वि.सं. १९९१ मा प्रकाशन शुरू भएको साहित्यिक पत्रिका 'शारदा' को योगदानलाई महत्त्वपूर्ण मानिन्छ ।

'शारदा साहित्यिक पत्रिकाको अध्ययन र मूल्याङ्कन' शीर्षकको प्रस्तुत शोधपत्र त्रिभुवन विश्व-विद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दशौं पत्रको प्रयोजनको निम्ति तयार पारिएको हो । यस शोधपत्रमा ७ वटा अध्याय र त्यसमा विभिन्न शीर्षक समावेश गरिएका छन् ।

शोधपत्रको अध्याय एकमा 'शोध-परिचय' (शोधको परिचय) प्रस्तुत गरिएको छ । यस अर्न्तगत शोधशीर्षक, शोधकार्यको प्रयोजन, शोध-समस्या, शोधपत्रको उद्देश्य, अध्ययनको क्षेत्र, अध्ययनको सीमा, पूर्व कार्यको विवरण, सामग्री संकलन र शोधविधि, शोधपत्रको रूपरेखा जस्ता उपशीर्षक प्रस्तुत गरिएको छ । यस क्रममा 'शारदा' पत्रिका पुनः प्रकाशन वि.सं. २०६३ नवाङ्क १ देखि विशेषाङ्क १२ सम्म प्रकाशित विभिन्न लेख/रचनाहरूको (कविता, निबन्ध, लेख, समालोचना आदि) अध्ययन नभएको हुनाले यस पत्रिकामा संरचित विविध रचनाहरूका बारेमा विवरणात्मक अध्ययनका साथै प्रधान सम्पादक/सम्पादक परिचय लगायत प्रतिनिधि साहित्यिक र रचनाहरूका विश्लेषणात्मक अध्ययन गर्ने प्रयासको निष्कर्ष दिइएको छ ।

शोधपत्रको द्वितीय अध्यायलाई "नेपाली पत्रपत्रिकाको ऐतिहासिक चिनारी र 'शारदा' पत्रिकाको स्थान" नामक मूल शीर्षकमा समेटिएको छ । यस अन्तर्गत नेपाली भाषाको प्रमाणिक अभिलेख वि.सं. १३१२ को अशोक चल्लको हुम्ला जिल्लाको रेलिङ्ग गुम्बामा (हाम्रा आली अटाली अटल करी अक्रया छौं ।) अवस्थित रहेको कुरा प्रस्तुत गर्दै विश्वमा मुद्रणको सुरुवात ई.पू. ११२२-२५८ मा चीनबाट भएको र यसपछि सन् १४४० मा युरोपमा टाइप अक्षरको प्रयोग भएको कुरा प्रस्तुत

गरिएको छ । यस अध्यायमा नेपालमा छापाखानाको सुरुवात श्री ३ जङ्गबहादुरले बेलायतबाट ल्याएको गिद्धेप्रेस वि.सं. १९०८ (हाते-प्रेस) बाट भएको र नेपाली भाषा/साहित्यको पहिलो पत्रिका 'गोरखा भारत जीवन' वि.सं. १९४३ मा बनारसबाट प्रकाशन भएको, नेपालबाट वि.सं. १९५५ मा जेठो तथा प्रथम साहित्यिक पत्रिका सुधासागर प्रकाशन भएको, वि.सं. १९५८ मा माहिलो पत्रिका गोरखापत्र प्रकाशन भएको, वि.सं. १९९१ फागुनमा साहिंलो पत्रिका 'शारदा' प्रकाशन भएको र वि.सं. २०६३ माघ वसन्तपञ्चमीका दिन 'शारदा' पुनः प्रकाशन नवाङ्क प्रकाशित भएको कुरा प्रस्तुत गरिएको छ । यस अध्यायमा पत्रपत्रिकाको ऐतिहासिक चिनारी दिई प्रमुख पत्रपत्रिकाको मात्र सन्दर्भ उल्लेख गरी 'शारदा' पत्रिकाको नेपाली भाषा/साहित्यका क्षेत्रमा योगदान तथा स्थान के रहेको छ ? सोको संक्षिप्त जानकारी प्रस्तुत गरिएको छ ।

शोधपत्रको अध्याय तीनमा 'समसामयिक स्थिति र 'शारदा' पत्रिकाको प्रकाशन' नामक मूल शीर्षक दिइएको छ । यस अन्तर्गत 'शारदा' प्रकाशन हुनु पूर्वको अवस्था तथा 'शारदा' प्रकाशन तथा पुनः प्रकाशनका अवस्था, 'शारदा' पत्रिका बन्द हुनु र पुनः प्रकाशन हुनुका कारणहरू, 'शारदा' पत्रिकाका प्रकाशित अङ्कहरू, 'शारदा' पत्रिकाका सन्दर्भमा देखिएका विभिन्न अन्यौल तथा अङ्कका बारेमा उठेका भ्रमको निरूपण, 'शारदा' का सन्दर्भमा दिइएका विभिन्न भनाइ, अभिव्यक्ति, उद्गार आदिको अनुसन्धानात्मक रूपले प्रस्तुत गरिएको छ । 'शारदा' का सन्दर्भमा उठेका विभिन्न समस्या निरूपणका लागि सम्पा. शिव रेग्मीको 'शारदा' का सम्पादकीय विचारहरू वि.सं. १९९१-२०२० तथा रघुनाथ घिमिरेको 'नेपाली साहित्यमा 'शारदा' को योगदान' -त्रि.वि. अप्रकाशित शोधपत्र- (२०३२ पौष) अध्ययन गरी तथ्यहरू आवश्यक रूपमा प्रस्तुत गरिएको छ । 'शारदा' पत्रिका वि.सं. २०२० अङ्क १ प्रकाशित भएर बन्द भयो र पछि वि.सं. २०६३ माघमा प्रधान सम्पादक नरेन्द्रबहादुर श्रेष्ठको सम्पादनमा पुनः प्रकाशन भयो भन्ने कुरा पनि यस अध्यायमा प्रस्तुत गरिएको छ । 'शारदा' पत्रिकाको प्रकाशन सम्बन्धी

अनुमति, 'शारदा' को नामाकरण, 'शारदा' मा प्रकाशित हुने गरेका विषयहरूको आँकलन आदि पनि यस अध्यायमा अध्ययन गरी प्रस्तुत गरिएको छ ।

शोधपत्रको अध्याय चारलाई - 'शारदा' नवाङ्क १ देखि १२ अङ्क सम्मका सामग्रीहरूको विवरणात्मक अध्ययन' नामक मूल शीर्षकमा समेटिएको छ । यसमा नेपाली साहित्यका प्रमुख विधा कविता, कथा, निबन्ध आदिका 'शारदा' पुनः प्रकाशन वि.सं. २०६३ नवाङ्क १ देखि विशेषाङ्क १२ सम्म प्रकाशित साहित्यिक तथा साहित्येतर विषयहरूको अध्ययन गरी विवरणात्मक अध्ययन प्रस्तुत गरिएको छ । यस अध्यायमा जम्मा ५२३ वटा साहित्यिक तथा साहित्येतर विषयवस्तुसँग सम्बन्धित लेख/रचनाहरूको अध्ययन गरी समाविष्ट गरिएको छ ।

शोधपत्रको अध्याय पाँचलाई - 'शारदा' पत्रिकाको विधागत योगदानको विश्लेषणात्मक मूल्याङ्कन' मूल शीर्षक दिइएको छ । यस अन्तर्गत 'शारदा' पुनः प्रकाशन वि.सं. २०६३ नवाङ्क १ देखि विशेषाङ्क १२ सम्म प्रकाशित भएका विभिन्न साहित्यिक तथा साहित्येतर विषयवस्तुहरूको अध्ययन गरी तिनमा पाठकका आँखाले प्रतिनिधि मानिएका रचनाहरूको मात्र अध्ययन विश्लेषण गरिएको छ । यसो गर्दा कविता, कथा, निबन्ध जस्ता साहित्यका प्रमुख विधाहरूका मात्र परिचय, परिभाषा आदि प्रस्तुत गर्दै 'शारदा' का प्रकाशन अङ्कका क्रमका आधारमा साहित्यिक तथा साहित्येतर विषयवस्तुहरूको विश्लेषणात्मक मूल्याङ्कन गरिएको छ । 'शारदा' का साहित्यिक तथा साहित्येतर विषयवस्तुहरूको विश्लेषणात्मक मूल्याङ्कन प्रस्तुत गर्ने क्रममा कविता, कथा, निबन्ध, समालोचना आदि लगायत 'शारदा' का स्थायी स्तम्भहरू 'शारदा' का ऐतिहासिक मौलिक पृष्ठहरू, कैफियत आदिका बारेमा पनि अध्ययन गरी प्रस्तुत गरिएको छ । 'शारदा' मा प्रकाशित रचनाहरूले समाजमा हुने गरेका सामाजिक, आर्थिक, राजनैतिक आदि क्षेत्रका पीडा, विसङ्गति, विकृति, कुकृत्य आदिले जनमानसमा परेको पीडा, छटपटी, नैराश्य, कुण्ठा र कहीँ-कहीँ विकृतिप्रतिको व्यङ्ग्य, यौन र नारी समस्या, नारीप्रति हेरिने गिद्धेआँखाप्रतिको तिखो व्यङ्ग्य आदिका विषयलाई आधार

मानेर साहित्यकारहरूले कलम चलाएका छन् भने कतै श्रृङ्गारिक धारालाई अँगाली मोतीराम भट्ट, भीमनिधि तिवारी आदिले श्रृङ्गार रसपान आफ्ना साहित्यिक रचनामार्फत गराएका छन् । 'शारदा' मा प्रकाशित विषयवस्तुहरूको विश्लेषणात्मक अध्ययन गरी मूल्याङ्कन गर्दा प्रमुख विधाका प्रतिनिधि रचनाहरूलाई तिनका तत्त्वहरूका आधारमा छोटो, मीठो रूपले प्रस्तुत गरिएको छ ।

यस शोधपत्रको छैठौं (६/६) अध्यायलाई 'शारदा पत्रिकाका प्रधान सम्पादक नरेन्द्रबहादुर श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन' नामक मूल शीर्षकमा समेटिएको छ । यस अन्तर्गत वि.सं. १९९१ 'शारदा' प्रथम प्रकाशनका सम्पादक ऋद्धिबहादुर मल्ल हुन् र वि.सं. २०६३ 'शारदा' पुनः प्रकाशनका प्रधान सम्पादक नरेन्द्रबहादुर श्रेष्ठ हुन् भनी जानकारी प्रस्तुत गरिएको छ । यस अध्यायमा नरेन्द्रबहादुर श्रेष्ठको जन्म तथा जन्मस्थान, पुर्ख्यौली थलो, माता-पिता र पारिवारिक सदस्यहरूको परिचय, हाल बसोवास, विविध व्यक्तित्व वा बहुआयामिक व्यक्तित्व/बहुमुखी प्रतिभाका धनी, साहित्यिक कृति, पुरस्कार तथा सम्मान, कला प्रदर्शनी, सामाजिक सेवाअन्तर्गत विभिन्न संघ-संस्थाहरूमा आवद्धता र समग्रमा नेपाली भाषा/साहित्यका क्षेत्रमा उनको योगदान आदिका बारेमा 'शारदा' पत्रिका प्रकाशनको सन्दर्भसहित जोडेर छोटो/मीठो ढंगमा उनको जीवनी-व्यक्तित्व र कृतित्वको अध्ययन प्रस्तुत गरिएको छ ।

वि.सं. १९९१ सालको 'शारदा' प्रकाशन र 'शारदा' पुनः प्रकाशन वि.सं. २०६३ मा मुद्रण प्रविधिका दृष्टिले हेर्दा धेरै नै अन्तर देखिन्छ । पुरानो वि.सं. २०२० सालसम्मका 'शारदा' का अङ्कहरूलाई हेर्दा ती प्रायः सबै लेटर प्रेसबाट मुद्रण भएका हुन् । लेटर प्रेसबाट मुद्रण भएका सामग्रीहरू त्यति सफा नदेखिने गरेका तर पुनः प्रकाशन भएका 'शारदा' का अङ्कहरू कम्प्यूटर प्रविधि र अफसेट प्रेसको छपाईले गर्दा आकर्षक र मनमोहक हुन गएका छन् । प्रत्येक अङ्क पिच्छे नै नयाँ-नयाँ आवरणकला (आधुनिक तथा कलात्मक आवरणकला) दिनुले अझ आकर्षण बढाएको पाइन्छ । पुराना 'शारदा' का अङ्कका महत्त्वपूर्ण सामग्रीहरूलाई समावेश गरेर ('शारदा' का ऐतिहासिक मौलिक पृष्ठ शीर्षक/स्तम्भमा)

ऐतिहासिक सम्बन्ध स्थापित गराउने कार्य जुन भएको छ त्यसले नवीन विशेषता थपेको देखिन्छ । त्यस्तै, पुनः प्रकाशनभित्रका विभिन्न सामग्रीहरूलाई कलात्मक चित्रका मार्फत अर्थ्याइने कार्यले पुराना र नयाँमा विशेष भिन्नता जाहेर गरेको छ र यो नवीन अंङ्कहरूको उच्चतम प्राप्ति हो । नयाँ 'शारदा' मा गुणस्तरीय कागजले गर्दा यसको साजसज्जामा उल्लेख्य वृद्धि भएको पाइन्छ । वि.सं. १९९१ सालमा 'शारदा' प्रकाशन गर्ने अनुमति प्राप्त गर्न र त्यसपछि सामग्री प्रकाशनका सन्दर्भमा पनि यस पत्रिकाले निकै झमेला/समस्या झेल्नु परेको थियो भने हाल प्रकाशित 'शारदा' प्रजातन्त्र प्राप्तपछि प्रकाशन भएकाले त्यस्तो साह्रै कठोर समस्या पार गर्नु पर्ने वा अग्निपरीक्षा दिनुपर्ने अवस्था रहेको छैन । पुरानो 'शारदा' मा 'सम्पादक' मात्र उल्लेख भएको छ तर नयाँ 'शारदा' मा नवाङ्क १ देखि विशेषाङ्क १२ सम्म 'प्रधान सम्पादक' उल्लेख भएको छ भने अङ्क १३ देखि १९ सम्म पनि 'सम्पादक' नै उल्लेख छ । पुरानो 'शारदा' का संस्थापक/सम्पादक सु. ऋद्धिबहादुर मल्ल, सम्पा. गोपालप्रसाद रिमाल र सम्पा. गोबिन्दबहादुर मल्ल 'गोठाले' थिए भने नयाँ 'शारदा' वि.सं. २०६३ का प्रधान सम्पादक नरेन्द्रबहादुर श्रेष्ठ (अङ्क १ देखि १२ सम्म) र अङ्क १३ देखि १९ सम्मका सम्पा. विमल भौकाजी हुन् तर नरेन्द्रबहादुर श्रेष्ठ अङ्क १३ देखि १९ सम्म पनि 'शारदा' पत्रिकाका सल्लाहकारका रूपमा रहेका छन् ।

त्यस्तै, पुरानो 'शारदा' प्रकाशन सम्बन्धी केही दृष्टान्त यस प्रकार छन् :

- वर्ष ३, संख्या १-२, संवत् १९९३, फागुन-चैत, पृ. १-६४ ।
- वर्ष ३, संख्या ३, संवत् १९९४, वैशाख, पृ. ६५-८७ ।
- वर्ष ३, संख्या ४, संवत् १९९४, जेष्ठ, पृ. ८८-११७ ।
- वर्ष ३, संख्या ५, संवत् १९९४, आषाढ, पृ. ११८-१४९ ।
- वर्ष ३, संख्या ६, संवत् १९९४, श्रावण, पृ. १५०-१८७ ।
- वर्ष ३, संख्या ७, संवत् १९९४, भाद्र, पृ. १८८-२२० ।
- वर्ष ३, संख्या ८, संवत् १९९४, आश्विन पृ. २२१-२५२ ।

- वर्ष ३-४, संख्या ९-२, संवत् १९९४, कार्तिक-चैत, पृ. २५३-२९० । (तर सम्पा. शिव रेग्मी : 'शारदा' का सम्पादकीय विचारहरू वि.सं. १९९१-२०२०, ने.रा.प्र.प्र., प्र.सं. २०५८, पृ.४३९ मा अङ्क (संख्या) ९-१२, १-२, कार्तिक-चैत्र, वर्ष ३-४, वि.सं. १९९४ उल्लेख भएको छ ।)
- माथि प्रस्तुत गरिएको संख्या (अङ्क) १-२, पृ. १ मा यस्तो पद्यांश तथा भाषाको नमूना रहेको छ :

एक प्रतिके :-
सदरलाई मोरु. ।५०
मोफसल र हिन्दुस्थान लाई कंरु. ॥

"साहित्य संगीतकलाविहीन
साक्षात् पशु : पुच्छविषाणहीन ।"
: श्री भर्तृ हरि

वार्षिक चन्दा :
सदरलाई मोरु. ४।
मोफसल र हिन्दुस्थान लाई कंरु. ४।

- यो अङ्कबाहेक अन्य अङ्कमा माथि दायाँ र बायाँ दिइएका भाषाका साथमा यस्तो पद्यांश प्रथम पृ. मा प्रस्तुत गरिएको छ :

"साहित्य सुधा संचार गरी
जगजीवनमा अमरत्व भरी
प्राण प्राणमा स्फूर्ति दिलाई
बनन शारदा उरको माली"
(नरेन्द्रबहादुर श्रेष्ठद्वारा प्राप्त 'शारदा' का अङ्कबाट साभार)

यसरी माथिका कुरा हेर्दा पुरानो 'शारदा' का अङ्कमा 'संख्या' शब्दको प्रयोग हुनुका साथै प्रथम १-२ संयुक्ताङ्कदेखि ९-२ संयुक्ताङ्कसम्म क्रमशः पृ. जोडिएर १-२९० सम्म 'शारदा' प्रकाशित भएको छ भने अङ्क १-२ मा एउटा पद्यांश र अन्यमा अर्कै पद्यांश प्रथम पृ. मा आएका छन् । त्यस्तै, भाषाको नमूना हेर्दा 'एक प्रतिके' जस्ता हिन्दीलगायत विभिन्न भाषाका शब्दहरूको प्रयोग भएको पाइन्छ भने प्रति अङ्क मोरु. ।५० र वार्षिक चन्दा : मोरु ४। रहेको छ तर नयाँ 'शारदा' मा 'अङ्क' शब्दको प्रयोग भएको, हिन्दी तथा अन्य भाषाका शब्दको प्रयोग कम वा नेपाली भाषाको मान्यताका आधारमा तथा आगन्तुक शब्दका रूपमा मात्र प्रयोग भएको, 'शारदा' को अङ्क प्रति रू. ५०।-, पृष्ठहरू क्रमशः जोडिएर प्रकाशन नभएका,

पद्यांश पनि पुरानो 'शारदा' मा प्रकाशित भएकालाई नै फरक-फरक अङ्क फरक-फरक किसिमले निरन्तरता दिइएका आदि कुराले नयाँ र पुरानो 'शारदा' का बीच ऐतिहासिक फरक भएको (तर अङ्क १३-१९ सम्म "साहित्य ..... उरको माली" नै प्रस्तुत गरिएको छ ।) सत्य/तथ्य यहाँ प्रस्तुत गरिएको छ । त्यस्तै, संकलक/सम्पा.

शिव रेग्मीले पुराना 'शारदा' का वि.सं. १९९१ देखि वि.सं. २०२० सम्मका 'शारदा' का सम्पादकीयहरूको संकलन गरी 'शारदा' का सम्पादकीय विचारहरू (१९९१-२०२०), ने.रा.प्र.प्र., प्र.सं. २०५८, प्रकाशित गरेका तर नयाँ 'शारदा' का सन्दर्भमा यस्तो कार्य हालसम्म नभएकोले पनि पुरानो र नयाँ 'शारदा' का बीच ऐतिहासिक फरक देखिन्छ । यी विभिन्न आधारहरूले गर्दा नयाँ र पुरानो 'शारदा' मा भाषा, पद्यांश, सम्पादक, प्रधान सम्पादक, मूल्य, छपाइ प्रविधि/रखाइ तथा पृष्ठका क्रम, संख्या (अङ्क) आदिमा भएका भिन्नताले गर्दा तिनमा ऐतिहासिक तथा उल्लेख्य रूपमा फरक-फरक कुराहरू रहेका पाइन्छन् अर्थात् यिनै कुराहरूले गर्दा पुरानो 'शारदा' र नयाँ 'शारदा' मा विशेष भिन्नता रहन गएको देखिन्छ ।

यसरी हेर्दा 'शारदा' पत्रिकामा प्रकाशित लेख/रचनाहरू नेपाली भाषा/ साहित्यका क्षेत्रमा अमूल्य रत्नका रूपमा रहेका छन् भने 'शारदा' पत्रिकाको त झन यस क्षेत्रमा (नेपाली भाषा/साहित्यका क्षेत्रमा) उल्लेख्य तथा अद्वितीय योगदान रहेको छ । समग्रमा 'शारदा' का रचना निकै राम्रा छन् तापनि मान्छे, कृति आदि आफैँमा पूर्ण हुँदैन भन्ने सन्दर्भलाई हेर्दा कुनै-कुनै रचनाहरूमा लय, भाव, बिम्ब, प्रतीक, अलंकार, छन्द, भाषा, पात्र, चरित्र-चित्रण आदि रचनागत तत्त्वका क्षेत्रमा दृष्टि लगाउँदा कुनै तत्त्व सबल र कुनै तत्त्व दुर्वल अवश्य रहेको पाइन्छ । तापनि 'शारदा' ले आफ्नो इतिहासमा क्रमशः एकपछि अर्को फड्को मार्दै विभिन्न क्षेत्रमा सुधार गरी ऐतिहासिक आधार प्रस्तुत गर्दै नेपाली भाषा/साहित्यको अनवरत रूपले सेवा गर्दै हालसम्म प्रकाशन, बन्द र पुनः प्रकाशनको अवस्था पार गर्दै नेपाली भाषा/साहित्यको विकासमा उल्लेख्य टेवा पुऱ्याउँदै आएको छ । यस कार्यमा 'शारदा' पत्रिका परिवारको अथक प्रयासको हामीले सम्झना गर्दै 'शारदा' लाई माया गर्ने प्रत्येक शुभचिन्तक, पाठक आदिले आ-आफ्नो कर्तव्य पूरा गर्नुपर्ने छ । 'शारदा' लाई माया गरी उल्लेख्य सेवा/टेवा पुऱ्याउने खालको कदम चाल्नुपर्ने देखिन्छ । 'शारदा' मासिक पत्रिका हालसम्म वर्ष ३, अङ्क २ (समष्टि अङ्क १९), वि.सं. २०६६ भदौपछि प्रकाशन नभएकाले १२ अङ्क पछाडि प्रकाशन अनियमित भएको देखिन्छ तापनि यसले सबैको साथ पाएको खण्डमा निरन्तरतालाई सदा कायम

राख्न सक्नेछ भन्ने कुरा स्वीकार्नुपर्ने हुन्छ । ‘शारदा’ साहित्यिक पत्रिकाका बारेमा भविष्यमा निम्नलिखित शिर्षकहरूमा सोधपत्रहरू तयार पार्न सकिने देखिन्छ :

(क) विधागत दृष्टिले ‘शारदा’ साहित्यिक पत्रिकाको अध्ययन र विश्लेषण,

(ख) नेपाली साहित्यको विकासमा ‘शारदा’ साहित्यिक पत्रिकाको समग्र अध्ययन र

(ग) ‘शारदा’ साहित्यिक पत्रिकाको भाषिक अध्ययन र मूल्याङ्कन ।

# सन्दर्भ ग्रन्थ-सूची


१. अवस्थी, महादेव (सम्पा.) : नेपाली कथा भाग -२, काठमाडौं, साझा प्रकाशन (२०४५) ।

२. ओझा, रामनाथ र अन्य : शोध, सिर्जना र संस्कृत काव्यशास्त्र, न्यू हिरा बुक्स इन्टरप्राइजेज, प्र.सं. (२०५८) ।

३. ओझा, रामनाथ र अन्य : आधुनिक नेपाली निबन्ध, स्टुडेन्ट्स बुक्स पब्लिसर्स एण्ड डिष्ट्रिब्यूटर्स, ते.सं. (२०६०)

४. कार्की, रामहरि र अन्य : पत्रकारिताको सेरोफेरो, चारू प्रेस, प्र.सं. (२०४३ असोज) ।

५. गैरे, ईश्वरीप्रसाद : आधुनिक नेपाली आख्यान, क्षितिज प्रकाशन (२०६३) ।

६. त्रिपाठी, बासुदेव र अन्य (सम्पा.) : नेपाली कविता भाग -४, साझा प्रकाशन, चौ.सं. (२०६०) ।

७. त्रिपाठी, बासुदेव, (सम्पा.) : वृहत् नेपाली शब्दकोष ने.रा.प्र.प्र. कमलादी, काठ. (२०४०) ।

८. देवकोटा, ग्रीष्मबहादुर : नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास, साझा प्रकाशन, प्र.सं. (२०२४), दो.सं. (२०५१) र ते.सं. (२०५९) ।

९. नेपाल, घनश्याम : आख्यानका कुरा, सिलगढी, नेपाल, नेपाली साहित्य प्रकाशन समिति, ( सन् १९८३) ।

१०. पोखरेल, वालकृष्ण : नेपाली पत्र साहित्यको विकास, (भारती ५ : १२ जेठ) (२०११) ।

११. पोखेल, भानुभक्त : सिद्धान्त र साहित्य, विराटनगर, श्याम पुस्तक भण्डार (२०४०) ।

१२. प्रधान, शिव (सम्पा.) : बृहत समालोचना, गान्तोक प्रकाशन-सिक्किम,

(२०४५ पौष) ।

१३. रेग्मी, शिव (सम्पा.) : 'शारदा' का सम्पादकीय विचारहरू (१९९१-२०२०), ने.रा.प्र.प्र., काठ., प्र.सं., (२०५८) ।

१४. शर्मा, तारानाथ : नेपाली साहित्यको इतिहास, सहयोगी प्रकाशन, (२०२७) ।

१५. श्रेष्ठ, दयाराम र अन्य : नेपाली साहित्यको संक्षिप्त इतिहास, (चौ.सं.) काठमाडौँ, साझा प्रकाशन, (२०४९) ।

१६. श्रेष्ठ, नरेन्द्रबहादुर : ऊ भएर मेरो अभिव्यक्ति, प्र.सं., भारत, निराला प्रकाशन, (२०४६) ।

१७. श्रेष्ठ, नरेन्द्रबहादुर : प्याय्चाः गु सः, प्र.सं., ल.पु. कीर्ति सफू कुथि प्रकाशन, (ने.सं. ११११) ।

१८. सुवेदी, राजेन्द्र, (सम्पा.) : स्नातकोत्तर नेपाली कथा, काठ., साझा प्रकाशन (२०५१) ।

## सन्दर्भ शोधपत्र

१. आचार्य, अनिता : नेपाली साहित्यको विकासमा 'रचना' पत्रिकाकाको योगदान र मूल्याङ्कन, त्रि.वि. (अप्र.) शोधपत्र(२०६५) ।

२. आचार्य, (अर्याल) इन्दिरा : 'वतिना' पत्रिकामा प्रकाशित कथाहरूको अध्ययन र विश्लेषण- त्रि.वि. (अप्र.) शोधपत्र (२०६५) ।

३. उपाध्याय, मुक्तराज : नेपाली साहित्यमा 'अभिव्यक्ति' पत्रिकाको योगदान - त्रि.वि. (अप्र.) शोधपत्र (२०५०) ।

४. घिमिरे, मदनकृष्ण : साहित्यिक पत्रकारिताको विकासमा 'अभिव्यक्तिको' योगदान - त्रि.वि.(अप्र.) शोधपत्र (२०६४) ।

५. घिमिरे, रघुनाथ : नेपाली साहित्यमा 'शारदा' को योगदान - त्रि.वि. (अप्र.) शोधपत्र (२०३२) ।

६. घिमिरे, हरिश्चन्द्र : नरेन्द्रबहादुर श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन - त्रि.वि. (अप्र.) शोधपत्र (

२०६६) ।

७. न्यौपाने, रमेश : नेपाली साहित्यको विकासमा 'उन्नयन' त्रैमासिक पत्रिकाको योगदान - त्रि.वि. (अप्र.) शोधपत्र (२०६३) ।

८. फुयाँल, इन्दिरा : नेपाली साहित्य र समालोचनामा 'उन्नयन' पत्रिकाको योगदान - त्रि.वि. (अप्र.) शोधपत्र (२०५३) ।

९. शर्मोपाध्याय, नारायणप्रसाद : नेपाली साहित्यमा 'रत्नश्री' पत्रिकाको योगदान - त्रि.वि. (अप्र.) शोधपत्र (२०४६) ।

## सन्दर्भ पत्र-पत्रिका

१. अच्युतरमण अधिकारी (प्रमुख सम्पा.) : 'उन्नयन' त्रैमासिक पत्रिका, ऋद्धिबहादुर मल्ल विशेषाङ्क, अङ्क २५, २०५४ श्रावण-पौष ।

२. ऋद्धिबहादुर मल्ल (सम्पा.) : 'शारदा' मासिक, वर्ष ३, संख्या १-२ (संयुक्ताङ्क), संवत् १९९३, फागुन-चैतदेखि वर्ष ३-४, संख्या ९-२ वा ९-१२ र १-२ (संयुक्ताङ्क), संवत् १९९४, कार्तिक-चैतसम्म ।

३. गोरक्ष-निखिल वाणी संवाददाता : 'सोह्र संस्कारको उपादेयता', गोरक्ष-निखिल वाणी, काठ., वर्ष १०, अङ्क ५, पौष २०६५ ।

४. चेतनाथ धमला : दिव्यदर्शन, काठ., १९ चैत्र २०५६ ।

५. जनधारणा संवाद-दाता : 'साहित्यकार परिचयका हरफहरू', जनधारणा, काठ., वर्ष ६, अंक ५०, चैत्र २०५४ ।

६. नरेन्द्रबहादुर श्रेष्ठ : 'भक्तवत्सल भगवान्', आत्म-निवेदन, काठ., पूर्णाङ्क २२, असोज-कार्तिक २०६३ ।

७. नरेन्द्रबहादुर श्रेष्ठ (प्रधान सम्पा.) : 'शारदा' मासिक, वर्ष १, नवाङ्क, २०६३ माघ ।

८. नरेन्द्रबहादुर श्रेष्ठ (प्रधान सम्पा.) : ,, ,, ,, अङ्क २, ,, फागुन ।

९. नरेन्द्रबहादुर श्रेष्ठ (प्रधान सम्पा.) : ,, ,, ,, अङ्क ३, ,, चैत्र ।

१०. नरेन्द्रबहादुर श्रेष्ठ (प्रधान सम्पा.) : ,, ,, ,, अङ्क ४, २०६४ वैशाख ।

११. नरेन्द्रबहादुर श्रेष्ठ (प्रधान सम्पा.) : ,, ,, ,, अङ्क ५, ,, जेठ ।

१२. नरेन्द्रबहादुर श्रेष्ठ (प्रधान सम्पा.) : ,, ,, ,, अङ्क ६, ,, असार ।

१३. नरेन्द्रबहादुर श्रेष्ठ (प्रधान सम्पा.) : ,, ,, ,, अङ्क ७, ,, साउन ।

१४. नरेन्द्रबहादुर श्रेष्ठ (प्रधान सम्पा.) : ,, ,, ,, अङ्क ८, ,, भदौ ।

१५. नरेन्द्रबहादुर श्रेष्ठ (प्रधान सम्पा.) : ,, ,, ,, अङ्क ९, ,, असोज ।

१६. नरेन्द्रबहादुर श्रेष्ठ (प्रधान सम्पा.) : ,, ,, ,, अङ्क १०, ,, कार्तिक

१७. नरेन्द्रबहादुर श्रेष्ठ (प्रधान सम्पा.) : ,, ,, ,, अङ्क ११, ,, मंसिर ।

१८. नरेन्द्रबहादुर श्रेष्ठ (प्रधान सम्पा.) : ,, ,, ,, अङ्क १२, ,, पुष, गजल विशेषाङ्क ।

१९. नारद गौतम : 'नराम्री भए पनि आफ्नी आमालाई आमा भन्नु पर्छ', नेपाल जागरण, काठ., वर्ष ८, अङ्क ८, पुस २०५६ ।

२०. परशु प्रधान : 'केही क्षण केही अनुहार', अभिव्यक्ति, काठ., वर्ष २४, पूर्णाङ्क ७५, कार्तिक २०५० ।

२१ मोहन दुवाल (प्रधान सम्पा.) : 'जनमत' मासिक, नरेन्द्रबहादुर श्रेष्ठ विशेष साहित्यिक अङ्क १४५', वर्ष २६, अंक ८, २०६६ भाद्र ।

२२. विमल भौकाजी (सम्पा.) : 'शारदा' मासिक, वर्ष २, अङ्क १, समष्टि अङ्क १३, २०६४ माघदेखि वर्ष ३, अङ्क २, समष्टि अङ्क १९, २०६६ भदौसम्म ।

२३. विमल भौकाजी : 'ढुङ्गा पनि ईश्वर बन्छ', गोरखापत्र, काठ., १९ असोज २०५९ ।